## खण्ड १

# आधारभूत कुराहरू

अध्याय १

# गर्भपतनको विषयमा किन कुराकानी गर्ने ?

केही वर्षअघि नेसनल एबर्सन राइट्स एक्सन लिगका एक प्रतिनिधिले नजिकैको एउटा सरकारी माध्यमिक विद्यालयमा गर्भपतनका फाइदाहरूको बारेमा बताएका थिए । एकजना विद्यार्थीले जीवनको पक्षमा बोल्न सक्छु कि भनेर उक्त शिक्षकलाई सोधे । एक हप्तापछि जब म त्यहाँ पुगें, त्यहाँ सिकाउँदैगरेका गर्भपतनको पक्षधर शिक्षकले यो कुरा जानकारी गराए कि उनका विद्यार्थीहरूले गर्भपतनको पक्षमा १ का विरुद्ध २३ मत प्रदान गरेका थिए ।

मैले मानवीयता तथा गर्भमा रहेका (नजन्मेका) बालबालिकाहरूको अधिकारको पक्षमा आफ्नो भनाइ पेस गरेको थिएँ । गर्भपात हुने समयमा पाठेघरमा रहेको बच्चाको सुरुवाती विकासहरूको बारेमा प्रष्ट्याउँदै मैले केही तस्वीरहरू देखाएँ । (केही शताब्दी यतादेखि अल्ट्रासाउण्ड प्रविधिले गर्दा भिडियोमा प्रष्टसँग देख्न सकिन्छ, जतिबेला गर्भमा हेर्नको निम्ति कुनै प्राविधिक उपाय नहुँदा गर्भपतनको पक्षका हिमायतिहरूले यसलाई इन्कार गर्थे ।)

कक्षा समापन भइसकेपछि उक्त शिक्षकले मलाई भने, "पुनः मतदान गर्नुपर्‍यो भने नतिजा बेग्लै आउनेछ। मानिसको मन बदलिएको छ ।" तब उनले आफ्नो आँखामा दुःख झल्काउँदै केही महत्त्वपूर्ण कुराहरू बताए: "तपाईंलाई थाहा छ, आजभन्दा अघि मैले कहिल्यै पनि जीवनको पक्षमा केही सुनेको थिइनँ ।"

उपयुक्त र तथ्ययुक्त मौखिक शिक्षा उपलब्ध गराएको र खुला विचारको भएको ठान्दै हाम्रा विद्यालयहरू आफैंमा गौरव गर्छन् । तथापि यहाँ स्नातकोत्तर गरेको पचपन्न वर्षको सामाजिक विज्ञान शिक्षक थिए, जसले कहिल्यै पनि जीवनको पक्षको बारेमा सुनेका थिएनन् । राम्रोसित

जाँचबुझै नगरी उनले गर्भपतनको पक्षलाई स्वीकार गरेका थिए अनि उनका विद्यार्थीहरूले पनि त्यही गरेका थिए - जबसम्म तिनीहरूले सत्यता सुनेनन् र देखेनन् ।

## अचम्मित पार्ने प्रवृत्ति

धेरै वर्षअगाडि उत्तर-आधुनिक संस्कारद्वारा प्रेरित भएर युवाहरू नैतिक कारक तत्व पत्ता लगाउने तथा असहमत हुने आदि कार्यले गर्दा बिस्तारै गर्भपतनको पक्षधर बन्न पुगे । तर परिस्थिति बदलिएर आयो, हाल अचम्मित पार्ने प्रकारले आफ्ना अभिभावकहरूका तुलनामा धेरै युवाहरूले गर्भपतनको विरोध गर्छन् ।

२००३ मा आएको ग्यालेप सर्वेक्षणअनुसार ७२ प्रतिशतभन्दा बढी किशोरकिशोरीहरू गर्भपतन नैतिक रूपमा गलत भएको विश्वास गर्छन् । जम्मा १९ प्रतिशत किशोरकिशोरीहरूले गर्भपतन सबै परिस्थितिमा कानुनी हुनुपर्छ भन्ने मान्यता राख्छन् जबकि यही मान्यता राख्ने वयस्कहरू २६ प्रतिशत छन् । गर्भपतनलाई कुनै पनि हालतमा मान्यता दिनुहुन्न भनी ३२ प्रतिशत किशोरकिशोरीहरूले विचार गर्छन् जबकि १७ प्रतिशत वयस्कहरूले मात्र यस्तो विचार राख्छन् ।[१]

उत्तरगामी राष्ट्रिय सर्वेक्षणद्वारा यो कुरा पुष्टि भयो अनि यसको प्रमाणस्वरूप ठूलो सङ्ख्यामा किशोरकिशोरीहरू जीवनको निम्ति राष्ट्रिय जागरण यात्रामा सहभागी भए । २०१० मा ग्यालेपले आफ्नो सर्वेक्षणलाई मुख्य शीर्षकमा स्थान दिएर यसरी प्रकाशन गर्‍यो, “गर्भपतनसम्बन्धी नयाँ आमधारणाः धेरै अमेरिकीहरू ‘जीवनको पक्षमा’,”[२] अनि २०११ मा आएको उनीहरूको सर्वेक्षणअनुसार २४ प्रतिशत मतान्तरले (३७ प्रतिशतका विरुद्ध ६१ प्रतिशतले) धेरै मात्रामा वा पूर्णरूपले गर्भपतन गैह्रकानुनी होस् भन्ने चाहन्छन् ।[३] युवाहरूको वेभ पत्रिका द एड्भोकेट[४] र युवा हकहितसम्बन्धी संस्थाहरूले किशोर किशोरी तथा युवाहरू एकदमै द्रूतगतिमा गर्भपतनको विरुद्धमा खडा भइरहेको प्रतिवेदन सार्वजनिक गर्‍यो ।[५] साथै गर्भपतनले ल्याउने खतराको बारेमा आम मानिसहरूलाई सुसूचित गर्न तिनीहरू तम्तयार थिए ।[६] समकालीन वेवसाइटहरू युवतीहरूकहाँ पुगेर तिनीहरूलाई

जीवन छनौट गर्न प्रोत्साहित गरिरहे ।[७] धेरै युवाहरूले तिनीहरूको संस्कृतिले प्रतिरक्षा गरिरहेको गर्भपतनलाई इन्कार गरिरहेका छन् ।

किन जीवनको पक्षमा ? भन्ने यो पुस्तकमा मैले तथ्यपूर्ण तथा करुणामय तर्कहरू प्रस्तुत गरेको छु, जसले गर्भपतनको पक्षमा रहेको तर्कबाट जीवनको पक्षसम्बन्धी दृष्टिकोणमा पुऱ्याउने यो अभियानलाई वर्णन तथा पुष्टि गर्छ ।

## हाम्रो युगको परिभाषा दिने विषयवस्तु

गर्भपतन अमेरिकामा सबैभन्दा बढी महिलाहरूको शल्यक्रिया गरिने कार्य हो । गर्भपतन उद्योगको सर्वेक्षण गर्ने निकाय द गट्म्याचर इन्स्टिच्यूटले हरेक दशवटा गर्भमध्ये चारवटा गर्भ गर्भपतन गर्ने गरेको प्रतिवेदन सार्वजनिक गरेको छ ।[८] अमेरिकामा हरेक वर्ष करिब १२ लाख १० हजार महिलाहरूले गर्भपतन गरिरहेका छन्, जुन सन् २००० यता ८ प्रतिशतले घटेको हो ।[९]

नजानिँदो प्रकारले कुनै न कुनै तहमा हरेक परिवारलाई गर्भपतनले छोएको छ ।

यो विषयवस्तुमा चासो बढ्दो छ। गर्भपतन सही हो भने गर्भपतन गराउन पाउने स्वतन्त्रता एउटा आधारभूत मानव अधिकारभित्र पर्छ । जीवनको पक्षमा रहेको विचारधारा ठीक हो भने हरेक दिन अमेरिकामा शल्यक्रिया (सर्जरी) द्वारा मरिरहेका ३,३१५ जीवनहरूको (यसमा औषधी प्रयोग गरेर वा अन्य उपायहरूद्वारा गरिएको गर्भपतनको सङ्ख्या उल्लेख छैन) बारेमा गम्भीर हुनुपर्छ, जसको सङ्ख्या वर्ल्ड ट्रेड सेन्टरमा सेप्टेम्बर ११, २००१ मा भएको जीवनको क्षतिभन्दा बढी सङ्ख्या हो ।

हालसालैको एउटा ग्यालेप सर्वेक्षणले देखाएको छ कि २७ प्रतिशत अमेरिकीहरू गर्भपतनको पक्षमा कट्टर छन् भने २२ प्रतिशत अमेरिकीहरू जीवनको पक्षमा कट्टर छन्, यसको अर्थ ४९ प्रतिशत अमेरिकीहरू कुनै एउटा पक्ष वा विरुद्धमा कट्टर छन् ।[१०] अरू ५१ प्रतिशत मानिसहरू तिनीहरूको विचारमा अडिएका छैनन् । तथापि यी

'अनिश्चित' मानिसहरूमध्ये धेरैले 'गर्भपतन नैतिक हिसाबले गलत' हो भन्ने विश्वास गर्छन् अनि तिनीहरूमध्येका ३९ प्रतिशतले केही विशेष परिस्थितिलाई छोडेर अरू सबै परिस्थितिमा यसलाई निषेध गर्नुपर्छ भन्ने पक्षमा आफ्नो मत राख्छन् । यहाँ बहुसङ्ख्यक अमेरिकीहरूले अझै पनि जीवनलाई महत्त्व दिन्छन् र पनि गर्भपतनसम्बन्धी सोचाइद्वारा तिनीहरू प्रभावित हुन सक्छन् ।

## ख्रीष्टियन दृष्टिकोण

कतिपय ख्रीष्टियन पाठकहरूले यस्तो विचार गर्न सक्छन्, "यो पुस्तक हाम्रो निम्ति होइन- हामी गर्भपतन गर्दैनौं, अख्रीष्टियनहरूले मात्र यस्तो गर्छन् ।" वास्तवमा गर्भपतन गराउने महिलाहरूमध्ये ४३ प्रतिशत प्रोटेस्टेन्ट र २७ प्रतिशत क्याथोलिक महिलाहरू रहेको पाइएको छ । यसर्थ अमेरिकामा हुने दुई तिहाई गर्भपतन ख्रीष्टियनहरूद्वारा हुने गरेको छ । अमेरिकामा हुने पाँचवटा गर्भपतनमध्ये एउटा गर्भपतन अर्थात् वार्षिक करिब अढाई लाख गर्भपतन ती महिलाहरूद्वारा भएको छ, जसले आफैंलाई नयाँजन्म पाएका इभान्जेलिकल ख्रीष्टियन भन्छन् ।[११]

मण्डलीमा जाने धेरै युवा तथा पाका महिलाहरूले गर्भपतन गराएका छन् । मण्डलीमा जाने धेरै पुरुषहरूले यी महिलाहरूलाई गर्भवती बनाएका छन् अनि दबाब दिएर वा प्रोत्साहित गरेर वा कम्तीमा यो कार्यमा सहमति जनाएर ती आमाहरूलाई आफ्नो बच्चा तुहाउन लगाएका छन् ।

गर्भपतनको विषयमा मण्डलीले संसारलाई सिकाउन आवश्यक देखिएको छैन । तर मण्डलीले पहिला आफैंलाई सिकाएर त्यसपछि संसारमा सिकाउन जानुपर्ने देखिन्छ ।

म ख्रीष्टियन भए पनि यो पुस्तकको मुख्य हिस्सामा धेरै बाइबलका कुराहरू ल्याएको छैनँ । (यो कार्य अन्यत्रै गरेको छु र यो पुस्तकको एपेन्डिक्समा धर्मशास्त्रका खण्डहरू प्रयोग गरेको छु ।) मैले यहाँ प्रस्तुत गर्न लागेको विषय चिकित्सा विज्ञानमा आधारित र मनोवैज्ञानिक अध्ययनको निम्ति उपयोगी छ । यो स्रोत सत्यलाई सम्मान गर्ने

नास्तिक वा अन्यहरूको निम्ति विश्‍वसनीय सामाग्री बन्न सक्छ, जसरी तिनीहरू ख्रीष्टियनहरूप्रति विश्‍वसनीय हुनुपर्छ ।

म महिलाका अधिकारहरूको बारेमा बलियो रूपमा विश्‍वास गर्ने व्यक्ति हुँ । मेरी पत्नी र छोरीहरूप्रति मेरो गहिरो सम्मान छ, जसलाई हामीले आफैंलाई सम्मान गर्न तथा स्त्री जाति बनाउनुभएकोमा परमेश्‍वरप्रति धन्यवादी बन्न सिकाउँदै हुर्कायौं । म ती महिलाहरूको घाउ तथा पीडालाई कम आक्न चाहन्नँ, जसले गर्भपतनसम्बन्धी निर्णय लिने क्रममा यसद्वारा पार भइरहेका हुन्छन् । येशू ख्रीष्टले जस्तो अरू कसैले पनि कष्टहरूलाई बुझ्न सक्दैन, जो अनुग्रह तथा सत्यताले पूर्ण हुनुहुन्छ । अध्याय १९ मा परमेश्‍वरको क्षमादान पत्ता लगाउने सम्बन्धमा उल्लेख गरिएको छ, जुन अरूलाई जस्तै मलाई पनि आवश्यक पर्छ ।

यस पुस्तकले अनुग्रह र करुणाद्वारा सिंचित तथ्यहरू तथा तर्कहरू प्रस्तुत गरेको छ, जसले वास्तविकतामा हाम्रो मान्यताको जरामा हामीलाई सहायता गर्न सक्छ ।

## पाठकहरूलाई मेरो अनुरोध

तपाईं गर्भपतनको पक्षमा हुनुहुन्छ अनि किन जीवनको पक्षमा ? भन्ने यो पुस्तक पढ्दै हुनुहुन्छ भने यो तपाईंको निम्ति राम्रो हो । मलाई आशा छ, यसको मतलब तपाईं खुला मानसिकताको हुनुहुन्छ । जसरी तपाईं पहिलादेखि नै विश्‍वास गर्नुहुन्छ, त्यसरी नै जीवनको पक्षधर औचित्यहीन, अबौद्धिक भन्ने लाग्छ भने ठीकै छ, तपाईंले यसलाई इन्कार गर्नुहोस्, यो यसैको लायक छ । तर यो उचित छ भन्ने लाग्छ भने म प्रोत्साहन दिन्छु, तपाईंले आफ्नो धारणामा पुनर्विचार गर्नुहोस् ।

तपाईं मिश्रित विचारधारासहित दुईवटा पर्खालहरूको बीचमा रहेका ५० प्रतिशत मानिसहरूमध्येको एक हुनुहुन्छ भने म आग्रह गर्छु कि यो पुस्तकलाई सत्यता खोजी गर्ने एउटा भागको रूपमा लिनुहोस् । गर्भपतनको बारेमा तपाईंले जहाँ पनि सुन्न सक्नुहुन्छ - टेलिभिजन खोल्नुहोस् वा पत्रिका पढ्नुहोस्, त्यहाँ तपाईंले यसको पक्षमा पाउनुहुनेछ । तर धेरै मानिसहरूले ध्यान नदिने अन्य दृष्टिकोणहरू पढ्नुभएको छैन वा सुन्नुभएको छैन भने जीवनको पक्षमा जाँच गर्न

यो पुस्तक तपाईंको निम्ति एक अवसर बन्न सक्छ ।

तपाईं जीवनको पक्षमा हुनुहुन्छ भने आफ्नो धारणाको बारेमा विचार गर्नुहोस् । यसो भन्नु मात्र काफी हुँदैन, “मलाई थाहा छ, म ठीक छु, तर किन ठीक छु भन्ने कुरामा पक्का छैनँ ।” हामीले हाम्रो मान्यतालाई प्रमाणमा आधारित गर्नुपर्छ । हामी कुनै बिन्दुमा गलत छौं भने वास्तवमै आफ्नो धारणालाई हामीले पुनरावलोकन गरौं । हामी ठीक छौं भने बौद्धिक तथा अनुग्रहका साथ अरूलाई कसरी जानकारी गराउने भन्ने सम्बन्धमा हामीले सिक्नु आवश्यक छ ।

एउटा कुरा पक्का छः गर्भपतनले वास्तवमै बालबालिकाहरूलाई मार्छ र महिलाहरूलाई क्षति पुऱ्याउँछ भने चुप लागेर बसेर केही नगर्नुचाहिँ एकदमै भारी मात्रामा गल्ती गर्नु हो ।

## अध्याय २

# महिलाको पक्षमा वा बच्चाको पक्षमा

म र मेरी पत्नी गर्भपतनद्वारा तहसनहस भएका महिलाहरूको लागि जीवनको पक्षमा काम गर्न संलग्न भयौं । सन् १९८१ मा हामीले गर्भवती किशोरीहरूको निम्ति हाम्रो घर खोल्यौं । वेस्ट कोष्टमा रहेको एउटा पहिलो गर्भवती केन्द्रमा बोर्डको रूपमा मैले सेवा गरेको थिएँ, जसको उद्देश्य अन्योल तथा आवश्यकतामा परेका, एक्लिएका गर्भवती महिलाहरूलाई गर्भपतनको वैकल्पिक उपायहरू प्रदान गर्ने र सहायता उपलब्ध गराउने थियो ।

समयको अन्तरालमा म जीवनको पक्षसम्बन्धी शिक्षा तथा राजनैतिक गतिविधिमा र गर्भपतन गर्ने क्लिनिकको बाहिर शान्तिपूर्ण, अहिंसात्मक विरोध कार्यक्रममा संलग्न भएँ । कतिपय जीवनको पक्षमा रहेकाहरू नजन्मिएका बालबालिकाहरूमा बढी ध्यान दिन्छन् भने कतिपयले गर्भवती महिलाहरूलाई सहायता गर्ने कुरामा बढी ध्यान दिन्छन् । दुवै प्रयासहरू एकदमै महत्त्वपूर्ण छन् र पूर्णरूपमा एकाअर्कासित सम्बन्धित छन् भन्ने मैले पत्ता लगाएँ ।

## एउटा अभियानको बारेमा तपाईंलाई थाहा नहुन सक्छ

जीवनको पक्षको सम्बन्धमा अनगिन्ती अफवाहहरू जोडिएका छन् । एउटा उदाहरणचाहिँ बारम्बार दोहोरिने यो भनाइ हो, "जीवनको पक्षमा रहेकाहरूले खासमा गर्भवती महिलाहरूको वास्ता गर्दैनन् अथवा बच्चा जन्मिसकेपछि तिनीहरूको वास्ता गर्दैनन् ।" एउटा टिभी कार्यक्रमका प्रस्तोताले क्यामेराको अघि मलाई जीवनको पक्षको सम्बन्धमा उक्त आरोपमा मेरो प्रतिक्रिया के हो भनी सोधे । मैले भनें, "मेरी श्रीमती र मैले हाम्रो घर गर्भवती युवतीको निम्ति खुला गरेका छौं अनि हामीसित बस्ने क्रममा उनलाई चाहिएका खर्चहरू हामीले दिने गर्छौं । उनले जन्माउने बच्चा कसैले ग्रहण गर्नको लागि उनले दिन चाहन्छिन् भनेर

निर्णय गर्ने अधिकार उनलाई दिएका छौं । अनि तपाईंले सोधिहाल्नुभयो, हामीले गरिब महिलाहरू तथा बालबालिकाहरूलाई सहायता गर्न हाम्रो आम्दानीको एउटा हिस्सा छुट्याएका छौं ।"

त्यसपछि मैले उनलाई मसँगै बसेका एक पास्टर मित्र र उनकी पत्नीलाई परिचित गराएँ, जसले उन्नाईसजना बालबालिकाहरू हेरचाह गरिहरेका थिए र तिनीहरूमध्ये धेरैजना सुस्त मनस्थितिका थिए अनि तिनीहरूलाई विशेष सहायताको आवश्यकता थियो । कार्यक्रम प्रस्तोताले क्यामेरा बन्द गर्न सङ्केत गरिन् । मेरो साथीसित अन्तरवार्ता लिने कि भनेर मैले उनलाई सोधें । उनले आफ्नो टाउको हल्लाइन् र उनले खोजेको जस्तै बच्चाहरू जन्मेपछि बेवास्ता गर्ने जीवनको पक्षमा रहेका अरू मानिसहरू खोज्न अर्कोतर्फ लागिन् ।

सत्य यो हो कि देशभरि तथा संसारभरि जीवनको पक्षमा रहेका हजारौं संस्थाहरूले निःशुल्क गर्भ जाँच, अल्ट्रासाउण्ड, परामर्श, सहयोगी समूह, बालबालिकाको वास्ता गर्ने कक्षाहरू, आर्थिक व्यवस्थापन शिक्षा, बच्चाका डाइपरहरू, बच्चाका कपडाहरू र आवासहरू उपलब्ध गराइरहेका छन् । यसमा दशौं हजार मण्डलीहरूले समय, पैसा, खाना, घर मरम्मत गर्ने कार्य, खाँचोमा परेका गर्भवती महिलाहरू, एक्ला आमाहरू तथा कम आम्दानी भएका परिवारहरूलाई आवश्यक पर्ने हरेक सहायता उपलब्ध गराइरहेका छन् । जीवनको पक्षमा रहेका अनगिन्ती समर्थकहरूले बालबालिकाहरूलाई पालनपोषण गर्न ग्रहण गरेका छन्, तिनीहरूका घर खुला गरेका छन् र बच्चा जन्मिसकेपछि सहायता गर्न स्वयंसेवकहरू खटाइरहेका छन् । उनीहरूसँगै म यो कुरामा निश्चित छु कि इतिहासमै एक ठूलो स्वयंसेवकहरूको दस्ताले धरातलमा काम गरिरहेको छ ।

एकातर्फ गर्भपतन गराउनेहरूले महिलाहरूसित गर्भपतन गराएको शुल्क लिन्छन् भने अर्कोतर्फ गर्भपतनका वैकल्पिक उपायहरू प्रदान गर्नेहरूले पर्दापछाडि रहेर खुला मनले र प्रेमका साथ सहायता गरिरहेका छन् । कतिपय खिसी गर्नेहरूले भनेको जस्तो बच्चा जन्माउने पक्षमा मात्र नभई तिनीहरू वास्तवमै जीवनको पक्षमा

छन् । तिनीहरूले बच्चा र तिनकी आमालाई वास्ता गर्छन् अनि ती दुवैलाई जन्मअघि र पछि सहायता गर्छन् ।

## हाम्रो राष्ट्रिय बुद्धूपन

गर्भपतनको पक्ष तथा जीवनको पक्ष गरी दुई भागमा मत विभाजन भए पनि दुई तिहाइ अमेरिकीहरू गर्भपतन “नैतिक रूपमा गलत” हो भन्ने विश्वास गर्छन् ।[१] कतिपय जीवनको पक्षमा वकालत गर्नेहरूले अब नजन्मेकाहरू जीवित मानव नै हुन् र गर्भपतन गलत हो भन्ने सम्बन्धमा बहस गरिरहनु आवश्यक छैन भन्ने विश्वास गर्छन् । तर हाम्रो जोडचाहिँ गर्भपतन गर्न नचाहने महिलाहरूलाई सहायता गर्ने हुनुपर्छ । पूरा मनका साथ म यो कुरामा म सहमत छु कि हामीले महिलाहरूलाई सहायता गर्नुपर्छ ।

धेरै महिलाहरूले अझै पनि यो विश्वास गर्छन् कि गर्भपतन खराब हुन सक्छ र यो अलिकति दुष्ट काम भए पनि बच्चा जन्माउने, हुर्काउने र अरूलाई पाल्न दिनेभन्दा यो राम्रो विकल्प हो ।[२]

गर्भपतन सही छनौट हो र वैकल्पिक उपायहरू चुनौतिपूर्ण छन् अनि गर्भपतनले निर्दोषहरूको ज्यान लिने मात्रै हो भनी पुरुष तथा महिलाहरूलाई एकोहोरो बनाइएको छ भन्ने कुरा हामीले देखाइदिनुपर्छ । किनकि यसले निर्दोषहरूको ज्यान लिने मात्रै होइन तर यसले महिलाहरूको जीवनमा दीर्घकालीन खराब असरहरू ल्याउँछ ।

गर्भमा नजन्मिएकाहरू मानव हुन्छन् अनि गर्भपतन अनैतिक हो भन्ने जान्दाजान्दै पनि तिनीहरूमध्ये धेरै मानिसहरूले गर्भपतन गर्ने छनौट गर्छन् र गर्भपतन कानुनसम्मत हो भनी प्रतिरक्षा गर्छन् । यसले यो कुरा प्रमाणित गर्छ कि गर्भपतन अनैतिक काम हो भन्ने कुरामा तिनीहरू विश्वास गर्दैनन् जसरी तीन महिनाको बच्चा वा तीन दिनको बच्चा मार्नु अनैतिक हो भन्ने तिनीहरूले विश्वास गर्दैनन् ।

सर्वेक्षणले यो पनि देखाएको छ कि गर्भपतन अनैतिक कार्य हो भनी विश्वास गर्ने तिनीहरूमध्येका धेरै मानिसहरू यसलाई कानुनसम्मत नै मान्नुपर्छ भन्ने मान्यता राख्छन् । यो अमिल्दो कुरा हो । समग्रमा

तिनीहरू बलात्कार, अपहरण, बाल दुर्व्यवहार अनि हत्या अनैतिक हो भनी विश्वास गर्छन् - तर तिनीहरू बलात्कार तथा हत्या कानुनसम्मत हुनुपर्छ भन्ने कुरामा कुनै विवाद गर्न चाहँदैनन् । यसले यो कुरा देखाउँछ कि बलात्कार तथा हत्या "अनैतिक कार्य हो" र गर्भपतन "अनैतिक कार्य हो" भन्ने भनाइको बीचमा आधारभूत भिन्नता छ ।

नजन्मिएको बच्चा जीवित मानव प्राणी हो भन्ने कसैले पनि बौद्धिक रूपमा गर्भपतनको कानुनी पक्षको समर्थनमा त्यति बेलासम्म बोल्न सक्दैन, जबसम्म उसले अरू मानिसहरूको हत्या कानुनसम्मत हो भन्न सक्दैन । गर्भपतनको पक्षमा गरिने हरेक बहसले एक महिलाको अनिश्चितता, तनाव अनि आर्थिक कठिनाइले गर्दा यो उचित छ भन्नुचाहिँ उक्त महिलाको दुई वर्षको सन्तान, किशोर सन्तान, उनको पति वा अभिभावक उनले आफूसित राख्न नसकेर मार्न मिल्छ भनेको जस्तै हो । धेरै अवस्थामा अलि ठूलो उमेर भएका सन्तानहरू अलि मूल्यवान हुन्छन् र तिनीहरूको आमाको आवश्यकता नजन्मिकएको बच्चालाई भन्दा तिनीहरूलाई बढी हुन्छ भन्ने माग राखिन्छ । मानिसहरूले ती बहसहरूमा अलि ठूलो उमेर भएका बच्चाहरूलाई मार्नुहुँदैन भन्ने कुरा तत्कालै बुझ्छन् । त्यसो भए त्यही मान्यता किन नजन्मेका गर्भमा रहेका बच्चाहरूको निम्ति नभएको ?

गर्भपतन गरेपछि महिलाहरूले प्रायः आफूभित्र के थियो भन्ने कुरा थाहा थिएन भन्छन् । तिनीहरूमध्ये कतिपयलाई भित्री चेतनामा आफूले बच्चालाई बोकिरहेको थाहा हुन्छ तर जब तिनीहरू अमानवीय गर्भपतनको भाकामा लाग्छन्, जसले नजन्मिएको बच्चा (गर्भको बच्चा) लाई बच्चा मान्दैनन् तर यसलाई "यौन सम्बन्धबाट भएको उत्पादन" मात्र ठान्छन् अर्थात् एउटा अण्डा वा पुरानो भ्रमपूर्ण भनाइअनुसार "एउटा मासुको डल्लो" मात्र भएको ठान्छन् ।

गर्भपतन गरिसकेपछि जब तिनीहरूले आफूहरूले गल्ती गरेको महसुस गर्छन्, तब तिनीहरूलाई गर्भपतन गराउने क्लिनिकहरूले असत्य भनेर तिनीहरूलाई झुक्याएको सम्झेर गहिरो पछुतोमा पर्छन् ।

तिनीहरूले हतारमा सोचविचार नगरी परिवार वा साथीहरूको गलत सल्लाहमा यो कार्य गरेको सम्झिन्छन् । अहिले सताइरहेको गलत निर्णय गर्नुभन्दा पहिला कसैले आएर कुराकानी गरिदिएको भए पनि हुनेथियो भनी तिनीहरू सम्झन्छन् । एउटी महिलाले दोष र पछुतोको साथ रुँदै मलाई भनिन्, "मैले प्रार्थना गरेकी थिएँ कि मैले गर्भपतन गर्नुहुँदैन भने क्लिनिकको बाहिर आएर कसैले भनेको होस् । तर कोही पनि त्यहाँ आएन ।"

गर्भपतन गराउनको लागि दबाबमा परेका गर्भवती महिलाहरूलाई हामीले प्रेम र वास्ता गर्नुपर्छ । साथै हामीले गर्भपतन गराइसकेका महिलाहरूलाई पनि प्रेम गर्नुपर्छ र गर्भपतनको मानसिक घाउबाट बाहिर निस्कन हामीले गर्न सक्ने जति सहायता गर्नुपर्छ ।

## झुटो विभाजन

एउटा बच्चालाई मार्ने कसैको पनि रुचि हुँदैन । बच्चाले मात्र त्यहाँ कष्ट भोग्नुपर्दैन तर उसको आमाले पनि कष्ट भोग्नुपर्छ ।

नजन्मिएको एउटा बालक भएकोले उसलाई मारेपछिको परिणाम भयानक हुन्छ । पहिलो पीडित पक्ष बालक हो अनि दोस्रो पीडित पक्षलाई चोट पहिलो पीडितले दिन्छ । तसर्थ हामीले नजन्मिएको बच्चाको सही पहिचान गरेर मात्र गर्भपतनसम्बन्धी उपचार गर्न सुरु गर्नुपर्छ ।

# खण्ड २

# aRrf

अध्याय ३

# नजन्मिएका बच्चाहरू के वास्तवमै मानव हुन् ?

गर्भपतनको पक्षमा रहेकाहरूले कुनै समय यस्तो विवरण दिन्थे, "मानिसको जीवन कहिले सुरु हुन्छ भन्ने कुरा अनिश्चित हुन्छ, यो एक धार्मिक प्रश्न हो र विज्ञानद्वारा यसको उत्तर दिन मिल्दैन ।" धेरैले यो भनाइमा सहमत हुन छोडेका छन् किनकि यो केही दशक यतादेखिको वैज्ञानिक प्रमाणसित बाझिन्छ। तथापि यो पुरानो मान्यताले हाम्रो राष्ट्रको मानसिकतामा यति गहिरो जरा गाडेको छ कि अझ पनि यसलाई व्यापक रूपमा विश्वास गरिन्छ ।

शब्दहरूको इतिहास हेर्दा उर्वरता (समागममा हुने शुक्रकीट तथा डिम्बको मिलन) तथा गर्भाधारणलाई आलोपालो गरी प्रयोग गरिएको छ। यी दुवैले त्यो समयलाई जनाउँछन्, जब शुक्रकीट र डिम्ब आपसमा मिलेर एउटा कोषिका बन्छ । उर्वरता त्यो प्रक्रिया हो, जब शुक्रकीट डिम्बमा प्रवेश गर्छ । गर्भाधारण त्यो नतिजा हो, जब शुक्रकीटमा रहेको २३ वटा क्रोमोजोम र डिम्बमा रहेको २३ वटा क्रोमोजोम मिलेर एउटा छुट्टै नयाँ जीवन बन्छ र त्यसको आफ्नै डिएनए हुन्छ ।

यी दुई शब्दको बारेमा लामो समयदेखि राजनैतिक द्वन्द्व भइरहेको छ किनकि बेकारको बहसको लडाइँ भाषिक रूपमा अर्कोलाई तल पार्नको लागि हो । सन् १९६३ र १९६५ मा यूएस डिपार्टमेन्ट फर हेल्थ, एजुकेसन एण्ड वेलफेएर (HEW) र अमेरिकी कलेज अफ अब्स्टेट्रिसियन एण्ड गाइनोकोलोजी (ACOG) मा रहेका गर्भपतनका पक्षधरहरूले चिकित्सकीय रूपमा नजन्मिएका बच्चाहरूलाई मार्ने सम्बन्धमा रहेको ऐतिहासिक रोकावटलाई कम गर्ने वा हटाउने माग गरे ।

## गर्भाधारणको पुनर्परिभाष

“थेरापीद्वारा गरिने गर्भपतन” (थेरापीद्वारा मारिने प्रक्रियाको अर्को नाम) को प्रवर्द्धनमा गर्भाधारणलाई पुन:परिभाषा गर्ने काम गरिन्छ। सिंचन (शुक्रकीट र डिम्बको मिलन) को प्रक्रियामा (सामान्यतया शुक्रकीट डिम्बमा प्रवेश गरेको २४ घण्टाभित्र) नै गर्भाधारण हुन्छ भन्ने कुरालाई नमानी तिनीहरूले “गर्भाधारण” को समयचाहिँ बच्चा ७ वा ८ दिनको भइसकेको समयलाई मान्छन् ।

एक पटक “गर्भाशयमा प्रवेश” वा “गर्भमा राखिने कार्य” प्रक्रिया भइसकेपछि बाहिर थाहा नभए पनि प्रणालीगत हिसाबले यसले “गर्भाधारण” को रूप लिइसकेको हुन्छ ।

जीवनको सबैभन्दा सुरुवात सम्बन्धित शब्दलाई धेरै दिनपछि मात्र प्रयोग गर्नाले ACOG अन्योलमा पऱ्यो अनि सर्वसाधारणलाई मात्र होइन, मेडिकल कलेजहरूलाई समेत असंवेदनशील बनायो ।

प्लान्ड प्यारेन्टहुड्सको वेवसाइटले त्यस्ता प्रश्नावलीहरू बनायो, जसले आकस्मिक गर्भनिरोधक चक्कीहरूले गर्भपतन गर्दैन भनी पक्का गर्छ ।

> के आकस्मिक गर्भनिरोधक चक्कीहरूले गर्भपतन गर्छ भन्ने कुरा सत्य हो ? परिवार नियोजनको निम्ति प्रयोग गरिने अन्य हर्मोनसम्बन्धी तरिकाहरूले के गर्छन् ?
>
> होइन । गर्भपतनले गर्भलाई अन्त गर्छ । आपतकालीन गर्भनिरोधक सामाग्रीहरूले गर्भलाई अन्त गर्न सक्दैन । महिलाको पाठेघरभित्र सिंचित भएको डिम्बको विकास भएपछि मात्र गर्भ सुरु हुन्छ ।[१]

सत्यता यो हो कि आकस्मिक गर्भनिरोधक चक्कीहरूले सधैँ गर्भपतन गराउँदैनन् तर कहिलेकाहीं गर्भपतन गराउँछन्। तर गर्भाधारण केही समयपछि मात्रै हुनेगर्छ भन्ने दाबीद्वारा तिनीहरूले मानिसहरूलाई यो कुरामा निश्चिन्त बनाइरहेका छन् कि गर्भमा प्रवेश गरेको सिंचित डिम्बको मृत्युचाहिँ गर्भपतन होइन ।

यस्तो व्याख्याले गर्दा कतिपय जीवनका पक्षधरहरू गर्भाधारण र डिम्ब सिंचनको प्रक्रियाको बारेमा अन्योलमा परेका छन् । तसर्थ यो

सम्पूर्ण पुस्तकभरि ऐतिहासिक तथ्यको आधारमा "डिम्ब निषेचन" र "गर्भाधारण" शब्दहरू प्रयोग गर्नेछु, जसले मानव जीवन सुरुवातको सुरुको प्रक्रिया र नतिजालाई उल्लेख गर्छ ।

## विज्ञानले के भन्छ

डा. अल्फर्ड एम. बोलगियोभानी युनिवर्सिटी अफ पेनसिलभानियाका बालक जन्मसम्बन्धी प्राध्यापकले बताए, "मानव जीवन गर्भाधारणको समयमा सुरु हुन्छ भनी मैले मेरो सुरुवाती मेडिकल शिक्षामा सिकेको थिएँ ... मानव जीवन गर्भाधारणको समयदेखि वृद्ध अवस्थासम्म रहन्छ ... समयका यी बिन्दुहरूमध्ये कुनै पनि बिन्दुमा अड्चन आयो भने मानव जीवन अन्त हुन्छ ।"

गर्भभित्रको बालकको सुरुवाती विकासका चरणहरूको बारेमा बोल्दै सन् १९८१ मा कन्ग्रिगेसनल उपसमितिको सामु प्रोफेसर बोनगियोभानीले भने, "यी सुरुवाती चरणहरूले नबनिएको मानव जीवनलाई बताउँछ भन्ने कुरा बताउन म तयारी भएर आएको छैनँ । त्यसो भन्नुचाहिँ नाटकीय यौवनकालभन्दा अघिको बालककाल मानव जीवन होइन भनेसरह हो । यो मानव जीवन हो, जो हरेक चरणमा हुन्छ ।"[२]

युनिवर्सिटी अफ डिस्कार्टस पेरिसका जीन विषयका प्रोफेसर डा. जेरोम लेजेउनेले भने, "डिम्ब सिंचनको कार्य हुनेबित्तिकै मानव जीवन अस्तित्वमा आउँछ ।" उनले भने, "यो कुनै अनुभव वा विचारको कुरा होइन । गर्भाधारणकै समयमा हरेक व्यक्तिको सुरुवात हुन्छ ।"[३]

हावर्ड यूनिवर्सिटी मेडिकल स्कुलका प्रोफेसर मिखेलाइन म्याथ्यु रथले भने, "गर्भाधारणको समयमा नै हरेक मानव जीवनको सुरुवात हुन्छ भन्नु विज्ञानसम्मत छ ।"

गर्भाधारणको समयमा हरेक व्यक्तिको सृष्टि हुन्छ । त्यो समयभन्दा अघि कुनै व्यक्ति (उसको आफ्नै डिएनएको साथ) अस्तित्वमा हुँदैन, उक्त समय अर्थात् गर्भाधारणको समयपछि भने ऊ अस्तित्वमा आउँछ ।

## प्रश्न होइन, यो तथ्य हो

यो कुरा जीवनको पक्षमा रहेकाहरूले मात्र विश्वास गर्दैनन् । ओरेगनको सबैभन्दा ठूलो गर्भपतनसम्बन्धी क्लिनिकको मालिकले यो कुरा एउटा शपथमा पुष्टि गरेका छन्, “निश्चय नै मानव जीवनको सुरुवात गर्भाधारणको समयमा हुन्छ ।” पुरस्कार विजेता पुस्तक कन्सेप्सन टु बर्थले बच्चाको जीवन गर्भाधारणको समयदेखि सुरु हुन्छ र गर्भमा उसको हलचल हुन्छ भन्ने कार्यपत्र प्रस्तुत गरेको छ, साथै यस्तै पुष्टि अन्य पुस्तकहरू तथा डिभिडीहरूले पनि गरेका छन् ।[४]

मानव जीवन गर्भाधारणको समयमा हुन्छ भन्ने कुराको प्रमाण कति प्रष्ट छ ? धेरै ऐतिहासिक अधिकारीहरू छन्[५] । मिसौरी जनरल एसेम्बलीमा रहेका धेरैजनाले भावुकताका साथ सन् २००३ मा एउटा विधेयक स्वीकृत गरे, जसमा यी कुराहरू उल्लेख गरिएको छः “साधारणसभाको यो भनाइमा पाइने कुराहरू यी हुन्: (१) हरेक मानव प्राणीको सुरुवात गर्भाधारणको समयमा हुन्छ; (२) नजन्मिएको बालकमा जीवन, स्वास्थ्य र राम्रो बन्नको निम्ति रक्षात्मक चाहना हुन्छ... ‘नजन्मिएका बच्चाहरू’ वा ‘नजन्मिएको बालक’ भन्ने शब्दावली गर्भाधारणद्वारा गर्भमा आएपछि जन्म नहुञ्जेलसम्मको शारीरिक विकासका चरणहरूमा रहेका सबै बच्चाहरूको लागि प्रयोग गरिन्छ ।”[६]

जब शुक्रकीट र डिम्ब एकिकृत भएर एउटा कोषमा परिणत हुन्छ, त्यतिबेला जीवनको सुरुवात हुन्छ (जसलाई ग्रीकमा जाइगोटे भनिन्छ; जसको अर्थ “जोडिनु” वा “नारिनु” भनिन्छ), यो तथ्यलाई निरन्तर रूपमा सम्झिरहनुपर्छ । किन ? किनकि अमेरिकी रोए भर्सेज वेड सुप्रिम कोर्टले वैज्ञानिक प्रमाणलाई अस्वीकार गर्न छनौट गऱ्यो । अमेरिकामा जनसङ्ख्या तथा जन्मदर घटाउने लक्ष्य लिएको यूएस पपुलेसन कमिसनको पक्षमा तिनीहरूले निर्णय गरे । विज्ञान र नीतिको बीचमा रहेको विभाजनमा सरकारले निर्देशिकाको निम्ति प्लान्ड प्यारेन्टहुड ल्यायो, त्यसपछि उक्त निकायले दिएको सुझावअनुसारको जनसङ्ख्या नियन्त्रण नीति लागू गर्न सुरु गऱ्यो जुन “द जेफ मेमो”

मा भएका कुराहरूबाट उल्लेख गरिएको थियो ।[७]

रोए भर्सेज वेडमा ल्याइएको ऐतिहासिक भम्रका वावजुद विज्ञानले निरन्तर रूपमा आफ्नो एउटै कुरा राख्यो - जीवन सिंचनको समयमा वा गर्भाधारणको समयमा सुरु हुन्छ, जसले एउटै सुरुवाती बिन्दुलाई जनाउँछ ।[८]

## संविधानले के भन्छ

द फोर्टिन्थ एमेन्डमेन्टले भन्छ कि कानुनी प्रक्रियाबाहेक अरू कुनै पनि बहानामा कुनै व्यक्तिको जीवन लिन पाइनेछैन । जब त्यो लेखिएको थियो, त्यतिबेला मानिस भन्ने शब्दको साटो व्यक्ति भन्ने शब्द प्रयोग गरिएको थियो किनकि यो प्रयोग गर्न सजिलो थियो । रोए भर्सेज वेडले गरेको फैसलामा अमेरिकी सर्वोच्च अदालतले यस्तो जवाफ दियो: "यदि (नजन्मिएको) व्यक्तिले विपक्षी (गर्भपतन पक्षधर) को मुद्दामा असहमति राख्छ भने निश्चय नै संविधानको धारा (चौध) ले बच्चाको जीवनलाई सुरक्षित राख्छ र पहिलो मुद्दा खारेज हुन्छ ।"[९]

यो समस्या समाधानको लागि अदालतले व्यक्तिको खास ऐतिहासिक अर्थलाई नै नाश गर्ने काम गऱ्यो । त्यसपछिका वर्षहरूमा गर्भपतन पक्षधरहरूले मानिस र व्यक्तिको बीचमा विषयात्मक तथा कृत्रिम भिन्नता प्रस्तुत गरिरहे । यसको कारणचाहिँ गर्भाधारणको समयमा जीवन सुरु हुन्छ भन्ने विज्ञानले प्रस्तुत गरेको तथ्यले गर्भपतनको पक्षमा रहेकाहरूलाई पाखा लगाइदिएकोले हो । अब नयाँ रणनीतिले भन्छ, "ठीक छ, यो मानव जीवन हो, तर वास्तवमा यो व्यक्तिचाहिँ होइन ।"

शब्दको अर्थलाई परिवर्तन गर्दैमा वास्तविकता परिवर्तन हुँदैन । गर्भपतनको सवालमा व्यक्तिसम्बन्धी अवधारणा अब नैतिक हिसाबले काम नलाग्ने भएको छ । हामीले सोध्न सक्ने उद्देश्यात्मक प्रश्नहरू यी हुन्:

"के यो मानव हो; के यो मानवीय प्राणीबाट आएको हो ?"

"के यो आनुवंशिक रूपले एक बेग्लै व्यक्ति हो ?"

"के यो जीवित छ र बढ्दै छ ?"

यदि उत्तरहरू हो भने "यो" वास्तवमा "ऊ" वा "उनी" हो र एउटा जीवित व्यक्ति हो; जससँग कानुनी सुरक्षाको अधिकार छ ।

## गर्भपतन पक्षधरका एक नैतिकवादी भन्छन्

एकजना बाबुले आफ्नो छोराको बारेमा लेखेका यी शब्दहरूलाई ध्यानपूर्वक विचार गरौं:

> मेरो अफिसको डेस्कमा ... मेरो छोरो एलीका धेरै तस्वीरहरू छन् । एउटा तस्वीरमा ऊ मेक्सिकोको खाडीमा रमाउँदै बालुवामा नाचिरहेको छ, समुद्रको शितल हावाले उसको पातलो कपाललाई हल्लाइरहेको छ । दोस्रो तस्वीरमा आफ्नो बाजेबज्यैको घर पछाडिको बगैंचाको घाँसमा बसेको छ र आफ्नो खुट्टाको भरमा उभिन खोजेर बसेको छ । तेस्रो तस्वीरमा ऊ केही हप्ताको मात्र भएको छ र काखमा बसिरहेको छ र टाउकोबाट चिसो नपसोस् भनेर अस्पतालबाट घरमा आउँदा सानो टोपी मात्र लगाएको छ । तस्वीरहरूमा कैद भएका उसमा आएका यी उल्लेखनीय परिवर्तनहरू भए पनि ऊ उही सानो बालक नै हो ।
>
> मेरो डेस्कको माथिल्लो घर्रामा, मैले एलीको अर्को तस्वीर राखेको छु । यी तस्वीरहरू सेप्टेम्बर ७ तारिख, १९९३ मा ऊ जन्मिनुभन्दा २४ हप्ताअघिको तस्वीर हो । सोनोग्राम तस्वीर अलि धमिलो छ, तापनि सानो टाउको अलि पछाडि झुकेको र पाखुरा अलिकति उठाएर खुम्चाएको अनि हातले अनुहारलाई छेकेर बुढी औंला देखाएको तस्वीरले उसलाई प्रष्ट देखाएको छ । बिना कुनै शंका म भन्न सक्छु कि यो त्यही सानो बालक हो, जो उसको शारीरिक विकास क्रमको सुरुवाती चरणमा छ । अनि यो बिन्दुमा उसको जीवन लिनु नैतिक रूपमा स्वीकार्य छ भन्ने यो पुस्तकको पक्षमा म छु भन्ने कुरामा कुनै प्रश्न छैन ।[१०]

## जटिलता र मानव

नयाँ सिंचन भएको डिम्बमा अचम्मरीतको एक आनुवंशिक जानकारी हुन्छ, जसमा उक्त व्यक्तिको वृद्धि र पूरै जीवनको विकासलाई नियन्त्रण गर्न प्रयाप्त हुन्छ । मानिसको कोषमा भएको डिएनएको एउटा धर्साले एक हजार भोल्यूमको लाइब्रेरीमा हुने जानकारी संचय गरेको

हुन्छ ।[११] आज हामीलाई थाहा छ कि मानव अणुवंशमा तीन अरबसम्म डिएनएको जोडी हुन्छ, जसले एउटा कोषको भावलाई प्रभावित पार्दछ ।[१२]

नयाँ व्यक्तिका कोषहरू द्रूतगतिमा विभाजन हुन्छ र वृद्धि हुन्छ र यसले वृद्धि ल्याउँछ । त्यहाँ वृद्धि हुन्छ किनकि त्यहाँ जीवन हुन्छ । एउटी महिलाले आफू गर्भवती भएको थाहा पाउनुभन्दा धेरैअघि उनीभित्र एक जीवित वृद्धि भइरहेको मानव प्राणी रहेको हुन्छ ।

गर्भाधारण भएको पाँचदेखि नौ दिनपछि गर्भमा रहेको नयाँ व्यक्तिले गर्भको भित्तामा सुरक्षा र पोषणको निम्ति ठाउँ तयार पार्छ । सुरुमै वैज्ञानिक तवरले उसको लिङ्ग निर्धारण गर्न सकिन्छ । चौध दिनमा उक्त बच्चाले एउटा हर्मोन उत्पादन गर्छ, जसले उसकी आमाको महिनावारीलाई रोकिदिन्छ । चिन्न सकिने मानवीय भागहरू देखा पर्न अरू दुई हप्ता लाग्छ अनि त्यसको तीन हप्तापछि पूरै प्रष्ट चिनिन्छ । यी सबै अवस्थाहरूमा उक्त बच्चा पूर्ण तहको एक मानव प्राणी हो ।

गर्भाधारणको समयमा नजन्मिएको बच्चालाई दैनिक रूपमा हामीले देख्ने मानवता हिसाबले न्याय गरिनुपर्ने मानवजस्तो देख्दैनौं । तथापि वस्तुगत विज्ञानले एउटा बालक र वयस्कजस्तै उक्त बच्चा पनि हरेक दृष्टिकोणले मानव नै हो । वास्तवमा उसको विकासको चरणमा उसलाई मानवको हिसाबले हेरिनुपर्छ ।

गर्भाधारण भएको अठार दिनपछि मुटु तयार हुन्छ अनि आँखाको विकास हुन लाग्छ । २१ दिनपछि मुटु धड्किन लाग्छ र शरीरमा रक्तसंचार सुरु हुन्छ । २८ दिनमा नजन्मिएको बच्चाको खुट्टा र पाखुरा तयार हुन लाग्छ । तीस दिनमा मस्तिस्क हुन्छ र दशौं हजार गुणा वृद्धि हुन्छ ।

पैंतीस दिनमा उसको मुख, आँखा र नाकले आकार लिन लाग्छ । चालीस दिनमा नजन्मिएको बच्चाको मस्तिस्कको लहर अभिलेख राख्न सकिन्छ अनि तीन हप्ताअघि सुरु भएको उसको मुटुको धड्कन सुक्ष्म ध्वनि यन्त्रद्वारा सुन्न सकिन्छ । ४२ दिनमा उसका हड्डी तयार हुन्छ अनि मस्तिस्कले मांसपेसी तथा अङ्गहरूको गतिविधि नियन्त्रण गर्छ ।

बच्चा जस्तो देखिए पनि ऊ वास्तवमा बच्चा नै हो । सुरुवाती हप्ताहरूमा हुने गर्भपतन, जो Mifepristone (RU-486) लगायतका सबै गर्भपतनका चक्कीहरूले मानिसको जीवन लिन्छन्, जसरी एक हप्ता, एक वर्ष वा बीस वर्षको व्यक्तिको जीवन लिन्छन् ।

## जीवनको नाटक

गर्भाशयको तस्वीरका प्रणेता लेनार्ट निल्सन पुराना फोटोहरूसहितको निम्बन्ध रहेको लाइफ नामक पत्रिका तथा **एउटा बालक जन्मेको** नामक पुस्तकद्वारा चिनिन्छन् । उनको "जन्मनुभन्दा अघिको जीवनको नाटक" नामक निबन्धमा गर्भाधारणपछिको ४५ दिनको नजन्मिएको बच्चाको (धेरै महिलाहरूलाई आफू गर्भवती भएको थाहा हुनुभन्दा अघि) बारेमा उनी भन्छन्: "१/३० औंस अर्थात् करिब १ ग्राम तौलको भ्रूणमा एक वयस्कमा हुनुपर्ने सबै आन्तरिक अङ्गहरू यसको विकासक्रममा रहेको हुन्छ । यसमा ओठसहितको मुख हुन्छ अनि २० वटा दूधेदाँत अटाउने गिजा र जिब्रो रहेको हुन्छ । यसको लिङ्ग र सन्तान उत्पादन गर्ने अङ्गहरू फैलिन लाग्छ ।"[१३]

आठ हप्तामा हातहरू तथा खुट्टाहरू लगभग बनिसकेको हुन्छ । नौ हप्तामा बच्चाले उसको हत्केलामा आउने वस्तुलाई औंलाले समात्छ । हातका नङ्गहरू तयार हुन लाग्छन् अनि बच्चाले बुढी औंला हल्लाउन लाग्छ । नौ हप्ताको बच्चा "उफ्रने र गोडाले अगाडि हिर्काउने कार्यमा सक्षम हुन्छ" ।[१४]

नजन्मिएको बच्चाले खुसी व्यक्त गर्न सक्छ अनि पीडा अनुभूति गर्न सक्षम हुन सक्छ ।[१५] तथापि, यो चरणमा गरिने बच्चाहरूको गर्भपतनलाई "सुरुवाती गर्भपतन" भनिने गरिन्छ ।

दश हप्तामा बच्चाले हेर्न, निल्न र भाव व्यक्त गर्न सक्छ । एघार हप्तामा उसले पिसाब फेर्न सक्छ अनि अनुहारमा विभिन्न खाले भाव ल्याउँछ र मुस्कुराउने पनि गर्छ ।[१६] बाह्र हप्तामा बच्चाले गोडाले हिर्काउने, खुट्टाहरू घुमाउने, आफ्नो कुर्कुच्चा घुमाउने, औंलाहरू घुमाउने, कुहिनो खुम्चाउने र मुख खोल्ने कार्य गर्छ ।[१७]

यी सबै कुरा पहिलो तीन महिनाको गर्भको समयमा अर्थात् जीवनको प्रथम ती महिनाको समयमा हुन्छ । गर्भमा बाँकी रहेको छ महिना अवधिमा नयाँ कुनै कुराको विकास वा कार्यको सुरुवात हुँदैन । गर्भ तुहेर वा गर्भपतनद्वारा उसको जीवन नगुमेमा पूर्णरूपमा तयार भएको बच्चा गर्भमा बाँकी समय वृद्धि हुन्छ र परिपक्व हुँदै जान्छ ।

यो एउटा निर्विवाद वैज्ञानिक तथ्य हो कि शल्यक्रिया (सर्जरी) गरी गरिएको हरेक गर्भपतनले धड्केको मुटुलाई बन्द गर्छ र मापन गर्न सकिने मस्तिस्कको हलचललाई बन्द गर्छ ।

कुनै व्यक्तिको मुटुको धड्कन बन्द भएको छ र मस्तिस्कले काम गर्न छोडेको छ भने त्यस्तो व्यक्तिलाई हामीले के भन्छौं ? मृतक ।

जहाँ मुटुको धड्कन छ र मस्तिस्कले काम गरिरहेको छ भने त्यस्तो अवस्थालाई हामीले के भन्नुपर्छ ? जीवित ।

हरेक गर्भपतनले मानिसको जीवनलाई अन्त गर्छ । यो साधारण र पक्का वैज्ञानिक तथ्य हो ।

## आविवानि (SLED)

स्कट क्लुसेन्डर्फ अफ लाइफ ट्रेनिङ्ग इन्स्टिच्यूटले नजन्मेको बच्चा र भर्खर जन्मेको बच्चाको बीचमा जम्मा चारवटा भिन्नताहरू औंल्याएको छ । यसलाई सुरुका अक्षरहरू जोडेर आविवानि (SLED) भनेर सम्झन सकिन्छ,[१८] जसलाई म सांराशमा वर्णन गर्नेछु:

आकार: के आकारले तपाईं को हुनुहुन्छ भन्ने निर्धारण गर्छ ?

विकासको तह: के बीस वर्षको जवान दस वर्ष उमेरको बालकभन्दा बढ्ता मानिस हो किनकि तिनीहरू चलाख र बलिया हुन्छन् ?

वातावरण: के घरभित्र भएको कारण घरबाहिर रहेको भन्दा तपाईं कम वा बढी व्यक्ति बन्नुहुन्छ ? के आमाको शरीरभित्र रहेको बच्चा बाहिर रहेको बच्चाभन्दा कमसल मानव हुन्छ ?

निर्भरताको तह: के अरूमाथिको निर्भरताले तपाईं को हुनुहुन्छ भन्ने कुरा तय गर्छ ? के कुनै अल्जाइमर वा मृगौलाको रोगी

अर्को व्यक्तिभन्दा कम हुन्छ ? (के म, इन्सुलिन लगाउनुपर्ने मधुमेहको रोगी, सन् १९८५ मा मलाई यो रोग लागेपछि पहिलेको भन्दा कमसल व्यक्ति हुन्छु ?)

तीन महिनाको बालक दस वर्षको बालकभन्दा कम विकसित हुन्छ अनि नजन्मिएको बच्चाजस्तै उसले पनि आफ्नो ख्याल गर्न सक्दैन ।

प्रश्नचाहिँ कति उमेरको वा ठूलो, चलाख वा अप्ठ्यारो नजन्मिएको बालक भन्ने होइन तर तिनीहरू को हुन् भन्ने हो ।

उत्तर साधारण छः तिनीहरू मानव हुन् ।

## अध्याय ४

# डिम्ब, शुक्रकीट, भ्रूण तथा गर्भको बच्चाको बीचमा के भिन्नता छ ?

अमेरिकामा गर्भपतनले कानुनी मान्यता प्राप्त गर्नुअघि गर्भपतनका पक्षधरले एउटा मेडिकल जर्नलमा नर्सहरूलाई यस्तो शिक्षा दिएका थिए, "मानिसहरूको वस्तुस्थिति, भाषाको प्रयोग, अवधारणा तथा कानुन आदिद्वारा गर्भपतनलाई हत्या होइन भन्ने बनाउनुपर्छ ।"[1]

त्यही वर्ष लस एन्जेलसमा भएको सानो भेलाले यो कुरा तिनीहरूको तालिममा थपे: "तिमीले 'बच्चालाई बाहिर तान' भन्यौ भने तिमीले सजिलै घाउ पैदा गर्छौ र त्यसलाई बढाउँछौ, बरु त्यसको साटो यसो भन, 'पाठेघर खाली गर' वा 'हामीले पाठेघरलाई सफा गर्नेछौं', तर कहिल्यै पनि यसो नभन, 'हामीले बच्चालाई बाहिर निकालेर फाल्नेछौं' ।"[2]

बोली र भाषा मनको भाव मात्र होइन तर मनलाई आकार दिने कुरा हो । हामीले कसरी शब्दहरू प्रयोग गर्छौं, त्यसले नै कुनै एउटा विचार हामीले कसरी लिने भन्ने कुरामा प्रभाव पार्छ - सीधा र प्रष्ट प्रकारले संचार गरिएको विचार समेत नसोचिने हुन सक्छ ।

जुन शब्दहरूले गर्भ तथा पाठेघरलाई जोड दिन्छ, त्यसले पाठेघरभित्र कुनै व्यक्ति बसेको छ भन्ने कुरालाई समेत बिर्साइदिन्छ । तर जसरी भने पनि "गर्भलाई खत्तम गर्ने कार्य" एउटै कुरामा अडिएको हुन्छ - त्यो हो मानव जीवन हरण गर्ने, एउटा बच्चालाई मार्ने कार्य ।

एकजना जीवनको पक्षधर महिलावादीले भनिन्, "जीवनका पक्षधरहरूले गर्भको अन्त गर्ने कुरालाई विरोध गर्दैनन् । गर्भ केही समयको लागि र अन्त हुनको निम्ति रहेको हुन्छ । हामी नौ महिना पुगेपछि गर्भको अन्त गर्ने पक्षमा छौं । तर हाम्रो विरोधचाहिँ बच्चाहरू

मार्नेप्रति हो ।"[३]

## भ्रूणको अर्थ के हो ?

बामे सर्ने बच्चा तथा किशोर भन्ने शब्दावलीले गैह्रमानवलाई नजनाएजस्तै गर्भको बच्चा तथा भ्रूणले पनि गैह्रमानवलाई जनाउँदैन तर मानिस प्राणीको विकास क्रमको विशेष चरणहरूलाई जनाउँछ । गर्भको बच्चा (Fetus) भन्ने शब्द ल्याटिन भाषाबाट आएको हो, जसलाई यसरी अनुवाद गरिन्छ "सन्तान", "कलिलो" वा "सानो बच्चा" ।

शिशुको जति विकास नभएर सुरुवाती चरणमा छ भन्दैमा एक मानव भ्रूण वा गर्भको बच्चालाई एक मानव होइन भन्नु वैज्ञानिक हिसाबले गलत हुन्छ । यसो भन्नुचाहिँ एउटा बामे सर्दैगरेको बालक मानवीय प्राणी होइन भनेको जस्तै हो किनकि ऊ अझ किशोरावस्थामा पुगेको छैन ।

आठ वर्षको अन्तरालमा जन्मेका मेरा पाँचजना नातिनातिनीहरू छन् । के ठूलो उमेर भएकाहरू सानो उमेरका भन्दा बढ्ता मानव हुन् ? के कोही ठूलो उमेरको हुँदैमा ऊ बढी मानव हुन्छ ? त्यसो हो भने वयस्कहरू बालबालिकाहरूभन्दा बढी मानव प्राणी हुन्, फुटबल खेलाडीहरू घोडचढी गर्नेहरूभन्दा बढी मानव प्राणी हुन् ।

कुनै गैह्रमानव ठूलो र बढी उमेरको हुँदैमा ऊ मानव बन्दैन; मानवचाहिँ सुरुदेखि नै मानव हुन्छ ।

## के डिम्ब वा शुक्रकीट एक व्यक्ति हो ?

कार्ल सागनले एक पटक यस्तो प्रश्न सोधेर गर्भपतनका विरोधीहरूको हाँसो उठाए, "शुक्रकीट र डिम्ब नास गर्नुचाहिँ किन हत्या होइन ?"[४] हरेक वैज्ञानिकलाई यो थाहा छ कि आपसमा मिलन नभएको शुक्रकीट तथा डिम्ब र निषेचन भएपछिको डिम्ब वा मानव भ्रूणको बीचमा भिन्नता छ ।

कुनै व्यक्तिको कपाल वा मुटुमा रहेको एउटा कोषजस्तै डिम्ब वा शुक्रकीटको पनि ऊ जे हो, त्योभन्दा बढ्ता बन्न सक्दैन । तर

जब डिम्ब र शुक्रकीट आपसमा मिल्छन्, तब एउटा नयाँ गतिशील र वंशानुगत हिसाबले एउटा बेग्लै मानव जीवन सुरु हुन्छ । एउटा निषेचन भएको डिम्ब वास्तवमा एउटा नयाँ गर्भधारण गरिएको मानव प्राणी हो । यो एउटा व्यक्ति हो, जो शुक्रकीट वा डिम्ब उपलब्ध गराउने व्यक्तिको जीवन नभएर उसको आफ्नो छुट्टै जीवन हुन्छ र आफ्नै प्रकारले विकास भइरहेको हुन्छ ।

डिम्ब निषेचन हुने बित्तिकै यसको पहिलो कोषमा उक्त बच्चाको जटिल तथा पूर्ण आनुवंशिक गुणको खाका तयार हुन्छ । यसमा मानव विकासको विस्तृत विवरण हुन्छ, जसले उक्त बच्चाको लिङ्ग, कपाल, आँखाको रङ, उचाइ तथा छालाको रङ समेत तय गर्छ ।[५] उक्त निषेचित डिम्बलाई एउटा बाँदरको कोषसँगै राख्नुभयो भने "आनुवंशिकसम्बन्धी अध्ययन गर्ने वैज्ञानिकले उक्त नयाँ मानवलाई सहजै पत्ता लगाउन सक्छ । यसको मानवता पहिलै नै पक्का देखिन्छ ।"[६]

## लेबलहरूको शक्ति

"वीर्यधारणको उत्पादन" "product of conception" अथवा POC नजन्मिएको बच्चालाई गैह्रव्यक्ति बनाउने एउटा आम शब्द हो । वास्तवमा एउटा शिशु, दश वर्षको बच्चा र वयस्क सबै "वीर्यधारणका उत्पादन" हुन्, जो भ्रूणभन्दा बढ्ता वा कम हुँदैनन् । एउटा घोडाले घोडाबाट वीर्यधारण गरेपछि घोडा नै बन्छ अनि मानव वीर्यधारणबाट सधैँ मानव नै उत्पादन हुन्छ ।

तपाईं र म पनि वीर्यधारणका उत्पादनहरू हौं, जसरी भर्खर गर्भधारण भएको बच्चा बनेको हुन्छ । अवश्य पनि हामीले एकले अर्कालाई वीर्यधारणको उत्पादन भन्दैनौं किनकि हामीले एकले अर्काको मानव अस्तित्वलाई चिनेका छौं । हालसम्म नजन्मिएको बच्चालाई मानव हो भन्ने कुरामा कसैले पहिचान दिनु आवश्यक छैन, एउटा दास वा यहूदीलाई यसको बस्ती बसाउने व्यक्ति वा नाजीहरूद्वारा मानवताको पहिचान दिइएको जस्तो यो होइन ।

भ्रूणको मुख्य कोषको बारेमा गरिने वादविवाद शब्दार्थको शक्तिको

एउटा उदाहरण हो। मुख्य कोष एउटा बहुआयामिक प्रमुख कोष हो, जसद्वारा विभिन्न तन्तु र अङ्गहरूको विकास हुन्छ। जीव चिकित्सा अनुसन्धानको लागि मुख्य सामाग्रीहरू मध्येनजर गर्दा तिनीहरू अहानिकरक मानवीय स्रोतहरूमा उपलब्ध छन्, जसमा वयस्कहरूसित मिल्दो, सालनालको रगत र नाल आदि समावेश हुन्छ ।[७] तर धेरै वैज्ञानिकहरूले गर्भमा वृद्धि हुने समयमा जीवन गुमाएका मानव भ्रूणहरूको मुख्य कोषलाई प्रयोग गर्ने छनौट गर्ने गरेका छन् । यो एउटा गम्भीर कुरा हो कि हामीले मानवीय प्राणीलाई कसरी हेर्छौं अनि तिनीहरूले अरूको सेवा गर्न सक्दैनन् भनेर हेर्छौं ।[८]

कैयौं वैज्ञानिक तथा स्वास्थ्य संस्थाहरूले आफ्नो अनुसन्धानको लागि बच्चाहरूको मुख्य कोष प्रयोग गर्छन् । यसमा द अमेरिकन क्यान्सर सोसाइटी, म्याकमिलन क्यान्सर सपोर्ट, जुभेनाइल डाइभिटिज फाउन्डेसन र अरू यस्तै धेरै संस्थाहरू पर्छन् ।[९]

## शब्दावलीहरूको बादल

द नेसनल इन्स्टिच्यूट अफ हेल्थ (एनआइएच) (NIH) ले यो कुरा पत्ता लगायो कि अनुसन्धानको निम्ति मानव भ्रूणको नास गरेकोमा आम सर्वसाधारणले "मानव भ्रूणको मुख्य कोष अनुसन्धान" को विरुद्धमा प्रतिक्रिया जनाइरहेका थिए । समाधान ? तिनीहरूले के गरिरहेका थिए, त्यसको नैतिकतालाई पुनर्मूल्याङ्कन गर्नु ? होइन । एनआइएचले त्यही कुरालाई व्याख्या गर्न एउटा नयाँ शब्द चलायोः "मानव स्वविकेकसित मुख्य कोष अनुसन्धान" । परीक्षणको वस्तुको रूपमा मानव भ्रूणको प्रयोग गर्ने कुरामा मुखौटो लगाउन यो नयाँ शब्द चलाइएको हो ।[१०] अनैतिक कार्यलाई बन्द गर्नुको साटो तिनीहरूले यसको नामलाई नै परिवर्तन गरिदिए ।

मानव जीवनको नाशसम्बन्धी विवादलाई रोक्न भाषाको प्रयोग हुन्छ, त्यतिमात्र नभएर अरू कुनै उपायद्वारा त्यसको बीचमा भिन्नता सृजना गर्ने कार्य पनि समावेश हुन्छ । एनआइएचको वेभसाइटले आफ्नो अनुसन्धानमा मानव भ्रूणको मुख्य कोष प्रयोग गर्छ भनेर उल्लेख गरेको छ "बाहिर निषेचन भएको - बाहिर क्लिनिकमा निषेचन भएको

... जो एक महिलाको शरीरमा निषेचन भएको डिम्बबाट आएको होइन ।"[११] आलोचनालाई रोक्न यिनीहरूले प्रयोगशालाको प्रक्रियामा जोड दिन्छन् ।

मानव भ्रूण जुनसुकै तरिकाले गर्भमा आएको किन नहोस् अर्थात् यौन सम्पर्कद्वारा, बलात्कारद्वारा वा कृत्रिम गर्भधारणद्वारा - जुनसुकै तरिकाले पनि एउटा मानव भ्रूण मानवीय प्राणी नै हो ।

बलात्कारद्वारा वा कृत्रिम उपायद्वारा गर्भधारण भएका व्यक्तिहरूलाई म चिन्छु। (तपाईंले पनि जानीनजानी यस्ता व्यक्तिहरूसित भेट गर्नुभएको हुन सक्छ ।) म ठोकुवा गरी भन्न सक्छु, तिनीहरू आफैंले वा अरू कसैले तिनीहरूलाई मानव भन्ने कुरामा प्रश्नचिन्ह खडा गर्दैनन् ।

डा. सेसले आफ्नो उत्कृष्ट पुस्तक हर्टन हेयर्स अ हुको उपसंहारमा यसरी लेखेका छन् (सम्भवतः अग्रणी जीवनको पक्षधर पुस्तक): "यसर्थ यो एकजना र सबैको निम्ति पाठ होस्; एउटा व्यक्तिको व्यक्तित्व हुन्छ, चाहे त्यो सानै किन नहोस् ।"[१२]

## निसंकोच

मानवलाई हुबहु बनाउने कार्य सफल भएको भए मानिस गर्भधारणपछिको अर्को सग्लो जीवनमा प्रवेश गर्ने थियो ।[१३] यसले तिनीहरूको मानव अस्तित्वलाई परिवर्तन गर्न केही पनि गर्दैन । यो कुनै व्यक्तिको उपस्थिति सग्लो रूपमा मानव जीवनमा हुने कुरा हो, योचाहिँ महत्त्वपूर्ण हो, तिनीहरू कसरी आए भन्ने कुरा खासै मतलबको कुरा होइन ।

महिलाहरूलाई मद्दत गर्ने र जीवन बचाउने काममा सक्रिय रहेका व्यक्ति अबस्टेट्रिसियन थोमस हिल्गार्स भन्छन्, "कुनै पनि जीवित व्यक्ति पहिलेदेखि नै एक व्यक्ति होइन भने ऊ पछि मात्र व्यक्ति बन्न सक्दैन ।" पहिले जे हो, त्यो बाहेक कुनै जीवित प्राणी अरू कोही बन्न सक्दैन ।"

दशकौंदेखि गर्भपतनका पक्षधरहरूले आफ्नो रणनीति परिवर्तन गर्दैआइरहेका छन्, कतिपय गर्भपतन गराउनेहरूले गर्भको पहिलो र

पछिल्लो स्थिति उस्तै हुन्छ भन्न थालेको देख्दा मलाई अचम्म लाग्छ ।

सन् २०११ र २०१२ मा गर्भपतन पक्षधरहरूले नजन्मिएकाहरूको लागि "व्यक्ति" को रूपमा कानुनी मान्यता दिने अभियानको निन्दा गरे, यो अभियानले विल अफ राइट्स सबै मानवीय प्राणीको निम्ति लागू हुनेथियो ।

डा. देबोरा गिल्बा, पिटस्बर्गमा कार्यरत एक पारिवारिक चिकित्सकका अनुसार तिनीहरूको विरोध यो तथ्यमा आधारित छ कि "कतिपय (गर्भनिरोधक) तरिकाहरूले काम गर्न सक्छ, कम्तीमा पनि निषेचन भएको डिम्बलाई गर्भमा राख्न पाठेघरले अस्वीकार गरेर ।" "यसको अर्थ त्यहाँ कतिपय निषेचन भएका डिम्बहरू हुन्छन् र महिलाहरूले लिने गर्भनिरोधक चक्की तथा पाठेघरभित्र राखिने (IUD) सामाग्रीहरूद्वारा त्यसलाई फालिन्छ (गर्भपतन गराइन्छ) वा "योजना ख" अनुसार गर्भधारण भएको भोलिपल्ट बिहानपछि खाने चक्की सेवन गरी गर्भपतन गरिन्छ ।"[१५]

अर्को शब्दमा भन्नुपर्दा मानव जीवन गर्भधारणको समयमा सुरु हुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा भएको कारण मानव अधिकार सबै मानवहरूको निम्ति लागू हुन्छ कि भन्ने सर्वसम्मत मान्यतादेखि कतिपय गर्भपतनको पक्षमा पैरवी गर्नेहरू डराउँछन् ।

गर्भको दोस्रो तथा तेस्रो त्रैमासिक अवधिमा गरिने गर्भपतनको लागि विशेषज्ञको रूपमा लामो समयदेखि चिनिएका डा. वारेन हेर्नले आफ्नो कार्यलाई यसरी वर्णन गरेका छन्:

१७ हप्ताको गर्भ रहेको एक गर्भवती युवतीको गर्भपतन गराएर मैले काम सुरु गरें ... त्यसपछि मैले चिम्टा लिएर पाठेघरभित्र छिराएँ र त्यसले भ्रूणको टाउकोमा पुऱ्याएँ, भ्रूण अझै जिउँदै थियो किनकि गर्भको उक्त चरणमा भ्रूणको निम्ति कुनै इन्जेक्सन दिन मिल्दैन्थ्यो । मैले चिम्टा च्यापें अनि भ्रूणको टाउको छेडें र चिम्टा बाहिर निकालें । भ्रूण अब मरिसकेको थियो, बिना कुनै क्षति बिस्तारै त्यसलाई बाहिर निकालें ।

विल अफ राइट्समा उल्लेख गरिएको "व्यक्ति" को अर्थको विरोध

गर्नेहरू र डा. हर्न जसले आफ्नो जीवन गर्भपतन गराउनमा समर्पण गरेका छन् र कसरी गर्भपतन गराउने हो भनेर सिकाउँछन्, निसंकोच तिनीहरूले बच्चा मारिरहेका छन् ।

के तपाईंलाई लाग्छ, तिनीहरूलाई थाहा नभएको कुरा तपाईंलाई थाहा छ ?

## अध्याय ५

# के नजन्मिएको बच्चा उसको आमाको शरीरको एक हिस्सा हो ?

अरूले जस्तै दार्शनिक मोर्टाइमर एड्लरले दाबी गरे कि नजन्मिएको बच्चा "उसकी आमाको एक हिस्सा हो, जसरी हरेक व्यक्तिको हातखुट्टा वा अन्य अङ्ग हुन्छ। कुनै व्यक्तिले आफ्नो शरीरको कुनै हिस्सा काटेर फाल्छ भने यो उसको निजी कुरा हो।"[१]

सन् २००३ मा कनेक्टिकटको उच्च अदालतले यो फैसला गऱ्यो, "भ्रूण आमाको शरीरको एक हिस्सा हो।" त्यही समयमा अमेरिकन मेडिकल एसोसिएसनको एउटा न्यूजलेटरमा उक्त निर्णयको बारेमा खबर छाप्यो साथै त्यसमा सुप्रिम कोर्टको एक बेन्चले उक्त फैसलालाई उचित ठहऱ्याउँदै यस्तो फैसला सुनायो, "एउटा भ्रूणमा उसको आफ्नो स्वतन्त्र अस्तित्व नहुन सक्छ," त्यसपछि थप उल्लेख गर्दै भन्यो, "एक भ्रूण दुवै हुन सक्छ 'उसको आमाको एक हिस्सा साथै एक छुट्टै व्यक्ति'।"[२]

त्यसो भए, यो के हो त ?

### सत्य वा झुट ?

शरीरको एउटा हिस्साको समान आनुवंशिक सङ्केत हुन्छ र यसले शरीरका सबै हिस्सामा समान सङ्केत बाँड्छ। आमाको घाँटी, एपेन्डिक्स, मुटु तथा फोक्सो लगायत सबै अङ्गहरूले एउटै आनुवंशिक सङ्केत बाँडेको हुन्छ। नजन्मेको बच्चाको पनि आनुवंशिक सङ्केत हुन्छ तर यो उसको आमाको भन्दा बेग्लै हुन्छ। उसको शरीरका प्रत्येक अङ्गहरू उसको आफ्नै हो, उसको आमाको शरीरमा रहेका प्रत्येक कोषहरू उसका कोषहरूभन्दा फरक हुन्छ। प्रायः उसको रगत समूह पनि फरक हुन्छ र उसको लिङ्ग फरक हुने सम्भावना पनि आधा हुन्छ।

नयाँ मानवीय प्राणीले आफ्नी आमाको शरीरको माध्यमद्वारा आउने अरूलाई प्रतिरोध गर्न छैटौं दिनमा एउटा विशेष एन्जाइम (तरल पदार्थ) निस्कासन गर्नैपर्छ, त्यसो नगरेकोमा नष्ट हुनुपर्छ ।[३] यस्तो एन्जाइमले (इन्डोलेमाइन -२, ३- डाइक्सोजिनासे), छोटकरीमा आइडिओ (IDO), आमाको टी-सेलले उत्पादन गर्ने तत्वहरूलाई साम्य पार्छ र यसरी सातौं दिनमा उक्त भ्रूणले आमाको गर्भमा टाँसिएर पालनपोषण प्राप्त गर्न सक्छ ।[४] भ्रूणले आइडिओ (IDO) उत्पादन गर्न सकेन भने ऊ मर्छ । किन ? किनकि ऊ उसकी आमाको शरीरको अङ्ग होइन ऊ एक बेग्लै प्राणी हो ।

मानिसहरूले सीधा हिसाबले यो कुरामा विवाद गर्छन् कि गर्भाधारणमा महिलाको मात्र भूमिका हुन्छ । यो सत्य हो भने महिलाहरूको शरीरमाः दुईवटा नाक, चारवटा खुट्टा, दुईवटा भिन्नै औंठाका छापहरू, दुईवटा मस्तिस्क र आधाजसो महिलाहरूमा दुई थरी जनेन्द्रिय हुनुपर्ने हो । महिलाहरूमा पुरुष जनेन्द्रिय हुँदैन भने उनले बोकेको बालक उनको शरीरको हिस्सा हुन सक्दैन ।

## अलग र बराबर

चीनियाँ दुई यौनिक जीवन रसको संयोग फल एक स्वीडेनकी महिलाको गर्भमा राखियो भने त्यो सधैँ चीनियाँ नै हुन्छ, स्वीडिस हुँदैन किनकि उसको पहिचान आनुवंशिक सङ्केतमा आधारित हुन्छ, ऊ बसेको शरीरको पहिचान उसमा हुँदैन ।

बच्चा मरे पनि आमा बाँचिरहन सक्छिन् र आमा मरे पनि बच्चा बाँचिरहन सक्छ, यसले यो कुरा प्रमाणित गर्छ कि तिनीहरू दुई अलग प्राणी हुन् ।[५]

जन्मपूर्वको शल्यक्रियामा नाभीसहित उसको आमासित जोडिएको बच्चालाई बाहिर निकालिन्छ र नदुख्ने औषधी (anesthesia) दिइन्छ र शल्यक्रियाको काम सम्पन्न गरी पुनः आमाको गर्भभित्र हालिन्छ।[६] (यो खाले शल्यक्रियामा बच्चालाई नदुख्ने औषधी (anesthesia) दिइनुको पछाडि गर्भपतनको कुनै सम्बन्ध हुँदैन; यो दिइनुको कारणचाहिँ नजन्मिएको बच्चाको पीडा कम गर्नको निम्ति हो ।) यो बच्चालाई

बिरामी भनिन्छ र उसको शल्यक्रिया हुन्छ, जसमा उसको आफ्नै स्वास्थ्य अभिलेख हुन्छ, रगत समूह हुन्छ र मुख्य लक्षणहरू हुन्छ ।

सन् १९९९ मा शमूएल आर्मस नामक नजन्मिएको एक बालकको ढाडको हड्डीको (spina bifida) शल्यक्रिया गरियो । लाइफ नामक पत्रिकामा छापिएको उसको तस्वीरले संसारको ध्यानाकर्षण गरायो । शल्य चिकित्सकले पुनः गर्भमा राख्ने क्रममा बालक शमूएलले गर्भाशयबाट हात निकालेर उनको औंला समात्यो । फोटो पत्रकार माइकल क्लेन्सीले यस्तो अचम्मको कार्यलाई फिल्ममा कैद गरे ।[७] क्लेन्सीले यस्तो प्रतिवेदन दिए:

अचानक खुला रहेको ठाउँबाट पूरै पाखुरा बाहिर आयो अनि यसलाई एउटा सानो हात नदेखिएसम्म भित्र धकेलियो । डाक्टरले उठाएको हातलाई भित्र पठाउन खोज्दै गर्दा उक्त हात सल्बलायो र डाक्टरको औंला समात्यो । सानो बच्चालाई निर्बल सम्झेकोमा डाक्टरको बल जाँचेको जस्तो यो थियो । मैले तस्वीर खिचें ! वाह ![८]

शमूएल आर्मसलाई उसको आमाको गर्भमा राखियो र चिरिएको ठाउँ सिलाइयो अनि करिब चार महिनापछि उसको जन्म भयो । शमूएलले शल्य चिकित्सकको हात समातेको देखेर क्लेन्सीलाई कस्तो प्रभाव पऱ्यो ? "त्यति नै बेला गर्भपतनको पक्षमा रहेका क्लेन्सी जीवनको पक्षमा भए । जसरी उनले व्यक्त गरे, 'शल्यचिकित्सा भएको दुई घण्टा पछिसम्म म अवाक भएँ ... मैले अहिले थाहा पाएँ कि गर्भपतन गलत रहेछ - यो साँच्चै नै गलत हो' ।"[९]

कसैले यो कुरा गम्भीरताका साथ विश्वास गर्छ कि पीडाको अनुभूति गरिरहेको बिमारीको औंला उसको आमाको अङ्गको सानो हिस्सा मात्रै हो ? के कसैले यो कुरा जानीबुझी यो बहस गर्छ कि उसको आमाभित्र राखिएको उक्त बालकलाई जन्मिनुभन्दा अघिको अवधि गर्भपतन गरी मार्नुचाहिँ कानुनसम्मत हुनुपर्छ ?

## हामी सबैलाई राम्ररी थाहा छ ।

साउथ क्यारोलिनाको मेडिकल युनिवर्सिटीमा कुनै गर्भवती महिलाको

पिसाबको जाँच गर्दा कोकिनको मात्रा भेटियो भने सानो बच्चालाई कोकिन सेवन गराएको अभियोगमा ती महिला गिरफ्तार हुन सक्छिन् । त्यसैगरी इलिनोइसमा पनि एउटा गर्भवती महिलाले प्रतिबन्धित औषधी सेवन गरेर “सानो बच्चालाई प्रतिबन्धित कुरा उपलब्ध गराएकोमा” उनी दण्डित हुन सक्छिन् । गर्भवती भएको बेलामा यस्ता औषधी लिने कुरालाई गम्भीर अपराधको रूपमा मानिनुले यो पहिचान दिन्छ कि नजन्मिएको बच्चा अधिकारसहितको एक व्यक्ति हो र उसले आफ्नी आमा लगायत अरूबाट पनि सुरक्षा पाउनुपर्छ ।

कस्तो व्यंग्यात्मक स्थिति, एउटी महिला, जो आफ्नो बच्चालाई खतरामा पारेको कारण जेलमा पर्छिन्, त्यही स्थितिमा तिनै महिला उही बच्चालाई गर्भपतन गराउन डाक्टरलाई बोलाउन सक्छिन् । हाल अमेरिकामा नजन्मिएको बच्चालाई चोट पुऱ्याउनु गैह्रकानुनी हो तर उसलाई मार्नुचाहिँ कानुनी हो ।

ओरेगनमा स्थापना भएका मदिराजन्य कारोबार गर्ने ठाउँमा यो सङ्केत राख्नैपर्छ:




मैले पहिलो पटक एउटा रेस्टुरेन्टमा देखेको यो सङ्केत कहिल्यै बिर्सन सक्दिनँ । म अवाक् भएँ । वर्षौंसम्म ओरेगनमा एकदमै अलोकप्रिय रहेको विचारधारा अर्थात् नजन्मिएका बच्चा वास्तवमा बालबालिकाहरू हुन् अनि हामीले तिनीहरूको सुरक्षा गर्नुपर्छ भन्ने कुरामा म अडिग रहेको थिएँ । तर यो सङ्केतमा आमाको गर्भभित्र रहेको एक वास्तविक बच्चाको चित्र राखिएको छ र उक्त बच्चालाई क्षति नपुऱ्याउन

महिलालाई चेतावनी दिइएको छ ।

तर मदिरा सेवनले उनको बच्चालाई हानि पुग्छ भने गर्भपतन गराउँदा उक्त बच्चालाई के हुन्छ त ?

## जेलमा सुरक्षित

सन् २००० मा अमेरिकी प्रतिनिधिसभाले यो कुरा पारित गऱ्यो कि गर्भवती महिलाले बच्चा नजन्माउन्जेल उनले पाउने सजायलाई रोकिनेछ ।

सुन्यका (०) विरुद्ध चार सय सत्र (४१७) मतले यो विधेयक पारित भयो कि सैनिक समेत कुनै पनि राज्य वा संघीय प्रशासनले "पाठेघरमा बच्चा रहेकी महिलालाई मृत्युदण्डको सजाय दिन पाउनेछैन ... 'पाठेघरमा बच्चा रहेको' भन्नुको अर्थ विकसित हुने जुनसुकै तहमा गर्भमा रहेको उस्तै खाले प्राणी भनेर चिनिनेछ ।"[१०]

त्यतिबेला भएको मतदानको उल्लेखीय कुराचाहिँ कङ्ग्रेसमा समेत कसैले पनि यसको विरोध गरेन । सबैजना र तिनीहरू पनि जसले आफैंलाई "गर्भपतनको पक्षधर" मान्छन्, तिनीहरू समेतलाई बिनाशंका यो कुरा थाहा थियो कि नजन्मिएका बच्चाहरू आमाको शरीरको कुनै हिस्सा होइनन् । तिनीहरूले यो कुरा थाहा भयो कि नजन्मिएको बच्चामा उसकी आमाको भन्दा भिन्नै स्वतन्त्र अधिकार निहीत हुन्छ अनि उसकी आमाले जेसुकै गरेको भए पनि उसलाई कानुनी सुरक्षाको प्रत्याभूति चाहिन्छ ।

आमाको घाँटी, मुटु वा मृगौलामा समस्या आएको कारणले उसको मृत्युदण्डलाई टाल्ने काम हुँदैन । प्रशासनले आमाको शरीरको कुनै हिस्साको निम्ति सजाय रोकिँदैन तर निर्दोष मानवीय प्राणी, जसको आफ्नै शरीर छ र उक्त महिलाको शरीरभित्र छ, उसको निम्ति मात्र सजाय रोकिएको हुन्छ ।

यसर्थ के हरेक दिन गर्भपतनद्वारा मारिने तीन हजारभन्दा बढी

मानवीय प्राणीहरू अमेरिकाको कङ्ग्रेसले सुरक्षित राख्न हस्तक्षेप गरेका बच्चाहरूजस्तो सुरक्षा प्राप्त गर्न योग्यका छैनन् ?

के तपाईंले यहाँ रहेको भिन्नता देख्नुहुन्छ ? अमेरिकामा कानुनी रूपमा ती बच्चाहरूलाई मात्र सुरक्षा प्रदान गर्न सकिन्छ, जसकी आमा मृत्युदण्ड पाउने पङ्क्तिमा हुन्छे !

अमेरिकाका धेरैजसो राज्यहरूले भ्रूण हत्यासम्बन्धी कानुन पारित गरेका छन्, जसमा यो कुरा घोषणा गरिएको छ कि जानीबुझी कुनै आमाले उसको नजन्मिएको बच्चाको हत्या गरेमा ऊ सजायको भागिदार हुन्छ । यी कानुनहरूले प्रष्ट प्रकारले यो कुरा पक्का गर्छन् कि बच्चा एक मानवीय प्राणी हो । २००४ मा कङ्ग्रेसले "हिंसात्मक कार्यबाट पीडित नजन्मिएकाहरूको निम्ति ऐन," पारित गर्‍यो, जसले बताउँछ कि कसैले "जानीबुझी नजन्मिएको बच्चालाई मार्छ वा त्यसमा सहभागी हुन्छ ... जानीबुझी कुनै मानवीय प्राणीको हत्या गरेको वा उक्त कार्यमा सहभागी भएको ठानिन्छ ... ऊ दण्डको योग्य हुन्छ ।"[११]

दोहोरो मापदण्डको यो असुहाउँदो व्यवहारलाई विचार गर्नुहोस् । कुनै एक महिला गर्भपतन गराउन जाँदैगर्दा बाटोमा कसैले उसको गर्भभित्र रहेको बच्चालाई मार्‍यो भने हत्याको अभियोगमा उसले मृत्युदण्डको सजाय पाउँछ । तर यसरी हत्या भएन र त्यसको एक घण्टापछि उही बच्चालाई मार्नको निम्ति (अझ भयानक प्रकारले मार्न) कानुनी प्रक्रिया पूरा गर्न डाक्टरलाई पैसा दिइन्छ ।

उक्त बच्चालाई कसले मार्छ भन्ने कुराले फरक पार्छ र ? गैह्रकानुनी सम्मत मारिनुभन्दा बढ्ता कानुनसम्मत मारिनुमा उसले के राहत पाउँछ र ?

## लुइस ब्राउनबाट सिकिएको एउटा पाठ

केही कुराको भित्र रहेको कुराचाहिँ त्यसकै अर्को भाग होइन । (ग्यारेजमा पार्किङ गरिएकै आधारमा एउटा कार ग्यारेजको एक हिस्सा

हुँदैन ।) पहिलो "टेष्ट-ट्यूब बालक" लुइस ब्राउन सन् १९७८ मा गर्भधारण भएकी थिइन्, जब उनकी आमाको डिम्ब र उनको पिताको शुक्रकीट एउटा पेट्री डिस्क (एक विशेष खाले भाँडो) मा मिलेका थिए । उनकी आमाको गर्भमा उनलाई राखिनुअघि के उनी आफ्नी आमाको शरीरको कुनै हिस्सा थिइन् ? होइन । नता उनी पेट्री डिस्कको एक हिस्सा थिइन्, जब उनी त्यहाँ राखिएकी थिइन् !

मानव जातिलाई तिनीहरूको बासस्थानको कारण भेदभाव गरिनु हुँदैन । गर्भाशय र जन्म दिने कोठाको बीचमा रहेको बीस इन्चको दुरीले बच्चाको स्वभाव जादुयी हिसाबले परिवर्तन हुँदैन ।

## अध्याय ६

# तस्वीरहरूले हामीलाई के बताउँछन्

पहिला-पहिला नजन्मेका (गर्भमा रहेका) बच्चाहरूको सबैभन्दा ठूलो बेफाइदा यही थियो कि आमाको गर्भमा हेर्ने त्यहाँ कुनै झ्याल थिएन । उसको जीवनको फैसला उसलाई देख्न नसक्नेको हातमा हुन्थ्यो । तर हालैका वर्षहरूमा यो कुरा द्रूतगतिमा परिवर्तन भएको छ ।

सन् २००२ र २००३ मा टाइम म्यागेजिन र न्यूजविकले नजन्मिएका (गर्भमा रहेका) बच्चाहरूको अल्ट्रासाउण्डको अचम्मित पार्ने तस्वीरहरूलाई मुख्य समाचार बनाएर छाप्यो ।[1] न्यूजविकले आफ्नो मुख्य पृष्ठमा यो प्रश्न राख्यो, "के भ्रूणको अधिकार हुन्छ ? कसरी विज्ञानले यो बहसलाई परिवर्तन गरिरहेको छ ।" एक दशकपछि न्यूजविकले यो समाचार छाप्यो कि यो प्रश्न अझै पनि तातै बहसको विषय रहेको छ ।[2]

तर हेर्न चाहने जो कोहीको निम्ति पनि, सबै विवादहरू नजन्मिएको बालकको मुहारअघि फिक्का हुन्छ ।

## अल्ट्रासाउण्डको शक्ति

रेबेका नानक्यारोले प्लान्ड प्यारेन्टहुडमा असी डलरमा अल्ट्रासाउण्ड गराइन् तर उनलाई हेर्न दिइएन किनभने उनलाई यसो भनिएको थियो, "यसले तपाईंलाई गाह्रो मात्रै पार्छ ।" प्रेगिनेन्सी रिसोर्स सेन्टरमा सित्तैमा उनको अल्ट्रासाउण्ड भयो अनि हेर्नलाई पनि दिइयो । उनले भनिन्, "अल्ट्रासाउण्डको तस्वीर नहेरेको भए मैले गर्भपतन गराइसक्थें । तर उक्त तस्वीरले मलाई यो कुरा पक्का गरायो कि मभित्रै कुनै तन्तु वा मासुको डल्लो छैन तर एउटा जीवन छ ।"[3]

एमर्जिङ ब्रेभ वर्ल्डका लेखक तथा वकिल थोमस ग्लेसनरका

अनुसार[४] "अल्ट्रासाउण्डको प्रविधि आउनुअघि 'गर्भपतनको मनसायका साथ' गर्भवती सहायता केन्द्रमा आएका २० देखि ३० प्रतिशत महिलाहरूले आफू गर्भवती नै रहिरहने निर्णय गर्थे । गर्भवती सहायता केन्द्रले अल्ट्रासाउण्ड मेसिनको प्रयोग गर्न थालेपछि यो ८० देखि ९० प्रतिशतमा उकालो लाग्यो ।"[५] हालैका सर्वेक्षणहरूले यो देखाएको छ कि अल्ट्रासाउण्डमा आफ्नो बच्चाको तस्वीर देखेपछि ६० देखि ९८ प्रतिशत महिलाहरू गर्भवती नै रहने निर्णय गर्छन् ।[६]

एकजना नर्स, अउड्रे स्टाउटले उनले संचालन गरेको एउटा अल्ट्रासाउण्डको बारेमा मलाई भनिन् । एउटा खास समयमा गर्भको बच्चाले "उसको मुख खोल्ने र बन्द गर्ने गऱ्यो, हिक्क-हिक्क पनि गऱ्यो, कुर्सीमा बसेको जस्तै पछाडि सऱ्यो र खुट्टा तन्कायो । आफ्नी आमाले औंलाहरू गनून् भनेजस्तो गरी उसले आफ्नो हात पनि माथि उठायो । आमाचाहिँ यो दृश्यले साह्रै भावुक भइन् ।"

यसरी हेर्ने कार्य सम्पन्न भइसकेपछि अउड्रेले उक्त आमालाई अब उनको योजना के छ भनेर सोधिन् । "उनले उत्तर दिइन्, 'म मेरो बच्चालाई जन्म दिनेछु, मलाई बच्चा चाहिन्छ' ।" अल्ट्रासाउण्ड स्क्यानले कुनै फरक पाऱ्यो कि भनेर अउड्रेले सोधिन्; उनले भनिन्, "एकदमै ठूलो फरक पाऱ्यो । गर्भवती भएको भए गर्भपतन गर्ने विचारले म यहाँ गर्भवती छु कि छैन भनेर जाँच्न आएकी थिएँ' ।"[७]

अहिले अल्ट्रासाउण्डको प्रयोगले यस्ता हजारौं कथाहरू गर्भवती सहायता केन्द्रबाट आइरहेका छन् । इन्टरनेट साइटहरूमा यस्तो मन छुने तस्वीरहरू देख्न सकिन्छ; जहाँ गर्भमा रहेका बच्चाहरू प्रष्ट रूपमा मुस्कुराएको, चलेको, जिउ तन्काएको र सुतेको दृश्य देख्न सकिन्छ ।

## कुनै छल होइन, सत्यता मात्र

केही मिनेट छुट्याएर केही थ्री डी अल्ट्रासाउण्डका तस्वीरहरू हेर्नुहोस् भनी म आग्रह गर्छु, www.prenatalpeek.

com/3dultrasoundphotos यो कुनै जीवनको पक्षधर वेबसाइट होइन, यो आफ्नो नजन्मेका बालकहरूको तस्वीरहरू चाहने ग्राहकहरूको लागि काम गर्ने सामान्य व्यावसायिक साइट हो । तथापि यी तस्वीरहरूमा हाम्रो विचारधारालाई परिवर्तन गर्ने शक्ति छ र यी तस्वीरहरूले गर्भपतनको पक्षमा रहेको बहसलाई रोक्छ ! (गर्भमा रहेको बालकको विकासक्रमको भिडियोहरू हेर्न, www.ehd.org हेर्नुहोस् ।)

आठ हप्ताको नजन्मिएको बच्चाको गर्भाशयमा रहेका फोटोहरू गर्भपतनको पक्षधर एक कलेज पढ्ने प्रतिभाशाली छात्रालाई देखाउँदा उनले भनेको कुरा म कहिल्यै बिर्सन सक्दिनँ । उनले मलाई रिसाएर हेर्दै सोधिन्, "के तपाईंलाई लाग्छ, फोटो तोडमोड गरी छल गरेर देखाएर कसैलाई मूर्ख बनाउन सक्नुहुनेछ ?"

यो थ्रीडी अल्ट्रासाउण्ड आउनुभन्दा अघिको कुरा थियो तर मैले उनलाई भनें, हावर्ड विश्वविद्यालयको मेडिकल स्कुल पाठ्यपुस्तकमा लाइफ म्यागेजिनमा वा निल्सन्स अ चाइल्ड इज बर्नमा[१] गएर हेर्नुभयो भने ठ्याक्कै यही तस्वीर भेट्नुहुनेछ । उनले यो सुन्न चाहिनन् । कारण प्रष्ट थियो । उनले वास्तवमा यसो भनिरहेकी थिइन्, "त्यो अवस्य पनि बच्चा नै हो र गर्भपतनले बच्चा मार्छ भन्ने कुरा म विश्वास गर्न चाहन्न, यसैले त्यो तस्वीर वास्तविक हो भन्ने कुरालाई म इन्कार गर्छु ।"

थ्रीडी र फोरडीको जमाना आए पनि यो इन्कार कायमै छ । जब मैले अल्ट्रासाउण्डका केही तस्वीरहरू मेरो ब्लग र फेसबुकमा अपलोड गर्छु, कसैकसैले यो "फोटोसपद्वारा बनाएको" हो भनी शंका गर्छन् । किन ? किनकि तिनीहरू जस्तो देखिनुपर्ने हो, तस्वीरमा ठ्याक्कै त्यस्तै देखिन्छन् अर्थात् बच्चाहरू जस्तो हुनुपर्ने हो, त्यस्तै देखिन्छन् !

मार्च, २०११ मा अमेरिकी गर्भपतनकी पक्षधर केली कोपल्याण्ड, NARAL (नेशनल एभर्सन राइट्स एक्सन लिग) को प्रतिनिधित्व गर्दै ओहियो कानुन निर्माताहरूको सामु उपस्थित भइन् । अल्ट्रासाउण्ड

तस्वीरहरू प्रस्तुत गरेका जीवनका पक्षधरहरूको सरोकारमा उनले भनिन्, “मलाई लाग्छ, यो एउटा स्टन्ट हो ।” उनले गर्भलाई एउटा “सर्कस” मानेर नजन्मेको बच्चाको वास्तविक फिल्म हेरिरहेको जस्तो सम्भिmन्, उनको मुद्दामा सुनुवाइ गर्ने समितिलाई बहकाउनलाई उनले राजनैतिक हत्कण्डा अपनाएकी थिइन् ।”[१०]

गर्भपतनका पक्षधरहरूले प्रायः जीवनका पक्षधरहरूलाई खिज्याउँछन् । तर कसले इन्कार गर्दै वास्तविकतालाई इन्कार गरिरहन्छ ? के अल्ट्रासाउण्डका तस्वीरहरूले झुटो बोलेका हुन् ? अथवा मानिसहरूले हामीलाई यो विश्वास दिलाउनलाई झुटो बोल्छन् कि विरोधीहरूले भनेको जस्तो वैज्ञानिक प्रमाणहरूले यसो भन्दैनन् - गर्भमा रहेका बच्चाहरू हुन् र गर्भपतले बच्चाहरूलाई मार्छ ।

## बाँकीले के जनाउँछ

द गिफ्ट अफ च्वाइस नामक फिल्मले नजन्मिएको बच्चा “भविष्यको एउटा सम्भावित व्यक्ति हो” भन्ने दाबी गर्छ । तर जसले यो कुरा हेर्न चाहन्छ, उसले गर्भपतनपछि के रहन्छ भन्ने थाहा पाउँछः सानो तर राम्ररी बनिएको शरीरको हिस्साहरू - पाखुराहरू र खुट्टाहरू, हातहरू र पैतालाहरू, शरीरको मुख्य हिस्सा र टाउको । त्यहाँ रहेका शरीरका अङ्गहरूले यो जनाउँछ कि त्यो सम्भाव्य जीवनको अन्त होइन तर वास्तविक जीवनको अन्त हो । तपाईं यो कुरा विश्वास गर्नुहुन्न भने गर्भपतन गराइएको बच्चाका अङ्गहरू हेरेर जाँच गर्नुहोस् ।[११]

अनलाइनमा गएर हेर्नुहोस् र गोप्य रूपमा क्लिनिकका कर्मचारीहरूसित लिएको अन्तर्वार्ता हेर्नुहोस्, जहाँ तिनीहरूले गर्भपतनमा एउटा “बच्चा” मारिएको कुरा स्वीकार गर्छन् ।[१२] तपाईंले त्यो हेर्न सक्नुहुन्न भने आफैंलाई सोध्नुहोस् किन मैले हेर्न नसकेको । त्यो टुक्रा-टुक्रा पारिएको बच्चा नभएर एउटा तन्तु वा मासुको टुक्रा मात्रै हुन्थ्यो भने यो हेर्न गाह्रो पर्दैनथ्यो, गाह्रो पर्थ्यो र ?

गर्भपतन गराउने म्यानुअलमा डा. वारेनले भनेका छन्, "भ्रूणको शरीरलाई निस्क्रिय बनाउन र अङ्गहरू टुक्रा पार्न एउटा लामो बाङ्गो कैंचीको आवश्यकता पर्न सक्छ ।"[१३] निस्कृय पार्नको लागि शरीरमा टाउको हुनुपर्छ र अङ्गहरू टुक्राउन शरीरका भागहरू हुनुपर्छ । मासुको डल्ला वा तन्तुहरूलाई निस्क्रिय पारिंदैन र अङ्गहरू छुट्याइँदैन । मानवीय प्राणीलाई मात्र निस्क्रिय पारिएको हुन्छ र अङ्गहरू छुट्याइएको हुन्छ ।

मानिसहरूले बेलुकीको समयमा मारकाट भएको तथा डरलाग्दो खालको फिल्म तथा टिभी कार्यक्रम हेर्छन्, तिनीहरू गर्भपतनका तस्वीरहरू हेर्दा किन विचलित हुन्छन् । गर्भपतनकी पक्षधर महिलावादी तथा लेखिका नाओमी उल्फले गर्भपतन भएका बच्चाहरूको तस्वीरको बारेमा यसरी बताउँछिन्:

धेरै गर्भपतनका पक्षधरहरू, तस्वीरहरू बहकाउने हत्कण्डा हो । हामीमा चेतना छ, यसर्थ हामीहरू खुला होऔं, तस्वीरको भयानकता जीवनका पक्षधरहरूको निम्ति हो ... यसले काल्पनिक हिंसाको प्रतिनिधित्व गर्छ, यसले हाम्रो संसारलाई भयावह र नियन्त्रित स्थानमा पुऱ्याउने सम्भावना रहन्छ । "हामीजस्ता मानिसहरूले" यस्ता सामाग्रीहरूलाई जीवन पक्षधरहरूको अभियानको अश्लील तस्वीरको रूपमा लिन्छौं । तर महिलावादी सोच जे सत्य छ, त्यसमा मात्र नीहित हुन्छ ... भ्रूणको हिंसात्मक मृत्युका तस्वीरहरू जीवनका पक्षधरहरूले प्रयोग गर्ने राजनैतिक प्रोपोगाण्डा मात्र हो, तस्वीर आफैंमा प्रोपोगाण्डा होइनः तिनीहरू जैविक तथ्यहरू हुन् । हामीलाई यो कुरा थाहा छ ।"[१४]

## आफ्नै लागि हेर्नु

यसो गर्न मलाई मन पर्दैन तर मैले आफैंलाई जोड दिएर ती तस्वीरहरू फेरि हेर्छु, गर्भपतनले बालबालिकाहरू मार्छ भन्ने कुरा यसले मलाई याद दिलाउँछ ।

अल्ट्रासाउण्ड तस्वीरहरू तथा भिडियोहरू साथै गर्भपतनका भिडियोहरू हेरेर किन तपाईंले आफ्नो मस्तिस्कमा उठेका सवालहरूलाई समाधान नगर्ने ? तत्कालका लागि http://bit.ly/bHAcWR हेर्नुहोस् ।

एउटा अनलाइन भिडियोले सुरुको सात हप्ताको गर्भपतनको प्रत्यक्ष प्रसारण गर्छ । यो एकदमै झड्का लाग्ने, चक्कर लाग्ने र रिस उठाउने खालको छ । तर यो वास्तविक हो । यसले महिलाहरूको जनेन्द्रियलाई नजिकबाट देखाउने हुनाले कतिपयले यसलाई अश्लील भिडियोको रूपमा लिन सक्छन्; तर यसलाई अश्लील भन्न रुचाउँदिनँ । तथापि यसमा धेरै प्रष्ट छ, मलाई लाग्छ कि हरेक महिलाले यो काँटछाँट नगरिएको दृश्य, सुरुका गर्भपतनमा समेत के हुन्छ भन्ने बारेमा देखाएको दृश्य गम्भीरताका साथ हेर्नुपर्छ ।[१५]

म सबै पुरुष तथा महिला पाठकहरूलाई गर्भपतनको विपक्षमा रहेका युवाहरूद्वारा सृजना गरिएको वेबसाइट www.abort73.com मा गएर अपलोड गरिएका भिडियोहरू हेर्न आग्रह गर्छु ।

गर्भपतनको दुई तथा पाँच मिनेटको भिडियोमा कुनै काँटछाँट गरिएको छैन, यो कुनै प्रचारप्रसार सामाग्री पनि होइन तर गर्भपतनपछि बाँकी रहने अवशेषका तस्वीरहरू यसमा छ ।

तपाईंले यी भिडियो प्रमाणहरू हेर्न सक्नुहुन्न भने पाँच मिनेटको सामान्य अवलोकन गर्ने भिडियो हेर्नुहोस्, जसमा चित्रहरूलाई अलि धमिलो बनाइएको छ ।

तपाईं गर्भपतनको पक्षधर हुनुहुन्छ र एक इमानदार व्यक्ति हुनुहुन्छ भने गर्भपतनका तस्वीरहरू तथा भिडियोहरू हेर्न सक्नुहुन्छ । त्यसपछि मात्र तपाईंले आफ्नै आँखाले देखेको कुराको पक्षमा वकालत गर्न सक्नुहुन्छ ।

## सेन्सर गरिएको प्रमाण

म एउटा टेलिभिजन कार्यक्रममा गएको थिएँ, जहाँ गर्भपतनका पक्षधर र जीवनका पक्षधरहरू गर्भपतनको सम्बन्धमा छलफल गरिरहेका थिए। केही मिनेटको कुराकानीपछि एकजना जीवनको पक्षधरले एक गर्भपतन गराइएको बच्चाको तस्वीर देखाएर आफ्नो पक्षलाई प्रष्ट पार्ने प्रयास गरे । उनले यसो गर्नेबित्तिकै मानिसहरू कराउँदै आफ्नो हात हल्लाउन लागे, मेरो छेउमा बसेका गर्भपतनको पक्षधरले कराउँदै भने, "त्यो कसैलाई नदेखाउनू !"

क्यामेरा तुरुन्तै हटाइयो, स्टुडियोमा सन्नाटा र अन्यौलता छायो । त्यो फोटो देखाउने व्यक्तिलाई गर्भपतन गराइएको बालकको त्यो फोटो देखाउने अनुमति थिएन ।

उक्त घटना त्यति गम्भीर भएन तर त्यहाँ मजाक भने भयो । वास्तविक विषयवस्तुमा छलफल गर्दा देखाइएको फोटोलाई अर्को कुन बहसहरूमा सीमारेखा पार गरेको भनिएको छ र ?

उक्त बच्चाको तस्वीरभन्दा आमनरसंहारको तस्वीर भयानक हुन्छ, जुन विभिन्न डकुमेन्ट्रीहरूमा देखाएको हुन्छ । अनि त्यो तस्वीर आधिकारिक थियो । त्यसले गर्भपतन के हो र गर्भपतनपछि नजन्मिएको बच्चाको के अवशेष रहन्छ भन्ने सम्बन्धमा देखाएको थियो ।

एक कलेजका प्रोफेसरले मलाई फोन गरे, जसलाई जीवनको पक्षमा बोल्नको निम्ति बोलाइएको थियो अनि गर्भपतनको पक्षधर साथी पनि उहाँको साथमा बोलाइएका थिए । त्यहाँ भनिएको नियम यो थियो, "कुनै पनि पक्षले तस्वीरहरू देखाउन पाउनेछैन ।"

मलाई फोन गर्ने कलेजका प्रोफेसरलाई यो कुरा न्यायो चित लाग्यो, उनले अहिलेसम्म कुनै सार्वजनिक ठाउँमा यो विषयमा बोलेका थिएनन्, उनले भने, "जे भए पनि दुवै पक्षलाई एउटै नियम छ ।"

मेरो प्रश्न थियो, "गर्भपतनका पक्षधरहरूले देखाउन भनेर कसैले

कुनचाहिँ तस्वीर लिन्छ होला ?"

आमनरसंहार (Holocaust) वास्तवमै भएको थियो कि थिएन भन्ने सम्बन्धमा हुने बहसको कल्पना गर्नुहोस् । निष्पक्षताको सम्बन्धमा कुरा गर्ने हो भने आमनरसंहार भएको कुरालाई मान्नेहरू र नमान्नेहरू दुवैलाई एउटै नियम दिइयो: "कसैले पनि तस्वीरहरू देखाउन पाउनेछैन ।" यसको नतिजा के हुन्छ ? एउटा पक्षचाहिँ उसित भएको खास प्रमाण देखाउनबाट वन्चित हुन्छ भने अर्को पक्ष बहसमा भएको कमजोरीलाई उजागर गर्ने तस्वीरहरूले देखाएको कुरामा बयान गर्नदेखि जोगिन्छ ।

विपक्षीहरूमा देखिएको कुरा नै यही हो कि गर्भपतनको सम्बन्धमा बहस गर्नेले यो यो कुरा जानेको हुन्छ कि गर्भपतन गराइएका बच्चाको तस्वीर देखाउन पाइँदैन भनी पहिल्यै बताइएको हुन्छ । (नजन्मिएको बच्चाको गर्भभित्र रहेका तस्वीर देखाउन पाइँदैन भनी मलाई पनि बताइँदैआइएको छ ।) मानिसहरू तथ्यपूर्ण सूचनाले प्रभावित हुँदैनन्, त्यसले उनीहरूको निर्णयलाई मात्र प्रभाव पार्छ !

मैले सकेसम्म राम्रो प्रकारले यो कुरा भन्नुपऱ्यो, "ए, तपाईं गर्भपतनको पक्षधर हुनुहुन्छ, तर गर्भपतनको विपक्षमा प्रमाण प्रस्तुत गर्न दिने कुराको तपाईं विरोध गर्नुहुन्छ ?"

## सत्य आफैं बोलोस्

जीवनका पक्षधरहरूले यसको विपक्ष रहेकाहरूलाई आफ्नो पक्षलाई बलियो बनाउन तिनीहरूसित भएका सबैभन्दा उत्तम प्रमाणहरू प्रस्तुत गर्न आमन्त्रित गर्छन् । हामीलाई पनि त्यसै गर्न दिइयोस् भनी हामी पनि आग्रह गर्छौं । जब एक पक्षले सबै महत्त्वपूर्ण प्रमाणहरू प्रस्तुत गर्न अनुमति दिन्छ र अर्को पक्षले चाहिँ प्रस्तुत गर्न दिँदैन भने तिनीहरूको पक्षमा रहेको कमजोरीको बारेमा यसले के बताउँछ ?सबै प्रमाणहरू एउटा टेबलमा राखेर मानिसहरू आफैंलाई निर्णय गर्न किन नदिने ?

"भ्रूण" एउटा तन्तु वा मासुको डल्लो मात्र हो भने ठीकै छ, त्यो मानिसहरूलाई देखाऔं । तिनीहरूलाई एउटा पाको मानिसहरूजस्तो व्यवहार गरौं र तिनीहरूले के विश्वास गर्छन्, सो छनौट गर्न दिऔं । गर्भपतनको पक्षधरको दृष्टिकोणबाट हेर्दा त्यो एउटा बच्चा होइन भने गर्भपतन गराइएको तस्वीर देखाउँदा कसलाई चोट पुऱ्याउँछ र ?

## के सत्यले सत्यकै पक्षमा बोल्दैन र ?

गर्भपतन पक्षधर सफल भएको आधारचाहिँ गर्भपतनले बच्चालाई मार्दैन भनी आम सर्वसाधारणको मान्यताको कारण हो । तस्वीरहरूले यो अस्वीकारलाई कडा चुनौति दिन्छ अनि यसको बहसलाई चिहानको बहस बनाउने खतरा हुन्छ । किन ? किनकि यी तस्वीरहरूले सबै कुरालाई राम्रोसित जाँच्न सहायता गर्छ र गर्भपतन पक्षको मत तासको घरझैं भत्किन्छ ।

कल्पना गर्नुहोस्, व्हेलका शिकारीहरू र जनावर संरक्षणवादीहरूको आपसी बहस कार्यक्रम आयोजना गरियो अनि शिकार गरिएका व्हेल र शिलहरूको तस्वीर देखाउन पाइनेछैन भनियो भने के हुन्छ ?

मानिलिनुहोस्, धुम्रपानको प्रभावहरूको बारेमा मैले एउटा बहस कार्यक्रम राखें अनि पछि कुनै दृश्य सामाग्रीहरू प्रयोग गर्न पाइनेछैन भनी नियम बनाएँ। के तपाईंले मेरो इमानदारिता र स्वच्छताको बारेमा प्रश्न उठाउनुहुनेछैन ? (अनि सायद म वास्तविक बहस चाहिरहेको छैनँ र सुर्ती कम्पनीहरूको निम्ति काम गर्दैछु भन्ने शंका उत्पन्न गर्दैन र ?)

रनभुल्लमा पार्ने वास्तविकता यो हो कि प्रमाणलाई इन्कार गर्ने र वास्तविकता मानिसहरूलाई हेर्न नदिने कुराचाहिँ गर्भपतनको सम्बन्धमा गरिने सार्वजनिक बहसको एउटा हिस्सा बनेको छ (अर्थात् यो बहसलाई बहसको विषय नै होइनजस्तो बनाइएको छ ।) दशकौं अघिसम्म यो दृष्टिकोणमा भएको अन्यौलमा पार्ने कुरा चिकित्सा क्षेत्रमा

फैलिएको थियो । प्रसुति तथा गर्भसम्बन्धी राष्ट्रिय प्रकाशनले दिएको सल्लाहलाई विचार गरौं:

सोनोग्राफी (भिडियो) ले गर्भपतनसम्बन्धी कार्यमा मानसिक भयावता निम्त्याउन सक्छ । डा. डर्फम्यानले जनाइन्, गर्भपतन गराउन लागेकी आमाले आफ्नो गर्भमा रहेको भ्रूणका अङ्गहरूको हलचल देख्दा तनाव हुन सक्छ । उनले जोड दिँदै भनिन् कि भिडियो देखाउने स्क्रीन बिरामीको दृष्टिबाट हटाइदिनुपर्छ ।[१६]

महिला रोग तथा प्रसुतिसम्बन्धी पत्रिकाका एक चिकित्सकले यो कुरा उठाए कि डाक्टरको काम यो हो: महिलालाई ऊभित्र एउटा बच्चा छ भन्ने सत्यता जान्न नदिनु !

## अनभिज्ञ रहने अधिकार

जब जीवनको पक्षधर सहभागीले गर्भपतन गराइएका बच्चाहरूको दृश्य सामाग्रीहरू टेलिभिजनमा प्रस्तुत गर्छन्, तब मानिसहरू होहल्ला गर्छन् ।[१७] सीबीएसको बेलुकीको समाचारमा समाचारबाहकले गर्भपतनसम्बन्धी बहस "एउटा नयाँ अरुचिको विषय बनेको छ" भन्ने मैले सुनें । अचम्मलाग्दो कुरा, बच्चाहरू मारिएको कुरामा मानिसहरूले कुनै आपत्ति जनाउँदैनन् तर ... बच्चाहरू मारिएका छन् भन्ने कुरा बताउँदा भने मानिसहरू आपत्ति जनाउँछन् ।

हामीले यो प्रश्न गर्नुहुँदैन कि "किन जीवनको पक्षधर मानिसहरूले यी तस्वीरहरू देखाउँछन् ?" (स्वाभाविक प्रतिक्रियाचाहिँ सत्य भएकोले) । हामीले सोध्नुपर्ने प्रश्न यो हो कि "तस्वीरहरूमा देखाइएका कुराको निम्ति किन कसैले आफ्नो पक्षमा कुरा राख्छ ?"

नजन्मिएका बच्चाहरूका तस्वीरहरू रगत्याम्मे भएको कारणले चासो राखिएको होइन । तिनीहरूले जीवनको पक्षमा भएको वास्तविकतालाई प्रमाणित गर्छ - गर्भपतनमा बच्चाहरू भयानक प्रकारले मर्छन् ।

गर्भपतन गराउनुअघि अनिवार्य रूपमा आमाले अल्ट्रासाउण्ड

भिडियो हेर्नुपर्छ भनी टेक्सासका न्यायाधीसले गरेको कानुनी फैसलाको सम्बन्धमा फेब्रुअरी २०१२ मा एउटा लोकप्रिय कार्यक्रम द भ्यूका कलाकारहरू जोएस बेहार र बारबरा वाल्टरले प्रतिक्रिया जनाए ।

जोए बेहारः मेरो विचारमा यो अधिनायकवादी सोच हो । मैले भन्न चाहेको कसैले पहिले नै निर्णय गरिसकेको र त्यसको बारेमा अब केही नगर्ने विचार गरेको कुरामा कुनै व्यक्तिलाई जबरजस्ती फेरि त्यही सम्बन्धमा विचार गर्न बाध्य पार्नु गलत हो ।

बारबरा वाल्टरः मलाई लाग्छ, अनिच्छित बच्चाको गर्भपतनको बारेमा फेरि पुनर्विचार गर्न लगाउनुचाहिँ एउटा गलत निर्णय हो, यसो गर्दा आफूले गर्न लागेको कुरामा डर र दोषी भावना आउँछ ।

त्यसपछि जब्बरजस्ती भ्रूणलाई हेर्न र उसको मुटुको धड्कन लगायत गतिविधि सुन्न बाध्य पार्नुचाहिँ तपाईंमा दोष थोपर्नु हो, मलाई लाग्छ यो दुःखदायी हो ।

यो कार्यलाई दिनको ज्योतिमा विचार गरौं । चिकित्सकीय प्रक्रियाको सत्यतथ्य विवरण एउटा महिलालाई जानकारी गराउनु "अधिनायकवाद" र "दुःखदायी" हो र ?

गर्भभित्रको तस्वीर तथा अल्ट्रासाउण्ड भिडियोहरू कुरूप हुँदैनन् तर सुन्दर र आकर्षक हुन्छन् । यसर्थ के गर्भपतनका पक्षधरहरूले यी तस्वीरहरूलाई स्वागत गर्छन् ? गर्दैनन् । गर्भपतन पक्षधरका अधिकारवादी संस्थाहरूले अल्ट्रासाउण्ड तस्वीरहरू जीवनका पक्षधरहरूको "हतियार" को रूपमा मान्छन् ।[१९]

गर्भपतनका पक्षधर समाजशास्त्री लाइन मोर्गनले यस्ता तस्वीरहरूलाई "भ्रूणले भरिएको अमेरिकी मस्तिस्क" को उपज भनी आरोप लगाएका छन् । पब्लिक ब्रोडकास्टिङ सर्विसेज (PBS) को एउटा बहस कार्यक्रममा जवाफ दिने एक व्यक्तिले यस्ता तस्वीरहरूले "बच्चाहरूले भरिएको अस्वस्थ विचार" को प्रतिबिम्बित गर्छ भने ।

यहाँ प्रयोग गरिएको शब्दलाई विचार गर्नुहोस्, “बच्चा” । अल्ट्रासाउण्ड प्रविधिहरूले उमेर र पुरानो भन्ने गर्भपतनका पक्षधरको “यो एक बच्चा होइन” भन्ने बहसलाई खण्डीकरण गरेको छ । मानिसहरू भन्छन्, “तिमीहरूले केको बारेमा कुराकानी गर्दैछौ ? बच्चाको बारेमा हो - रमाइलो मात्रै गरेको !”

## इन्कारमाथि जय पाउनु

यहूदीहरूको आमनरसंहार (होलोकोस्ट) यति खराब थियो कि यसलाई शब्दले मात्र बयान गर्न सकिन्न । नाजीहरूले बनाएको मृत्युको क्याम्पका विवरणहरू अमेरिकी खबरपत्रिकाहरूमा लामो समयदेखि प्रकाशन गरिंदैआइएको थियो तर जब यी पत्रिकाहरूले हत्या गरिएका मानिसहरूको तस्वीरहरू छाप्न थाले, तब अमेरिकी जनताहरू जागे । तस्वीरहरू देखाइँदैनथ्यो भने आजसम्म पनि हामीमध्ये धेरैले होलोकोस्ट बुझ्नेथिएनौं र त्यसलाई विश्वास गर्नेथिएनौं ।

म एउटा कलेजमा गएको थिएँ, जहाँ जीवनका पक्षधर विद्यार्थीहरूले गर्भपतन गराएका बच्चाहरूको तस्वीर, नाजीहरूको मृत्यु क्याम्पका पीडितहरू, हत्या गरिएका ठाउँहरू, अमेरिकी दासत्व र अरू ऐतिहासिक युद्ध अपराधहरूको तस्वीरहरूको साथमा देखाउन लागेका थिए । हेर्नेहरूले आफ्नै छनौटले हेरेको हो भन्ने कुरा प्रष्टसित लेखेर सङ्केत र चेतावनी दिइएको थियो । म यो कुराको गवाही दिन्छु कि त्यहाँ हेरिरहेका सबै विद्यार्थीहरू, शिक्षकहरू र विश्वास गर्न नचाहनेहरू समेत अवाक् भए ।

चिकित्सा नैतिकतावादी जर्ज कुनिङगम भन्छन्,

> अदृश्य अन्याय स्वीकार्य भयो तर दृश्यमय अन्याय अस्वीकार्य भयो ।[२०]

## आफ्नो घेराबाट बाहिर निक्लने बेला

जसलाई गर्भपतनले बच्चाहरू मार्छ भन्ने थाहा छ तर तिनीहरूले आफ्नो हृदय यति कठोर बनाएका छन् कि तिनीहरू तथ्य थाहा पाएर पनि सायद कहिल्यै परिवर्तन हुँदैनन् । तर मलाई विश्वास छ जो- अर्थात् करिब आधा अमेरिकीहरू - गर्भपतनको सम्बन्धमा घेरामा (सीमामा) छन्, उनीहरूले आफैंलाई यी तस्वीरहरू हेर्न लगाए भने उनीहरू आफ्नो घेराबाट बाहिर निस्कनेछन् ।

लाइन मोर्गनले बताइन् कि उनले पत्ता लगाएको कुराचाहिँ जीवनको पक्षधर कार्यकर्ताहरूले नजन्मेका बच्चाहरूको चिन्तित पार्ने तस्वीरहरू देखाउँछन् । उनी लेख्छिन्, "जीवशास्त्रको सृष्टि कथामा विश्वास गर्न र स्वीकार गर्न यी तस्वीरहरूले दर्शकहरूलाई बाध्य पार्छन्, जसमा एक गर्भवती महिलाको गर्भभित्र हुने घटनाहरूको सुक्ष्म अवलोकनहरूलाई धेरै महत्त्व दिइन्छ ।"[२१]

शल्यक्रियाद्वारा गरिने गर्भपतनमा कुनै पनि बच्चालाई सूक्ष्म अवलोकन गरिँदैन । मोर्गनजस्ता गर्भपतनका पक्षधरहरूले गर्भपतनद्वारा बच्चाहरूको मृत्यु भएको तस्वीरहरूप्रति आक्रोश व्यक्त गरेर आफ्नै डर तथा भयलाई धोखा दिइरहेका छन् । तिनीहरूले स्वीकार नगरे पनि गर्भपतन गराइएका तस्वीरहरू देखेर तिनीहरू रिसाउने कारणचाहिँ तिनीहरूले यो बुझेका छन् कि ती तस्वीरहरूले वास्तविक बालकहरू मारेको कुरा व्यक्त गर्छ । प्रतिरक्षा गर्नै नसक्ने कुरामा - अर्थात् बच्चाहरूको हत्या - प्रतिरक्षा गर्दा तिनीहरूको आक्रोश बाहिर निस्कन्छ । यो भोग्नुपर्ने भयानक भार हो अनि कसैको गल्ती देखाउने प्रयास गर्दै आक्रोश र रिस व्यक्त गरेर कुरा मोडिने कार्य हुँदैछ । (राम्रो उपायचाहिँ सत्यता स्वीकार गर्नु र आफ्नो पक्ष परिवर्तन गर्नु नै हो ।)

के होलोकोस्टको समाधान खराब तस्वीरहरूको रोकमा थियो र ? अथवा हत्याको सिलसिला रोक्नुमा थियो ?

मारिएका बच्चाहरूको तस्वीरहरू हेर्न नसकिने भयानक छन् भने के यो सम्भव छ कि तिनीहरूको चित्रण प्रतिरक्षा गर्न डरलाग्दो हुने खालको हुन्छ ?

के समाधानचाहिँ मृत बच्चाहरूको तस्वीरबाट बाहिर निक्लने हो ? अथवा बच्चाहरूलाई मार्ने कुराबाट बाहिर निस्कने हो ?

अध्याय ७

# के कुराले मानव जीवनलाई 'अर्थपूर्ण' बनाउँछ ?

डा. विलियम ह्यारिसनले तीन दसकको अवधिमा बीस हजारभन्दा बढी गर्भपतन गराएका छन् ।[१] उनले एक पटक यो कुरा भने, "गर्भपतनको बहसमा वास्तविक विषय जीवन कहिले सुरु हुन्छ भन्ने होइन तर नैतिक रूपमा अर्थपूर्ण जीवन हो ।"[२] तर कसले यो कुरा निर्धारण गर्छ र कुन जीवन अर्थपूर्ण हुन्छ र कुन जीवन अर्थपूर्ण हुँदैन ? उत्तर सधैं यही हुन्छ कि शक्तिशाली मानिसहरूले कमजोर मानिसहरूको जीवन अर्थपूर्ण छ कि छैन भनेर निर्णय गर्छन् ।

## दोहोरो मानदण्ड

प्रिन्स्टोनका नैतिक प्राध्यापक पिटर सिङ्गर लेख्छन्, "एउटा भ्रूणको जीवनको मूल्य बौद्धिक, स्वविवेक, चेतना र अनुभूति गर्ने क्षमता इत्यादिको हिसाबले गैह्रमानवको भन्दा बढ्ता हुँदैन ।"[३] (जसले आफ्ना सन्तानहरूलाई सिङ्गरको कक्षा लिनको लागि शुल्क तिरिदिएका छन्, तिनीहरूले यो कुरा जान्न चाहन्छन् होला कि वृद्धवृद्धाहरूलाई मार्नु नैतिक रूपमा न्यायोचित हुन्छ भनेर उनले विश्वास गर्छन् ।[४])

पोर्टल्याण्ड, ओरेगनका एक गर्भपतन पक्षधर जीम न्यूहलले भने, "सबैजना जन्मनैपर्छ भन्ने छैन । मलाई लाग्छ, एउटा बच्चाको जीवन त्यतिबेला सुरु हुन्छ, जब उसको आमाले उसलाई चाहन्छे ।"[५] त्यसोभए के एक मानव जीवन त्यति बेला सुरु हुन्छ, जब उसलाई अर्को व्यक्तिले मान्यता दिन्छ ?

सन् १९७३ मा रोए भी वेडले गरेको निर्णयमा नजन्मेका

बच्चाहरूको "अर्थपूर्ण" जीवन हुन्छ कि हुँदैन भनेर सर्वोच्च अदालतले प्रश्न उठायो । तर कसको निम्ति अर्थपूर्ण ? के हरेक मानव आफ्नो आमाको गर्भमा रहँदा नै उसको जीवन अर्थपूर्ण हुँदैन र ? किनकि ऊ गर्भपतन गराइएको भए आज जीवित हुने थिएन ।

इतिहास् पढ्नुहोस् । गोराहरूले पहिला काला जातिहरूलाई कम मानव ठान्ने निर्णय गरे । पुरुषहरूले महिलाहरूको अधिकार कम रहेको निर्णय गरे । नाजीहरूले यहूदीहरूको जीवन अर्थहीन रहेको निर्णय गरे । अब अहिले ठूला मानिसहरूले साना मानिसहरू अधिकार पाउनको निम्ति अर्थपूर्ण छैनन् भनेर निर्णय गरेका छन् । एउटा व्यक्तिको पहिचान आइभी लिगका प्रोफेसरहरूले भन्न चाहेको जस्तो "नचाहिएका व्यक्तिहरू" लाई समाजबाट हटाएर बनाइएको मानव जाति होइन । तर एउटा व्यक्तिको पहिचान भनेको त मानव जातिको एक हिस्सा भएको कारणले हुने स्वतः कुरा हो । बाइबलअनुसार यो त परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएको हो ।

## जीवन सक्षमता

रोए भी वेडमा सर्वोच्च अदालतले नजन्मिएको बच्चाको जीवन योग्यताको बिन्दु कहिले हुन्छ भन्ने सम्बन्धमा परिभाषा गर्दै भन्यो, "आमाको गर्भबाट बाहिर निस्केर कुनै कृत्रिम सहायताबिना बाँच्न सक्षम भएपछि ।"[६] कठिन विषयचाहिँ बच्चाको फोक्सोको विकास कहिले यो बिन्दुमा पुग्छ भन्ने हुन्छ ।

तर जिउन पाउने कुराचाहिँ किन बच्चाको फोक्सोको विकासमा आधारित बनाएको ? किन यसो नभन्ने कि मानवचाहिँ उसको गर्भको चौथो हप्तामा बन्छ किनकि त्यति बेलादेखि उसको मुटु धड्कन लाग्छ ? अथवा छैटौं हप्तामा किनकि त्यति बेलादेखि उसको मस्तिस्कले काम गर्न लाग्छ ? (दुवै कुरा अहिलेसम्म विवेकाधीन बनेको छ र अहिले गरिएका सबै गर्भपतनमा यी दुवै कुरालाई मध्यनजर गरिंदैन ।) कसैले

यो कुरा भन्न सक्छ कि कुनै व्यक्तिको पहिचान त्यति बेला सुरु हुन्छ, जब उसले हात हल्लाउँछ वा बाहिरको आवाज तथा प्रकाश थाहा पाएर हलचल गर्छ । अथवा किन यसो नभन्ने कि एउटा व्यक्तिको पहिचान त्यति बेला सुरु हुन्छ, जब ऊ आफैं हिँड्न सक्छ वा आफैं दिसापिसाब गर्ने कुरामा तालिम प्राप्त हुन्छ ?

जीवनको योग्यता बच्चामा मात्र निर्भर गर्दैन तर बच्चाको जीवनलाई बचाउन सक्ने हाम्रा प्रविधिहरूमा पनि निर्भर हुन्छ । पन्ध्र हप्ताभन्दा कम उमेरका बच्चाहरूलाई हामीले बचाउन सक्यौं भने के हुन्छ ? अचानक ती बच्चाहरू मानव बन्छन् र जिउन योग्यका मानिस बन्छन् ? दुई दशकअघि एक्काईस हप्ताको बच्चा मानव प्राणी भएनन् र हाल प्रविधिको विकासले गर्दा बाँच्न सक्ने बच्चा मानव हुन्छ भन्ने कुरामा के हामी इमानदार भएर विश्वास गर्छौं ? अथवा के हामी यो विश्वास गर्न सक्छौं कि अठार हप्ताको बच्चा जिउन नसक्ने हुनाले हाल अमानव भयो र आजको दश वर्षपछाडि अस्पतालमा अझ राम्रा उपकरणहरू आएको कारण अठार हप्ताको बच्चा बाँच्यो भने त्यो अचानक मानव हुनेछ ?

के एउटा बच्चाको स्वभाव ऊ कुन अस्पताल वा देशमा छ भन्ने कुराले निर्धारण गर्छ र ? किनकि कतिपय अस्पतालमा राम्रो उपकरण र सुविधा भएको कारणले उन्नाईस हप्ताको बच्चा बाँच्छ भने त्यही सुविधा नभएको कारण अन्त अठ्ठाईस हप्ताको बच्चा समेत बाँच्दैन । प्रविधिहरू परिवर्तन हुन्छ, बच्चाहरू परिवर्तन हुँदैनन् । अवश्य पनि हामी यो कुरा विश्वास गर्न सक्दैनौं कि अत्याधुनिक जीवन रक्षा प्रणालीले वास्तविकता वा मानव जीवनको मूल्यलाई निर्धारण गर्दैन !

फेब्रुअरी, २०१२ मा अलाबामाको सर्वोच्च अदालतका न्यायाधीशले एक महिलाको पक्षमा फैसला सुनाए, गर्भमा रहेको तीन महिनाको बच्चालाई डाक्टरले गलत औषधी दिएको कारणले मरेकोले उनले डाक्टरलाई मुद्दा हालेकी थिइन् । चिकित्सा क्षेत्रमा आएको उन्नतिले

गर्दा रोए भी वेडको जीवन योग्यताको मापदण्ड अब निषेध गरिनुपर्छ भन्ने उनको तर्क थियो - उक्त विषयमा रहेको कानुन यस्तो थियो कि - देखिएको बच्चालाई त्यति बेला मात्रै देख्न सकिन्छ जब प्रविधिले यसलाई हेर्छ ।[७]

मानव जीवनको सुरुको बिन्दु एउटै मात्र हुन्छ - त्यसको केहीअघि पनि हुँदैन तर त्यही बिन्दुबाट नै मानव जीवन सुरु हुन्छ । त्यो बिन्दु प्रजननको समयमा हुने गर्भधारण हो ।

## विज्ञानले "अर्थपूर्ण" को बारेमा के भन्छ

के कुराले "अर्थपूर्ण" जीवन तय गर्छ ? वैज्ञानिक तथ्य नै हो, जसले नजन्मिएको बच्चाको प्रक्रियाको बारेमा विचार गर्छ । यससित सम्बन्धित प्रेसले एउटा अध्ययनले देखाएको कुरा प्रतिवेदन दियो, "बच्चाहरू नजन्मिंदै अर्थात् गर्भमा रहेकै समयमा आफ्नो भाषा सिक्न सुरु गर्छन् ।" आमाको गर्भमा रहँदा "अमेरिकी अङ्ग्रेजी उच्चारणको ढाँचा सुन्छ, बुझ्छ र सिक्छ ।"[८]

यो तथ्य र अरू धेरै तथ्यहरू पछिका अध्ययनहरूद्वारा पुष्टि भएको छ ।[९] प्रसुति विकाससम्बन्धी विशेषज्ञहरूले व्यक्त गरेको कुरा यो हो कि "अभिभावकत्व" को काम गर्भधारणको समयदेखि सुरु हुन्छ ।[१०]

१९९१ को सुरुमा न्यूजविक पत्रिकाले यो छाप्यो, "गर्भमा रहेको जीवनले मानव विकासको सम्बन्धमा अध्ययनको अर्को सीमाको प्रतिनिधित्व गर्छ ... जसले अचम्मित पार्ने खोजहरू पत्ता लगाएको छ ।"[११] उक्त लेखमा लेखिएको छ, "यो कुनै प्रचार होइन, एउटा भ्रूण चेतना, समझ र अनुभूतिको हिसाबले एक चमत्कार हो भन्न सकिन्छ ।" केही दशकअघि नै वैज्ञानिकहरूले यो कुरा पत्ता लगाएका थिए कि दोस्रो त्रैमासिक अवधिमा बच्चामा स्वचेतना हुन्छ ।[१२] नजन्मिएको बच्चामा रहेको असाधारण क्षमताहरूको बारेमा ७० र ८० को दशकमा गरिएका वैज्ञानिक अध्ययनहरूमा राम्ररी उल्लेख गरिएको छ ।

दोस्रो त्रैमासिकको सुरुवाती समयहरूमा आमाको गर्भमा बाहिरबाट आउने प्रकाशबाट जोगाउन बच्चाले आफ्नो हातले आँखा छेक्ने काम गर्छ । "वयस्क मानिसहरूले सुन्न नसक्ने उच्च फ्रिक्वेन्सी र कम फ्रिक्वेन्सीको ध्वनिमा समेत भ्रूणले प्रतिक्रिया जनाउँछ ।"[१३] उसले उच्च स्वरको सङ्गीत सुन्छ र बाहिरबाट आएको ठूलो होहल्ला छेक्न आफ्नो कान छोप्छ ।

हालसालैको खोजले यो देखाएको छ कि "विकसित हुँदैगरेको भ्रूणको मस्तिस्क गहिरो निद्रा (RIM sleep) को बीचमा २० देखि ४० मिनेटसम्म क्रियाशील रहेको देखिन्छ, जुन समयमा मस्तिस्क चेतनाको अवस्था र सामान्य निद्रा (Non-RIM sleep) अर्थात् मस्तिस्कले आराम गरेको समयभन्दा फरक हुन्छ ।"[१४]

के हामीले यो भन्न सक्छौं कि उही नजन्मिएको बच्चाले विचार गर्न नसक्ने कुराहरूको सपना देख्न सक्छ ?

दोस्रो त्रैमासिकको अन्ततिरको अध्ययनले यो देखाएको छ कि उक्त भ्रूणको "मस्तिस्क भर्खरै जन्मिएको बच्चाको जत्तिकै विकसित हुन्छ ।"[१५]

तथापि अझै पनि तीन महिनाको भ्रूण- अर्को तीन महिनामा एउटा संवेदनशील विचार गर्ने मानव प्राणीलाई मार्ने कुरा कानुनसम्मत रहेको छ ! (अवश्य पनि उसको मस्तिस्क भर्खर जन्मेको बच्चाको जस्तै विकसित मस्तिस्क नभए पनि ऊ अझै पनि एउटा मानव हो ।)

प्रसुतिको विकाससम्बन्धी तथ्यको बारेमा सचेत जो कोहीले पनि दोस्रो तथा तेस्रो त्रैमासिकको अवधिमा गर्भपतन गराउनको निम्ति हाल रहेको कानुनी मान्यताको विपक्षमा बोल्न सक्ने कुरालाई विचार गरेको छैन जस्तो देखिन्छ । गर्भपतनको पक्षमा पैरवी गर्नेहरूले यस्ता गर्भपतनहरूको पक्षमा अझसम्म खडा भइरहेका छन् ।[१६]

सुरुवाती चरणहरू विचार गर्न नसक्ने भ्रूणको रसायन (केमिकल)

प्रयोगद्वारा गरिने गर्भपतनमा हुने हत्या वास्तविक नै हो । एउटा नाम, परिवार र जीवन सहितको एउटा जीवित बालक हुनुपर्नेमा अहिले यिनीहरूको अस्तित्व नै छैन ।

नजन्मिएका बच्चाहरूको जीवन हरणको समस्या सुरुवाती चरणहरूमा नै जीवन लिएर समाधान हुँदैन । यसको समाधान तिनीहरूको जीवन कुनै पनि हालतमा नलिएर नै हुन्छ ।

## एउटा त्रुटिपूर्ण नैतिक मान्यता

प्रोफेसर सिङ्गर भन्छन्, "हामीले सुस्त मनस्थिति भएको मानिसलाई गैह्रमानव प्राणी अर्थात् उदाहरण स्वरूप एउटा कुकुर, सुँगुरसँग तुलना गऱ्यौं भने गैह्रमानव प्राणीहरू वास्तविक र सम्भाव्य क्षमतामा, स्वचेतनामा, बौद्धिकतामा, संचारमा र अन्य जो नैतिक रूपमा महत्त्वपूर्ण हुन्छ, ती क्षेत्रमा सुस्त मनस्थितिको मानवभन्दा बढी योग्यका हुन्छन् ।"[१७]

उनी भन्छन्, हरेक मानवीय व्यक्तिको मूल्य तिनीहरू अरूको निम्ति कति उपयोगी हुन्छन् भन्ने कुराले तय गर्छः "एक अशक्त शिशुको मृत्युले खुसी ल्याउने अर्को शिशुको जन्मको निम्ति ढोका खोलिदिन्छ भने उक्त अशक्त शिशु मारिएकोमा खुसी दोब्बर हुनेछ । पहिलो शिशुको मृत्युले लुटेको खुसीको सामु दोस्रोको जीवनमा आउने खुसी अत्यन्तै बढी हुन्छ । यसर्थ अरूमाथि कुनै प्रभाव नहुने अशक्त शिशुको मृत्युको बारेमा विचार गर्ने हो भने उसलाई मार्नु उचित नै हो ।"[१८]

जब सिङ्गर प्रिन्स्टोनमा पहिलो पटक सिकाउन आएका थिए, अझसम्म नमरेका अशक्त अधिकारकर्मीहरूले उनको विरोध गरे । सिङ्गरको पुस्तकमा लेखिएको, अशक्त शिशुलाई मार्नु कानुनसम्मत हुनुपर्छ साथै एकदमै गम्भीर प्रकृतिका अशक्त बालबालिका तथा वयस्कलाई पनि मार्नु कानुनसम्मत हुनुपर्छ भन्ने कुरालाई लिएर तिनीहरू चिढिएका थिए ।

गर्भपतनका पक्षधरको तर्क गर्भपतनबाट सुरु भयो तर तिनीहरू

त्यहीं रोकिएनन् । जब एक पटक नजन्मिएका बच्चाहरू सुरक्षित हुन सक्दैनन्, तब कमजोर र जोखिममा रहेका कोही पनि सुरक्षित हुन सक्दैन । के अशक्त व्यक्तिको कुनै अर्थपूर्ण जीवन हुँदैन ? वृद्धवृद्धाहरूको जीवन नि ? जसले विचार गर्न सक्दैन, ऊ मारिन योग्यको हुन्छ भने जसले बेठीक प्रकारले विचार गर्छ नि ?

युनिभर्सिटी अफ टेक्सासका डा. चार्ल्स हर्टसोर्नले सिङ्गरकै नैतिक मान्यताको भाव झल्काएका छन्: "अवश्य पनि एउटा बच्चा पूर्णतः मानिस होइन ... शिशुहत्या हत्याको अर्को रूप हो भन्ने विचारधाराप्रति मेरो अलिकति सहानुभूति छ । तर पूर्णतः क्रियाशील मानिसको अधिकार शिशुको भन्दा अझ महत्त्वपूर्ण हुन्छ ।"[१९]

## के कोही सुरक्षित छ ?

नैतिक मान्यताका प्राध्यापक डेभिड बूनिन भन्छन् कि गर्भपतन "नैतिक रूपमा आलोचनाको योग्य छ" तथापि "नैतिक रूपमा यसलाई अनुमति दिन सकिन्छ ।" उनी भन्छन् कि यो अनुमति दिन योग्य छ किनकि यसले "समग्रमा खुसी" ल्याउँछ ।[२०] सिङ्गरले जस्तै बूनिनले पनि खुसी (खुसी भनेको आर्थिक कठिनाइबाट उन्मुक्ति पाउने र तनावबाट मुक्त हुने कुराले मापन गरिएको छ ।) नजन्मिएको बच्चा मात्र होइन तर अरू मानिसहरूको प्राण लिएर समेत प्राप्त हुन्छ भन्ने उस्तै विषयवस्तुको तथ्यलाई बेवास्ता गरेका छन् । जब एक पटक खुसी प्राप्त गर्नको लागि केही कुरा अनुमति दिइनको योग्य बन्छ, त्यहाँ अरू केही पनि योग्यको हुँदैन ।

नजन्मिएको बच्चालाई "एउटा व्यक्ति नमानेर" गर्भपतनलाई अनुमति दिइनुपर्छ भनी सन् २०१२ मा दुईजना नैतिकवादीले जर्नल अफ मेडिकल एथिक्समा एउटा लेख लेखे । तिनीहरूले लेखे, "जन्मपछि आउने परिस्थितिहरूले गर्भपतनलाई ठीक ठहराउनुपर्छ, हामी सालनालको गर्भपतनलाई अनुमति दिइनुपर्छ भन्ने मान्यता

राख्छौं । लेखकले यो कुरा दाबी गरेका छन् कि "एउटा भ्रूण र नजन्मिएको बच्चा दुवै निश्चय नै मानवीय प्राणी हुन् अनि सम्भाव्य व्यक्ति हुन् तर 'जीवनको नैतिक अधिकार भएका' एक 'व्यक्ति' भने होइनन्' ।"[२१] दबिएर रहेका कुराहरूमा अझ छलफलका विषयहरू छन् कि अर्थपूर्ण जीवनको बारेमा गर्भसम्बन्धी दर्शनले नै विधान तयार गर्छ। के मानसिक तथा शारीरिक रूपमा अशक्त वा कमजोर मानिसहरू स्वस्थ र शक्तिशाली मानिसहरूको निम्ति उपयोगी हुन्छन् वा तिनीहरू हाम्रो निम्ति भार मात्रै हुन् ? अनि तिनीहरू भार मात्रै हुन् भने के तिनीहरू मर्नुपर्छ ?[२२]

एक महिलावादी समूहले यो कुरा इङ्गित गऱ्यो कि नजन्मिएका बच्चाहरू सुरक्षित छैनन् भने कोही पनि सुरक्षित छैन ।

> हामीले हाल जीवित रहेको मानव जातिको एक सदस्यलाई कानुनी सुरक्षाभन्दा बाहिरको क्षेत्रमा राखिदियौं भने आपसी विभेदको विरुद्धमा रहेको मुद्दालाई हामीले सबैको निम्ति कमजोर बनाउँछौं । हरेकलाई बराबरको व्यवहार गरिनुपर्छ भन्ने कानुनको आधारचाहिँ मानवीय प्राणी हुनको निम्ति जात, लिङ्ग, अशक्तता, उमेर, विकासको तह, निर्भरताको स्तर, बासस्थान वा धनसम्पत्तिले तय गर्दैन तर मानवीय समुदायको एक सदस्य भए काफी हुन्छ ।[२३]

बालबालिका तथा युवाहरूको सङ्ख्या घटाउन गर्भपतन भइरहेको छ भने के समाज बिस्तारै वृद्धवृद्धाहरूको सङ्ख्या घटाउनको निम्ति परीक्षित नहोला त ? सन् १९८४ मा कोलोराडोका गभर्नरले लामो जीवनमा लाग्ने आर्थिक लागतको बारेमा गरेको कुराले यो बताउँछ कि मानिसहरूले "मर्ने कर्तव्य निर्वाह" गर्नुपर्छ।[२५] सन् २०२४ मा के होला, जब कर तिर्ने थोरै मानिसहरू (गर्भपतनको कारण सङ्ख्या घटेकोले) ले अवकास प्राप्त गरेका धेरै मानिसहरूको स्वास्थ्य हेरचाहको निम्ति खर्च गर्नुपर्नेछ ? वृद्धवृद्धा आफैं नहटे के समाजले उनीहरूलाई हटाउनेछ ?

## अर्को को हुनेछ ?

सन् १९८५ मा शल्य चिकित्सक जनरल सी एभरेट कूपले सार्वजनिक रूपमा यो डर व्यक्त गर्नुभयो कि अनिवार्य सुखमृत्यु (euthanasia) ले बिस्तारै नयाँ पुस्ताहरूले पुराना पुस्ताहरूलाई सहायता गर्न नचाहने नतिजा ल्याउन सक्छ। ब्लूमिङटोन, इण्डियानाको एउटा सुस्त मनस्थितिको बच्चा, जो "बेबी डोए" को नामले चिनिएको थियो, उसका अभिभावकहरूले उसलाई बचाउने नियमित शल्यक्रिया गर्न मानेनन् यो जानेर कि यसले बच्चाको मृत्यु हुनेछ, पछि उक्त बच्चा मऱ्यो। कूपले भने, "मेरो डर यो हो कि एक दिन अमेरिकामा दशौं हजार हजुरआमाहरू बेबी डोए बन्नेछन्।"[२६]

समाजमा शक्तिशाली मानिसहरूले भर्खरका बच्चाहरूको कानुनी अधिकार हरण गर्न सक्छन् भने के एकदमै वृद्ध र बिरामी र कमजोर ... "अनुपयोगी" हरूको कानुनी अधिकार हरण हुँदा के अचम्म हुनेछ र ?

हाम्रो समाज कस्तो द्वैध चरित्रको छ, जसले अशक्तहरूलाई पार्किङ गर्ने छुट्टै ठाउँ उपलब्ध गराउँछ तर जब तिनीहरू अस्पतालको शैय्यामा हुन्छन्, तब तिनीहरूलाई खाना वा पानी दिन इन्कार गर्छ, अब के तिनीहरू उत्पादनशील भएनन् भनेर हो ?

गर्भपतनले एउटा खतरनाक अध्याय सुरु गरेको छ। हामी आफ्नो चेतनामा फर्किन सक्छौं र सम्भावित चिप्लिएको बाटोबाट फर्किन सक्छौं। वा हामी बाहिर निस्कन नसक्ने निष्कर्षलाई पछ्याएर यस्तो शक्तिशाली समाज बन्न सक्छौं, जो आफ्नै स्वेच्छाको लागि बाँच्छ अनि कुन मानवीय प्राणी जिउनेछ र कुन मर्नेछ भनी निर्धारण गर्छ।

युनिवर्सिटी अफ सिकागोका जीवशास्त्री डा. लियोन कास आधुनिक विज्ञान र औषधीको दिशाको बारेमा यसो भन्छन्, "मानिसलाई स्वतन्त्र तथा इमान्दार एक सृजकको रूपमा ईश्वरीय वा एकदमै असल गुणको भएको मान्यता राख्ने हाम्रो विचारको क्षयीकरण भइरहेको कुरामा

हामीले साक्षी दिइरहेका छौं । हामीले आफैंलाई मासुको रूपमा हेर्छौं, तब मासु हामी बन्नेछौं ।"[२७]

यो संसार गर्भपतन अधिकार अभियानको झुटको खेतीले बदलिंदैछ । के यो संसार त्यही हो, जहाँ तपाईंका सन्तान र दरसन्तान जिएको तपाईं चाहनुहुन्छ ?

# खण्ड ३

# dlxnf

## अध्याय ८

# के गर्भपतन वास्तवमै महिला अधिकारको विषयवस्तु हो ?

केट माइकलमेन, NARAL (नेशनल एभर्सन राइट्स एक्सन लिग) की भूतपूर्व अध्यक्षले भनिन्: "हामीले मानिसहरूलाई यो कुरा याद दिलाउनुपर्छ कि गर्भपतनचाहिँ महिलाहरूको ... समाजको राजनैतिक तथा सामाजिक जीवनमा भाग लिने अधिकार प्रत्याभूति गर्ने कुरा हो ।"[१] तर बीसौं शताब्दीको सुरुतिर रहेको महिलाहरूको समूहले गर्भपतनको पूरै विरोध गरेको थियो भन्ने सत्यता अहिले बिर्सिएको छ । सुसन बी. एन्थोनीले नजन्मिएको बच्चाको गर्भपतनलाई "बालहत्या" भनेकी छन् ।[२]

निर्दोष मानवीय प्राणीलाई मार्ने कार्यलाई सभ्य समाजमा कहिल्यै पनि मानव अधिकारको विषयवस्तुको रूपमा लिइँदैन । एउटी गर्भवती महिला यो समाजका कार्यहरूमा पूर्णरूपमा भाग लिन सक्छिन् । तर उनी सहभागी हुन सक्दिनन् भने उनको बच्चालाई मारेर उनले आफैंलाई सहायता गर्न सक्छिन् भन्ने कुरा गर्नुको साटो समाजलाई नै परिवर्तन गर्नु समाधान होइन र ?

आफ्नो प्रजननद्वारा उत्पन्न भएको जीवनलाई नियन्त्रण नगरी कसरी महिलाहरूले बराबरीको हैसियत प्राप्त गर्न सक्छन् ? महिला अधिकार तथा नजन्मिएको बच्चाको अधिकारमा समर्पित जीवनको पक्षमा रहेका महिलावादीको एक समूहले यसरी प्रतिक्रिया दिएको छः

> यो प्रश्नको आधारचाहिँ शताब्दीऔंसम्म पुरुषहरूको प्रधानताको आधार हो- अर्थात् प्रकृतिले नै पुरुषहरूलाई उच्च बनायो र महिलाहरूलाई निम्न बनायो । चिकित्सा प्रविधिले समानता प्राप्त गर्ने समाधान उपलब्ध

गरायो, तर तर्क गलत छ ... समाजको लागि मिल्दो हुनको लागि महिलाले आफ्नो जैविकता परिवर्तन गर्नुपर्छ भनेर कुनै महिलालाई भन्नु उसको बेइज्जती गर्नु हो ।[३]

## गर्भवती हुनु कुनै बिमारी होइन

उनको निबन्ध "फेमिनिस्टः बिविच्ड बाइ एभर्सन"मा, वातावरणविद् रोजमेरी बोच्चरले तर्क राखे कि आफ्ना बच्चा नमारी गर्भवती अवस्थाको तनाव र दबाबबाट बाहिर निस्कन नसक्ने चित्रित गरिएकोले महिलावादी अभियान खस्केको छ ।[४]

महिलाको प्रजनन् क्षमता र मानव इतिहासलाई हेर्दा गर्भावस्था सामान्य तनावको समय मात्रै भएको हुँदाहुँदै गर्भपतनका पक्षधरहरू र सर्वोच्च अदालतले यसलाई एउटा रोग हो भन्ने दृष्टिकोण राखे । गर्भपतनलाई कानुनी मान्यता दिइनुले यो जनाउँछ कि गर्भावस्था अत्यन्तै भयानक हुन्छ, जसले आमाको जीवनलाई ठूलो खतरामा पार्छ ।

स्वास्थ्य सुविधाभित्र गर्भपतन पर्छ कि पर्दैन र जो कर्मचारीहरूको विवेकले गर्भपतनलाई उचित ठहर्‍याउँदैन तर स्वास्थ्य सुविधा उपलब्ध गराउने कामको सिलसिलामा गर्भपतन गराउनु आवश्यक छ कि छैन भन्ने सम्बन्धमा तातो बहस चलिरहेको छ ।

तर यो बहसको सबैभन्दा झट्कालाग्दो कुरा त के छ भने बच्चाहरूको हत्या गरिने गर्भपतनलाई क्यान्सर हटाउन गरिने शल्यक्रियाजस्तै मान्न लागिएको छ । गर्भावस्था कुनै रोग होइन । एउटा बच्चा कुनै नचाहिने मासुको डल्ला होइन । गर्भपतन स्वास्थ्य सुविधा होइन ।

## सबै जोखिम, उत्तरदायित्व छैन

यो कुरा मननयोग्य छ कि गर्भपतनलाई कानुनको मुनि विशेष व्यवस्था गरिएको छ । विद्यमान कानुनको विरोध गर्दै गर्भपतनलाई यसको प्रकृति र जोखिममा अरू शल्यक्रियामा जस्तै शल्यक्रिया हुने

व्यक्तिलाई जानकारी गराउनु आवश्यक नपरोस् भनी गर्भपतनका पक्षधर समूहहरूले निरन्तर प्रयास गरिरहेका छन् । सबै तथ्यहरू प्रस्तुत गर्दा महिलाहरू बौद्धिक छनौट गर्न सक्दैनन् भन्ने तिनीहरूको मान्यता रहेको देखिन्छ ।

गर्भपतनका पक्षधरहरूमध्ये धेरै शल्यक्रियापूर्व "परिवारलाई दिइनुपर्ने जानकारी" दिनबाट डराउँछन् । गर्भपतनको पक्षमा काम गर्ने तथा इन्टरनेटमा ब्लग लेखक ए.बी. स्टेभेन्सले विद्यमान कानुनी अवस्थाको विरुद्धमा प्रतिक्रिया जनाउँदै लेख्छन्, "'परिवारलाई दिइनुपर्ने जानकारी' भन्ने भाषाले गर्भपतनको चाहना राख्ने महिलालाई लज्जित तुल्याउने अव्यक्त प्रयासमा सहायता पुऱ्याउँछ ।"[५]

के गर्भपतन वास्तवमै महिलाहरूलाई सेवा गर्न र सशक्त बनाउनको निम्ति हो ? कि अन्य कुनै कुरा हो ? के यहाँ महिलाको अति खराब स्थिति अनुमान गरिएको छ कि उनले अध्ययनहरूले देखाएको गर्भपतनको कारणले आउने स्वास्थ्यसम्बन्धी जोखिम र नजन्मिएको बच्चाको विकास क्रमको बारेमा समेत सुन्न सक्दिनन् ?

किन गर्भपतनका पक्षधरहरूले यी तथ्यहरू नभनेर वास्ता गर्न चाहँदैनन् कि गर्भपतनपछि, जबकि कुनै दिन- कुनै महिना वा वर्षमा महिलाहरूले कुन कुरा ठीक थियो भन्ने बुझ्नेछन् ? त्यसपछि तिनीहरूले मैले बारम्बार महिलाहरूले सोधेको सुन्ने गरेजस्तो गुनासो गर्नेछन्, "मैले छान्ने मौका पाएको बेलामा किन कसैले मलाई यो सत्यता भनेन ?"

## गर्भपतन उद्योगको रूपमा

प्लान्ड प्यारेन्टहूड फेडरेसनको २००९-२०१० को आर्थिक विवरणले यसको मुनाफा १ अरब अमेरिकी डलर पुगेको प्रतिवेदन दियो । करदाताले उक्त आम्दानीको अविश्वसनीय लाग्ने ४६ प्रतिशत रकम उपलब्ध गराए ।[६] गर्भपतनका पक्षधरहरू समूहहरूले यो कुरा विरलै उल्लेख गर्छन् कि तिनीहरूले सरकारी आम्दानीको ४६ करोड

अमेरिकी डलर करदाताहरूबाट लिए, ती करदाताहरूमध्ये कतिजनाले यो उद्योगको नैतिक विरोध गर्छन् ।

गर्भपतनले उनीहरूको आम्दानी बढाउने भन्दै प्लान्ड प्यारेन्टहुडका कर्मचारीहरूले यसको प्रवर्द्धन गरिरहेको कुरालाई जीवनको पक्षधरका कार्यकर्ता लिला रोज र एकजना छायाँकारले धेरै पटक छायाकंन गरे ।[७] २०११ को जनवरी १३ का दिन सीबीएस र एबीसी न्यूजले एउटा अनुसन्धानात्मक कार्यक्रम प्रस्तुत गऱ्यो, जसमा न्यू जर्सीको एक प्लान्ड प्यारेन्टहुडका म्यानेजरले गैह्रकानुनी रूपमा चेलीबेटी बेचबिखनद्वारा गरिने यौन धन्दासितको सहकार्यमा गर्भपतन गराउने प्रस्तावना राखेको थियो, उक्त घटनामा अङ्ग्रेजी बोल्न नजान्ने र सम्भवत: अपहरण गरेर ल्याएकी एक नाबालिक केटीको गर्भपतन गराउन लागिएको थियो ।[८]

सन् २०१० मा गर्भपतनको पक्षधर उम्मेदवारलाई जिताउन प्लान्ड प्यारेन्टहुडले मात्र १० लाख अमेरिकी डलरभन्दा बढी खर्च गऱ्यो, उक्त चुनाव वास्तवमा ठूलो खाले चुनाव थिएन । त्यही वर्षमा तिनीहरूको उद्योगको प्रवर्द्धनको पक्षमा बोल्नेलाई मात्र ६ लाख अमेरिकी डलर भुक्तानी गरे ।

फेडरल सरकार चलाउनको निम्ति बढिरहेको राष्ट्रिय ऋणको बारेमा भइरहेको बहसको बीचमा अप्रिल, २०११ मा प्लान्ड प्यारेन्टहुडले एउटा प्रेस विज्ञप्ति जारी गरेर बहसको विषय बनेको "गर्भपतन कोष" को सम्बन्धमा गरिएको सम्झौताको विरुद्धमा कुनै समाचार नदिन प्रेसलाई चेतावनी दियो । नेशनल पब्लिक रेडियो (NPR) ले उक्त पत्रको केही हिस्सा सम्प्रेषण गऱ्यो:

> "गर्भपतन कोष" को सम्बन्धमा क्यापिटल हिलमा रहेको प्रावधानमा अब कायम रहनु उपयुक्त हुँदैन भन्ने थुप्रै विज्ञप्तिहरू आइरहेको छ । जुन एकदमै अमिल्दो कुरा हो र यो राजनैतिक चर्चाको विषय मात्र हो ... ।
>
> यो प्रस्तावना गर्भपतनलाई सहायता उपलब्ध नगराउनको लागि होइन

तर (प्लान्ड प्यारेन्टहुडलाई) बाहेक गर्नको लागि हो ... फेडरल सरकारको कार्यक्रममा भाग लिनबाट वन्चित गर्नलाई हो ।[९]

अमेरिकामा प्लान्ड प्यारेन्टहुडका ९० प्रतिशतभन्दा बढी कामहरू गर्भपतनसँग सम्बन्धित हुँदैनन्, तर तिनीहरूको वार्षिक प्रतिवेदनमा ३२९,४४५ वटा गर्भपतनहरू गराइएको विवरण प्रस्तुत गरिएको छ र हिसाबकिताबमा ९१ प्रतिशत खर्च उक्त काममा लागेको देखाइएको छ ।[१०] यसले प्लान्ड प्यारेन्टहुड अमेरिकाको सबैभन्दा ठूलो गर्भपतन गराउने निकाय बनाएको छ ।

"प्लान्ड प्यारेन्टहुड' ले हालसालै प्रयोगमा ल्याएको स्काइप (Skype) ले गर्भपतनलाई प्रोत्साह दिने औषधीहरू वितरण गरिरहेको छ अनि यससित आबद्धित सबैले २०१३ सम्म गर्भपतनको सेवा उपलब्ध गराउने जिम्मेवारी भएकोले यो कुरा देखाउँछ कि यो संस्थाले गर्भपतनको कामलाई अझ बढावा दिनेछ ।"[११]

फेमिनिस्ट फर लाइफकी अध्यक्ष सेरिन फोस्टर भन्छिन् कि ऐतिहासिक तथ्य हेर्दा प्राथमिक रूपमा गर्भपतनको विरोधमा लाग्ने कार्यकर्ता महिलाहरू नै हुन् । उनी भन्छिन्, "अपवादलाई छोड्ने हो भने सुरुका अमेरिकी महिलावादीहरूले गर्भपतनलाई कडा रूपमा भर्त्सना गरेका थिए ।"[१२]

## सुरुको जीवन पक्षधर महिलावादीहरू

महिलाहरूले मतदान गर्न नपाउने समयमा सुसन बी. एन्थोनी महिलाहरूको अधिकारको निम्ति खडा भइन् । गर्भपतनले महिला तथा बच्चा दुवैको दुर्व्यवहार भइरहेको एन्थोनीले देखिन् । उनले लेखिन्, "बाल-हत्याको भयानक अपराधको म घोर भर्त्सना गर्छु ... जुनसुकै उद्देश्य अर्थात् सहजता खोजेको कारण वा नजन्मिएको निर्दोष बच्चालाई परेको कष्टबाट बचाउने चाहना भए पनि महिला नै यो डरलाग्दो कार्यको दोषी हुन्छ ।"[१३] उनको खबरपत्रिका द रेभलुसनले

यो बहस उठायो, "जब एक महिलाले आफ्नो गर्भमा रहेको बच्चाको जीवन नष्ट गर्छिन्, त्यसले उनको शिक्षा वा तथा हुर्काइ गलत प्रकारले हुँदैआयो भन्ने कुरा देखिन्छ ।"[१४]

एलिसा पावल जो इक्वेल राइट्स एमेन्डमेन्ट (ERA) को मूल संस्करणकी लेखिका हुन्, उनको यो सामाग्री महिलावादीहरूको निम्ति एउटा धरातल बन्यो, त्यसमा गर्भपतनलाई यसो भनिएको छ, "महिलाहरूको सबैभन्दा उत्कट दुर्व्यवहार ।"[१५] तथापि गर्भपतनको पक्षमा पैरवी गर्नेहरूले ERA मा गर्भपतनलाई एउटा आधारभूत अधिकारको रूपमा राखिनुपर्छ भनेर निरन्तर प्रयास गरिरहेका छन् ।[१६] ERA को खाका तयार गर्ने एक महिला नै गर्भपतनलाई कानुनी मान्यता दिने कुराको विरोध गर्छिन् भने त्यसले यो कुरा देखाउँछ कि गर्भमा रहेको बच्चा मार्न पाउनुपर्छ भन्ने कुरालाई महिला अधिकारभित्र राख्नु कति अन्यौल र नसुहाउने विषय हो ।

## प्लान्ड प्यारेन्टहुडको संस्थापक

गर्भपतनको विरोध गर्ने एन्थोनी पावल र अरू महिलावादीहरूलाई पछि एउटा नयाँ पुस्ताले पछ्यायो । तिनीहरूमध्येकी एक मार्गरेट स्याङर थिइन्, जसले गर्भनिरोधक सामाग्रीहरूको बारेमा मात्रै होइन तर यौनिक र आर्थिक स्वतन्त्रताको लागि चाहिने मात्र सन्तान उत्पादनको लागि गर्भपतन गर्नु राम्रो हुन्छ भन्ने पैरवी गरिन् ।[१७]

मार्गरेट स्याङ्गर संसारको सबभन्दा ठूलो गर्भपतन उपलब्ध गराउने र प्रवर्द्धन गर्ने संस्था प्लान्ड प्यारेन्टहुडकी प्रथम अध्यक्ष तथा दिशा निर्देशक थिइन् । मैले अनुसन्धान गर्दा पत्ता लगाएको सबैभन्दा झट्का लाग्ने सत्यताचाहिँ तिनको संस्थाले गर्भपतनलाई तिनीहरूले निम्न सम्झेकाहरूको जन्मदर घटाउन प्रयोग गर्ने एउटा औजारको रूपमा हेर्छ ।

मेरो अघि स्याङ्गरको मूल लेखहरूको केही प्रति र उनको पत्रिका बर्थ कन्ट्रोल रिभ्यूका प्रतिहरू छ । म तपाईंहरूलाई

प्रोत्साह दिन चाहन्छु कि कसरी प्लान्ड प्यारेन्टहुड जन्म भयो अनि अमेरिकामा कसरी गर्भपतनको अभियान सुरु भयो भन्ने सम्बन्धमा यी लेखहरू पढ्नुहोस् र यसमा भएका मान्यता तथा मनोवृत्तिहरू पत्ता लगाउनुहोस् ।[१८] (मार्गरेट स्याङ्गरले जीवनका पक्षधर स्रोतबाट लिइएको भनिएको स्रोत लेखमध्ये केही लेखहरू गलत छ र केही गलत स्रोत लेख दिइएको छ । उनले दिएको विवरण कुनै मूल लेखहरूमा भेटेको छैन, मलाई लाग्छ कि ती आधिकारिक लेखहरू होइनन् । स्याङ्गर र बर्थ कन्ट्रोल रिभ्यूबाट यो संस्करणमा लिइएको स्रोत लेख मसित भएका मूल लेखहरूबाट लिइएको हो ।)

मार्गरेट स्याङ्गरले गरिब तथा सुस्त मनस्थितिका मानिसहरूलाई "मूर्ख र गैह्रजिम्मेवारहरूको भीडका खतरनाक तत्वहरू" को रूपमा लिन्छिन् र उनीहरूको उपस्थिति "बुद्धिजीवी र वर्गीय स्वस्थताप्रतिको आक्रमण" भएको दाबी गर्छिन् ।[१९] उनले चेतावनी दिएकी छिन् कि अमिल्दा "सोचविचार नगरी उत्पादन भएकाहरू," जो संसारका भविष्यका मतदाताहरू हुन्, "तिनीहरूले स्वतन्त्रता नाश गर्न सक्छन्, भावी मानव सभ्यताको निम्ति सम्भावित खतराहरू बन्नेछन् ।"[२०] समाजमा कम अवसर पाएकाहरूलाई उनले "मानव फोहोरका मृत भारीहरू" भन्छिन् ।[२१]

"क्वुलिटी अफ च्यारिटी" भन्ने अध्यायमा गर्भवती महिलाहरूलाई गर्भ जोगाएर आफ्ना बालबालिकाहरू जन्माउनको निम्ति सहायता गर्न समर्पित समूहहरूलाई स्याङ्गरले "सकारात्मक रूपले समुदायलाई र भविष्यको वर्गको निम्ति हानिकारक" भनेकी छन् ।[२२] उनी दाबी गर्छिन्, "निजी परोपकारद्वारा सहायता गरिएका प्रसुति केन्द्रहरू तथा प्रसुति सहायताका कार्यक्रमहरूले कमजोर वंशहरू उत्पादन गरिसकेको छ र गर्नेछ ।"[२३] उनले प्रयोग गरेको शब्द dysgenic ले यो कुरा जनाउँछ कि महिलाहरूलाई सहायता गर्ने यी निकायहरूको प्रयास उपयुक्तहरू बाँच्छन् भन्ने डार्बिनको सिद्धान्तको विरुद्धमा हुन्छ, जसअनुसार कमजोरहरू तिनीहरूको कमजोरीमा स्वतः नाश भएर जान्छन् ।

यही खालको विचार स्याङ्गरको पत्रिका बर्थ कन्ट्रोल रिभ्यूमा

रहेको पाइन्छ। "संसारको वर्ण समस्या", "वर्णको सुधारतर्फ", "उत्कृष्ट सन्तानोत्पत्तिको लागि बन्ध्याकरणः एक जरुरी आवश्यकता" आदि शीर्षकमा पूरा लेखहरू यसमा पाइन्छ ।[२४] पछिल्लो शीर्षकको लेख जर्मनीमा उत्कृष्ट सन्तानोत्पत्ति सम्बन्धी अभियानका एक अगुवा डा. अर्न्स्ट रुडिनले सन् १९३३ मा लेखेका थिए, जो नाजीहरूको ऐन "वर्ण सुधार" र "जातीय सफाया" मा जग हाल्ने काममा व्यस्त थिए ।

## स्याँ□र, प्लान्ड प्यारेन्टहुड अनि उत्कृष्ट सन्तानोत्पादन सिद्धान्त

उत्कृष्ट सन्तानोत्पादनको अन्तर्राष्ट्रिय अभियानमा मार्गरेट स्याङ्गर एक हिस्सा थिइन्, जसले खुला रूपमा नाजीहरूको जातीय नीतिको खुलेरै समर्थन गरेकी थिइन्, कम्तीमा पनि सन् १९३८ को अन्ततिरको तिनीहरूको नीतिलाई समर्थन् गरेकी थिइन् ।[२५] सन् १९२५ को एउटा उत्कृष्ट सन्तानोत्पादन सम्मेलनमा स्याङ्गरले स्वागत मन्तव्य दिएकी थिइन् ।[२६]

लेखक मार्भिन ओलास्कीका अनुसार १९३० को दशकमा मार्गरेट स्याङ्गरको "नेग्रो प्रोजेक्ट" "उत्कृष्ट सन्तानोत्पादन" हुँदैन कि भन्ने डर भएकाहरूमा गर्भनिरोधक सामाग्रीहरू फैलाउने कामको निम्ति प्रशंसा गरिएको थियो ।"[२७] गर्भनिरोधक सामाग्रीहरूले पर्याप्त रूपमा अमेरिकाका काला जातिहरू तथा अन्य लक्षित वर्गहरूको जनसङ्ख्या नियन्त्रण नगरेको प्रमाणित हुन लाग्यो, तब चाहना नभएका वर्ण र परिवारहरूको वृद्धिदर रोक्न उत्कृष्ट सन्तानोत्पादनको पक्षमा लागेकाहरूले गर्भपतनलाई समाधानको रूपमा रोजे ।[२८]

मार्गरेट स्याङ्गरको आफ्नै शब्दमा कमजोरहरू र कम सौभाग्यशालीहरूलाई सहायता गर्नु र तिनीहरूलाई सन्तानोत्पादन गर्न दिनुचाहिँ मानव विकासको क्रमलाई पछि धकेल्नु होः "बरु भविष्यमा संसारको वर्णको निम्ति खतरा हुने जन्तुहरूलाई घटाउने र त्यसलाई हटाउँदै जानुपर्छ र यसले खतरनाकहरू बहुसङ्ख्यक हुने कुरालाई रोक्ने प्रयास गर्छ ।"[२९]

उनले उल्लेख गरेका ती "जन्तुहरू" गरिब र अशिक्षित मानिसहरू

थिए अनि जातीय अल्पसङ्ख्यकहरूको ठूलो हिस्सा थियो। यी “जन्तुहरू” (मानिसहरू भनेर पढ्नुहोस्) लाई सहायता गर्नुको साटो तिनीहरूलाई “निमिट्यान्न पार्ने” कुरामा बढी इच्छुक थिइन् ।

यो इतिहासले हामीलाई यो वर्णन गर्न सहायता गर्छ कि यी दिनहरूमा किन प्लान्ड प्यारेन्टहुडले बालबालिका अपनाउन वा आफ्ना बालबालिकालाई जन्म दिन चाहने गरिब तथा पिछडिएका महिलाहरूलाई सहायता गर्दैन तर तिनीहरूको गर्भपतन मात्रै गराउन चाहन्छ। गर्भपतन बाहेकका अरू विकल्प देखाउने प्रसुति केन्द्रहरूलाई कानुनी रूपमा बन्द गराउन समेत प्लान्ड प्यारेन्टहुड क्रियाशील छ ।

मैले प्लान्ड प्यारेन्टहुडका धेरै सामाग्रीहरू पढेको छु तर कहीँ कतै पनि स्याङ्गरको पक्षपाती वर्ग छनौट, गरिब, मानसिक तथा शारीरिक दुर्बलहरूप्रतिको खराब दृष्टिकोण, जातिवाद इत्यादि मध्ये कुनै विषयमा क्षमा मागिएको वा बदलाव आएको छैन, जुन विषयहरू प्लान्ड प्यारेन्टहुडको जन्मको दर्शनमा आधारित छ । प्लान्ड प्यारेन्टहुडका लागि काम गर्ने कतिपय चर्चित अल्पसङ्ख्यक अगुवाहरूले पनि यसको गुण वा दर्शनलाई परिवर्तन गरेका छैनन् ।

गर्भपतनको अधिकारलाई समर्थन गर्ने सबै जातिवादीहरू हुन् र जीवनको पक्षमा रहेकाहरू कोही पनि जातिवादी होइनन् भन्ने मान्यता म राख्दिनँ । नियत के हो भन्ने कुरालाई पर राखेर मलाई यो लाग्छ कि गर्भपतन अभियानको विगत र वर्तमानको रणनीतिलाई नजिकबाट नियाल्दा यसले यो जनाउँछ कि अल्पसङ्ख्यकहरू वर्गीय हिसाबले बराबरी आउन सक्छन् भनेर अल्पसङ्ख्यकहरूको गर्भपतन गराइएको भन्दा पनि गोराहरूको सर्वोच्चता कायम रहिरहोस् भन्नाका खातिर तिनीहरूको गर्भपतन गराइएको छ ।

## आजका गर्भपतन र महिला अधिकार

स्याङ्गरको सुरुमा लक्ष्य “अनिच्छित बालबालिकाहरूको भारबिना असीमित यौन आनन्द तथा सन्तुष्टि” लाई बढावा दिने भनेर बताइएको थियो ।[३०]

होलोकोस्ट (आमनरसंहार) को घटनापछि असल जाति छनौट अभियान (जसको एक भाग गर्भपतन पनि थियो) मन पराइएन । स्याङ्गरको संस्था भूमिगत भयो अनि पछि प्लान्ड प्यारेन्टहुड फेडरेसनको रूपमा देखा पऱ्यो ।[३१]

भूतपूर्व गर्भपतनकारी डा. बर्नाड नाथान्सनले १९६० को दशकमा बताए कि उनी र उनका सहकर्मीहरूले गर्भपतन-अधिकारको रणनीति अन्तर्गत गर्भपतनलाई जानीबुझी महिला अधिकारको विषयसँग जोडे ताकि पछि यो आफ्नै फाइदाको लागि नदेखिएर महिलाको अधिकारको फाइदाको विषय देखियोस् ।[३२]

एउटी महिलावादीले यसको विरोध गर्दै भनिन् कि महिलावाद र गर्भपतनलाई एकै ठाउँ जोडिनुचाहिँ "आतङ्कवादी महिलावाद"को रूपमा आउनु हो । उनको भनाइअनुसार यसले महिलाहरूलाई "आफूले विश्वास गरेको कारणमा अरूलाई मार्ने इच्छा" मा धकेल्छ ।[३३]

फेमिनिस्ट फर लाइफले आफ्नो प्रकाशन द अमेरिकन फेमिनिस्टमा एउटा बालबालिकाको सुन्दर अनुहार राखेको थियो अनि सोधेको थियो, "के यो शत्रुको अनुहार हो ?" दुई सय वर्ष यतादेखि जीवनको पक्षमा महिलावादी अभियानको इतिहास रहेकोमा सन् १९७० को दशकमा आएर एउटा ठूलो महिलावादी अभियानले गर्भपतन अङ्गालेकोमा उनीहरूले बिमति जनाए ।[३४]

विगतमा लिएको सर्वेक्षणमा नजन्मिएको बालकमा जीवनको अधिकार हुन्छ भन्ने पक्षमा पुरुषहरूभन्दा महिलाहरू नै धेरै थिए ।[३५] एउटा समयमा "अमेरिका (र अन्य देशहरूमा) गर्भपतनको पक्षमा रहेका धेरै मानिसहरूको सूचीमा बीस वर्षदेखि पैंतालीस वर्षसम्मका गोराहरू थिए ।"[३६] अझ विशेष रूपमा "गर्भपतनको पक्षमा निरन्तर बोल्नेहरू धेरै अविवाहित पुरुषहरू थिए ।"[३७]

यो दुःखदायी कुरा हो कि यो अब महिला अधिकारको विषयको रूपमा मोडियो जबकि यसले पुरुषहरूलाई महिलाहरू तथा बालबालिकाहरूको वास्ता गर्ने कुरामा गैह्रजिम्मेवार तथा असफल बन्न प्रोत्साहन दिन्छ । के आफ्ना बालबालिकाहरू मार्न पैसा उपलब्ध गराउनको लागि मात्रै

पुरुषहरूलाई गुहार्ने ? बरु तिनीहरू महिलालाई यसो भन्न प्रोत्साहित हुनुपर्ने हो कि हामीले गर्भवती बनायौं, “म हाम्रो बालबालिकाको वास्ता राख्नेछु । उनको लागि म यथासक्दो सबै गर्नेछु । तिमीलाई खाँचो परेको जुनसुकै बेलामा पनि म त्यहाँ हुनेछु ।”

## महिला लैं□क छनोट विरोधी

गर्भपतनको पक्षमा पैरवी गर्नाले महिलावादीहरूले भोग्नुपर्ने एउटा नियति यो हो कि यसले महिलाहरूको सबभन्दा आधारभूत अधिकार- अर्थात् बाँच्न पाउने अधिकारलाई हरण गरिरहेको छ । डिसेम्बर २०११ मा एबीसी न्यूजमा प्रसारित भएको समाचारअनुसार छोराहरू जन्माउनको लागि महिलाहरूलाई दिइएको दबाब स्वरूप भारतमा मात्रै प्रत्येक महिना पचास हजारभन्दा बढी बालिकाहरू गर्भपतन गराइन्छन्, यसरी वर्षमा दस लाखभन्दा बढीको सङ्ख्यामा बालिकाहरू गर्भपतन गराइन्छन् ।[३८] यसको नतिजा स्वरूप भारतमा महिलाहरूको दाँजोमा पुरुषहरूको जनसङ्ख्या चार करोडभन्दा बढी पुगेको छ । लिङ्ग छनौट गर्नको लागि अल्ट्रासाउण्डको प्रयोग गैह्रकानुनी भए पनि भूमिगत रूपमा अल्ट्रासाउण्ड गराउने क्लिनिकहरूले यो कार्य गरिरहेका छन् ।[३९]

अमेरिकामा भारतीय आप्रवासीहरूको बीचमा काम गर्ने डा. सुनिता पुरीले मानिसहरू किन गर्भमा रहेको बालबालिकाको बारेमा जान्न चाहन्छन् भन्ने सम्बन्धमा बुझ्ने इच्छा गरेकी थिइन् । उनले गरेको एउटा सर्वेक्षण अन्तर्गत पैसठ्ठी जनाको अन्तर्वार्ता लिँदा उनले यस्तो पत्ता लगाइन्, “गर्भमा बालिका रहेका ८९ प्रतिशत महिलाहरूले गर्भपतन गराउन चाहेका थिए अनि करिब आधा जतिले पहिले नै गर्भमा रहेको बालिका गर्भपतन गराएका थिए ।” अर्को अचम्मित पार्ने कुराचाहिँ बालिकाहरूको गर्भपतन गराउने कुरा गर्भवती महिलाको “चाहनामा” निर्भर थिएन, तर प्रायः “तिनीहरूको गर्भपतन गराउन” परिवारमा हिंसात्मक कार्यहरू पनि हुनेगर्थ्यो ।[४०]

नेसनल एकेडेमी अफ साइन्सेजले प्रस्तुत गरेको एउटा कार्यपत्रमा भनिएअनुसार चीन र भारतमा मात्रै करिब ८ करोड बालिकाहरूको

गर्भपतन गराइएको छ ।[४१] एसियाका अन्य देशमा पनि अल्ट्रासाउण्डको प्रयोग गरी लिङ्ग पत्ता लगाएर यस्तै लैङ्गिक (बालिका) हत्या गरिने कार्य भइरहेको छ ।[४२]

## लैं□क छनौटको आधारमा विश्वव्यापी गर्भपतन

जनवरी २०१२ मा बेलायतको द टेलिग्राफले दिएको प्रतिवेदनमा उक्त देशमा गर्भमा जुम्ल्याहा वा तिम्ल्याहा भएका महिलाहरूले गर्भमा रहेको एउटा मात्रै बालबालिका राखेर अर्को वा अरूलाई "छानेर घटाउने" कार्यमा गर्भपतन गराइरहेका छन् ।[४३] त्यही समयमा नेसनल हेल्थ सर्विस (NHS) ले चेतावनी दिएको छ कि यसरी "घटाउने कार्यमा" गर्भवती महिलाले जीवित राख्न "चाहेको" एउटा बालबालिका खतरामा हुन्छ ।

उनीहरूको बालबालिका सुस्त मनस्थितिको स्थितिमा पुग्नुअघि नै "छानेर भ्रूण घटाउने कार्यमा" रहेको "शारीरिक जोखिम तथा मानसिक प्रतिफलहरूको बारेमा" आमाहरूलाई खबर दिइनुपर्छ ।

जुन आमाहरूले गर्भमा रहेका जुम्ल्याहा वा तिम्ल्याहाहरूमध्येबाट एउटा गर्भमै राखी बाँकीलाई गर्भपतन गराएका थिए, तिनीहरूमध्ये धेरैबाट यो चेतावनीहरू आइरहेको छ कि यसरी छनौट गरेर बाँकी राखिएको बालबालिका अशक्त जन्मिन्छ ।[४४]

(उही दिनमा प्रकासित भएको) तेस्रो समाचारलाई हेर्दा: कतिपय अनुसन्धानकर्ताहरूले बालबालिकाहरू हटाउने अनुसन्धान कार्य जारी राख्दैगर्दा जर्मनी र इस्राएलका वैज्ञानिकहरूले ल्याबमा कसरी वीर्य वृद्धि गर्न सकिन्छ भनेर सिक्दैछन् ताकि भविष्यमा पुरुषहरूले पिताको जिम्मेवारी निर्वाह नगरेमा चाहेको बालबालिका पैदा गर्न सकियोस् ।[४५] त्यसपछि सानो व्यक्तिको एउटै बाँकी रहने विकल्पचाहिँ समाज, डाक्टर र अभिभावकहरूले चाहेमा ऊ जिउन सक्छ, नचाहेमा मर्छ ।

डिसेम्बर २०११ मा सङ्युक्त राष्ट्र संघले प्रस्तुत गरेको एउटा पारिवारिक प्रतिवेदनअनुसार आरमेनियाका महिलाहरूले ६ जना बालकको सट्टा १ जना बालिका जन्माउने इच्छामा धेरै गर्भपतन

गराइरहेका छन् । उक्त प्रतिवेदनले बताएको छ, "यसको अर्थ आरमेनियाले प्रत्येक वर्ष करिब १४०० भविष्यका आमाहरूलाई गुमाइरहेको छ ।"[४६]

चीनको जनसङ्ख्यासम्बन्धी विशेषज्ञ डा. स्टेफन मोसेरले अमेरिकामा जन्मेका चिनियाँ, कोरियाली र एसियाली-भारतीय मूलका अभिभावकहरूमा "छोरो छान्ने लैङ्गिक विचार" रहेको पत्ता लगाए। तिनीहरूका जन्मेका बालबालिकाहरूको अनुपात हेर्दा १५१ जना छोराहरू जन्मेका हुन्छन् भने जम्मा १०० जना मात्र छोरीहरू जीवित जन्मन्छन् ।[४७]

विश्वभरि नै गर्भपतन नचाहेका बालिकाहरू हटाउने एउटा माध्यम बनेको छ तर यो नौलो भने होइन । सन् १९८९ मा भारतका दर्जनौं गाउँहरूमा लिइएको एउटा सर्वेक्षणले डरलाग्दो तथ्याङ्क देखाएको छः दश हजारको जनसङ्ख्यामा केटीहरूको जनसङ्ख्या जम्मा ५० जना थियो ।[४८] अरू हजारौं बालिका गर्भपतनद्वारा मारिए । मुम्बईमा आठ हजार एम्निओसेन्टेसिस जाँचले गर्भमा बालिका रहेको जनाएको थियो तर तीमध्ये एक बालिका गर्भपतनद्वारा मारिइन् ।[४९]

लिङ्ग छनौट गरेर गर्भपतन गरिएको कारणले अहिले चीनमा दुई तिहाई बालबालिकाहरू बालकहरू (केटाहरू) छन् । गाउँहरूमा केटाहरूको सङ्ख्या चारजनाको अनुपातमा केटीहरूको सङ्ख्या एकजना छ ।[५०] एउटा समाचार प्रतिवेदनमा उल्लेख गरिएको छ कि चीनमा बीस वर्षमुनिको जनसङ्ख्यामा केटाहरूको जनसङ्ख्या केटीहरूको भन्दा तीन करोड बीस लाखले बढी छ । किन ? गर्भपतनले गर्दा केटीहरूलाई भन्दा बढी केटाहरूलाई बाँच्नको लागि छान्ने काम भयो । अमेरिकामा लिङ्ग पत्ता लगाउनको लागि गर्भमा रहेको तरल पदार्थको केही मात्रा (एम्नियोसेन्टेसिस) पनि प्रयोग गरिन्छ । १९७५ को सुरुमा मेडिकल वर्ल्ड न्यूजले एउटा अध्ययन प्रतिवेदन प्रस्तुत गर्‍यो, जसमा ९९ जना आमाहरूलाई तिनीहरूको गर्भमा रहेको बालबालिकाहरूको लिङ्गको बारेमा जानकारी गराइयो । नजन्मिएका ती बालबालिकाहरूमा त्रिपन्नजना बालकहरू थिए अनि छयालीसजना

बालिकाहरू थिए । तीमध्ये एक आमाले आफ्नो छोरोको गर्भपतन गराउन चाहिन् भने उन्नतीसजना आमाहरूले आफ्नी छोरीहरूको गर्भपतन गराउन छनौट गरे ।[५१] मैले हेरेका हरेक प्रतिवेदनले यो देखाएको छ कि जब अभिभावकहरूलाई तिनीहरूको गर्भमा रहेको लिङ्ग थाहा हुन्छ, तब तिनीहरूले बालकभन्दा बढी बालिकाहरूको गर्भपतन गराउन खोज्छन् ।

नजन्मिएका स्त्री जातिको लक्षित हत्याप्रति गर्भपतनका पक्षधर महिलावादीहरूले कसरी प्रतिक्रिया जनाउँछन् ? बायोएथिक नामक जर्नलका अनुसार, "कुनै प्रविधिको प्रयोगमा रोक लगाउनुचाहिँ एउटी महिलाको प्रजनन् छनौटमाथिको निषेध हो र सन्तान उत्पादन गर्ने उनको व्यक्तिगत अधिकारमाथिको हिंसा हो ।"[५२]

भविष्यमा जन्मिने महिलाहरूको प्रभावको बारेमा कसैले चासो राखेको देखिँदैन, संसारका धेरै देशहरूमा महिलाहरूको भन्दा पुरुषहरूको सङ्ख्या धेरै भएपछि महिलाहरू तल पर्नेछन् भन्ने कुरामा सरोकार राखेको देखिँदैन ।

नजन्मिएको बालिकालाई मार्नुचाहिँ एक युवतीलाई मार्नु हो । नजन्मेका स्त्री जातिहरूको बराबरको अधिकार नहुन्जेल अरू सबै स्त्रीहरूको पनि बराबरको अधिकार स्थापित हुन सक्दैन ।

अध्याय ९

# के हामीसित हाम्रो शरीरमा के गर्ने वा नगर्ने भन्ने कुराको अधिकार छ ?

गर्भपतनका पक्षधरहरू भन्छन्, "हरेक महिलामा आफ्नो शरीरमा के गर्ने वा नगर्ने भन्ने कुराको अधिकार हुन्छ ।" दुःख लाग्ने कुरा गर्भपतनको छनौटले गर्दा अमेरिकामा प्रत्येक वर्ष ६५०,००० स्त्रीहरूसित आफ्नो शरीरमा के गर्ने वा नगर्ने भन्ने अधिकार छैन । (यो सङ्ख्या गर्भपतन भएका बालबालिकाहरूको आधा सङ्ख्या हो, अर्को आधा जति सङ्ख्याचाहिँ बालकहरू रहेको र बालिकाहरूको गर्भपतन बालकहरूको भन्दा बढी गराइने भएकोले यो सङ्ख्या अनुमान गरिएको हो ।)

तथ्य यही हो कि गर्भपतनद्वारा मारिएका स्त्रीहरूमा आफ्नो शरीर र जीवनको सम्बन्धमा कुनै छनौट छैन । यी सबै कुराहरू वयस्कहरूद्वारा उनीबाट छिनिएको छ ।

मानिसले आफ्नो शरीरसित जे चाहन्छ, त्यही गर्न सक्ने तथ्य हुँदाहुँदै पनि कानुनी रूपमा उसले आफैंलाई जस्तो मन लाग्यो, त्यस्तो देखाउन सक्दैन । मानिसले आफ्नो शरीरसित जे गर्न चाहे, त्यही गर्ने उसको छनौट भए पनि सार्वजनिक रूपमा जथाभावी पिसाब, दिसा गर्ने, वेश्यावृत्ति गर्ने, ड्रग्स प्रयोग गर्ने वा अन्य गलत कार्य गर्न उसलाई कानुनी छुट हुँदैन । हामीमध्ये धेरै यी कानुनहरूसित सहमत हुन्छौं, यो कसैको व्यक्तिगत स्वतन्त्रताको विषय भए पनि यी कुराहरूले अरूको व्यक्ति स्वतन्त्रतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पुऱ्याउँछ ।

मेरो हात मेरो शरीरको एउटा हिस्सा हो तर तपाईंलाई पिट्न, चोर्न वा तपाईंको बालबालिका वा मेरो बालबालिकालाई चोट पुऱ्याउन म स्वतन्त्र छैन । मेरो शरीरसित मैले जे गर्न चाहे, त्यो गर्नदेखि रोक्ने

कानुन प्रावधानसँग के तपाईं खुसी हुनुहुन्न ?

## छान्ने अधिकार

सार्वजनिक विद्यालय वा क्याम्पसहरूमा जीवनको पक्षमा आफ्नो भनाइ राख्ने क्रममा कहिलेकाहीँ म यसो भनेर सुरु गर्छु, "म छनौट गर्न पाउने कुराको पक्षधर हुँ ।" तत्कालै विद्यार्थीहरू सहज महसुस गर्छन् । कतिपय अवस्थामा तिनीहरू सहमतिको ताली बजाउँछन् । त्यसपछि म थप भन्छु, "म छनौटको पक्षधर भएकोले हरेक पुरुषले चाहेमा एउटी महिलालाई बलात्कार गर्न सक्छ भन्ने म विश्वास गर्छु । जे भए पनि यो उसको आफ्नै शरीर हो उसले आफ्नो शरीरसित के गर्न हुन्छ र के गर्नुहुँदैन भन्ने अधिकार हामीसित छैन ।"

यस्तो अप्रत्याशित विचार राखेपछि मेरो विचारमा रहेको त्रुटिहरूको बारेमा म सोध्छु । तिनीहरूले यो कुरा औंल्याए कि पुरुषको छान्ने अधिकारको पक्षमा बोल्दा एक निर्दोष महिलासित भएको हिंसाको कारण उनको अधिकार हनन भएको कुराको मैले बेवास्ता गरें ।

मैले भनें, "के त्यसो भए तपाईंहरू छनौटका विपक्षीहरू हुनुहुन्छ भन्न खोज्नुभएको हो ?"

कतिपय छनौटहरूचाहिँ गैह्रकानुनी हुनुपर्छ भन्ने तिनीहरूले विचार राखेपछि मैले सोधें, "त्यसो भए कतिपय छनौटहरूको निम्ति तपाईंहरू छनौटको पक्षमा हुनुहुन्छ अनि कतिपय छनौटहरूको निम्ति विपक्षमा हुनुहुन्छ । अनि सबै कुरा कस्तो छनौट हो र यसले निर्दोषलाई हानि पुऱ्याउँछ कि पुऱ्याउँदैन भन्ने कुरामा निर्भर हुन्छ ?"

'हो' भन्दै तिनीहरू सहमत भए ।

मैले प्रतिक्रिया जनाएँ, "तपाईंहरू यसो भन्नुहुन्छ भने मैले यो देखाएँ कि एउटी महिलाले गर्भपतन गराउने छनौट गर्दा अर्को एक मानव प्राणीलाई हानि पुऱ्याउँछ वा मार्छ भने तपाईंहरू गर्भपतनको बारेमा छनौटको पक्षमा रहनुहुन्न ?"

मैले विश्वास गरें कि तिनीहरूले राम्रोसित सुनेको कुरामा आफ्नो स्वविवेक चलाउँछन्- तर गर्भपतनको सम्बन्धमा तिनीहरू असफल भए ।

कुनै एक छनौटलाई विशेष छनौट मानेर त्यसको प्रतिरक्षा गर्नु बेठीक हुन्छ । अहिलेसम्म गरिएका सबै दुष्ट कुराहरू कुनै अर्को व्यक्तिको छनौटको कारण भएको हो । अनि हरेक असल कार्य कसैले गर्छ भने यो पनि उसको छनौटले गरेको हो । कुनै कुराको छनौटले हामीलाई बताएको एउटै कुरा यही हो कि चाहौं वा नचाहौं यो कानुनी हुनुपर्छ ।

एकदम सुनिने "छनौटको अधिकार" ले एउटा कुरालाई विशेष रूपमा वेवास्ता गर्छः सबै छनौटहरू कानुनी हुँदैनन् अनि छनौट वा छनौटको विपक्षमा सबै एकमत छैनन् ।

## छानेर छनौटको पक्षमा

म स्वीकार गर्छु कि मलाई छनौटको-पक्षमा भन्ने शब्द मन पर्दैन । हाम्रो संस्कारमा यो शब्द चलेको कारणले मात्र मैले यो प्रयोग गरेको हुँ । तर यो शब्द झुक्याउने खालको छ ।

जब कोही वातावरणको पक्षधर, व्यापारको पक्षधर, गाँजाको पक्षधर भन्ने कुरा गर्छौं भने त्यसले कुनै अर्थ दिन्छ । तर हामीले वातावरण, व्यापार, गाँजा भन्ने शब्द प्रयोग गरेनौं भने के हुन्छ ? होइन, हामी यसलाई छनौटको पक्षमा मात्रै भन्नुपर्छ ।

तर छनौट वातावरण, व्यापार वा गाँजाको पर्यायवाची शब्द हुन सक्दैन । छनौटको-पक्षमा भन्ने शब्दले हामीले कुराकानी गरिहेको विषयवस्तु बुझ्न गाह्रो बनाउँछ किनकि यसले "कुन छनौटको-पक्षमा हो ?" भन्ने सम्बन्धमा व्याख्या गरिनुपर्छ । हाम्रो ध्यान "छनौटको अधिकारको सम्बन्धमा" भयो भने यसले हाम्रो विषयवस्तुलाई अन्यत्रै मोड्छ ।

गर्भपतनको-पक्षमा भन्ने शब्दले कसैले गर्भपतन गराउने छनौट गर्छ भन्ने अर्थ बताउँछ भने त्यो ठीकै हो । तिनीहरूले यी दुईमध्ये एउटा छान्छन् भन्ने होइन तर तिनीहरू गर्भपतनलाई कानुनी मान्यता दिइनुपर्छ भन्ने पक्षमा हुन्छन् । हामी सहमत भए पनि वा नभए पनि कमसेकम प्रयोग गरिएको शब्दले हामीले के विषयमा कुरा गर्दैछौं भन्ने

बताउँछ ।

छनौटको-पक्षमा भन्ने शब्दले कसैले कुनै कुरा छनौट गर्ने विचार गर्छ भने त्यो ठीकै हो भनी बताउँछ । हो, ठीकै छ । तर त्यसले के अर्थ दिन्छ ?

जब कहाँ बस्ने, कस्तो कार चलाउने, कुन खाना खाने लगायत अन्य हजारौं व्यक्तिगत चासोका कुराहरूमा हामी छनौटका पक्षधरहरू हौं । त्यसैगरी हामी धर्म, राजनीति, जीवनशैली, मान्यता र व्यवहार इत्यादि कुराहरूमा पनि हामी छनौटका पक्षधर हौं । वास्तवमा मेरो जीवनका धेरै कुराहरूमा म छनौटको पक्षधर हुँ जबकि कतिपय अवस्थामा म अरूको छनौटमा सहमत हुन्न । अरूको छनौटको बारेमा व्याख्या गर्न मलाई कुनै चासो छैन नता मेरो कुरा कसैले व्याख्या गरेको म चाहन्छु ।

तर कुरा यहीँ सकिंदैन तर धेरै कुराहरूमा हामी छनौटको पक्षधर होइनौं- तपाईंलाई बेइज्जत गर्ने, तपाईंको घर फोर्ने, कार चोर्ने वा व्यापारमा चोरी गर्न दिने कुराको छनौट गर्ने अनुमति अरू कसैलाई दिनुहुन्न ।

अवश्य पनि यो कुरा आफैंमा प्रमाणित भएको छ कि मानिसहरूले यी छनौटहरू गर्न सक्छन् । तर यसको अर्थ तिनीहरूमा यो कार्य गर्ने अधिकार पनि छ भन्ने होइन ।

कसैले यसो भन्यो भने तपाईं के विचार गर्नुहुन्छ, “म तपाईंलाई लुट्दिनँ तर म लुटपाटको-पक्षमा छु ।”

हो, लुटपाटको पक्षमा रहनेहरू गलत छन् भनेर मात्रै पुग्दैन तर नैतिक धरातललाई बिगार्ने कुरामा तिनीहरूलाई छनौटको पक्षधर भन्ने शब्दावली समेत प्रयोग गर्न दिन मिल्दैन । हामीले भन्नेछौं, “छनौटको पक्षधर भन्ने कुरा गर्न छोड - विषयवस्तु लुटपाटको हो ! तिमी छनौटका पक्षधर होइनौ तर तिमी लुटपाटका पक्षधर हौ !”

## छनौटको पक्षधर कि गर्भपतनको पक्षधर

छनौटका पक्षधर मानिसहरूसित कुराकानी गर्दा कहिलेकाहीं

जानीजानी म उनीहरूसित गर्भपतनका पक्षधर भन्ने शब्द प्रयोग गर्छु । तर तिनीहरूले तत्कालै यसको विरुद्धमा प्रतिक्रिया जनाउँछन्, कहिलकाहीं त आक्रामक प्रकारले प्रतिरक्षा गर्छन् । उनीहरू भन्छन्, "म गर्भपतनको पक्षधर होइन तर म छनौटको पक्षधर हुँ !" तिनीहरू लज्जित महसुस गर्छन् । त्यसपछि म सोध्छु, "गर्भपतनमा त्यस्तो के नराम्रो छ र तपाईंले आफैंलाई गर्भपतनको पक्षधर भन्न रुचाउनुहुन्न ?"

उत्तर यही हो कि छनौट भन्ने शब्दले विषयवस्तुलाई परिवर्तन गरिदिन्छ तर गर्भपतन भन्ने शब्दले विषयवस्तुलाई त्यसमै केन्द्रित गर्छ । पुरानो शब्दावली गर्भपतन-विरोधी र गर्भपतन-पक्षधर नै अहिलेको शब्दावली जीवनको पक्षधर र छनौटको पक्षधरभन्दा प्रष्ट थियो । धेरै मानिसहरूले जीवनको पक्षमा भन्ने शब्दलाई मृत्युदण्ड पाएकाहरू वा युद्धमा वा जन्मिसकेका विशेष समूहको बचावको निम्ति प्रयोग गरिरहेका छन् । कतिपयले आफैंलाई "जीवनको पक्षधर" भन्छन् तर वास्तवमा तिनीहरू गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भन्ने मान्यता राख्छन्, अत्याचारमा परेका र जोखिममा रहेका मानिसहरूको न्यायको पक्षमा वकालत गरेको भनेर घमण्ड गर्छन् तर नजन्मिएका बालबालिकाहरूको अधिकारलाई बेवास्ता गर्छन् ।

छनौटको-पक्षमा भन्ने शब्द एकदमै खराब शब्द हो, यसले गर्भपतनको विषयवस्तुलाई यसबाट टाढा लैजान्छ । यो शब्दले नैतिक धरातल लिन खोज्छ, मानौं मानिसहरूको "अधिकार" खोस्नु बर्बरता हो भन्ने यसले देखाउँछ तर नजन्मिएका र गर्भमा रहेका बालबालिकाहरूको निर्दोषहरूको हत्या गर्नु आफैंमा बर्बरता हो ।

गर्भपतन भन्ने शब्द प्रयोग नगर्दा दुवै शब्दावलीहरूले- नजन्मिएको बालबालिकाको जिउन पाउने अधिकारको बारेमा बताउँछ ।

प्रोपोगान्डाको हिसाबले हेर्ने हो भने मैले यो कुरा स्वीकार गर्नैपर्छ कि गर्भपतनका-पक्षधरहरूले भाषाको प्रयोगको क्षेत्रमा जित हासिल गरेका छन् । गर्भपतन भन्ने शब्दको साटो छनौट भन्ने शब्द प्रयोग गरियो, जसले गर्भपतनमा रहेको डरलाग्दो चित्रणलाई छोप्यो ।

गर्भपतनको विपक्षमा बोल्नु भनेको छनौटको विपक्षमा बोल्नुजस्तो भएको छ ।

जीवनका-पक्षधरहरू कहिल्यै पनि छनौटको विपक्षमा बोल्दैनन् - यो लडाइँमा कहिल्यै जित्न सकिँदैन अनि जित्न सके पनि यसको विरुद्धमा लड्नु पनि हुँदैन । बरु हामीले वास्तविक विषयवस्तु- गर्भपतनको विरुद्धमा मतभेद जाहेर गर्नुपर्छ ।

जब हामीले "छनौटको-पक्षधर" भन्ने सुन्छौं, तब हामीले सोध्नुपर्छ, "हामीले कुरा गरेको छनौटचाहिँ केको सम्बन्धमा हो ?"

यो गर्भपतनको सम्बन्धमा हो भने हामीले सोध्नुपर्ने प्रश्न, "के तपाईंलाई लाग्छ, मानिसहरूमा बालबालिकाहरू मार्ने अधिकार हुनुपर्छ ?" गर्भपतनको विरोध गरेर हामीले सामान्य कुरामा छनौट गर्ने मानिसहरूको अधिकारलाई विरोध गरेको होइनौं । हामीले एउटा विशेष छनौटको विरोध गरेका हौं- त्यो हो, बाल हत्या ।

छनौट-पक्षधरको एउटा प्रश्नलाई विचार गर्नुहोस्, जुन मैले गाडीको बम्परमा राखिएको स्टिकरमा देखेको थिएँ "छनौट गर्ने कुरामा तपाईंले ममाथि भरोसा राख्न सक्नुहुन्न भने एउटा बालबालिकाको लागि कसरी तपाईंले ममाथि भरोसा राख्न सक्नुहुनेछ ?" यसले छलफललाई रोक्न चाहेको देखिन्छ । तर ध्यान दिनुपर्ने कुराः छनौट कसरी गर्भपतनको साटोमा प्रयोग गरिएको छ । जब हामीले कुनै शब्द प्रयोग गर्छौं, तब त्यसले वास्तविकता प्रतिबिम्बित गर्छ, आएको प्रश्न, "एउटा बालबालिका मार्ने कुरामा छनौट गर्न तपाईं मलाई विश्वास गर्नुहुन्न भने कसरी बालबालिका हुर्काउने कुरामा तपाईं ममाथि विश्वास गर्नुहुन्छ ?" ... के भन्न खोजेको ?

जब हामी बलात्कार "छनौट गर्ने अधिकार" वा गर्भपतन "छनौट गर्ने अधिकार" को विपक्षमा हुन्छौं, तब हामी मानिसको सामान्य अधिकारको विपक्षमा भएका हुँदैनौं । तर हामी गलत कुराको विपक्षमा हुन्छौं । अनि हामी संकिर्ण सोचका वा कट्टरपन्थी होइनौं ।

## नागरिक अधिकारको विषय

मार्टिन लुथर किङ जुनियरले भनेका शब्दहरू पोल्याण्डको जस्टिस सेन्टरमा राखिएको छ, "कतै भएको अन्यायलाई जताततै भएको न्यायसित डर हुन्छ ।" जन्मिसकेको बालकलाई मानिसहरूले मारेको घटना समाचारमा आउँदा सबैलाई दुःख लाग्छ। तर गर्भपतनको मानसिकता भएकाहरूको निम्ति यो एउटा अर्को तार्किक क्षेत्र लाग्छ । कुनै अभिभावकलाई ऊ जन्मिनुभन्दा छ महिनाअघि मार्ने अधिकार छ भने छ महिनापछि मार्ने अधिकार किन छैन ? अभिभावकहरू उही हुन् । बालबालिका उही हो । आकार तथा उमेरबाहेक अरू के कुरा फरक छ र ?

जसरी हामी दास प्रथाको विरोध गर्छौं, त्यसरी नै हामीले गर्भपतनको विरोध गर्छौं- किनकि यसले आधारभूत मानव अधिकारको हनन गर्छ। कसैको जीवन हरण गर्नको निम्ति परमेश्वरले कसैलाई अधिकार दिनुभएको छैन तर परमेश्वरले जिउनको लागि अधिकार दिनुभएको छ । कसलाई जिउने अधिकार छ र कसलाई जिउने अधिकार छैन भनी कसैले निर्णय गर्न लाग्दा यसले के नतिजा ल्याउँछ भन्ने कुरा जर्मनीमा रहेको नाजीहरूको क्याम्पले साक्षी दिइसकेको छ। तीवीचको हस्ताक्षरमा भनिएको छ, "अब कहिल्यै पनि हुनेछैन ।"

सबै मानिसहरू जन्मँदा मात्रै "एकै प्रकारले जन्मेका होइनन्" तर "एकै प्रकारले सृष्टि भएका हुन् ।" एउटा व्यक्ति बन्नको निम्ति तपाईं बोल्ने वा हिँड्ने मात्र हुनु आवश्यक छैन ।

अवश्य नै, कुनै पनि दुईजना मानिस बराबर हुन् र तिनीहरूको अधिकार बराबर हुन्छ। आमाको बाँच्ने जति अधिकार हुन्छ, बच्चाको पनि त्यत्तिकै अधिकार हुन्छ। तर प्रायः गर्भपतनमा आमाको मात्रै बाँच्ने अधिकार हुन्छ किनकि उनको जीवन खतरामा हुँदैन ।

कुनै निश्चित जीवनशैली कहिल्यै पनि ठीक र निःसर्त हुँदैन । यसले अरूमा पार्ने प्रभावको कारण यसलाई व्यवस्थित गरिएको हुन्छ । प्लान्ड प्यारेन्टहुडले बताउँछ, "विद्यालय निरन्तरता दिने वा काममा निरन्तरता दिने कुराचाहिँ महिलाले योजना नगरिएको गर्भपतन

गराउन सक्ने साझा कारण हो ।"[१]

विद्यालय पूरा गर्नु वा कामलाई निरन्तरता दिने कुराचाहिँ चाहनाको योग्य विषय भएको छ । तर महिलाले गर्भवती अवस्थामा नै सामान्य रूपमा विद्यालय जान र काममा जान सक्छन् । उनले बालबालिकालाई गर्भपतन गराइन् भने उनले आफ्नो विद्यालय र काम त्याग्नुनपर्ला । तर उनले आफ्नो बालबालिका आफैं हुर्काउने छनौट गरेमा, काम गर्ने ठाउँ टाढा छ भने शिशु स्याहार केन्द्रहरू पनि छन् । कुनै महिलाले आफ्नो बालबालिका अस्पताल वा अन्य कुनै निकायमा गोप्य रूपले दिन चाहेमा त्यसको पनि कानुनी व्यवस्था छ ।[२]

चुनौतिहरू भए पनि एउटा व्यक्तिको जीवनशैलीको अधिकार अर्को व्यक्तिको बाँच्न पाउने अधिकार (जीवन) भन्दा ठूलो हुन सक्दैन ।

## पीडितको छनौटको बारेमा के ?

एउटी महिलाले औंल्याइन्, "एउटी महिला गर्भवती भएपछि आमा बन्न चाहेको हो कि होइन, तिनले छनौट गर्न सक्दिनन् । उनी गर्भवती भइसकेकी हुन्छिन् ... उनले छनौट गर्न सक्नेचाहिँ आफ्नो बच्चालाई जीवित जन्म दिने कि मृत जन्मन दिने भन्ने मात्रै हो ।"[३]

दासका मालिकहरू छनौटका-पक्षधर थिए । दासत्वलाई उचित ठहऱ्याउन तिनीहरूले भौतिक भिन्नताहरूको कुरामा जोड दिन्थे । तिनीहरू भन्थे, "तिमीहरूले दास नराख तर अर्काले दास राख्न पाउँछ कि पाउँदैन, सो तिमीहरूले नभन ।" जो जसले दास राख्न पाउने कुरामा कानुनी मान्यता चाहन्थे तिनीहरूले अरूलाई छनौटका विरोधी, स्वतन्त्रता विरोधी र अरूमाथि गैह्र-दासत्व नैतिकता थोपर्ने भनी आरोप लगाउँथे ।[४] जीवनका पक्षधरहरूले निरन्तर सुन्दै आइरहेको भाषा यही हो ।

अत्याचार तथा दुर्व्यवहारका हरेक अभियान- दासप्रथादेखि वेश्यावृत्ति, लागूऔषध कारोबार र गर्भपतनसम्म- आफैंलाई छनौटका पक्षधर भनेर लेवल लगाएका छन् । त्यसरी नै करुणा र छुटकारा उपलब्ध गराउने तिनीहरूका विरोधी अभियानकर्ताहरूलाई तिनीहरूले

"छनौट-विरोधीहरू" भनी लेवल लगाएका छन् ।

पीडितको छनौट गर्ने अधिकारलाई बेवास्ता गरेको कारण छनौट-पक्षधरको छवि खराब छ ।

काला जातिहरूले दासत्व छानेका थिएनन् ।

यहूदीहरूले आगोको भट्टीमा जान छनौट गरेका थिएनन् ।

महिलाहरूले आफू बलात्कृत हुन छनौट गर्दैनन् ।

बालबालिकाहरूले आफू गर्भपतन गराइने छनौट गर्दैनन् ।

## अध्याय १०

# के हाम्रो "गोपनीयताको अधिकार" मा गर्भपतन पर्छ ?

हामी सबैले यसो भनेको सुनेका छौं, "गर्भपतन अरू कसैको सरोकारको विषय होइन । हरेकसित निजी जीवनको अधिकार छ ।"

यो चल्तीको मान्यताविपरीत अमेरिकी संविधानले निजी जीवनको अधिकारको सम्बन्धमा केही बोलेको छैन । अवश्य पनि हामी सबैमा निजी जीवनको सम्बन्धमा सामान्य अधिकार हुन्छ । तर निजी जीवनको सम्बन्धमा पूर्ण अधिकार पनि कहिल्यै हुँदैन । यसलाई सधैँ त्योभन्दा माथिल्लो अधिकारले व्यवस्थापन गरेको हुन्छ, जो यसमा मिल्दैन ।

आफ्नो पत्नीलाई यसो भनेर कुटिरहने मानिसको बारेमा हामीले के विचार गर्छौं, "मेरो निजी जीवनमा म जेसुकै गरौं, यो कसैको मतलबको कुरा होइन ?" अथवा यसो भन्ने मानिसको बारेमा, "मैले मेरो निजी कोठाभित्र मेरो बालबालिकालाई पिट्न चाहें वा यौन दुर्व्यवहार गर्न चाहें भने यो अरू कसैलाई मतलब हुने कुरा होइन !"

यो भनाइलाई विचार गर्नुहोस्, "गर्भपतन एउटी महिला र उनको डाक्टरको बीचमा भएको निजी निर्णय हो ।" अवश्य पनि यो निर्णय गोप्य रूपमा गरिन्छ, चाहे त्यो जेसुकैको सम्बन्धमा होस् वा गैह्रकानुनी नै किन नहोस् । कुनै व्यक्तिले आफ्नी पत्नीको हत्या गर्न कुनै व्यक्तिलाई भाडामा लगाउदा गोप्य रूपमा नै उक्त कार्य गर्छ, तर उसले गोप्य रूपमा गर्‍यो भन्दैमा उसको त्यो कार्य कानुनसम्मत हुन सक्दैन ।

चिकित्सकहरू औषधीहरूको बारेमा तालिमप्राप्त हुन्छन् तर तिनीहरूको नैतिक छनौटहरू तिनीहरूको स्वास्थ्य जाँचजस्तो आधिकारिक हुँदैनन् (जसमा उनीहरू गलत पनि हुन सक्छन्) । धेरै डाक्टरहरू विवेकशील हुन्छन्, जसले मानव कल्याणलाई आफ्नो उन्नति

र पैसाभन्दा माथि राख्छन् । दुर्भाग्यवश, इतिहासले देखाएको छ कि अरू मानिसहरूजस्तै केही डाक्टरहरूले पनि अरूलाई क्षति पुऱ्याउने काम गर्न सक्छन् र त्यसलाई न्यायोचित ठहऱ्याउन सक्छन् ।[1]

## नाजी डाक्टरहरू

द नाजी डक्टर्स नामक आफ्नो प्रभावशाली पुस्तकमा रोबर्ट जे लिफ्टनले समावेश गरेको लेख सामाग्रीमा कति सिपालु स्वास्थ्यकर्मीहरूले असहाय बालबालिकाहरूसित हृदयविदारक क्रूर र खतरनाक शल्यक्रिया तथा अनुसन्धान गरेका थिए भन्ने उल्लेख गरेका छन् ।[2] तिनीहरू यूरोपका सबैभन्दा उत्तम तालिमप्राप्त स्वास्थ्यकर्मीहरू थिए तर तिनीहरूले आफ्नो नैतिकता गुमाए ।

अनि जर्मनीका डाक्टरहरूले मात्र यसो गरेका थिएनन् । दोस्रो विश्वयुद्धको समयमा अमेरिकामा र बेलायतमा जातिवादी अनुसन्धानकर्ताहरू र जातिवादलाई प्रवर्द्धन गर्ने संस्थाहरूलाई सहायता उपलब्ध गराउने निकायहरूले समेत सुस्त मनस्थितिका मानिसहरू तथा यहूदीहरूलाई निशाना बनाएका थिए ।[3] विश्वभरि रहेका शिक्षित मानिसहरूले आफ्नो राष्ट्रभित्र भएका भयानक कुराहरूलाई वैज्ञानिक विषयवस्तु भन्ने आडमा उचित ठहराइरहेका छन् ।

गर्भपतन गराइरहेका डाक्टरहरूको निम्ति अब गर्भपतन कुनै अनुसन्धानको विषय रहेको छैन, जसरी सुर्ती कम्पनीहरूको निम्ति धुम्रपान एउटा अनुसन्धानको विषय रहन्छ । व्यवसायमा रहेको व्यक्तिगत र आर्थिक लगानीप्रति तिनीहरूको अभिरुचि साथै स्वविवेकप्रतिको असंवेदनशीलताले तिनीहरूलाई नैतिक कुराहरूमा अयोग्य बनाएको छ ।

## अनुभवबाट बुद्धि

धेरै युवतीहरू तथा तिनीहरूका अभिभावकहरू आलोचकहरूको सामु लज्जित बन्न चाहँदैनन् । तिनीहरूको अभिरुचि झुटो "गोपनीयताको अधिकार" प्रति रहेको हुन सक्छ ।

तर विवाहभन्दा बाहिर गरिने यौन सम्बन्धको बारेमा रहेको

विचारमा भिन्नताको बाबजूद र गर्भमा पुऱ्याउने घटना उचित नभए पनि रहेको गर्भ गलत होइन । कसैले पनि उक्त आमालाई एक "खराब केटी" को रूपमा व्यवहार गर्नुहुँदैन अथवा आफ्नो बालबालिका गर्भपतन गराएर "आफ्नो समस्या आफैं समाधान गर" भनेर दबाब दिन पनि मिल्दैन । गर्भावस्थामा रहेको बेलामा बालबालिका हुर्काउने कि कसैलाई दिने भन्ने सम्बन्धमा उनलाई मार्गनिर्देशन दिएर प्रेम र सहायता गर्नुपर्छ ।

जब मैले कुनै अविवाहित महिलाले एउटा बालबालिका बोकेको देख्छु, तब मेरो पहिलो प्रतिक्रियाचाहिँ सराहना हो । मैले यो महसुस गरेको छु कि उनले "छिटो समाधानको" लागि कसैलाई थाहा नदिई गर्भपतन छनौट गर्न सक्थिन् तर उनले आफ्नो बालबालिकालाई जीवित राख्न चाहिन् ।

विवाहपूर्व वा विवाह बाहिरको यौन सम्बन्धले नचाहेको गर्भ सँगसँगै अरू गम्भीर कुप्रभाव ल्याउँछ । यसैकारण हामीले कटिबद्ध भएर नैतिक शिक्षा दिनुपर्छ ।[४] नैतिक शिक्षाले तपाईंलाई हानि पुऱ्याउने कुरालाई नाइँ भन्छ भने तपाईंको जीवनको लागि के ठीक छ भन्ने बताउँछ । तर एक पटक घटना घटेपछि विवाहपूर्व वा विवाहबाहिर यौन सम्बन्धलाई दोहोऱ्याउनुहुन्न भन्ने सिक्नुपर्छ ।

निर्दोष मानवीय प्राणीलाई गर्भपतनद्वारा मार्नुचाहिँ यसको छनौटको प्रक्रियाभन्दा अझ बढी गम्भीर र स्थायी रूपमा कमजोर पार्ने हुन्छ । यसले गर्दा एउटा व्यक्तिको गल्तीको मूल्य अर्कोले चुकाउनुपर्ने हुन्छ । गर्भपतनले अल्पकालीन रूपमा समस्यालाई लुकाउला तर यसले कहिल्यै पनि समस्या समाधान गर्दैन ।

गर्भपतनले यस्तो प्रवृत्तिलाई बढावा दिन्छ, "मेरो खुसी र मेरो सहजता पहिले आउँछ- चाहे यसले निर्दोष व्यक्तिले पाउने अधिकारको हनन नै किन नगरोस् ।" यो प्रवृत्ति अरू ठूलासाना क्षेत्रहरूमा पनि विकसित हुँदैआएको छ, जसले बिस्तारै समाजको नैतिक सिद्धान्तलाई धुजा-धुजा पार्दैगइरहेको छ । (अनि दुःखलाग्दो कुरा यसले प्रतिज्ञा गरेको खुसी कहिल्यै दिँदैन ।)

गर्भ अनिच्छित वा कठिन भए पनि यो अस्थायी अवस्था मात्रै हो । चल्तीको एउटा मान्यताजस्तो गर्भपतनले एउटी महिलाको नौ महिनाको असहजता कम हुनबाट बचाउँदैन । सामान्यतयाः महिलाले आफू गर्भवती भएको थाहा भएको छदेखि सात महिनाभित्र बालबालिका जन्माउँछिन् । उनले गर्भपतन गराइन् भने बालबालिका देखिनुअघि नै चार वा पाँच महिनाको अपरिपक्व अवधिमा गराउँछिन्, जुन सामान्य गर्भावस्थाको आधा अवधि हो ।

गर्भपतनका पक्षधरहरूले यसो भनेको मैले सुनेको छु कि बालबालिकाको कारणले एउटी महिला धेरै वर्षसम्म "बन्धनमा पर्छिन् ।" तर जन्म दिइसकेपछि बालबालिका ग्रहण गर्न पर्खिरहेका करिब १३ लाख अमेरिकी परिवारहरूलाई उनले आफ्नो बालबालिका दिन सक्छिन् । गर्भावस्थाले अल्पकालीन अवस्थाहरू सृजना गर्छ भने गर्भपतनले दीर्घकालीन अवस्थाहरू सृजना गर्छ- अर्थात् एउटा बालबालिकाको मृत्यु । एक व्यक्तिको अल्पकालीन कठिनाइहरूले गर्दा अर्को व्यक्ति जीवन लिनु न्यायसंगत हुँदैन ।

## पिताको अधिकार र जिम्मेवारीहरू

एकातर्फ एउटा मानिसलाई अनिच्छित गर्भमा उसले जिम्मेवारीहरू बहन गर्नुपर्छ र बालबालिकाकी आमालाई आर्थिक तथा भावनात्मक सहायता प्रदान गर्नुपर्छ भन्ने गरिन्छ ।

अर्कोतर्फ, प्रेम र समर्थन गर्नको लागि भनिएको उही बालबालिका, गर्भपतन गराइने भएमा एउटा पुरुषलाई गर्भपतन उसको सरोकारको विषय होइन तर आमाको सरोकारको विषय हो भनिन्छ । यो मिश्रित सन्देश दिइएपछि हामीले किन आमा र बालबालिकाको जिम्मेवारी पुरुषले लिनुपर्छ भनी अपेक्षा गर्छौं ?

दुःखलाग्दो कुरा, गर्भपतनले गर्दा गर्भ रहने कुनै डर र जिम्मेवारीबिना महिलाहरूमाथि अझ यौन उत्पीडन गर्न पुरुषहरूलाई हौसला प्रदान गर्छ । कुनै महिला गर्भवती भएमा ऊसित यौन सम्पर्क राख्ने पुरुषले तीन सय डलर दिएर एक मृत बालबालिका किन्न

सक्छ । जब सहायता र प्रेम गर्नको लागि कुनै बालबालिका नभइकन पुरुष कतै जान्छ, तब उक्त महिला आफ्नो बालबालिका मारेको भार लिएर एक्लै छोडिएकी हुन्छिन् ।

## "गर्भपतन अधिकारले" पुरुषहरूमा खराबी ल्याउँछ ।

"एउटी आमा र डाक्टरको बीचमा मात्रै" भन्ने कुराले उक्त निर्णयका असरहरू अरू कसैले व्यहोर्नुपर्दैन जस्तो गरिन्छ । तर अर्कोतर्फ गर्भपतनले गर्दा पुरुषहरूलाई लामो समयसम्म असर पुग्छ ।

### पुरुषहरू भन्छन्

एस्क्वाएर पत्रिकाको एउटा लेखमा बाह्रजना पुरुषहरूले इमानदारीसाथ बताए कि गर्भपतनले गर्दा तिनीहरूले ठूलो मूल्य चुकाउनुपऱ्यो ।[५] कतिपयले गर्भपतन गराउन अनुमति दिएका थिए भने कतिपयले थिएनन् । कतिपयलाई यो निर्णय लिन बाध्य बनाइयो तर यसो नगरेको भए हुने थियो भनी अहिले उनीहरू पछुताउँछन्:

> यो उनको शरीर थियो तर मैले उनको मन तयार पारें । मैले नै सबै निर्णय गरें । जब यो कार्य भयो, यसको बारेमा हामीले फेरि कुराकानी गरेनौं । हामी चुप रह्यौं । उनले यसो भनेर भविष्यवाणी गरिन्, "वागनर, तपाईंले जीवनभरि यसको पछुतो गर्नुहुनेछ ।" मैले त्यतिबेला उनलाई भनें, "होइन, पछुताउन्नँ ।" तर मभित्र केही कुराले त्यसलाई सम्झ्यो । उनी सही थिइन् । मैले यो कहिल्यै भुल्न सक्दिनँ । मैले आफैंलाई कहिल्यै क्षमा दिन सक्दिनँ ।

एक विवाहित पुरुषले यसरी व्यक्त गरे:

> हामीले किन उचित कार्य गरेनौं होला भनी खोज्ने प्रयत्न गऱ्यौं । गर्भपतन गराएको एक वर्षपछि यो विचार हामीमा आउन लाग्यो । त्यो नै पहिलो पटक थियो, जब हामीले यो कुरा महसुस गऱ्यौं कि हामी दुवै मिलेर आफ्नो बच्चा माऱ्यौं, हामीले त्यसो नगरेको भए आज हाम्रो बच्चा जीवित हुने थियो ... । यसले गर्दा हामी कति दुःखी भयौं भन्ने कुरा हामीले गऱ्यौं ... । हामीलाई यस्तो हुनेछ भन्ने थाहा थिएन, हामी रिसायौं र दुःखी भयौं अनि तथ्यको सामना गर्ने हिम्मत हामीमा भएन ।

गर्भपतनको लागि चाहना नहुँदानहुँदै पनि सहमति जनाएको

एउटा मानिसले केही वर्षपछि यसो भनेः

> यसले उनको जीवनमा पारेको पीडा र क्षतिको बारेमा म विचार गर्छु किनकि यसले मलाई कति पीडा दिएको छ, सो म जान्दछु अनि यो मेरो निर्णय पनि थिएन । म यसको एक हिस्सा थिएँ र निश्चय नै मैले कुनै पनि हालतमा यसलाई रोक्न सकिनँ । मैले केही गर्न सकिनँ तर सोचें मात्रै, एउटा जीवन लिने काम सम्पन्न गर्ने कार्यमा के म दोषी छु वा कम्तिमा पनि उसलाई धर्तीमा आउन नदिने काममा म दोषी छु ? दोषीपन त छँदैछ, त्योभन्दा पनि बढी दुःखैदुःख छ ।

एक अर्को मानिसले एउटा बुझाइ व्यक्त गरे, जुन महिलाहरूमा मात्र होइन तर गर्भपतनको केही वर्षपछि पुरुषहरूमा पनि आउने गर्छः

> यो कुरा बुझ्न ढिलो भएकोमा मेरो समय निकै खराब रह्यो... म यो कुराको विश्वासमा आएँ कि गर्भमा रहेको बच्चा अरू केही नभएर- एउटा मानव प्राणी नै हो । मैले यसो नगरेको भए हुन्थ्यो भनी मलाई पछुतो छ । मैले पहिले नै फरक प्रकारले विचार गर्न सकेको भए हुनेथियो तर मैले त्यसो गर्न सकिनँ । मनमा त्यत्तिकै विचार गर्न मात्र सजिलो हुन्छ । तर जब यसको विपक्षमा रहेको कुरा सुन्दासुन्दै पनि गर्भपतन गराइयो भने त्यो सबैभन्दा खराब हुन्छ ।
>
> यसर्थ तपाईंले देख्न सक्नुहुन्छ, म एक प्रकारको वेदनामा छु । उनले यो मेरो लागि गरिन् । मैले कसैको हत्या गरें भन्ने मलाई लागिरहन्छ । त्यो समयमा फर्केर जाने मैले एउटा मौका पाए पनि हुन्थ्यो भन्ने मलाई लाग्छ । उनको बच्चा भइदिएको भए र हामीले विवाह गरेको भए यस्तो खराब हुनेथिएन । यस्तै गरिरहेका अरू मानिसहरूलाई पनि मैले देख्दैआइरहेको छु । कहिलेकाहीं वास्तविकता साह्रै नराम्रो हुन्छ, के तपाईंलाई यो कुरा थाहा छ ?

## अध्याय ११

# के गर्भपतनले महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा क्षति पुऱ्याउँछ ?

फेमिनिस्ट फर लाइफकी अध्यक्ष सेरिन फोस्टर लेख्छिन्, "महिलाहरूलाई सहायता पुऱ्याउन तयार गरिएको सामाजिक नीतिको रूपमा लिइएको गर्भपतन पूर्णतः असफल नीति भएको छ ।" "महिलाहरूलाई हामीले असफल बनाएको कुराको प्रतिबिम्ब यो हो ।"[१]

जोन एपलेटोन नेसनल अर्गनाइजेसन अफ वुमन (NOW) मा एउटा गर्भपतनको पक्षमा पैरवी गर्ने व्यक्ति थिइन् र भर्जिनिया गर्भपतन केन्द्रकी मुख्य नर्स थिइन् । उनले आफैंलाई प्रश्न गरिन् किन गर्भपतन "एउटी महिलाको निम्ति मानसिक वेदना बन्न पुगेको होला ... । यो सही हो भने किन यस्तो कठिन भएको होला ?"

एपलेटोनले विचार गरिन्, "मैले ती महिलाहरूलाई राम्ररी परामर्श दिएकी थिएँ, तिनीहरू आफ्नो निर्णयमा पक्का थिए । किन केही महिना वा वर्षपछि तिनीहरू मानसिक रूपमा विक्षिप्त बनेका होलान् ?"[२]

गर्भपतनले उनलाई के असर पुऱ्याउन सक्छ भन्ने सम्बन्धमा सत्यता उनलाई बताइएको थिएन भन्ने सम्बन्धमा केरेन सुलिभान अब्लेस भन्छिन्:

> मभित्र बालबालिका घुमेको मैले महसुस गरें । यो निकै पीडादायी थियो... । शल्यक्रियाद्वारा तीन चौथाइ हिस्सा निस्किसकेको अवस्थामा म उठें... । सिलिण्डरमा रगतमा तैरिरहेको मेरो सानो बच्चाको शरीरका टुक्राहरू मैले देखें । म कराएँ र टेबुलबाट तर झरें... । मैले आफैंलाई थाम्न सकिनँ ।
>
> मेरो बच्चालाई मैले घरिघरि सपनामा देखिरहें । मैले आफ्नो काम पनि गर्न सकिनँ । ओछ्यानमा ढल्केर रोइरहें । एकचोटि म यति रोएँ कि मेरो ढाड सर्क्यो । अर्को पटक रुँदा-रुँदा सास फेर्न समेत गाह्रो भयो । समुद्र किनारमा

म हिँड्न सक्दिनथेँ किनकि बालबालिकाहरू देख्दा रुन आउँथ्यो । कतिपय अवस्थामा डाइपरहरूको विज्ञापन देख्दा समेत म अनियन्त्रित भएर रुन्थें ।[३]

गर्भपतनद्वारा विक्षिप्त भएका अनगिन्ती महिलाहरूले भनेका छन्, "यस्तो हुनेछ भन्ने मलाई थाहै थिएन, कसैले पनि जोखिमको बारेमा मलाई भनेन ।"

## मानसिक स्वास्थ्य जटिलता

बलिङ ग्रिन स्टेट युनिवर्सिटीमा ह्यूमन डेभलप्मेन्ट एण्ड फेमिली स्टडीकी प्राध्यापिका डा. प्याट्रिका कोलम्यानले महिला तथा पुरुषहरूको स्वास्थ्य र गर्भपतनको सम्बन्धमा गरिएका बाइसवटा प्राज्ञिक अनुसन्धान पत्रहरूलाई विश्लेषण गरिन् । उक्त अनुसन्धानमा ८,७७,००० भन्दा बढी महिला संलग्न थिए । उनले बताइन्, "गर्भपतन गराएका ८१ प्रतिशत महिलामा मानसिक स्वास्थ्यसम्बन्धी जोखिम बढेको देखियो, जसमा निरासा, रक्सी सेवन र आत्महत्याजस्ता समस्या थिए ।"[४]

कोलम्यानको विस्तृत विश्लेषण द ब्रिटिस जर्नल अफ साइक्याट्रिमा प्रकाशित भएको थियो, जसले असङ्ख्य शङ्काका पत्रहरूको भेल नै खेप्नुपरेको थियो । ती पत्रहरूमा इन्कारका विषयहरू समावेश थियो किनकि कोलम्यानले गर्भपतनको सम्बन्धमा एउटा धारणा पत्ता लगाएकी थिइन् अनि यसलाई मानसिक स्वास्थ्यसम्बन्धी मुख्य प्रकाशनमा ल्याएकी थिइन् ।[५]

उनका आलोचकहरूलाई सम्बोधन गर्दै कोलम्यानले प्रकाशित भएको एउटा अनुसन्धानमा रहेको त्रुटिलाई औंल्याइन्, "१९६९ मा एपिए (अमेरिकन साइकोलोजी एसोसिएसन) ले एउटा विधेयक पारित गऱ्यो, जसले गर्भपतनका पक्षधर राजनीतिज्ञहरूको स्थिति मजबुत बनायो, त्यसमा उक्त संस्थाको आधिकारिक वक्तव्य थियो र गर्भपतनलाई नागरिक अधिकारको विषय भनिएको थियो... । आफ्नो पक्षलाई कानुनसम्मत बनाउने र बेतुकको कुरा प्रकाशन गर्ने राजनीतिबाट प्रेरित तिनीहरूको प्रयास तार्किक छ ।"[६]

कोलम्यानको यस्तै निष्कर्षमा स्वतन्त्र रूपमा गरिएको अष्ट्रेलियाको गर्भपतन तथा मानसिक स्वास्थ्यसम्बन्धी तथ्याङ्क

विश्लेषण समेत पुगेको छ ।

## अरू मानसिक जटिलताहरू

वर्षौंदेखि गरिएका दर्जनौं अध्ययनहरूले गर्भपतनले यौनिक जटिलता, यौन अरुचि, सामिप्यताको कमी, अनपेक्षित दोषी भावना, विवाहबाहिर सम्बन्ध, गहिरो चोटमा परेकोजस्तो तनाव, व्यक्तित्वको विक्षिप्तता, शोकित प्रतिक्रिया अनि रक्सी तथा लागुपदार्थको दुरुपयोगजस्ता समस्याहरू बढाउने देखाएको छ ।[८] एन एलिओट इन्सिच्यूटको अध्ययनले देखाएको छ कि पाँच पटकभन्दा बढी गर्भपतन गराएका महिलाहरू लागूऔषधको लतमा पर्छन् ।[९]

गर्भपतनपछिका अनुसन्धानकर्ता डा. डेभिड रेर्डन लेख्छन्, "गर्भपतन गराएकाहरूको सम्बन्धमा गर्भपतन गराएको आठ हप्तापछि गरिएको एक अध्ययनमा अनुसन्धानकर्ताहरूले पत्ता लगाएका छन् कि ४४ प्रतिशतले मानसिक समस्या आएको बताएको, ३६ प्रतिशतले राति सुत्न नसकेको बताएको, ३१ प्रतिशतले आफ्नो निर्णयमा पछुतो गरेको र ११ प्रतिशतलाई तिनीहरूको पारिवारिक चिकित्सकले मानसिक रोगको औषधि सिफारिस गरेको पाइयो ।"[१०]

यो एकदमै महत्त्वपूर्ण छ किनकि कतिपय महिलाहरूले गर्भपतनको केही वर्षपछि सम्म केही प्रभाव परेको देख्दैनन् । यस्तो अवस्थामा गर्भपतनका पक्षधरहरूले गर्भपतनपछि कुनै तनावको लक्षण (PASS) नदेखिएको भनेर कुरा उठाउँछन्, अरूले यसका असरहरू सामान्यता चोट पछिको तनाव (PTSD) सित सम्बन्धित भएको यदाकदा महसुस गर्छन् ।

## गर्भपतन समर्थक समूहहरू

सन् १९७३ मा गर्भपतनलाई कानुनी मान्यता दिइएपछि गर्भपतनपछि काम गर्ने कैयौं सहायता समूहहरू अस्तित्वमा आए । वुमन एक्सप्लोइटेड बाइ एवर्सन (WEBA)को अमेरिका, क्यानडा, जर्मनी, आयरल्याण्ड, जापान, अष्ट्रेलिया, न्यूजिल्याण्ड र अफ्रिकामा दुई सयभन्दा बढी समूहहरूमा तीस हजारभन्दा बढी सदस्यहरू थिए ।[१२]

गर्भपतनपछिका अन्य सहायता तथा पुनर्स्थापना समूहमा भिक्टिम

अफ च्वाइस, पोष्ट एवर्सन काउन्सेलिङ एण्ड एजुकेसन (PACE), सेफ हेभन, साइलेन्ट नो मोर, हेल्पिङ एजुकेसन इन एवर्सन रिलेटेड ट्राउमा (HEART), काउन्सेलिङ फर एवर्सन रिलेटेड एक्सपेरिएन्स (CARE), वुमन अफ रामाह, प्रोजेक्ट राहेल, ओपन आर्मस, एवर्सन ट्राउमा सर्भिसेज, अमेरिकन भिक्टिम्स अफ एवर्सन, फर्मर वुमन अफ च्वाइस र अरू संस्थाहरू पर्दछन् । यस्ता समूहहरूको उपस्थितिले यो जनाउँछ कि गर्भपतन गराएका अनगिन्ती महिलाहरूमा मानसिक तथा भावनात्मक चोटहरू हुन्छ ।

मैले एउटा पत्रिका पढेको थिएँ, जसको सम्पादकीयमा गर्भपतन अरू शल्यक्रियाजस्तै एउटा शल्यक्रिया हो, जो एपेन्डिक्स वा दाँत निकालेर फालेको जस्तै हो भन्ने लेखिएको थियो । तर किन मानिसहरूले बीस वर्षपछिसम्म पनि आफूले फालेको एपेन्डिक्सको सम्झना गर्दैनन् ? किन मानिसहरू आफूले फालेको एपेन्डिक्स वा टन्सिललाई सम्झेर रुँदैनन् ? अनि दाँत निकालेर फालेकाहरूको सहायता समूहहरू तथा परामर्श समूहहरू खै कहाँ छन् त ?

(धेरै मानिसहरू गर्भपतनको निर्णयमा सहभागी भएको कारण तथा आफ्ना सन्तानहरू गुमाएको कारण भावनात्मक चोटले ग्रसित हुन्छन् ।[१३] सहायता समूहहरू तिनीहरूको निम्ति पनि हो ।[१४])

## शारीरिक जटिलता

सन् २००४ मा सिनेटको एउटा उपसमितिको अघि स्त्रीरोग विशेषज्ञ तथा वैज्ञानिक एलिजावेथ शाडिगिएनले गवाही दिँदै यसो भनिन्, “गर्भपतनले स्तन क्यान्सर,[१५] आङ खस्ने, समय नपुगी बालबालिका जन्मने र मातृ आत्महत्या... जस्ता कुराहरूको दर बढाउँछ । तथ्याङ्कले देखाएको छ कि गर्भपतन गराएका महिलाहरूमा अन्य प्रकारका मृत्युहरू जोखिम पनि उच्च हुन्छ ।”[१६]

धेरै अध्ययनहरूले देखाएको तथ्याङ्कअनुसार पहिला गर्भपतन गराइसकेका महिलाहरूमा गर्भ तुहिने समस्या, समय नपुगी बालबालिका जन्मने समस्या वा जन्मेको बालबालिका पनि कम तौलको हुने

समस्या हुन्छ ।[१७] "कम तौलको जन्म वा समय नपुगी हुने जन्मचाहिँ बाल मृत्युदर वा पछि आउने दुर्बलता, कमजोर मानसिक क्षमता वा व्यवहारमा देखिने समस्याजस्ता कुराहरूमा सबैभन्दा मुख्य जोखिमको कारक तत्व हो ।"[१८]

किन अमेरिकी काला जातिका महिलाहरूमा अन्यमा भन्दा तीन गुणा बढी समय नपुगी बालबालिका जन्मने समस्या छ भन्ने सम्बन्धमा उल्लेखनीय बहस हुने गर्छ । यसको मुख्य कारणचाहिँ अन्य अमेरिकी महिलाहरूको तुलनामा काला जातिका महिलाहरूले ४.३ गुणा बढीले गर्भपतन गराउनेगर्छन् ।[१९] यी तथ्यहरू आपसमा सम्बन्धित छन् भने गर्भपतनद्वारा तत्कालै मारिएको बालबालिका मात्रै होइन तर भविष्यमा आउने भ्रूणहरू, जो गर्भपतन गराइएका हुँदैनन्, तिनीहरूको स्वास्थ्यमा समेत गम्भीर असर पुग्नेछ ।

गर्भपतनद्वारा पछि आउने बालबालिकाहरूमा हुने अपरिपक्वता समेत बढ्छ ।[२०] गर्भपतन गराएका महिलाहरूको बालबालिकाहरूको बालमृत्युदर अन्य महिलाहरूको तुलनामा दुईदेखि चार गुणासम्म बढी हुन्छ ।[२१] गर्भपतनले भविष्यको बालबालिका असमयमै जन्मने जोखिमलाई बढाउँछ भने हजारौं सुस्त मनस्थितिका घटनाहरूको निम्ति मुख्य कारक समेत यो बनेको देखिन्छ ।[२२]

गर्भावस्थाको समयमा मेथोट्रेजेट (MTX) वा RU-486 को प्रयोगद्वारा गरिने गैह्रशल्यक्रियात्मक गर्भपतनले "स्थायी शारीरिक क्षति वा प्रजनन क्रियामा क्षति पुग्छ ।" MTX को प्रयोगद्वारा फोलिक एसिडको ह्रास हुनाले क्रोमोजोमहरू टुक्रिने, भ्रूणको मस्तिस्कमा पानी जम्ने, सुस्त मनस्थितिको हुने, मस्तिस्क नली बिग्रने, मुटुको विकासमा जटिलता, क्लिन फेल्टर सिन्ड्रोम (Klein-felter's syndrome) र अन्य खराबीहरू हुनेगर्छ ।[२३]

मधुमेह तथा मानसिक असन्तुलनको जोखिमको बीचमा रहेको सम्बन्धको बारेमा सन् २०१२ मा गरिएको एउटा अध्ययनमा अनुसन्धानकर्ताहरूले पत्ता लगाएको कुरा यो थियो कि अघि गरिएको गर्भपतनले पछि आउने बालबालिकाहरूमा हुने मानसिक असुन्तलनको

जोखिमलाई बढाउँछ ।

## यौन नलीमा घाउ हुने (PID), आङ खस्ने (Placenta Previa) र क्यान्सर

यौन नलीमा घाउ हुने (PID) एउटा त्यस्तो संक्रमण हो, जसले ज्वरो र बाँझोपन निम्त्याउँछ । अनुसन्धानकर्ताहरूले बताएका छन्, "यौन नलीमा हुने संक्रमण गर्भपतनद्वारा निम्तिने एउटा साझा र जटिल समस्या हो र सबै घटनाहरूमा करिब ३० प्रतिशतसम्म यो समस्या देखिएको प्रतिवेदन आएको छ ।"

प्रथम त्रैमासिक अवधिमा गरिएको गर्भपतनको विषयवस्तुलाई लिएर गरिएको अध्ययनमा यो कुरा पुष्टि भएको छ कि "गर्भपतन गराएपछि महिलाहरूको यौन नलीमा हुने संक्रमण रोगले... बारम्बार गर्भ तुहिने, बाँझोपन, यौनक्रियामा पीडा र यौन नलीमा असाध्यै पीडाको दर बढ्छ ।"[२५]

आङ खस्ने समस्यामा बालबालिका बस्ने आङले आफ्नो ठाउँ छोड्छ, जुन गर्भपतन गराउने बेलामा[२७] "पाठेघरमा यसअघि भएको चोटपटक वा छेडखानीको कारणले हुने गर्छ ।"[२६] गर्भपतन गराएका महिलाहरूमा यो अवस्था ७० प्रतिशतको दरले बढ्दो छ ।[२८]

द गटम्याचर इन्सिच्यूटले बताएको छ कि पहिला गर्भपतन गराएका आधाजति महिलाहरूले पुनः अरू गर्भपतन गराउँछन् ।[२९] गर्भपतन नगराउने महिलाको तुलनामा एक पटक गर्भपतन गराएका महिलाहरूमा पाठेघरको नलीमा हुने क्यान्सरको खतरा दुई गुणा हुन्छ भने दुई वा त्योभन्दा बढी पटकसम्म गर्भपतन गराएका महिलाहरूमा यो खतरा पाँच गुणाले बढी हुन्छ । एक पटक वा धेरै पटक गर्भपतन गराउनेहरूको यही स्तरको जोखिम डिम्बाशय तथा कलेजोको क्यान्सरमा पनि सम्बन्धित हुन्छ ।[३०]

क्यान्सरका एकजना अनुसन्धानकर्ता तथा आन्तरिक स्रावका प्रोफेसर डा. जोएल ब्रिन्ड विस्तृत अध्ययनपछि यो निष्कर्षमा पुगे, "स्तन क्यान्सरको सबैभन्दा प्रमुख रोक्नुपर्ने जोखिम गर्भपतन हो ।"[३१]

गर्भपतन गराएकी एउटी महिलाले आफ्नो स्तन क्यान्सरको खतरा ५० देखि ३०० प्रतिशतसम्म बढाएकी हुन्छिन् ।[३२]

यो अनुसन्धान प्रकाशित भइसकेपछि मिडिया म्याटर्स अमेरिका लगायतका धेरै गर्भपतन पक्षधर संस्थाहरूले यो तथ्याङ्कलाई इन्कार गरे ।[३४] दुर्भाग्यवश, तिनीहरू गर्भपतनको जोखिम इन्कार गर्ने काममा लागि परेका छन् ।

## कानुनी गर्भपतनबाट भएको मृत्यु

अमेरिकन जर्नल अफ अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजीमा प्रकाशित गरिएको गर्भसँग सम्बन्धित मृत्युको बारेमा गरिएको एउटा अध्ययनले देखाएको छ कि समय पुगेर प्रसुति गराइएको गर्भावस्थाको तुलनामा कानुनी रूपमा गराएको गर्भपतनमा मातृ मृत्युदर २.९५ गुणा बढी हुन्छ ।[३५] फिनल्याण्डको एउटा अध्ययनले निष्कर्ष निकालेको छ कि "गर्भावस्था पूरा गर्ने महिलाहरूको तुलनामा गर्भपतन गराउने महिलाहरूको मृत्युको सम्भावना चार गुणाले बढी हुन्छ ।"[३६]

द सेन्ट्रल फर डिजिज कन्ट्रोलले सन् १९९८ मा गर्भपतनको कारणले दशजनाको मृत्यु भएको प्रतिवेदन सार्वजनिक गऱ्यो,[३७] तर यो तथ्याङ्क अपूर्ण थियो किनकि कतिपय राज्यहरूले यसको प्रतिवेदन दिनुपर्दैनथ्यो । गर्भपतन गराउने क्लिनिकहरूले सूचनाहरू उपलब्ध गराउँदा केही फाइदा पाउँदैनन् बरु यसको साटो तिनीहरूले धेरै कुरा गुमाउँछन् ।[३८] गर्भपतन-सम्बन्धी मृत्यु कति हुन्छ भन्ने ठ्याक्कै थाहा पाउन गाह्रो हुन्छ किनकि धेरैजसो मृत्यु शल्यक्रियाको क्रममा हुँदैन तर घर फर्किसकेपछि हुन्छ । डा. ब्रायन क्लोवेस बताउँछन् कि मृत्यको कारण खोज्दा अतिरिक्त कारणहरू पत्ता लाग्ने गरेको हुन्छः

> अत्याधिक रक्तस्राव भएकी एउटी महिलालाई रगत दिने क्रममा उनलाई हेपाटाइटिस भयो र एक महिनापछि उनको मृत्यु भयो । मृत्युको आधिकारिक कारण ? हेपाटाइटिस । वास्तविक कारण ? गर्भपतन । पाठेघरमा घाउ बनाउँदा यौन नलीमा पीप जम्न सक्छ र त्यसले रगतलाई विषाक्त बनाउँछ र मृत्यु समेत हुन्छ । आधिकारिक प्रतिवेदनमा मृत्युको कारण यौन नली पाके को र रगतमा जीवाणुको संक्रमण हुन सक्छ । गर्भपतनलाई यसको कारण

देखाइँदैन । गर्भपतनले गर्भाशयभन्दा बाहिर बालबालिका जाने बनाउँछ । एउटी महिलाको यस्तै स्थिति थियो र एक वर्षपछि उनको मृत्यु भयो । यसको कारणमा नलीमा बसेको गर्भ (ectopic pregnancy) बताइन्छ । वास्तविक कारण ? गर्भपतन ।[३९]

साउदर्न मेडिकल जर्नलमा प्रकाशित भएको एक अध्ययनले देखाएको छ कि "जन्म दिने महिलाको तुलनामा गर्भपतन गराउने महिलामा मृत्यको जोखिम एकदमै उच्च हुन्छ ।"[४०] यसमा आत्महत्या गरेर मर्ने जोखिम १५४ प्रतिशत हुन्छ र दुर्घटना तथा हत्याद्वारा मारिने जोखिम पनि उच्च हुन्छ ।

वुमन्स हेल्थ अफ्टर एवर्सन एउटा ज्ञान भण्डारसम्बन्धी कार्य हो, जसमा पाँच सयभन्दा बढी चिकित्कीय जर्नलहरू उपलब्ध छ, जसले गर्भपतनले महिलाहरूमा कस्तो कुप्रभाव ल्याउँछ भनी देखाएको छ ।[४१] गर्भपतनले महिलाहरूलाई गम्भीर प्रकृतिका दीर्घकालीन असर पुऱ्याउँछ भन्ने कुरामा अझै पनि कसैलाई शंका छ भने यी प्रमाणहरू हेर्न सक्नुहुन्छ ।

## लुकीछिपी गराइएका गर्भपतनहरू ?

अमेरिकामा गर्भपतनले कानुनी मान्यता पाउनुअघि गरिएका ८५ प्रतिशत गर्भपतनहरू "स्थानीय मेडिकल एसोसियसनमा राम्रो स्थानमा रहेका नाम चलेका चिकित्सकहरूले" गराउँथे ।[४२] सन् १९६० मा प्लान्ड प्यारेन्टहुडले बतायो कि "हालसालै गराइएका ९० प्रतिशत गैह्रकानुनी गर्भपतनहरू चिकित्सकहरूले नै गराएका हुन् ।"[४३] धेरैजसो गर्भपतनहरू लुकीछिपी गराएका थिए तर चिकित्सा अनुमति प्राप्त चिकित्सकहरूले आफ्नो कार्यालयको पछाडि गराउँथे ।

के ती डाक्टरहरू गर्भपतनका पक्षधरहरूले भन्ने गरेजस्तो "कसाई" थिए ? कानुनी मान्यतापछि-पछि गर्भपतन गराउने धेरैजसो चिकित्सकहरू ती नै थिए, जसले पहिले गैह्रकानुनी हुने समयमा गर्भपतन गराउँथे । गर्भपतनलाई अपराध मान्न छोडेपछि गर्भपतन गराउने ती चिकित्सकहरूको नता अतिरिक्त तालिम लिए न उनीहरूको औजारहरूमा नै सुधार आयो । तिनीहरू पहिला पनि कसाईहरू थिएनन्

वा कानुनी मान्यता पाएपछि पनि तिनीहरू कसाईहरू नै हुन् । दुवै खाले बहस गर्न सकिन्छ ।

पूर्वगर्भपतन अधिकारकर्मी बेनार्ड नाथान्सनले यो कुरा स्वीकार गरेका छन् कि उनी र NARAL (नेशनल एवर्सन राइट्स एक्सन लिग) का उनका सहसंस्थापकले अमेरिकामा वर्षेनी दशौं लाखको सङ्ख्यामा महिलाहरूको गर्भपतन हुने गरेको भनी भ्रमात्मक प्रचार गरेका थिए । उनी भन्छन्, औसतमा त्यसको दशौं भाग मात्र थियो अर्थात् करिब अन्ठानब्बे हजार प्रति वर्ष थियो । त्यति बेला बिनाकारण मिडियाले यो झुटो जानकारीलाई फैलायो । नाथान्सन र उनका सहकर्मीहरूले गैह्रकानुनी गर्भपतनको कारणले एक वर्षमा पाँचदेखि दश हजारसम्मको मृत्यु हुनेगरेको "झट्का लाग्ने, राम्रो देखिने हचुवा विवरण" दिए ।

वर्षौंपछि नाथान्सनले देशलाई कुन कुराले झट्का थियो भन्ने लेखे तर झुटो कुरा फैलाउने सञ्चारमाध्यमहरूले उनको यो खबरलाई बेवास्ता गरे:

> म यो कुरा स्वीकार गर्छु कि हामीले बताएको सङ्ख्या गलत थियो भन्ने हामीलाई थाहा थियो अनि यसको बारेमा विचार गर्ने हो भने अरूले पनि यस्तै गरे । तर हाम्रो आन्दोलनको "नैतिकता" को निम्ति यो सङ्ख्या उपयुक्त र धेरै हदसम्म स्वीकार्य थियो, तसर्थ हामी किन यसलाई सच्याउन इमानदार तथ्याङ्क प्रस्तुत गर्ने ? हाम्रो प्रमुख चासो (गर्भपतनको विरुद्धमा रहेको) कानुनहरू खारेज गर्नु थियो अनि यसको लागि गरिने सबै कार्यहरू अनुमति योग्य थियो ।[४४]

पहिलो राज्यमा गर्भपतनले कानुनी मान्यता प्राप्त गर्नुपूर्व सन् १९६६ मा गर्भपतनको कारणले १२० जना आमाहरूको मृत्यु भएको थियो भनी अनुसन्धानले देखाएको छ ।[४५] सन् १९७३ भन्दा अघिल्ला पच्चीस वर्षहरूमा वार्षिक औसत २५० जना आमाहरूको मृत्यु गर्भपतनको कारणले भएको थियो भने सबैभन्दा बढी सन् १९४८ मा ३८८ जना आमाहरूको मृत्यु गर्भपतनको कारणले भएको थियो ।[४६]

सन् १९७२ मा देशको ८० प्रतिशत हिस्सामा अझसम्म गर्भपतन गैह्रकानुनी थियो तर एन्टिबायोटिकको प्रयोगले जोखिमलाई एकदमै

न्यून गरेको थियो । उक्त वर्षमा गर्भपतनको कारणले मृत्यु हुने महिलाहरूको सङ्ख्या ३९ मा झरेको थियो ।[४७] प्लान्ड प्यारेन्टहुडका स्थायी तथ्याङ्कविद् डा. क्रिस्टोफर टिट्जेले उल्लेख गरे कि यो वास्तविक सङ्ख्या हो, जसको त्रुटिको सङ्ख्या अन्तर बढीमा १० प्रतिशत मात्रै हुन सक्छ ।[४८]

गैह्रकानुनी गर्भपतनबाट मारिएका पाँचमध्ये एकजनाको मृत्यु मात्रै थाहा हुन आयो भने पनि गर्भपतन गैह्रकानुनी हुनुअघि मर्ने महिलाहरूको सङ्ख्या २०० जनाभन्दा कम थियो, जुन गर्भपतनका पक्षधरहरूले दाबी गरेको पाँचदेखि दश हजार सङ्ख्याको २-४ प्रतिशत मात्र हो । यो बढाइएको मात्र थिएन । यो बनावटी थियो ।

## एकजनाको मूल्यमा दुईवटा मृत्यु

गर्भपतनले कानुनी मान्यता पाएपछि सार्वजनिक स्वास्थ्य अधिकारीहरूले गर्भपतनद्वारा हुने मृत्युको बारेमा हेर्न रोकिसकेको गर्भपतनको कारणले हुने मृत्युलाई नजरअन्दाज गर्ने वा ढाकछोप गर्ने कार्य बढेर गएको छ। गर्भपतन क्लिनिकका एक पूर्वमालिकले मलाई बताए, “गर्भपतनको कारणले एउटी महिला हाम्रो क्लिनिकमा मरिन् तर यो कुरा अरू मानिसहरूले कहिल्यै सुनेनन् अनि सरकारी निकायमा उक्त मृत्यु गर्भपतनको कारणले भएको थियो भनेर रिपोर्ट गरिएन ।”[४९]

सन् १९७८ मा सिकागो क्षेत्रमा रहेका गर्भपतन क्लिनिकहरूमा सिकागो सन्-टाइम्सले अनुसन्धान गर्दा कानुनी मान्यता पाएको गर्भपतनमा बाह्रजना महिलाहरूको मृत्यु भएको तर त्यसलाई गर्भपतनद्वारा भएको भन्ने रिपोर्ट नगरिएको खुलासा भयो । देशको एउटा सानो हिस्सामा गर्भपतनको कारणले बाह्रको मृत्यु भएको कुराले अघिल्लो वर्ष देशभरिमा गर्भपतनको कारणले एक्काईसजनाको मृत्यु भएको भन्ने सरकारी तथ्याङ्कमा वास्तविक सङ्ख्याको खुलासा छ ![५०]

गर्भपतनलाई कानुनी मान्यता दिइनाले गर्भपतन गराउने महिलाहरूको सङ्ख्या चौध गुणाले बढेर गएको छ । अमेरिकन जर्नल अफ अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजीको एउटा लेखमा डा. डेनिस क्याभानाफ भन्छन् कि गर्भपतनलाई कानुनी मान्यता दिइएपछि

"अमेरिकामा गर्भपतनको कारणले मर्ने महिलाहरूको सङ्ख्यामा खासै प्रभाव परेको छैन... गर्भपतन कानुनी वा गैह्रकानुनी जेसुकै भए पनि आखिरीमा महिलाहरू बिनाकारण मरिरहेका छन् ।"[५१]

## सुरक्षित गर्भपतनमा त्यस्तो कुनै कुरा छैन

गर्भपतन पक्षधरहरूको च्यालीमा कपडाको ह्याङ्गरले प्रभावकारी प्रोपोगाण्डा बनाउँछ तर पुनः गर्भपतन गैह्रकानुनी भएमा के हुनेछ भन्ने कुरा त्यसले प्रतिबिम्बित गर्दैन । कपडाको ह्याङ्गर बालबालिकाहरूको कपडा राख्न प्रयोग गरिनेछ, गर्भपतनको निम्ति होइन ।

बारम्बार "कपडाको ह्याङ्गरले गरिने गर्भपतनहरू" को बारेमा चर्चा भइरहँदा एउटी महिलाले भनिन्, "मानिसले महिलाहरू मूर्ख छन् भनेर विचार गर्छन् होला । गर्भपतन गैह्रकानुनी नै भयो र मलाई गर्भपतन गराउन मन लाग्यो भने म कुनै कपडाको ह्याङ्गर प्रयोग गर्नेछैनँ ।"

सन् १९७३ अघि गरिएका ९० प्रतिशत गर्भपतनहरू डाक्टरहरूद्वारा नै गरिएको थियो, गर्भपतन फेरि गैह्रकानुनी भएमा धेरै चिकित्सकहरूले गर्भपतन गराउने कार्य जारी राख्नेछन् भनी अनुमान गर्न सकिन्छ । अनि दुःखलाग्दो कुरा, धेरै महिलाहरूले गर्भपतनको कामलाई जारी राख्नेछन् । तर "धेरै" चाहिँ तीन-चार लाखको हाराहारीमा हुनेछ, त्यसको पाँच गुणा बढी होइन । यहाँ भन्ने कुरा केही छैन । यसको नतिजामा वार्षिक करिब दश लाख आमा तथा बालबालिकाहरू गर्भपतन गराउन तथा हुनदेखि बच्नेछन् ।

बालबालिकाको तर्फबाट हेर्ने हो भने त्यहाँ कुनै "सुरक्षित कानुनसम्मत गर्भपतन" छैन । यो सधैँ भयानक हुन्छ । गर्भपतन क्लिनिकमा दुईजना प्रवेश गरे भने एकजना मात्रै जीवित फर्किन्छ ।

बलात्कार एउटा निर्दोषमाथिको डरलाग्दो आक्रमण हो, बलात्कारलाई हामी कहिल्यै पनि सुरक्षित र कानुनसम्मत भन्न सक्दैनौं । अपहरण तथा बाल दुर्व्यवहारलाई हामीले सुरक्षित र कानुनसम्मत बनाउने प्रयास गर्दैनौं । गर्भपतनले बालबालिका मार्दैन भने यसको विरोध नगरौं । तर यसले बालबालिकाहरू मार्छ भने जुन कुरा प्रमाणले प्रष्ट देखाएको छ, तब हाम्रो लक्ष्यचाहिँ यसलाई सम्भव भएसम्म

सुरक्षित र कानुनसम्मत बनाउने होइन तर यसलाई रोक्न वैकल्पिक उपाय र कानुनी दायरा बनाउने हुनुपर्छ । डेभिड रेयर्डन भन्छन्:

दुर्भाग्यवश, गैह्रकानुनी गर्भपतनमा जुन भयानकता थियो, त्यही भयानकता कानुनसम्मत गर्भपतनमा पनि हुन्छ । गैह्रकानुनी गर्भपतनका धेरै अनुभवीहरूले यो कुरा स्वीकार गर्दैनन् तर यसको सट्टा गर्भपतनलाई कानुनी मान्यता दिएमा गर्भपतन गराउनेले भोग्नुपर्ने सबै पीडा तथा समस्याहरू हटाउन सकिन्छ भन्ने मान्यता राख्छन् ... । गर्भपतनले नै तिनीहरूको निम्ति समस्या खडा गरेको कुरा महसुस गर्नुको साटो तिनीहरूको सम्पूर्ण कष्टहरूको निम्ति त्यो समयमा गर्भपतनको गैह्रकानुनीपनलाई दोष थोपरे ।[५२]

गर्भपतन भयानक हुन्छ किनकि यो एउटा त्यस्तो प्रक्रिया हो, जहाँ एउटी महिलाको शरीरभित्र मृत्युको औजार पसाएर उनको निर्दोष बालबालिकालाई मारिन्छ । यो वास्तविकतालाई नता कुनै कानुन नता कुनै नारा वा आकर्षक प्रतीक्षा कोठा अथवा आधुनिक चिकित्कीय औजारद्वारा परिवर्तन गर्न सकिन्छ ।

## महिलाहरू के भन्छन्

गर्भपतनपछि जटिलताको अनुभव गरेका महिलाहरूको माझमा गरिएको सर्वेक्षणहरूअनुसार:

१. ९० प्रतिशतभन्दा बढीले बताए कि छनौट गर्ने कुरामा तिनीहरूलाई यथेस्ट जानकारी गराइएन ।

२. ८० प्रतिशतभन्दा बढीले आफूलाई परामर्शदाता लगायत अरूद्वारा ठूलो दबाब वा प्रोत्साहन नदिइएको भए आफूले गर्भपतन नगराउने बताए ।

३. ८३ प्रतिशतले बताए कि तिनीहरूले आफ्नो केटा साथी, परिवार वा नजिकका महत्त्वपूर्ण मानिसहरूको सहायता पाएको भए गर्भ राख्नेथिए र बालबालिकालाई जन्म दिनेथिए ।[५३]

वास्तवमा हरेक महिलाले गर्भपतनले दिनेभन्दा राम्रो कुरा पाउन योग्य छन् । अनि वास्तवमै उनीबाट लिइएको कुरा - अर्थात् उनको आफ्नै बालबालिका- जोगाउन उनी योग्य छन् ।

अध्याय १२

# गर्भावस्थाले आमाको जीवनमा जोखिम छ भने के गर्भपतन सही हुन्छ ?

गर्भावस्था वा बालबालिका जन्ममा कुनै महिलाको स्वास्थ्य वा जीवनमा खतरा भएमा के गर्भपतन गराउनु न्यायोचित हुन्छ ? अनि कति यस्ता घटनाहरू हुन्छन् ?

अमेरिकाका शल्यचिकित्सक प्रमुख, डा. सी. एभरेट कूपले बताए, कि बाल शल्यचिकित्कको रूपमा छत्तीस वर्ष कार्य गर्दा आमाको जीवन बचाउन कुनै पनि नजन्मिएको बालबालिकाको जीवन लिनुपरेको कुनै घटना उनलाई याद भएन । उनले भने गर्भपतनलाई न्यायोचित ठहराउन यो तर्क उठाउनु "धुँवाको पर्दा बनाउनु" जस्तै थियो ।

डा. ल्यान्ड्रम सेटल्स बाँझोपन उपचारका प्रणेता तथा "बाह्य प्रजननका पिता" ले दाबी गरे कि गर्भपतन गराइने सम्पूर्ण सङ्ख्याको १ प्रतिशतभन्दा कम गर्भपतन आमाको जीवन जोगाउनको निम्ति गरिन्छ ।[1] (चिकित्सा विज्ञानको सुधारको कारणले यो सङ्ख्या धेरै घटेर गएको छ किनकि यो उन्नाइस वर्षअघि कुरा थियो ।)

## बचाउन सकिने जीवनलाई बचाऔं

टक्सेमिया (रगतमा ब्याक्टेरिया हुने समस्या) भएकी महिलाको स्वास्थ्यमा असर पर्न सक्छ र असुविधा पनि हुन सक्छ, गर्भवती भएको समयमा धेरै सुतिरहनुपर्न सक्छ। यो गाह्रो हुन्छ तर सामान्यतया यसले जीवनलाई जोखिममा पार्दैन । यस्तो अवस्थामा "स्वास्थ्य" को निम्ति गर्भपतन गराउनु जीवन बचाउने होइन तर जीवन लिने बन्न सक्छ ।

गर्भावस्थाको समयमा नियमित रूपमा स्वास्थ्य जाँच हुने गर्दा कहिलेकाहीँ अरू पहिलेदेखिका रोगहरू देखिन सक्छ । गर्भावस्थामा गम्भीर प्रकृतिका बिमारीहरू त्यति देखिदैन, त्यस्तो बिमारीहरू

केही भए पनि उपचार गरी आमा तथा बालबालिका दुवैलाई बचाउन सकिन्छ । हरेक तीन हजार गर्भावस्थामा एउटा स्तन क्यान्सरको पहिचान हुने गरेको छ र सामान्यतया यो उपचार गर्न सकिने हुन्छ ।[२]

> गर्भावस्थामा बिरलै क्यान्सर (हरेक किसिमको) देखा पर्छ, यो १००० गर्भावस्थामा एकभन्दा पनि कम हुन्छ... तथापि, क्यान्सर लागेकी एउटी महिलाले एक स्वस्थ बालबालिकालाई जन्म दिन सक्छिन् अनि कतिपय क्यान्सरको उपचार गर्भावस्थाको समयमा सुरक्षित नै हुन्छ । क्यान्सरले सिधै भ्रूणलाई असर पुऱ्याउने घटना बिरलै हुन्छ । यद्यपि कतिपय क्यान्सर नालमा (आमा र भ्रूणको बीचमा जोडिएको अल्पकालीन नलीमा) फैलिन सक्छ, तर धेरैजसो क्यान्सर भ्रूणमा फैलिंदैन ।[३]

एक अन्कोलोजिस्ट (शरीरको ट्यूमरसम्बन्धी अध्ययन गर्ने) डा. जोन क्राउनले गर्भावस्थामा क्यान्सर रोग पत्ता लागेका महिलाहरूको उपचार गरिसकेका छन् ।[४] उनले ट्वीटरमा भने, कि आमाको ज्यान जोगाउनको निम्ति गर्भपतन गराउनुपर्ने एउटा घटना पनि उनले भेटेनन् । उनी लेख्छन्:

> मैले धेरै विरामीहरूलाई भन्ने गरेको छु, "एकदमै खराब हुने जस्तो देखिन्छ तर दुईवटा खुशीको कुरा सुन्ने सम्भावना अति धेरै हुन्छ, त्यो हो: तपाईं निको पनि हुनुहुनेछ अनि बच्चा पनि स्वस्थ जन्मनेछ । प्रायः हुने कुरा यही हो... ।"[५]

रजस्वला बन्द भएकी महिलाहरूमा जस्तै[६] आमाको पाठेघरमा क्यान्सर द्रूतगतिमा बढ्दैछ भने आमालाई बचाउन उपचार गर्न बालबालिकाको जीवन जोखिममा पार्न सकिन्छ भन्ने विचारधारा रहेको छ । निश्चय नै क्यान्सर हटाउने शल्यक्रियामा नचाहँदानचाहँदै पनि गर्भमा रहेको बालबालिकाको ज्यान जान्छ ।

हाम्रो एउटा मित्रले यस्तै एउटा परिस्थितिको सामना गर्नुपऱ्यो, जहाँ आमाको पाठेघरमा द्रूत गतिमा बढेको ज्यानमारा क्यान्सर हटाउनैपर्ने भएकोले नचाहँदानचाहँदै पनि र अन्य विकल्प नभएकोले नजन्मिएको बालबालिकाको मृत्यु भयो । गर्भावस्था सुरु-सुरुको अवधिको थियो र बालबालिका विकास भएर बाहिर बाँच्ने

अवस्थासम्म पुग्नुअघि नै आमा र बालबालिका दुवैको मृत्यु हुनेथियो। क्यान्सर हटाउनको निम्ति शल्यक्रिया भएको थियो।

तर यसमा गर्भपतन गराउने कुनै मनसाय थिएन। उक्त शल्यक्रिया बालबालिका मार्नको निम्ति नभएर आमालाई बचाउनको निम्ति भएको थियो। जीवन जोगाउने प्रयासको साइड इफेक्ट स्वरूप दुःखद रूपमा बालबालिकाको मृत्यु भएको थियो। यो जीवनको पक्षमा गरिएको कार्य थियो किनकि जीवनको पक्षमा भन्ने बित्तिकै बालबालिकाहरूको मात्र नभएर सबै जीवनको पक्षमा हो। यसको अर्थ महिलाहरूको जीवनको पक्षमा पनि हो।

## पाठेघरभन्दा बाहिर रहेको गर्भ (Ectopic Pregnency)

जब भ्रूण आमाको पाठेघरको बाहिर हुर्कन लाग्छ, तब यसलाई पाठेघरभन्दा बाहिर रहेको गर्भ मानिन्छ, यस्तो घटना सबै गर्भावस्थाको २ प्रतिशतभन्दा कम हुन्छ।[७] प्रायः शुक्रकीट डिम्ब नलीमा प्रवेश गर्छ वा तल्लो पेटको भित्तामा गएर मिलाप हुन्छ। यस्तो अवस्थामा रहेको गर्भमा एउटी महिलाले थाहै नपाई गर्भ तुहिनेगर्छ।

गर्भपतनका पक्षधरहरूका अनुसार "निसंकोच रूपमा पाठेघरभन्दा बाहिर रहेको गर्भावस्थामा गर्भपतन गराइएन भने आमाको जीवन खतरामा पर्छ भन्ने कुरा थुप्रै उदाहरणहरू आएको छ।"[८]

तर पाठेघरभन्दा बाहिर हुने गर्भावस्थामा बालबालिका बाँच्ने कुनै सम्भावना हुँदैन। यस्तो अवस्थामा आमालाई बचाउन शल्यक्रिया गर्नुपर्ने हुन्छ। यो दुःखद अवस्था हो, यसमा कुनै निर्दोष व्यक्तिलाई जानीबुझी मारिएको हुँदैन, शल्यक्रिया नगरे पनि बालबालिका बाँच्न सक्दैन। ती घटनाहरूमा दुवै जीवन जोखिममा थिए अनि आमाको ज्यान बचाउने प्रयासमा नजन्मिएको बालबालिकाको मृत्यु हुँदा दुईजनाको ज्यान जानुभन्दा कमसेकम एकजनाको जीवन बच्नु उत्तम थियो।

## पाठेघरभन्दा बाहिरको गर्भावस्थामा गर्भपतनको भूमिका

युएस डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्विसेजले पाठेघरभन्दा बाहिरको गर्भावस्थाको दरसम्बन्धी एउटा बीसवर्षे अध्ययन सार्वजनिक

गऱ्यो, जसमा गर्भपतनलाई कानुनी मान्यता दिएपछि यसको सङ्ख्या ५०० प्रतिशतले बढेर गएको देखिन्छ ।[९]

गर्भपतनका पक्षधरहरूले तत्कालै यो कुरा भन्छन् कि "प्राय: देखिने गरिएको घटनाहरूमा पाठेघरभन्दा बाहिर रहेको गर्भावस्थामा गर्भपतन गराइएन भने आमाको जीवन खतरामा पर्छ ।"[१०]

यो परिस्थितिमा गर्भपतन भन्ने शब्द प्रयोग गरिएको कुरामा म विरोध गर्छु, यो अर्कै विषयवस्तु हो । अमेरिकन जर्नल अफ अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजीले सन् २०११ मा निकालेको प्रतिवेदनअनुसार गर्भावस्थाको जाँच गर्दा "पाठेघरभन्दा बाहिर रहेको गर्भ" वा "नलीमा रहेको गर्भ" को सम्बन्धमा ४० प्रतिशतभन्दा बढी गलत तथ्य निकालिन्छ ।[११]

केमिकल (रसायन) हरूको प्रयोगद्वारा पाठेघरभन्दा बाहिरको गर्भावस्था घटेर गएको कतिपयले अनुमान लगाउँछन् । तर २००९ मा आएको एउटा अध्ययनले निष्कर्ष निकालेको छ कि "गएको पन्ध्र वर्षयता पाठेघरभन्दा बाहिर गर्भ रहेको कुरा सार्वजनिक गर्ने प्रवृत्ति बढेर गएको छ ।"[१२]

विगतका अध्ययनहरूले देखाएको छ कि पहिला एक पटक गर्भपतन गराएका महिलाहरूमा पाठेघरभन्दा बाहिर गर्भ रहने जोखिम अन्य महिलाहरूको तुलनामा दुई गुणा बढी हुन्छ भने पहिला दुई वा त्योभन्दा बढी पटकसम्म गर्भपतन गराएका महिलाहरूमा यो खतरा चार गुणा बढी हुन्छ ।[१३]

गर्भपतनले महिलाको स्वास्थ्यलाई जोगाउँछ भन्ने कुराको पैरवी गरिरहँदा अध्ययनले देखाइरहेको छ कि गर्भपतनले महिलाहरूलाई झन् बढी पाठेघरभन्दा बाहिर गर्भ रहने खतरामा पार्छ साथै गर्भावस्थासम्बन्धी अरू जोखिम उनीहरूको जीवनको निम्ति खतरा बन्छ ।

## अध्याय १३

# बलात्कार तथा हाडनाता करणीद्वारा रहन गएको गर्भावस्थामा के गर्भपतन उचित छ ?

गर्भपतनको पक्षधर गटम्याचर इन्सिच्यूटले गरेको एउटा अध्ययनमा दुईजना प्रजनन क्षमता भएका वयस्कहरूको बीचमा हुने यौनसम्बन्धबाट गर्भ रहने सम्भावना ३-५ प्रतिशत हुन्छ । तिनीहरूले यो पनि बताए कि विभिन्न तथ्यहरूको कारण बलात्कारमा पीडितको गर्भ रहने सम्भावना अझ न्यून हुन्छ ।[1] उक्त इन्सिच्यूटले २००४ मा गर्भपतन गराएका ११६० जना महिलाहरूमा गरेको सर्वेक्षणअनुसार १.५ प्रतिशत गर्भपतनहरू बलात्कार वा हाडनाता करणीको कारणले बसेको गर्भमा गरिएको थियो ।[2] तिनीहरूको अर्को अध्ययनमा यो सङ्ख्या एक प्रतिशत जनाइएको छ ।[3] अरू अध्ययनहरूले देखाएको छ कि बलात्कारको कारणले गर्भ रहने सम्भावना अझ न्यून हुन्छ, करिब एक हजार घटनामा एकजनाभन्दा पनि कम हुन्छ ।[4]

### वास्तविक विषयवस्तु के हो ?

गर्भपतनका पक्षधरहरूले धेरै गर्भपतनको ध्यानलाई बलात्कारद्वारा रहेको गर्भमा गरिएको गर्भपतनतिर ध्यानाकृष्ट गरी विषयवस्तुलाई अन्यत्रै मोडेका छन् किनकि यसले आवश्यक सहानुभूति प्राप्त गर्छ । बलात्कारको कारणले गर्भ विरलै रहन्छ भन्ने उल्लेख नगरी यसकै कारणले गर्भ रहेको भनी बारम्बार उल्लेख गरेर तिनीहरूले गलत छाप पारिरहेका छन् ।

बलात्कारको कारणले गर्भ रहन आयो भन्ने गलत धारणा कहाँबाट आउँछ ? कतिपय डराएका युवतीहरूले सम्भाव्य दोषबाट बच्न बलात्कारद्वारा आफू गर्भवती भएको बताउँछन् । नोर्मा म्याकोर्भी एक युवती थिइन्, जसलाई रोए भी. वेड मुद्दामा "रोए" भनिएको थियो । उनले अदालत र संचारमाध्यमबाट ठूलो

सहानुभूति पाएकी थिइन् किनकि तिनले आफूलाई बलात्कारको पीडित बताइकी थिइन् तर केही वर्षपछि उनले आफूले ढाँटेको र कहिल्यै बलात्कृत नभएको स्वीकार गरिन् ।[५] (त्यसपछि म्याकोर्भीले जीवनको पक्षमा बोल्न थालिन् र सुप्रिम कोर्टलाई रोए भी वेड मुद्दा उल्ट्याउन आग्रह गरिन् ।[६])

हाम्री एउटी प्रिय मित्र छन्, जो बलात्कृत भएकी थिइन् र गर्भवती भएकी थिएन्, उनका परिस्थितिहरूको कारणले बच्चा हुर्काउनु उनको निम्ति सहज थिएन । उनले आफ्नो बच्चालाई एक इसाई परिवारमा धर्मसन्तान बनाउनको लागि दिइन् । हाम्री मित्रले समय-समय उक्त परिवार तथा आफ्नो बच्चालाई भेट्ने गर्छिन् । यो सहज थिएन र उनको पीडा भयानक थियो तथापि बच्चा जीवित छ र प्रेम पाएको छ भन्ने कुरा थाहा पाउनुमा उनलाई सान्त्वना मिल्छ ।

एउटा टेलिभिजन कार्यक्रममा एकजना मानिसले गर्भपतनद्वारा जन्मेको बच्चाको बारेमा यसो भनेको मैले सुनें, "यस्तो प्रकृतिबाट आएको कुनै पनि कुराको अधिकार हुँदैन किनकि यो बलात्कारको उपज हो ।" तर यो बच्चाको स्वभाव अरू बालबालिकाहरूको स्वभावभन्दा कसरी फरक हुन्छ ?

अनि किन गर्भपतनका पक्षधरहरूले नजन्मिएको बालबालिकालाई ऊ बुबाको होइन आमाको हो भन्छन् तर जब आमा बलात्कृत हुन्छिन् तब अचानक उक्त बच्चा उसकी आमाको नभएर बुबाको बच्चा रूपमा लिन्छन् ?

तर कुराचाहिँ एउटा बच्चा कसरी गर्भमा आयो भन्ने होइन तर बच्चा गर्भमा आइसक्यो भन्ने हो । अब ऊ एक घृणित "बलात्कारको उपज" होइन । ऊ परमेश्वरको सुन्दर तथा अद्वितीय सृष्टि हो ।

पीडित महिलाको निम्ति निर्दोष शिशुलाई आफूसित वा अरूलाई दिएर जीवित रहन दिनुचाहिँ आफ्नो चोट हटाउने निष्फल प्रयासस्वरूप निर्दोष बालबालिकालाई मर्न दिनुभन्दा धेरै गुणा उत्तम हुन्छ ।

## हाडनाता करणीद्वारा भएको गर्भधारण

हाडनाता करणी एक भयानक अपराध हो । पीडकलाई सजाय दिइनुपर्छ अनि यौन दुर्व्यवहार गर्ने नातेदारको चङ्गुलबाट पीडित महिला वा केटीलाई बाहिर निकाल्नुपर्छ । पीडक र दुर्व्यवहार गर्नेलाई सजाय दिनुपर्छ, पीडित केटी वा उनको बच्चालाई होइन । हस्तक्षेप तथा सुरक्षा र निरन्तरको व्यक्तिगत सहायताचाहिँ यसको समाधान हो- उनको गर्भमा रहेको निर्दोष बालबालिकालाई मार्नुचाहिँ समाधान होइन । (आममान्यता भएजस्तो यस्तो घटनामा बालबालिका खराब हुने कुरा बिरलै पाइन्छ, तथापि बालबालिका सुस्त मनस्थितिको नै भए पनि उसलाई बाँच्ने अधिकार हुन्छ ।)

किन क भन्ने व्यक्ति ख भन्ने व्यक्तिले क भन्ने व्यक्तिको आमालाई बलात्कार वा यौन दुर्व्यवहार गरेको कारणले मारिने ? तपाईंको बुबाले अपराध गरेमा के तपाईं जेल जानुहुन्छ र ? तपाईंको शारीरिक बुबाले तपाईंकी आमालाई बलात्कार गर्दा तपाईं गर्भमा रहनुभएको हो र तपाईंको जन्म भएको हो भन्ने अहिले थाहा पाउनुभयो भने के तपाईंले अब आफूसित बाँच्ने कुनै अधिकार नरहेको महसुस गर्नुहुन्छ र ?

मैले यो विषयमा बोलेको जब एउटी महिलाले सुनिन्, तब पछि रुँदै मकहाँ आएर भनिन्, “मेरी आमा तेह्र वर्षकी हुँदा उनी बलात्कृत भएकी थिएन् । उनले मलाई जन्म दिइन् र पछि धर्मपुत्री हुनको लागि दिइन् । जब-जब बलात्कारद्वारा रहन गएको गर्भलाई गर्भपतन गराउन उचित हुन्छ भन्ने सुन्छु, तब मैले विचार गरें कि ‘मसित बाँच्ने कुनै अधिकार छैन’ । अनि मैले मेरो आफ्नो बालबालिकालाई गर्भपतन गराएको भए आज ऊ यहाँ मसँग हुनेथिएन ।”

दुर्व्यवहार गर्नेहरूलाई सजाय देऔं, पीडितहरूलाई होइन । महिला कुनै टुटफुट भएको सामान होइनन् उनी कुनै पनि हालतमा “सामान” होइनन् तर मूल्य र सम्मान सहितकी एक मूल्यवान मानवीय प्राणी हुन् र यो कुरा कुनै खराब घटनाले उनीबाट खोसेर लैजान सक्दैन । त्यसरी नै बालबालिका कुनै क्यान्सर होइन तर एक जीवित प्राणी हो, जसलाई प्रेम गर्नुपर्छ। बालबालिका कसैलाई धर्मसन्तान हुनको

लागि दिन सकिन्छ भने उसको ज्यान लिनुभन्दा त यो निकै उपयुक्त समाधान होइन र ? बलात्कारद्वारा गर्भधारण भई जन्मिएकाहरूलाई उनीहरूको जिउने अधिकार छैन भन्न अब बन्द गर्नुपर्दैन र ?

## गर्भपतनले बलात्कारको चोटलाई झन् बढाउँछ

फेमिनिस्ट फर लाइफले भन्छ, "कतिपय महिलाहरूले बताए कि बलात्कारको चोट बिस्तारै हराउँदै जाँदासम्म पनि तिनीहरूको गर्भपतनको चोट अझै हराएको थिएन ।"[७] एक बलात्कृत भएकी महिलाको भन्दा आफ्नो बालबालिकालाई मारेकोमा दोष र वेदना भएकी महिलाको चोट अझ खराब हुन्छ ।

डेभिड रेयर्डन र उनका सहयोगीले आफ्नो पुस्तक भिक्टिम्स एण्ड भिक्टर्समा बलात्कार तथा हाडनाता करणीको सिकार भएका १९२ जना महिलाहरू तथा तिनीहरूद्वारा जन्मेका ५५ जना बालबालिकाहरूको साक्षी संग्रहित गरेका छन् । हिंसाको शिकार भएका पीडितहरूले आफ्नै लागि बोल्ने स्थिति आयो, जसमा तिनीहरूको गर्भपतनको बारेमा भनाइ उस्तै थियो अनि धेरैले अनुमान गरेको भन्दा अलि भिन्नै थियो:

> यो व्यक्तिगत जीवन कथामा आधारित सर्वेक्षणमा प्रायः सबै महिलाहरूले बलात्कार तथा हाडनाता करणीद्वारा गर्भमा आएको बालबालिकालाई गर्भपतन गराएकोमा पछुतो गरे । आफ्नो विचार राख्ने मध्येका ९० प्रतिशतले यसरी यौन हिंसाका सिकार भएकाहरूलाई गर्भपतन नगर्न प्रोत्साहित गर्ने बताए । अर्कोतर्फ पुस्तकमा आफ्नो विचार व्यक्त गरेका बलात्कार तथा हाडनाता करणीद्वारा गर्भधारण गरी आफ्नो बालबालिकालाई जन्म दिएका कुनै महिलाले पनि पछुतो व्यक्त गरेनन् ।[८]

दुःखलाग्दो कुरा, बलात्कारको हिंसा र गर्भपतनको बीचमा केही कुरा साझा हुन्छ । ती दुवै कार्यमा बढी शक्ति भएको व्यक्तिले कमजोर व्यक्तिको क्षति गर्छ । बलात्कारको पीडित व्यक्तिलाई गर्भपतनले निको पार्दैन । यौन पीडकको अपराधको दण्ड निर्दोष शिशुमा थोपर्दैमा यसले बलात्कारीलाई केही हानि गर्दैन नता पीडित महिलालाई नै केही राम्रो गर्छ ।

दोस्रो, पीडित खडा गर्दैमा पहिलो पीडितमा परेको क्षति कहिल्यै हटेर जाँदैन ।

## खण्ड ४

# c¿ dxŒjk"0f{ ljifox¿

## अध्याय १४

# के गर्भनिरोधक चक्कीहरूले गर्भपतन गराउन सक्छ ?

### गर्भनिरोधक के हो ?

ऐतिहासिक रूपमा गर्भाधारण र निशेचन भन्ने शब्दलाई पर्यायवाची शब्दको रूपमा प्रयोग गरिँदैआएको छ, यी दुवै शब्दले मानव जीवनको सबभन्दा सुरुको अवस्थालाई जनाउँछन् । एउटा गर्भनिरोधक वस्तुले निशेचनलाई रोक्ने कार्य गर्छ (अर्थात् गर्भाधारणको विपरीत कार्य गर्छ) । दुःखलाग्दो कुरा, मैले पहिले उल्लेख गरेझैं विगत केही दशकयता "गर्भाधारण" र "गर्भनिरोधक" शब्दको वैकल्पिक अर्थहरू प्रयोग हुन लागेको छ, जसले विषयवस्तुलाई नराम्ररी दिग्भ्रमित पारेको छ ।

युग्ने एफ डायमण्डले फिजिसियन पत्रिकामा एउटा उत्कृष्ट लेख लेखेका छन् । डा. डायमण्ड भन्छन्:

> सन् १९७६ भन्दा अघि "गर्भनिरोधक" सामाग्रीलाई शुक्रकीट र डिम्बलाई मिलन हुन नदिने सामाग्रीको रूपमा बुझिन्थ्यो । १९७६ मा अमेरिकन कलेज अफ अब्स्टेट्रिसियन्स एण्ड गाइनेकोलोजी (ACOG) ले महसुस गऱ्यो कि यो परिभाषाले यसको राजनैतिक विषयवस्तुलाई समेट्दैन, त्यसपछि मनोमानी ढङ्गले परिभाषा परिवर्तन गरियो ।
>
> अहिले गर्भनिरोधकको अर्थ सुक्ष्म भ्रूण गर्भमा रहनदेखि रोक्ने सामाग्रीको रूपमा परिचित भएको छ, जुन निशेचनको छ दिन वा सात दिनपछिको अवस्था हो । डोर्नाल्ड इलुस्ट्रेटेड मेडिकल डिक्सनेरी (२७ औं संस्करण) का अनुसार गर्भधारणलाई "सुक्ष्म भ्रूण गर्भमा रहेको चिन्हसहितको गर्भावस्था" भनी परिभाषित गरिएको छ ।
>
> "गर्भनिरोधक" सामाग्रीको बारेमा ACOG को पुनर्परिभाषाभित्र रहेको भित्री नियतचाहिँ निशेचनलाई रोक्ने सामाग्री तथा एक हप्ताको भ्रूणलाई गर्भमा रहन नदिने सामाग्रीको बीचमा रहेको भिन्नतालाई धमिल्याउने हो । यसले गर्दा गर्भपतन गराउने सामाग्रीहरू,

विशेषगरी, आइयूडीज, समिश्रित चक्कीहरू, साना चक्कीहरू, गर्भनिरोधक हर्मोन तयार गर्ने चक्की, प्रोभेराजस्ता इन्जेक्सनहरू अनि भित्र राखिने नरप्लान्ट सबै यस परिभाषाभित्र परेका छन् ।[1]

डा. डायमण्ड भन्छन् "गर्भनिरोधक सामाग्री" को पुनर्परिभाषाले बिस्तारै चिकित्सकीय साहित्यमा प्रवेश गरेको छ । यो परिवर्तनको कारणले गर्भनिरोधक चक्कीहरूले कहिलेकाहीं भ्रूणलाई गर्भमा रहन दिंदैन भन्ने थाहा हुँदाहुँदै पनि कतिपय स्वास्थ्यकर्मीहरूले यसलाई गर्भनिरोधक मात्रै हुन् भनी बताउनेछन् ।

गर्भधारणको खास अर्थका अनुसार- जुन धेरै मानिसहरूले बुझेको अर्थ हो र कसैले बुझेको छैन भने कमसेकम स्वास्थ्यकर्मीहरूले बुझेका छन्- गर्भभित्र बनिसकेको भ्रूणलाई रहन नदिने कुनै पनि कुराले गर्भनिरोधक सामाग्रीको रूपमा कार्य गर्छ भनेर मान्न सकिँदैन ।

त्यसो हुँदा गर्भनिरोधक सामाग्रीहरू भनेका ती रसायनहरू तथा सामानहरू हुन्, जसले गर्भधारण वा (प्रजनन) डिम्ब निषेचन हुन दिंदैनन् । जन्म नियन्त्रण विधिले कहिलेकाहीं गर्भधारण भइसकेको मानवीय प्राणीलाई मार्छ, जुन विधिमा यदाकदा गर्भनिरोधक सामाग्रीको रूपमा कार्य गर्छ तर कतिपय अवस्थामा यसले गर्भपतन गराउने सामाग्रीको रूपमा कार्य गर्छ ।

"गर्भनिरोधक सामाग्रीहरू"ले गर्भपतन गराउने समस्या कुनै नौलो भने होइन । जीवनका पक्षधर धेरै इसाईहरू र चिकित्सकहरू समेतले इन्ट्रा-युटेरिन डिभाइसेज (IUDs), साथै RU-486 ("गर्भपतन गराउने चक्की") र आपतकालीन गर्भनिरोधक चक्की (ECP)को प्रयोगलाई विरोध गर्छन् । कतिपयले त नरप्लान्ट, डिपो-प्रोभेरा, नुभारिङ तथा "मिनि-पिल" को समेत विरोध गर्छन्, कतिपय अवस्थामा वा प्रायः डिम्ब निषेचनको काम रोक्न यिनीहरू असफल हुन्छन् तर छ-दिनको मानव बच्चालाई गर्भाशयभित्र बस्नदेखि रोक्न भने सफल हुन्छन् ।

## "द पिल" चक्की

"द पिल" अर्थात् चक्की भन्ने शब्द एउटा प्रख्यात शब्दावली हो, जो मुखबाट खाने गर्भनिरोधक चक्कीको रूपमा चालीसभन्दा बढी

व्यावसायिक उत्पादनहरूमा पाइन्छ । चिकित्सा क्षेत्रमा, तिनीहरूलाई गर्भ नियन्त्रक चक्कीहरू (BHPs), खाने गर्भनिरोधक चक्की (OCs) वा खाने चक्की (OCPs) भनेर उल्लेख गरिन्छ । तिनीहरूलाई "कम्बिनेसन पिल्स" अर्थात् समिश्रित चक्कीहरू पनि भनिन्छ किनकि यसमा हर्मोनहरूको मिश्रण हुन्छ ।

एक करोड बीस लाखभन्दा बढी अमेरिकी महिलाहरूले प्रत्येक वर्ष चक्कीको प्रयोग गर्छन् । संसारभरि १० करोडभन्दा बढी महिलाहरूले चक्कीको प्रयोग गर्छन् । यसले गर्भपतन गराउँछ कि भन्ने प्रश्नचिन्ह हुँदाहुँदै पनि थाहा नभएर लाखौं इसाईहरू, जो धेरै जीवनका पक्षधर हुन्छन्, उनीहरूले ती चक्कीहरू प्रयोग गर्छन् र अरूलाई प्रयोग गर्न सुझाव दिन्छन् । यो विषयवस्तुको महत्त्वलाई ध्यानमा राख्दा अनि वर्षौंदेखिको द्वन्द्वात्मक प्रश्नहरूलाई सुनेपछि मैले यो विषयवस्तुमा अनुसन्धान गर्ने र मलाई मन परे पनि वा मन नपरे पनि पत्ता लगाएका कुरा सार्वजनिक गर्ने निधो गरें । अब हामी मेरो पुस्तक के गर्भनिरोधक चक्कीहरू गर्भपतनको कारण बन्न सक्छन् ? को सारांश हेर्नेछौं । (पुस्तकको पूरा भागमा www.epm.org/bcp मा लगअन गरी पढ्नुहोस्) ।

फिजिसियन्स डेस्क रिफ्रेन्समा जन्म नियन्त्रण चक्की उत्पादकहरूले गरेको रिसर्चबाट आएका नतिजाहरू उल्लेख गरिएको छ, जन्म नियन्त्रण गर्ने चक्कीहरूको एउटा मात्रै संयन्त्र नभई तीनवटा संयन्त्रहरू छन्: (१) डिम्बलाई निस्क्रिय बनाउने (प्रमुख संयन्त्र), (२) नलीको मांसपेशीलाई कडा बनाउने ताकि शुक्रकीट डिम्बसम्म पुग्न नसकोस् र (३) पाठेघरलाई सुख्खा तथा पातलो बनाउने ताकि भर्खरै निषेचन भएको डिम्ब त्यसमा बस्न नसकोस् । पहिलेका दुई वटा संयन्त्रहरू गर्भनिरोधक हुन् । तेस्रो संयन्त्रचाहिँ गर्भपतन गराउने हो ।

फिजिसियन्स डेस्क रिफ्रेन्सको प्रभावकारिता दर सूचीका अनुसार यी सूचीकृत सबै गर्भनिरोधक सामाग्री चक्कीको प्रयोग गर्दागर्दै पनि करिब ३ प्रतिशत चक्की प्रयोगकर्ता महिलाहरू गर्भवती भएको पाइयो, यसको अर्थ तीनवटै संयन्त्रहरू असफल भयो । पहिलो र दोस्रो संयन्त्र

असफल भएझैँ कहिलेकाहीं तेस्रो संयन्त्र पनि असफल हुन्छ । तथापि हरेक पटक तेस्रो संयन्त्र सफल हुन्छ र यसले गर्भपतन गराउँछ ।

## चक्कीले कसरी काम गर्छ

महिलाको मासिक रजस्वला चक्रको प्रकृयामा पाठेघरको भित्री सतह भर्खरै निशेचन भएको भ्रूण राख्नको लागि तयार र अलि बाक्लो हुन्छ । स्वभाविक चक्रमा चक्कीले कुनै अवरोध पुऱ्याउन सक्दैन अनि पाठेघरको भित्री झिल्लीले रगत जम्मा हुने ठाउँलाई बढाउँछ, जसले बच्चाको निम्ति अक्सिजन र पोषकको आपूर्ति बढाउँछ । साथै पाठेघरको भित्री झिल्लीमा ग्लुकोजेन र सुगर जम्मा गर्छ, जसले गर्भमा रहनेबित्तिकै बच्चा (भ्रूण) को निम्ति खाना तयार गर्छ ।

चक्कीले बच्चाको निम्ति महिलाको शरीरमा स्वस्थ र बस्नयोग्य बातावरण बन्नदेखि रोक्छ र पाठेघरको झिल्लीबाट प्राप्त हुने अक्सिजन र पोषक तत्व नपाएर बच्चा मर्न सक्छ ।

साधारणतया प्रजनन भएको छ दिनपछि एउटा नयाँ व्यक्ति (भ्रूण) गर्भमा प्रवेश गर्छ । गर्भ प्रवेश असफल भएमा बच्चा पाठेघरबाट त्यत्तिकै तुहिन्छ र मासिक रजस्वला अलि ढिलो भएजस्तै लाग्छ र अन्य केही थाहा हुँदैन । जब लगातार धेरै गर्भ तुहिरहन्छ, यो बाह्य सामाग्री वा रसायनले तयार गरेको बातावरणको कारणले भएको हो, यो कृत्रिम रूपमा हुने गर्भ तुहाउने कार्य हो अर्थात् गर्भपतन हो । आमालाई थाहा नभए पनि वा यस्तो हुनेछ भन्ने जानकारी नभए पनि यो वास्तविक हो र उनलाई यो कुरा थाहा भएमा निकै डरलाग्दो हुनेछ ।

## नैतिक बहस

चक्की प्रयोगका प्रतिरक्षकहरूले चक्कीले गर्भपतन गराउँदैन र नगराउन सक्छ, तसर्थ हामीले यसको प्रयोग गर्न र सिफारिस गर्न हिच्किचाउनुपर्दैन भनी बहस गर्छन् । कतिपयले भन्ने गर्छन्, चक्कीले गर्भपतन गराउँछ भने यो "सानो गर्भपतन" मात्रै हो र "गर्भमा रहनुभन्दा पहिले" नै हुने हो ।[२] यसर्थ उनीहरू भन्छन् कि यहाँ समाधान गर्नुपर्ने कुनै नैतिक द्विविधा छैन । (मानवीय जीवन निशेचनको समयमा

सुरु नभएर विजारोपणको समयमा सुरु हुने भएमा यो कुरा सत्य पनि हुनेथियो- हामीमध्ये धेरैले यसको विरोधमा कुनै तार्किक, वैज्ञानिक वा बाइबलीय आधार पाउँदैनौं ।)

दुःखलाग्दो कुरा, मेरो अनुभवमा जीवनका पक्षधरहरूले मात्र चक्कीहरूले गर्भमा भ्रूणलाई बस्नदेखि रोक्छ भन्ने कुरालाई इन्कार गर्छन् । यस्तो हुनुको कारणचाहिँ गर्भपतनको विरोध गर्नेहरू मात्र चक्कीहरूले पनि गर्भपतन गराउँछ भन्ने प्रमाणको कारण दुःखित हुन्छन् । जसले गर्भपतन सधैँ कानुनसम्मत हुनुपर्छ भन्ने कुरा स्वीकार गर्नेले चक्कीले भ्रूणलाई गर्भभित्र स्थापित हुनदेखि रोक्न सक्छ भन्ने कुरा बुझेका हुन्छन् । विशेषज्ञहरूसितको मेरो लामो बातचितको क्रममा मलाई यो कुरा पक्का भएको हो । तिनीहरूले प्रायः भन्ने गरेको कुरा यस्तो हुन्छ, "अवश्य पनि, हामीलाई थाहा छ, चक्कीले कहिलेकाहीं निषेचन भएको डिम्बलाई पाठेघरमा बस्नदेखि रोक्ने कार्य गर्छ । यो कति नियमित हुन्छ, त्यो हामीलाई थाहा छैन ।"

त्यसो हुँदा यो नैतिक प्रश्न उठ्छः यसले कति गर्भपतन गराउँछ भन्ने कुरामा हामी अनिश्चित छौं भने यो हाम्रो यो अनिश्चितताको प्रकाशमा हामीले कसरी व्यवहार गर्न सक्छौं ?

कलेजमा नैतिक विषय सिकाउने क्रममा यो विषयवस्तुलाई म यसरी राख्छुः तपाईंले रातिको समयमा गाडी चलाउँदै हुनुहुन्छ अनि सडकमा केही कालो आकृति देख्नुभयो र त्यो एउटा बच्चा हो वा रूखको छायाँ हो भन्ने कुरा तपाईंले ठम्याउन सक्नुहुन्न भने त्यस आकृतिमाथि गाडी चलाइराख्नुहुन्छ कि गाडीको ब्रेक लगाउनुहुन्छ ? उक्त आकृति एउटा बालकको हो भन्ने कुराको सम्भावना ५० प्रतिशत भएमा तपाईंले के गर्नुहुन्छ ? १० प्रतिशत सम्भावना भएमा ? ३ प्रतिशत सम्भावना भएमा ? गाडी मोड्नु वा रोक्नुभन्दा पहिला बच्चाले मार्न सक्ने सम्भावना छ भन्ने कुरामा तपाईं कति विश्वस्त हुनुपर्छ ?

के हामीले जीवनको लागि शंकाको कुनै ठाउँ राख्नुपर्दैन र ?

## सम्भावित मृत्यु असल मनसाय

मलाई बारम्बार यो भनिने गरिन्छ कि धेरै मानिसहरूले गर्भपतन गराउने मनसायले नभई गर्भनिरोधको निम्ति चक्की लिन्छन् यसर्थ चक्कीको सेवन जारी राख्नु तिनीहरूको दृष्टिमा नैतिक रूपमा उचित हो ।

म यो कुरा पक्कै स्वीकार गर्छु कि धेरै महिलाहरूले गर्भपतन गराउने नियतले चक्की सेवन गर्दैनन् । वास्तवमा ९९ प्रतिशतलाई यसले गर्भपतन गराउन सक्छ भन्ने थाहा पनि छैन (सावधानीको बारेमा राम्ररी नबताइएका चक्की सेवन गर्नेहरूको बारेमा टिप्पणी गर्नु दुःखलाग्दो कुरा हो ।) तर चक्की सेवन गर्नेहरूको मनसाय हानि नगर्ने भए पनि यसले मृत्यु ल्याउन सक्छ ।

एउटा नर्सले तपाईंको बच्चालाई क्षति गराउने मनसाय नराखी इन्जेक्सन दिइन् तर उनलाई थाहै नभई एक हानिकारक विषको इन्जेक्सन दिइन् भने उनको असल मनसायले सम्भावित दुर्घटनालाई कम गर्दैन । नर्समा हत्याराको हृदय होस् वा सन्तको हृदय होस्, दुवै अवस्थामा बच्चा त मर्छ । सबैभन्दा उत्तम नियत वा मनसायले क्षतविक्षत नतिजालाई उल्टो फर्काउन सक्दैन ।

चक्की लिनुचाहिँ रसियन रौलेटे (Russian roulette) खेल्नुजस्तै हो, जसमा धेरै गोली अट्ने बन्दुक छ भने जोखिम कम हुन्छ । रसियन रौलेटेमा सहभागीहरूले आफैंलाई गोली हान्ने मनसाय राखेका हुँदैनन् । तिनीहरूको मनसायचाहिँ गोली नलागोस् भन्ने हो, तथापि तिनीहरूले लामो समयसम्म खेल खेले भने तिनीहरू उम्कन सक्दैनन् । अन्तमा मर्छन् नै ।

## “Morning-after” वा प्लान बी चक्की

१९९७ मा FDA ले सामान्य गर्भनिरोधक चक्कीलाई “आपत्कालीन गर्भनिरोधक सामाग्री” को रूपमा प्रयोग गर्न अनुमति दियो ।[३] “आपतकालीन गर्भनिरोधक सामाग्री” उच्च मात्राहरूमा रहेको गर्भनिरोधक चक्कीहरूको एक समिश्रण हो । एउटा लेखले बताउँछः

मर्निङ-आफ्टर चक्कीले असुरक्षित यौनसम्पर्कबाट बस्न सक्ने सम्भावित नचाहिएको गर्भ रोक्नको निम्ति यौन सम्पर्क भएको ७२ घण्टाभित्र लिने चक्कीहरूलाई जनाउँछ। यी चक्कीहरूले निषेचन भएको डिम्बलाई पाठेघर मा बस्न नदिने र भ्रूणको रूपमा विकास हुन नदिने कार्य गर्छ।[४]

निशेचनको समयमा नै डिम्ब निषेचन हुँदा गर्भ सुरु हुन्छ नकि निषेचन भइसकेको डिम्ब पाठेघरभित्र प्रवेश गरेपछि भन्ने ऐतिहासिक बुझाइलाई हामीले स्वीकार गऱ्यौं भने हामीलाई थाहा छ, चक्कीहरूले "गर्भलाई रोक्दैन ।" गर्भ विजारोपण गर्ने समयमा सुरु हुन्छ भन्ने मान्यता राख्दा यसले बच्चाको अस्तित्वलाई अस्वीकार गर्छ र आमाको गर्भभित्र उसलाई आवश्यक पर्ने पोषक तत्वबाट उसलाई वन्चित गर्छ। जसरी वर्ल्ड पत्रिकाले औंल्याएको छ, "चक्कीहरू वास्तविकतामा-निषेचन भएको डिम्बलाई पाठेघरभित्र बस्नदेखि रोक्ने गरी तयार गरिएको हुन्छ - सुरु भइसकेको गर्भलाई गर्भपतन गराउँछ।"[५]

## भाषिक युद्ध

सबै क्रोमोजोम र डिएनएसहितको भर्खर गर्भधारण भएको बच्चालाई ("प्रजनन भएको एउटा डिम्ब" को रूपमा अव्यक्तीकरण गर्दै) एउटा जीवित व्यक्ति होइन किनकि ऊ अझसम्म आफ्नो घरमा अर्थात् उसको आमाको पाठेघरभित्र प्रवेश गरेको छैन भनी धेरैले भन्ने गर्छन्। यसर्थ यस्तो बहस गरिन्छ कि उसको घर उसको निम्ति तिरस्कार गर्ने बनाउन मिल्छ। तर यस्तो भनाइअनुसार त घर नभएका मानिसहरू मान्छे होइनन् किनकि तिनीहरू घरमा बस्दैनन् भनेर मान्नुजस्तै हो। अनि तिनीहरूको लागि घर बनिसकेको छ भने ती घरहरूमा मानिसहरू बस्नु अघि नै जलाएर नष्ट गरी मानिसहरूलाई मर्नको लागि बाहिर ठण्डीमा फालिदिनु उपयुक्त छ भनेको जस्तै हो।

जुनसुकै कुराले भ्रूणलाई पाठेघरमा बास गर्न दिंदैन, त्यसले पछि गरिने गर्भपतनका प्रक्रियाहरूमा जस्तै अद्वितीय रूपमा बनेको मानवीय प्राणीको हत्या गर्छ।

कति मुख्यधारमा रहेका चक्की "मर्निङ-आफ्टर" (प्लान बी) चक्कीहरू हुन् ? २०१२ को फेब्रुअरीमा सिप्पेन्सबर्ग क्याम्पस युनिवर्सिटी

अफ पेनेन्सुयलाको भेन्डिङ मेसिनमा ती चक्कीहरू राखिएको थियो । एक मात्राको पच्चीस डलरमा रहेको उक्त चक्की तल्लो माध्यमिक विद्यालय स्तरका केटीहरूसहित जोसुकैले पनि गर्भाधारण भइसकेको मानव जीवनको प्राण लिनको लागि औषधीको रूपमा सेवन गर्न सक्थे ।[६]

## सत्यता किन लुकाउने ?

परमेश्वरले निशेचनको समयमा नै मानिसलाई सृष्टि गर्नुहुन्छ भन्ने कुरा विश्वास गर्नेहरूबाहेक अरूको निम्ति पाठेघरमा भ्रूण प्रवेश गर्न नदिने कुरा कुनै नैतिक चासोको विषय बन्दैन, विशेषज्ञहरूले कुरा बाहिर ल्याएका छैनन् भन्ने कुरा अचम्मलाग्दो छैन । तिनीहरू विचार गर्छन् कि किन तिनीहरूले यो कुरा बाहिर ल्याउने ?

चक्की उत्पादकहरूका आफ्नै अनुसन्धान विभाग छन्, जसमा दर्जनौं पूर्णकालीन अनुसन्धानकर्ताहरू छन् र पत्ता लगाएका कुराहरू हरेक वर्ष हजारौं पृष्ठमा आउनेगर्छन् । तर पत्ता लगाएका यी कुरामा एकदमै थोरै मात्र जानकारी उपलब्ध गराइन्छ । प्रकाशित सूचकांकअनुसार चक्कीको कारण हुने गर्भपतनको सङ्ख्या एकदमै धेरै छ । तर यस विषयमा अनभिज्ञता जाहेर गरेका दर्जनौं वैज्ञानिक जर्नल प्रकाशित भएका छन् । यस्तो महत्त्वपूर्ण प्रमाण प्रकाशित नभएको मात्र होइन तर केही चिकित्सकहरूबाहेक अरू कसैले पनि सार्वजनिक रूपमा यो जानकारीमा ल्याउँदैनन् र प्रकाशमा पनि आउँदैनन् । तिनीहरूले कुनै कुरा सुनिहाले पनि त्यो एउटा टुक्रा मात्र हुन्छ ।

धेरै विज्ञ चिकित्सकहरू साथै इसाई प्रसुति तथा स्त्री रोग तथा परिवारिक स्वास्थ्य चिकित्सकहरू पनि यो प्रमाणको बारेमा अनभिज्ञ छन् । मेरो पुस्तक क्यान द बर्थ कन्ट्रोल पिल कज एवर्सन पढेका धेरैले मलाई यो कुरा बताएका हुन् । अनि जब तिनीहरू मैले उल्लेख गरेको सन्दर्भ सामाग्रीहरू अध्ययन गर्छन्, तब यो प्रमाण कति अकाट्य रहेछ भन्ने थाहा पाउँछन् ।

चक्कीहरूको बारेमा उठिरहेका तथ्यहरू बाह्य रूपमा यत्रतत्र देखिरहेको अवस्थामा पनि धेरै इसाईहरू- पास्टरहरू र इसाई संस्थाका अगुवाहरूले समेत- चक्कीको सेवन गर्न सिफारिस गर्छन्, यो विषयवस्तु

उठ्दा त्यसलाई इन्कार गर्ने कुरा स्वाभाविकजस्तै भएको छ र अरू कसैले यो विषय उठाउँदा पनि हामीले नराम्रो किसिमले हेर्छौं ।

हामी यो तथ्यबाट पनि भाग्न सक्दैनौं कि विश्वभर अरबौं डलरका चक्की उत्पादन कम्पनीहरू छन्। यसका उत्पादक औषधी कम्पनीहरूको यसमा गहन लगानीमय अभिरुचि छ। यसर्थ धेरै चिकित्सकहरूले यो सेवन गर्नको निम्ति सिफारिस गर्छन् । धेरै चिकित्सकहरूले आर्थिक लाभ हासिल गर्न यसलाई सिफारिस गरेका हुन् भन्ने मेरो भनाइ होइन तर चिकित्सकहरूको कामबाट आर्जन हुने आम्दानीमा यसको ठूलो हिस्सा रहेको हुन्छ ।

यो जानकारीलाई राम्ररी फैलाउने काम चक्की उत्पादक कम्पनीहरूले मात्र गर्छन् । तथापि समस्याचाहिँ चक्कीहरूले कसरी काम गर्छ भन्ने नसिकाई चक्कीहरूले काम गर्छ भनेर आश्वस्त पारेर तिनीहरूले ग्राहकहरू जम्मा गरिरहेका छन् । गर्भधारण भइसकेको भ्रूणलाई पाठेघरमा बस्न नदिने भनेर कसैले चक्की सेवन गर्दैन । तर यो कुरा थाहा पाएपछि केहीले वा धेरैले चक्की सेवन नगर्न सक्छन् ।

औषधी उत्पादक कम्पनीले यी सूचनाहरू उपलब्ध गराएमा केही पनि हासिल गर्दैन तर धेरै कुरा गुमाउन सक्छ ।

अध्याय १५

# अशक्त र अनिच्छित बच्चाको बारेमा के ?

कतिपयले भन्ने गर्छन्, "सुस्त मनस्थितिका बच्चाहरूलाई दुःखदायी र अर्थहीन जीवन जिउनको निम्ति जन्म दिनु तिनीहरूमाथि अत्याचार गर्नु हो।" तर अशक्तहरूले आफ्नो जीवनको बारेमा के विचार गर्छन् ? पक्षघाती भएका बिमारीहरूले अशक्तताको कारण आफ्नो जीवन अर्थहीन भएकोले जन्मने बित्तिकै मर्न दिएको भए हुने थियो भने । "तिनीहरूको यस्तो प्रतिक्रिया दबाबको कारणले आएको थियो। अवश्य पनि तिनीहरू जिउन चाहन्छन्! वास्तवमा यस्तो प्रश्न नै उनीहरूलाई बेकार लाग्छ।"[1]

एकदमै सुस्त मनस्थिति भएको बच्चाको बारेमा एउटा छनौट-पक्षधरले भनेको मैले सुनें, "के एउटा राक्षसलाई यस संसारमा ल्याउनको निम्ति कुनै महिलालाई दबाब दिन मिल्छ ?" यस्ता शब्दहरूको प्रयोगले मात्र तिनीहरूको कुरामा विश्वास गर्नको निम्ति हामीले आफैंलाई धोखा दिन सक्छौं। अशक्त मानिसहरूको निम्ति प्रयोग गरिने अर्को शब्द घाँसपात हो। यस्तो शब्दावली अमानवीय र क्रुर हो तर यसले तिनीहरू को हुन् भन्ने कुरालाई परिवर्तन गर्दैन।

एउटा स्याउ कोरिएको भए पनि त्यो स्याउ नै हो। एउटा कुकुर दृष्टिबिहीन भए पनि ऊ कुकुर नै हो। बिर्सने एक महिला अझै पनि महिला नै हुन्। सुस्त मनस्थिति भएको एउटा बालक अझ पनि बालक नै हो। व्यक्तिको पहिचान र स्वभाव ऊ सुस्त मनस्थितिको हुँदैमा परिवर्तन हुँदैन। एस. ई. स्मीथले डिस्याविलीटीले लेखेको लेखले भन्छ, "समाजलाई धेरै हदसम्म नियन्त्रण गरेका सबल व्यक्तिहरूले

अशक्तहरूको जीवन दुःखदायी हुन्छ र जिउनका योग्य हुँदैनन् भन्ने मान्यतालाई तोड्नुपर्छ ।"[२]

## जाँचहरूमा जोखिम र असफलता हुन्छन्

कतिपय डाक्टरहरूले दम्पत्तिको वंशानुगत इतिहासले बच्चा असामान्य जन्मने खतरा भएमा "गर्भ अन्त गर्न" (बच्चा मार्न) सुझाव दिन्छन् । सम्भाव्य विकृत अङ्गको बारेमा अध्ययन गर्ने हालको मापदण्ड कोरियोनिक भिल्ला स्याम्पलिङ (CVS) र एम्नियोसेन्टेसिस[३] ("त्रिपक्षीय जाँच") हो । अरू अनुसन्धानहरूले RNA नमुनामा जोड दिन्छन् ।[४] २०११ मा गरिएको एउटा अध्ययनले देखाएको छ कि यी जाँचहरूले तीन सयमा एकजनादेखि पाँच सयमा एकजनासम्मको गर्भ तुहाउने सम्भावना हुन्छ ।[५] त्यसैगरी सेन्टर्स फर डिजिज कन्ट्रोलले अनुमान गरेको छ कि सुरुवाती समयमा गर्भभित्र रहेको तरल पदार्थ निकालेर जाँच गर्ने कार्य (amniocentesis) मा नजन्मिएको बच्चा तुहिएर मृत्यु हुने सम्भावना "४०० मा एक र २०० प्रक्रियामा एक हुन्छ ।"

अध्ययनले यो पनि देखाएको छ कि सुरुवाती समयमा एम्निओसेन्टेसिस गरिसकेपछि बच्चा कुँजो हुने जोखिम उच्च हुन्छ ।[६] दुःखलाग्दो कुरा बच्चाको अशक्तता अर्थात् विकृत अवस्था पहिचान गर्ने औजार नै पछि गएर यसको कारक तत्व बन्न सक्छ ।

"वंशानुगत पहिचानको आधारमा गरिने सबै खाले गर्भपतनको सिफारिसमा वंशको इतिहासको आधारमा दुई तिहाइदेखि आधासम्म बिरामी नभएका सग्लो नजन्मिएका बच्चाहरूलाई मारिन्छ । 'सुस्त मनस्थिति भएका' भन्दा धेरै 'सामान्य' बच्चाहरू मारिन्छन् ।"[७]

## डाक्टरहरू सधैँ सही हुँदैनन्

बच्चा सुस्त मनस्थितिको भनेर डाक्टरले बताएको कारण धेरै अभिभावकहरूले आफ्नो बच्चाको गर्भपतन गराएका छन् । यही कुरा बताइएका अरू मानिसहरूलाई मैले भेटेको छु तर तिनीहरूले आफ्नो बच्चा जीवित राखे । पछि सामान्य बच्चा जन्मँदा यी अभिभावकहरू अचम्मित भए ।

केही वर्षअघि मैले टेलिभिजनमा एउटा महिलाको बारेमा समाचार हेरेको थिएँ, ती महिलाको पेटमा ट्यूमर छ भनी डाक्टरको जाँचले देखायो । पछि गएर उक्त “ट्यूमर” बच्चा रहेछ भन्ने थाहा भयो । उक्त महिलालाई क्यान्सर थियो र दुई वर्षदेखि किमोथेरापी गर्दै थिइन् । डाक्टरकहाँ जाँदा आफू गर्भवती भएको उनलाई थाहा भयो, साथै बच्चा बिग्रेको जन्मन सक्छ भनेर उनलाई गर्भपतन गराउनको निम्ति सुझाव दिइनै लागिएको थियो । तथापि बच्चा सामान्य जन्म्यो ।

एकजना अरेगन निवासी पोर्टल्याण्डको एउटा स्वास्थ्य क्लिनिकमा एउटा सिटी स्कान देखाउन गइन् । तिनीहरूले महिलाको पाठेघरको माथिल्लो हिस्सामा ठूलो कुर्कुरे हड्डी रहेको अर्थ लगाए । अनुमान गरिएको “ट्यूमर” हटाउनको निम्ति ती महिलाले हिस्ट्रिक्टोमी शल्यक्रिया गराइन । तर पछि थाहा भयो ती महिलालाई कुनै क्यान्सर थिएन तर उनको सोह्र हप्ताको गर्भ थियो ।

आफ्नो पाठेघर र बच्चा निकालेर फालिएकोमा तिनले कानुनी मुद्दा दायर गरिन् । तर अन्तिममा ओरेगन कोर्ट अफ अपिलले उक्त नजन्मिएको बच्चा ओरेगनको कानुनअनुसार एउटा “व्यक्ति” नरहेको निष्कर्ष सुनायो ।

## शारीरिक विकलाङ्गता कहिलेकाहीं सानो खालको हुन्छ

प्लान्ड प्यारेन्टहुडको गटम्याचर इन्सिच्यूटले बताएको छ कि गर्भपतन गराउने महिलाहरूमध्ये १ प्रतिशत महिलाहरू तिनीहरूको बच्चामा समस्या भएको डाक्टरले सुझाव दिइएको कारण गर्भपतन गराउन आउँछन् ।[८] कतिपय समस्याहरू त सजिलै सुधार गर्न सकिने हुन्छ, जस्तैः ओठ बिग्रिएको वा मुख केही बिग्रिएको आदि । लण्डनको सण्डे टाइम्समा लेखिएको गर्भपतन गराइएका यी कारणहरूको बारेमा पढेपछि ओठखुँडे भएकी पाँच वर्षकी छोरीकी आमाले सम्पादकलाई यसो लेखिन्:

> शारीरिक रूपमा केही कमी भएका बच्चाहरूलाई जन्म दिने जोखिम उठाउन नचाहेर गर्भपतन गराउने छनौट गरेका धेरै दम्पत्तीहरूको बारेमा पढ्दा मलाई असाध्यै दुःख लाग्यो । मेरी छोरी

असामान्य व्यक्ति होइनन् ... पूर्ण र खुसीपूर्वक जीवन जिउन उनी सक्छिन् र जिइरहेकी पनि छन् ... शल्यक्रियाद्वारा ठीक गर्न सकिने अनुहारको सामान्य समस्यालाई पनि गर्भपतन गराउनको निम्ति मौकाको रूपमा लिने कस्तो समाजमा हामी बसिरहेका छौं ?[९]

## एक सांस्कृतिक बेवास्ता

बालरोग विशेषज्ञ र बालशल्य चिकित्सकहरूसित गरिएको सर्वेक्षणमा यो कुरा पत्ता लाग्यो कि दुई तिहाइभन्दा बढी सुस्त मनस्थिति भएका बालकहरू जीवन प्रदायक शल्यक्रिया नगरी आफ्ना अभिभावकहरूसँग फर्केर जान्छन् ।

एकातर्फ अपाङ्गता भएकाहरूको निम्ति हामीले पार्किङ गर्ने ठाउँ र भऱ्याङहरू छुट्याउँछौं । पोस्टरमा रहेका सुस्त मनस्थिति भएका र कुँजो बालकहरूको बारेमा हामीले दयालु कुरा गर्छौं । हामी विशेष ओलम्पिक्समा प्रायोजन गर्छौं अनि तिनीहरूले हामीमा ल्याएको आनन्द र प्रेरणाको निम्ति सहभागीहरूलाई समर्थन गर्छौं । तर कुनै एउटा महिलाको गर्भमा यस्तै बच्चाहरू छन् भन्ने जब हामीले सुन्छौं, तब धेरैले "यसलाई मार" भन्छन् ।

२०१२ मा ओरेगनमा एक दम्पत्तिले तीस लाख डलर क्षतिपूर्ति प्राप्त गरे- यो रकम सुस्तमनस्थिति भएकी छोरीलाई हेरचाह गर्न लागेको अतिरिक्त खर्च क्षतिपूर्ति वापत लिएका थिए । डाक्टरले गर्भको जाँच गर्दा बच्चा सामान्य रहेको र कुनै अशक्त नजन्मिने भनेर अस्पतालले गल्ती गरेको भनी तिनीहरूले मुद्दा दायर गरेका थिए । अस्पतालको गल्तीले बच्चाको जीवन जोगायो तर ती अभिभावकहरूले यो दाबी गरे कि बच्चा अशक्त जन्मिने भए तिनीहरूले गर्भपतन गराउनेथिए ।[१०] (तिनीहरूका सन्तानहरूलाई यसले कस्तो सन्देश दिइरहेको छ ?)

उल्लेखनीय कुरा त गर्भको जाँच हुनुपर्छ भनी पैरवी गर्नेहरूको समूह भए पनि, "मानसिक रूपमा अशक्त बालबालिकाहरूको अभिभावकहरूको एउटा पनि संस्थाले गर्भपतनको समर्थन गर्दैन ।"[११]

मानिलिनुहोस्, तपाईंको छ वर्षको बच्चा दृष्टिबिहीन भयो वा

पक्षघाती भयो । अब ऊ तपाईंको निम्ति एउटा भार हुन्छ । उसलाई हुर्काउनु महङ्गो, असजिलो र तपाईंको मानसिक स्वास्थ्यको निम्ति गाह्रो हुन्छ । के तपाईं उसलाई मृत्युमा पुऱ्याउनुहुन्छ ? उसलाई मृत्युमा पुऱ्याउन कानुनले अनुमति दियो भने तपाईंले के गर्नुहुन्छ ? मार्नुहुन्न भने किन मार्नुहुन्न ?

तपाईं आफ्नो सुस्त मनस्थिति भएको बच्चालाई मार्नुहुन्न किनकि तपाईंले उसलाई चिन्नुहुन्छ। तपाईंले काखमा राख्नुभएको छैन र ऊ रोएको सुन्नुभएको छैन भन्दैमा उसको महत्त्व परिवर्तन हुँदैन र उसलाई मार्नु उचित होइन। आफ्नो बच्चालाई चिन्ने मौका लिनुहोस्। तपाईंले उसलाई प्रेम गर्नुहुनेछ ।

मस्तिस्क पूरा विकास नभएको बालकको बारेमा के भन्नुहुन्छ त ? साधारण अपेक्षाचाहिँ "जुनसुकै हालतमा पनि ऊ मर्ने नै छ" भन्ने भएकोले डाक्टरहरूले प्रायः गर्भपतन गराउन सुझाव दिन्छन् ।[१२] यो निष्कर्षमा पुग्नलाई चुनौति दिने कारणहरू छन्,[१३] तर ती कारणहरू नरहे पनि बच्चा मर्नेछ भन्ने सम्भावना हुनु र उसको जीवन लिनु बिल्कुलै फरक कुरा हो ।

## जीवन छान्नु

मेरो मण्डलीमा बाल संगतिको कक्षामा सहभागी मस्तिस्क राम्ररी विकास नभएकी बालिका गर्भमा रहेको जोडीलाई मैले भेटें । दुःखलाग्दो कुरा, तिनीहरूले कक्षामा प्रार्थनाको अनुरोध गरे, "हाम्रा विकल्पहरूको बारेमा छलफल गर्न भोलि हामी डाक्टरलाई भेट्दैछौं ।"

तिनीहरूको प्राथमिक छलफलको विषय गर्भपतन नै हो भन्ने जानेर तिनीहरूलाई परामर्श दिन कोही अघि सर्छन् कि भनेर मैले पर्खें । धेरै सहानुभूति जनाउने मानिसहरूले तिनीहरूसित कुराकानी गरे । तर चिकित्सकले तिनीहरूलाई गर्भपतन गराउन सुझाव दिएमा के गर्ने भनी परामर्श दिन कसैले पनि चाहेन । सबैजना गइसकेपछि मैले तिनीहरूसित कुराकानी गरें र तिनीहरूले एकदमै आशाहीन भएको बताए । डाक्टरले पहिले नै दिएको सुझावअनुसार तिनीहरू जतिसक्दो

चाँडो गर्भपतन गराएर यसलाई "टुङ्ग्याउन" चाहन्थे ।

मैले उनीहरूलाई विनम्र प्रश्न सोधेँ, तिनीहरूको तीन वर्षको बच्चा आगामी वर्षभित्र मर्नेछ भन्ने तिनीहरूलाई थाहा भयो भने त्यो बच्चा बाँचुन्जेल त्यसलाई प्रेम गर्ने थिए कि त्यसको जीवन लिएर "टुङ्गयाउने थिए" ? तिनीहरूले मलाई डरलाग्दो पाराले हेरे । अनि भने, "अवश्य पनि प्रेम गर्छौं !"

तिनीहरूले आफ्नो गर्भको बच्चा जीवितै राख्ने निर्णय गरे । त्यसपछिको स्थिति त्यति सहज थिएन तर यो तिनीहरूको परिवारको निम्ति सुन्दर अनुभव बन्यो । बच्चा जन्मिन्, तिनीहरूले तिनको नाउँ राखे र सबैले तिनलाई बोके । तिनीहरूले तिनको निम्ति प्रार्थना गरे, तिनलाई प्रेम गरे र सँगै पारिवारिक तस्वीरहरू लिए । केही हप्तापछि तिनी मरिन् ।

तिनीहरूले मृत्यु सेवा राखे र पारिवारिक तस्वीर पनि मण्डलीमा ल्याए अनि यी सबै भएर जाँदा निको भएको तिनीहरूले मलाई बताए । परिस्थितिलाई सहज बनाउने कुनै उपाय थिएन, तर तिनीहरूले आफ्नो बच्चाको जीवन पहिले नै लिएको भए ठूलो पारिवारिक खुसी तिनीहरूबाट चोरिनेथियो । अरू बच्चाहरूले सधैँ तिनीहरूकी बहिनीलाई सम्झनेछन् अनि अभिभावकहरू तिनको प्रिय छोरीको मीठो सम्झना सधैँ गरिरहन सक्छन् ।

तिनीहरूले चिकित्सक लगायत अरूको सुझाव लिएको भए यो कति दुःखदायी हुनेवाला थियो । (अनि कति जीवनको पक्षधर मण्डली लगायत कतिपय इसाईहरू अगाडि सरेर मानव जीवन जोगाउन सुझाव दिन सकिरहेका छैनन् ?)

## न्यायोचित हुँदैन

धेरै परिवारहरूले मस्तिस्क राम्ररी विकास नभएका बच्चाहरू जन्म दिएर तिनीहरूको नाम राखेको, अङ्गालेको र प्रेम गरेको बहुमूल्य अनुभव गरिसकेका छन् ।[१४] एउटा बच्चाको जीवन लिएर उसलाई परिवारमा आउन नदिएको कारण आउने अस्वस्थ शोक र पछुतो अनुचित हो । गर्भपतनले शोकलाई मेटाउँदैन ।[१५] वास्तवमा यसले झन् बढाउँछ ।

मार्च २०१२ मा जर्नल अफ मेडिकल एथिक्सको एउटा लेखमा दुईजना अष्ट्रेलियाली प्रोफेसर अल्बर्ट ग्योब्लिनी र फ्रान्सेस्का मिनेर्बाले बताए कि "जन्म-पछिको गर्भपतन" "बच्चा असामान्य नभएको अवस्था लगायत सबै अवस्थामा अनुमतिको योग्य हुन्छ ।" ती प्रोफेसरहरूले सुस्त मनस्थिति भएकाहरूको बारेमा यस्तो उदाहरण दिए, "यस्ता बच्चाहरू परिवारको निम्ति भार हुन्छन् र जब राज्यले तिनीहरूको हेरचाहको लागि आर्थिक सहायता उपलब्ध गराउँछ, तिनीहरू समाजका निम्ति भार हुन्छन् ।" डा. जेफ मेयर्सले यसलाई एक "गर्भपतनको पक्षधर मान्यताबाट आएको एक बर्बर विचारधारा" भनेका छन् । उनी भन्छन्, "परिस्थिति राम्रो नभएकोले एउटा बच्चालाई गर्भपतन गराउन वा मार्न मिल्छ भन्नु हाम्रो समाजलाई नाजीहरूको विचारमा पुऱ्याउनु हो, जसले आफूले नचाहेकाहरूलाई छानीछानी मारे ।"[१६]

समाजको गुणस्तर यसले आफ्नो कमजोर सदस्यहरूसित कस्तो व्यवहार गर्छ भन्ने कुराले तय गर्छ। अरूको भार हल्का गर्न निर्दोषलाई मार्नु कहिल्यै पनि न्यायोचित हुँदैन । एउटा व्यक्तिको दुःख हटाउन अर्को व्यक्तिलाई कष्ट दिइनु समाधान होइन ।

## अनिच्छित भएको हुनाले बोझ

प्लान्ड प्यारेन्टहुड भन्छ कि चाहना नगरी जन्माइएका बच्चाहरूले "पढाइमा कम अङ्क प्राप्त गर्छन्, खासगरी भाषासम्बन्धी सीपमा तिनीहरू कमजोर हुन्छन् ।" यसले भन्छ, चाहना नगरिएका किशोर-किशोरीहरू "विद्यालयमा खराब नतिजा ल्याउँछन्" अनि "उच्च शिक्षा अध्ययन गर्ने सवालमा चाहना गरिएका बच्चाको तुलनामा चाहना नगरिएकाहरू आधा मात्रैले उच्च शिक्षा हासिल गर्न चाहन्छन् ।"[१७]

पत्ता लागेको कुरा कति मिल्छ भन्ने कुरामा म सवाल उठाउन चाहन्नँ । हामीलाई पहिल्यै थाहा भएका कुरा तिनीहरूले बताएका हुन्- महत्त्वपूर्ण कुराचाहिँ हामीले आफ्ना बच्चालाई चाहनु हो । यसको सट्टा गर्भपतनका पक्षधरहरूले यो अनुसन्धानलाई "चाहना नगरिएका" बच्चाहरू गर्भपतन गराउनको निम्ति पैरवी गर्न प्रयोग गर्छन् ।

"चाहना नगरिएका" गर्भावस्थाहरू हुन्छन् तर वास्तवमा चाहना

नगरिएका बच्चाहरू हुँदैनन् । कतिपय मानिसहरूले तिनीहरूको चाहना नगर्न सक्छन् तर अरूले तिनीहरूको अत्यन्तै चाहना गर्न सक्छन् ।

करिब १३ लाख अमेरिकी परिवारहरू बच्चा ग्रहण गर्न चाहन्छन् । "खर्चको वास्ता नै नगरी" बच्चाहरू ग्रहण गर्नको निम्ति यति उच्च माग छ कि एकजना बच्चा ग्रहण गर्न नीजि अमेरिकी बच्चा ग्रहण गराउने संस्थाहरूको मूल्य तीस हजार अमेरिकी डलर अर्थात् करिब तीस लाख नेपाली रूपैयाँसम्म लाग्न सक्छ ।[१८] सन् १९९० को दशकमा अमेरिकाभन्दा बाहिर यो लागत अझ दोब्बर थियो किनकि केही दम्पत्तिहरूले मात्र धर्मपुत्र-धर्मपुत्री बनाउन बच्चाहरू भेट्टाउन सक्थे ।[१९] एउटा कालाबजार[२०] विकसित भएको थियो, जसमा बच्चाहरू चोरेर[२१] पचास हजार डलरसम्म पनि बिक्री भएको थियो । "सामान्य" बच्चाहरू मात्र चाहना गरिदैंन तर धेरै मानिसहरूले सुस्त मनस्थिति लगायत विशेष खाँचो भएका बच्चाहरूको समेत अनुरोध गर्छन् ।[२२]

अनुभूति परिवर्तन हुन सक्छ । पहिला तिनीहरूको आमाद्वारा चाहना नगरिएका बच्चाहरू गर्भको पछिल्लो समयमा धेरै चाहना गरिएका छन् र जन्मेपछि त झन् धेरै चाहना गरिएका छन् (दुर्भाग्यको कुरा, धेरै महिलाहरूले छ महिनापछि चाहना गरिने बच्चालाई तीन महिनाको अवधिमा नै गर्भपतन गराउँछन्) ।

अर्को कुरा, जन्मँदा चाहना गरिएका बच्चाहरू त्यतिबेला चाहना गरिंदैन, जब तिनीहरू छ हप्तापछि बिहान २ बजे रुन्छन् । के अब त्यसपछि उक्त बच्चा जिउनको योग्य छ कि छैन भनेर तिनीहरूको अभिभावकले तय गर्न सक्छन् ? जन्मभन्दा अघि यो तय गर्नु उचित भए किन जन्मपछि उचित नभएको ?

"चाहना नगरिएको" समस्याचाहिँ बच्चाहरूको चाहना गरिनुपर्छ भन्ने कुरामा बहस गर्नको निम्ति राम्रो हुन्छ । तर तिनीहरूलाई मार्ने बहस गर्नु खराब हुन्छ ।

गर्भपतन पक्षधरको एउटा भ्रमात्मक बहस यो हो कि गर्भपतन गराउनुचाहिँ बच्चाको हितमा हुन्छ भनेर देखाइन्छ । यो अति अतार्किक हुन्छ । एउटा सानो व्यक्तिलाई के उसको फाइदाको लागि हिंसात्मक

आक्रमण गरिन्छ ? यसरी नै कालाजातिहरू दास रहनै चाहन्छन् भनेर दासका मालिकहरूले बहस गर्छन् । (हामी कोसँग मजाक गर्दैछौं ?)

मानिसहरू भन्छन्, "म यो बच्चा चाहन्नँ किनकि म उसलाई असल जीवन दिन सक्दिनँ ।" अनि उसलाई असल जीवन दिनको निम्ति तिनीहरूको खोजेको समाधान के हो ? उसले पाएको एउटै जीवन पनि उसबाट खोस्ने ।

## हरेक बच्चा इच्छित गरिएको बच्चा

अनिच्छित भन्ने शब्दले बच्चाको बारेमा बताउँदैन तर बच्चाप्रति केही वयस्कहरूको मनोवृत्तिलाई वर्णन गर्छ । वास्तविक समस्या चाहना नगरिएका बच्चा होइनन् तर नचाहने वयस्कहरू हुन् ।

"चाहना गर्नु" एउटा व्यक्तिको अर्को व्यक्तिप्रतिको व्यक्तिगत तथा परिवर्तन हुने भावना हो । अरूको उसप्रति जस्तोसुकै भावना भए पनि "अनिच्छित" बच्चा एउटा वास्तविक व्यक्ति हो । कुनै समयमा एउटा महिलाको मूल्य एउटा पुरुषले चाहन्छ कि चाहँदैन भन्ने कुरामा तय गरिन्थ्यो । अहिले एउटा बच्चाको मूल्य उसकी आमाले उसलाई चाहन्छे कि चाहँदिन भन्ने कुराले तय गरिन्छ । दुवै कुरा अन्यायपूर्ण छ ।

प्लान्ड प्यारेन्टहुडको चलेको नारा, "हरेक बच्चा चाहना गरिएको बच्चा", यसमा हामी सहमत हुनुपर्छ । हामी असहमत हुने ठाउँचाहिँ यो वाक्य ठीकसित पूरा नगरिएकोमा हो । यो वाक्य कसरी पूरा हुनुपर्छ भन्ने तपाईंलाई लाग्छ ?

- हरेक बच्चा इच्छित बच्चा, यसर्थ ...तिनीहरू जुन घरमा रहन चाहन्छन्, त्यहाँ राखौं अनि बच्चाहरूलाई अझ चाहना गर्न सिकौं ।
- हरेक बच्चा एउटा इच्छित बच्चा, यसर्थ ... चाहना नगरिएका बच्चाहरूको पहिचान गरौं र तिनीहरू जन्मनुभन्दा अघि नै गर्भपतनद्वारा तिनीहरूलाई मारौं ।

बच्चाहरू चाहना गरिएको हुनुपर्छ भनी हरेक सहमत हुन्छन् । तर एउटै प्रश्नचाहिँ यो हो: के हामी चाहना नगरिएको कुराबाट उन्मुक्ति पाउने कि बच्चाहरूबाट उन्मुक्ति पाउने ? जब

नजन्मेको बच्चाको बारेमा यो कुरा आउँछ, गर्भपतन अधिकार पक्ष भिन्नै नारामा प्रतिबिम्बित हुन्छ, एउटा त्यस्तो नारा बन्छ जुन गाडीको बम्परमा टाँसेको स्टिकरजस्तो राम्रो देखिंदैन: "हरेक अनिच्छित बालक, एउटा मृत बालक ।"

## अध्याय १६

# के गर्भपतनले बाल दुर्व्यवहारलाई रोक्छ ?

एउटा किशोरीले डेल्भर मोटेलमा एउटा बच्चा जन्माइन् । उनी र उनको केटा साथीले उक्त बच्चालाई जिउँदै एउटा प्लाष्टिकको झोलामा हालेर फोहोर फाल्ने ढ्वाङमा हालिदिए । रात्री विद्यालय पढ्दै गरेकी एउटी सत्र वर्षकी आमाले बच्चा हेर्ने मानिस नपाएपछि आफ्नो बच्चालाई नदीमा बगाइदिई । यस्तै खाले घटनाहरू थुप्रै छन् ।

सन् १९७३ मा अमेरिकामा गर्भपतनलाई कानुनी मान्यता दिइएपछि बाल दुर्व्यवहारको घटना वार्षिक १६७,००० हुने प्रक्षेपण गरियो ।[1] सन् २०१० मा ७०१,१५८ वटा बाल दुर्व्यवहारका घटनाहरू सार्वजनिक भयो र यसका कारण १,२६२ जनाको मृत्यु भयो, यो सङ्ख्या गर्भपतनलाई कानुनी मान्यता दिइनुभन्दा अघिको तुलनामा चार गुणा बढी हो ।[2]

बाल दुर्व्यव्यवहारको सङ्ख्या यो परिसूचकले देखाएको भन्दा निकै बढी छ । गर्भपतनलाई कानुनी मान्यता दिइएपछि ५.४ करोड अमेरिकी बालबालिकाहरू शल्यक्रियात्मक गर्भपतनद्वारा मारिएका छन् (साथै कैयौं बालबालिकाहरू रसायनको प्रयोगद्वारा गरिने गर्भपतनद्वारा मारिएका छन्), यो सङ्ख्यालाई बाल दुर्व्यवहारको आँकडाभित्र राखिएको छैन । तथापि गर्भपतन सुरुवाती बाल दुर्व्यवहार हो र यो सबै भन्दा डरलाग्दो हुन्छ अर्थात् मृत्यु हुने ।

अहिलेसम्म गरिएका बहसहरूमध्ये सबैभन्दा अनौठो लाग्ने आममान्यता यो हो कि गर्भपतनले बाल दुर्व्यवहार हुनदेखि रोक्छ । यो भनाइको आशय यो विवरणसित ठ्याक्कै मिल्छ: कसैकी पत्नीलाई दुर्व्यवहार हुनबाट जोगाउन उसलाई मार्नुपर्छ । यो ठीकै हो, मरेका मानिसहरूले दुर्व्यवहार भन्ने शब्द सुन्दैनन् । यो विचारको आशयअनुसार

अहिले नै हत्या गरियो भने भविष्यमा हुने दुर्व्यवहार रोक्न सकिन्छ। तर तिनीहरूको हत्या गरेर तिनीहरूलाई दुर्व्यवहारमा पर्नदेखि हामीले जोगायौं भन्नु एकदमै अतार्किक हो।

तर किन अमेरिकामा गर्भपतनले कानुनी मान्यता पाएपछि बाल दुर्व्यवहारको सङ्ख्या पहिलाभन्दा बढ्यो ? मलाई लाग्छ, यसको उत्तरको मुख्य भाग यही हो कि गर्भपतनले बालबालिकाहरूप्रतिको दृष्टिकोण परिवर्तन गरायो।

## गर्भपतनको सम्बन्ध बाल दुर्व्यवहारसित

गर्भपतनका पक्षधरहरू भन्छन्, "चाहना नगरिएका बच्चाहरू हुनाले बाल दुर्व्यवहार बढ्छ।" यसमा केही तर्क देखिन्छ तर केही महत्त्वपूर्ण अध्ययनहरूले भिन्दै कथा बताउँछ।

केही दशकअघि युनिवर्सिटी अफ साउदर्न क्यालिफोर्नियाका प्राध्यापक एड्वार्ड लेनोस्कीले ६७४ जना दुर्व्यवहारमा परेका बालबालिकाहरूको एउटा महत्त्वपूर्ण अध्ययन गरे। उनले पत्ता लगाए कि दुर्व्यवहारमा परेका बालबालिकाहरूमध्ये ९१ प्रतिशतका अभिभावकले तिनीहरूलाई चाहना गरी जन्माएका थिए।[३] गर्भपतनका पक्षधरहरूले राखेको विचारअनुसार चाहना नगरिएका बच्चाहरू दुर्व्यवहारमा पर्छन् भन्ने कुरा ठीकैजस्तो लाग्ला तर गरिएका अध्ययनहरूले यसलाई गलत देखाएको छ।

जब गर्भपतन पक्षधरहरूले आफ्नो पक्षमा कुरा राख्छन्, प्रायःजसो तिनीहरू चेक रिपब्लिकमा १२० जना व्यक्तिहरूमा गरिएको एकतर्फी अध्ययनलाई अघि सार्छन्। उक्त अध्ययन अमेरिकन साइकोलोजिकल एसोसियसनको संरक्षकत्वमा गरिएको थियो, जसले आधिकारिक रूपमा गर्भपतनको पक्षमा नीति लिएको छ। अनुसन्धानकर्ता हेनरी पी. डेविड थिए, जो विश्वव्यापी जनसङ्ख्या तथा परिवार नियोजन नीतिसम्बन्धी काममा एपीएसँग आबद्धित थिए।[४] अरू अध्ययनहरू डेभिडको निष्कर्षसित विल्कुलै असहमत छन्।

२००५ मा बोलिङ ग्रिन स्टेट युनिवर्सिटीका अनुसन्धानकर्ताहरूले

पत्ता लगाए कि गर्भपतन गराएका आमाहरूले आफ्ना बच्चाहरूलाई अरूले भन्दा १४४ प्रतिशत बढी दुर्व्यवहार गर्छन् ।[५] "अध्ययनले यो देखायो कि पहिला गर्भपतन गराइसकेका महिलाहरूले पहिला गर्भपतन नगराएका महिलाहरूको तुलनामा आफ्ना बालबालिकाहरूलाई गाला चड्काउने, पिट्ने, लात्तीले हान्ने वा टोक्ने, जथाभावी कुट्ने र अन्य शारीरिक दण्ड दिने कार्य बढी गरेको पाइयो ।"[६]

डा. फिलिप ने र डा. प्रिस्किला कोलम्यानको अध्ययनले देखाउँछ, कि यस्तो हुनुको कारण गर्भपतनको कारणले आमामा आउने दोष र निरासापनले गर्दा पछि आउने बच्चाहरूसित उनको सम्बन्ध गाँसिन नसक्नाले हो ।[७] नेको अध्ययनले देखाएको छ कि गर्भपतनले अभिभावकहरूमा बच्चाहरूप्रति आउने क्रोधी भावनालाई रोक्न सक्ने स्वाभाविक क्षमतामा ह्रास ल्याउँछ ।[८]

डा. कोलम्यानले निकालेको निष्कर्षअनुसार जन्मेका बालबालिकाहरूमा बढेको दुर्व्यवहारको कारणचाहिँ "समाधान नगरिएको गर्भपतनको अनुभवसित सम्बन्धित नजिकको व्यक्ति गुमाउँदाको चोट, आमा र बच्चालाई जोड्ने संयन्त्रमा क्षति, गर्भपतनसँग सम्बन्धित पछुतो वा पीर अथवा गर्भपतनको कारणले आएको नकारात्मक मानसिक स्वास्थ्य प्रभाव" हो ।[९]

यसको बारेमा हामीले विचार गऱ्यौं भने पत्ता लागेका यी कुराहरूले हामीलाई अचम्मित पार्दैन । जब तिनीहरूले गर्भपतन गर्ने छनौट गर्छन्, आमा र बुबा दुवैले तिनीहरूको असहाय बच्चालाई वास्ता गर्ने तिनीहरूको उत्तम प्राकृतिक गुणलाई गुमाउँछन् । स्वाभाविक गुणलाई थिचेकोले, भर्खर जन्मेको असहाय बालक, रुँदै गरेको बच्चा वा भनेको नमान्ने साना नाबालकप्रति तिनीहरूको क्रोध रोक्न सक्दैनन् ।[१०] तिनीहरूले नजन्मेको बच्चाले दिने असहजतालाई सहन सक्दैनन् भने गर्भपतन नगराएका अरू बच्चाहरूले दिने असहजतालाई पनि सहन सक्दैनन् ।

**जहाँ गर्भपतन वैध छ, त्यहाँ कुनै पनि बच्चा सुरक्षित हुन सक्दैन ।**

जुन मनोवृत्तिले गर्भपतनको नतिजा ल्याउँछ, त्यही मनोवृत्तिले बाल दुर्व्यवहारको नतिजा ल्याउँछः बालबालिकाहरू असहज हुन्छन् अनि वयस्कहरू पनि उनीहरूजस्तै असहज बन्न मिल्दैन । एउटा खाँचोमा परेको व्यक्तिले मलाई बारम्बार बाधा दिन्छ, दिक्क लगाउँछ र मेरो स्वतन्त्रतालाई बाधा पुऱ्याउँछ अनि मेरा योजनाहरूमा हस्तक्षेप गर्छ भने त्यो दण्डको (दुर्व्यवहार) योग्य हुन्छ वा हटाइनको (गर्भपतन) योग्य हुन्छ ।

अझ अगाडि उनले बच्चालाई गर्भपतन गराइनन् भने आफ्नो अप्ठ्यारो तीन वर्षको बच्चालाई हेर्छिन् र विचार गर्छिन्, "तँलाई गर्भपतन गराउने मेरो अधिकार थियो, मैले गर्भपतन गराएको भए हुने थियो ।" बच्चा उनीप्रति सबै कुरामा ऋणी हुन्छ तर उनी बच्चाप्रति कुनै कुरामा ऋणी हुनुपर्दैन । यसले अभिभावकको सामान्य बलिदानप्रति असन्तुष्टि बढाउँछ । भित्री चेतनामा समेत यो तर्क आइरहन्छः जन्मअघि यही बच्चालाई मार्न उचित हो भने अहिले वरिपरि हुँदा उसको गाला चड्काउनु पनि उचित हो ।

बीसौं शताब्दीको अन्तिम पच्चीस वर्षहरूमा भएका बालहत्यामा "६१ प्रतिशत तिनीहरूका आफ्नै अभिभावकद्वारा मारिए", ३० प्रतिशत आफ्नै आमाहरूद्वारा मारिए ।[११]

बालबालिकाहरू तिनीहरूका अभिभावककै हुन् भन्ने आमधारणा व्याप्त छ । समाजले तिनीहरू जन्मनुभन्दा अघि पक्का गराएझैँ जन्मेपछि पनि आफ्ना बच्चालाई नाश गर्ने उही अधिकार तिनीहरूसित छ भनी वयस्क अभिभावकले विचार गर्छन् । जब एक पटक समाजमा बाल दुर्व्यवहारको मानसिकताले जरा गाड्छ, यो एउटै उमेर समूहमा मात्र कायम रहँदैन । नजन्मेका बच्चाहरू सुरक्षित हुन सक्दैनन् भने कुनै पनि बालबालिका पनि सुरक्षित हुन सक्दैनन् ।

प्रिन्सटोन्स पिटर सिङ्गर भन्छन्:

> भर्खर जन्मेको शिशुको प्रष्ट सीमा रेखाको अभाव छ, खासमा ऊ अझसम्म प्रष्ट रूपमा व्यक्ति भइसकेको हुँदैनजस्तो अरू बच्चा हुन्छ । हाम्रो पुस्तक, के बच्चा जीवित हुनुपर्छ ? म र मेरो सहकर्मी हेल्गा कुसेले यो सुझाव दियौं कि उक्त शिशुले अरू व्यक्तिजस्तै जीवनको अधिकार पाउनुअघि अर्थात् जन्मपछिको अठ्ठाईस दिनसम्मको अवधिको शिशुलाई मार्ने अनुमति दिइनुपर्छ ।[१२]

यो गम्भीर प्रस्तावलाई एउटा चिरपरिचित आइभी लिग प्रोफेसरले पनि स्वीकार गरेका छन् । बच्चाहरूलाई तिनीहरूका अभिभावकहरूले जाँच गर्न सक्छन् अनि तिनीहरू सन्तुष्ट नभएमा बच्चाहरूलाई खतम गर्न सक्छन् । बालबालिकाहरूलाई उनीहरूको जीवन सुरु गर्ने अधिकार अठ्ठाईस दिनपछि मात्र हुन्छ ? किन छ महिनासम्म नपर्खने ? पाँच, दश वा पन्ध्र वर्षको बच्चा मार्नु वास्तवमा जन्मपछि गर्भपतन हो, होइन त ?

गर्भभन्दा बाहिरको बच्चाहरूलाई क्षति पुऱ्याउनुको समाधान गर्भभित्रको बच्चालाई क्षति पुऱ्याउनु हुन सक्दैन ।

बाल दुर्व्यवहारको समाधान सुरुमै दुर्व्यवहार गर्नु होइन । कुनै पनि हालतमा दुर्व्यवहार नगर्नु नै यसको समाधान हो ।

अध्याय १७

# के तपाईं व्यक्तिगत तवरले गर्भपतनको विरोध गर्न र छनौट-पक्षधर हुन सक्नुहुन्छ ?

धेरै मानिसहरू भन्छन्, "म गर्भपतन पक्षधर होइन तर म छनौट-पक्षधर हुँ ।" तर यसो भन्ने कसैलाई तपाईंले के प्रतिक्रिया जनाउनुहुन्छ, "म बलात्कारको पक्षधर होइन, म त बलात्कारको सम्बन्धमा छनौट-पक्षधर हुँ" ? तपाईंले भन्नुहुनेछ, "तर बलात्कारको सम्बन्धमा छनौट-पक्षधर हुनु भनेको बलात्कारको पक्षधर हुनु हो । साथै चुप रहेर वा तटस्थ बसेर बलात्कारलाई समर्थन गर्नु हो ।"

त्यसरी नै गर्भपतनको सम्बन्धमा छनौट-पक्षधर हुनु गर्भपतन-पक्षधर हुनु हो ।

गाडीमा टाँसिने स्टिकरमा लेखिएको भनाइले यसको बारेमा अलिकति बुझाउँछः "गर्भपतनको विरोधमा ? एकजना पनि छैन ।" यो तर्क हवाइजहाजमा उड्ने कुरामा, फुटबल खेल्ने कुरामा वा पिज्जा खाने कुरामा लागू हुन सक्छ ... तर बलात्कार, हिंसा, अपहरण वा हत्यामा लागू हुन सक्दैन ।

## बीचको कुनै धरातल छैन

व्यक्तिगत रूपमा गर्भपतनको विरोध गर्ने र यसको छनौट गर्ने अधिकार अरूलाई छ भनी कल्पना गर्नुचाहिँ गर्भपतन पक्षधर र जीवनको पक्षधरको बीचको सम्झौता हो । यो होइन ।

मर्ने बच्चाको निम्ति उसलाई नजोगाउने गर्भपतनको पक्षधर होस् वा गर्भपतनको सम्बन्धमा छनौट-पक्षधर होस्, जेभए पनि केही फरक पर्दैन ।

व्यक्तिगत रूपमा गर्भपतनको विपक्षमा हुने तर अरूको गर्भपतनको अधिकारलाई समर्थन गर्नु आफैंमा बाझिने कुरा हो । यो यसो भनेको जस्तै हो, "म आफैं व्यक्तिगत रूपमा बाल दुर्व्यवहारको

विरोधी हुँ तर मेरो छिमेकीले चाहेमा बाल दुर्व्यवहार गर्न सक्ने उसको अधिकारको पक्षमा म छु।" अथवा "म व्यक्तिगत रूपमा दास राख्ने कुराको विरोधी हुँ तर अरू कसैले दास राख्न चाहेमा त्यो मेरो सरोकार होइन।" वा, "म व्यक्तिगत रूपमा श्रीमती कुट्ने काम गर्दिनँ तर अरूलाई मेरो नैतिकता म लाद्न सक्दिन्, यसर्थ म श्रीमती कुट्ने सम्बन्धमा छनौटका पक्षधर हुँ।"

एउटा रेडियो कार्यक्रमकी प्रस्तोताले मलाई बताइन् कि केही व्यक्तिहरूले "छनौट-पक्षधर" नभनी "गर्भपतन-पक्षधर" भनेकोमा उनलाई चोट पर्‍यो। रेडियो कार्यक्रममा मैले उनलाई सोधें, "किन तपाईंले आफैंलाई गर्भपतन-पक्षधर भन्न रुचाउनुहुन्न ? के गर्भपतनमा कुनै खराबी छ ?

उनले भनिन्, "गर्भपतन गाह्रो कुरा हो। यो कसैले चाहेको हुँदैन।"

मैले भनें, "मैले बुझिनँ। केले गाह्रो बनायो ? किन कसैले गर्भपतन चाहँदैन ?"

हतास मानसिकतामा आक्रोसित स्वरमा उनले भनिन्, "तपाईंलाई नै थाहा छ कि आफ्नो बच्चालाई मार्न गाह्रो कुरा हो !"

केही सेकेण्डपछि आफैंलाई सम्हालिन् तर ढिलो भइसकेको थियो। थाम्न नसकिएको पलमा उनले आफूलाई थाहा भएको कुरा प्रकट गरिन् अनि सबैलाई थाहा थाहा हुन्छ, जब यो कुरा स्वीकार गरिन्छः एउटै कारणले गर्भपतन गाह्रो हुन्छ, जुन कारणले यो गलत छ अर्थात् यसले बच्चालाई मार्छ।

अनि बाल हत्यालाई न्यायोचित ठहराउन सकिन्न।

गर्भपतनको विरोधमा रहने एउटै असल कारण यही हो कि यसले गर्भपतन अरूहरूको कानुनसम्मत हुनुहुन्न भन्छ। किनकि यसले एउटा बच्चाको आधारभूत अधिकार अर्थात् उसको जिउन पाउने अधिकार को हनन् गर्छ।

अध्याय १८

# बच्चा गोद लिने-दिने कार्य नि ?

छनौट-पक्षधर अभियानले यो विचारलाई जोड दिन्छ कि गर्भपतन गराउने बाहेक महिलाहरूसित कुनै विकल्प हुँदैन । यसरी नै हामी छनौट-पक्षधर अभियानलाई "गर्भपतन बाहेक अरू कुनै विकल्प छैन" अभियान भन्न सक्छौं । धेरै महिलाहरूले यो गवाही दिनेछन् कि तिनीहरूको निम्ति "छनौट-पक्ष" को अर्थ "कुनै छनौट नभएको" भन्ने हुनेछ ।

बुबा, आमा, केटा साथी वा पति, शिक्षक, विद्यालय संचालक, डाक्टर, नर्स, आमसंचार, अनि साथीको बहकाउ आदिले प्रायः गर्भवती महिलालाई एउटा मात्रै छनौट गर्न विवश पार्छन्, जसलाई उनको विवेकले गलत भनिरहेको हुन्छ । (तर जब उनले आफूले गरेको कुरा महसुस गर्छिन्, त्यतिबेला उनलाई सहायता गर्न थोरै मात्र वा कोही पनि हुँदैन ।)

के महिलाहरू वास्तवमै गर्भपतन चाहन्छन् ? फेमिनिस्ट फर लाइफकी पूर्व अध्यक्ष फ्रेडेरिका म्याथेवेस-ग्रीनले भनिन्, "कसैले पनि आइसक्रिम चाहेजस्तो गर्भपतन चाहँदैन । एउटा जालमा परेको जनावरले आफ्नै खुट्टा टोकेर खुट्टा गुमाएको जस्तै गरी एउटा महिलाले गर्भपतन गर्न चाहन्छिन् । खराब अवस्थाबाट उम्किनको लागि हिंसात्मक क्रिया वा आफ्नै थोक गुमाएर गरिने प्रयास नै गर्भपतन हो ।"[1]

अन्तिम गन्तव्यजस्तै गर्भपतन एउटा स्वतन्त्र छनौट होइन । बच्चा जन्माउनको लागि आवश्यक मानसिक तथा आर्थिक समर्थन पाएको अनुभूति भएमा धेरै महिलाहरूले गर्भपतन छनौट गर्ने छैनन् । बेलायतमा गरिएको एक सर्वेक्षणले देखाएको छ कि गर्भपतन गराएका महिलाहरूमध्ये ८२ प्रतिशतले आफू "नराम्रोसित पछुताएको" बताएका थिए र दीर्घकालीन असरको बारेमा पर्याप्त जानकारी नपाएको गुनासो गरेका थिए ।[2]

कतिपय महिलाहरूले साक्षी दिएका छन् कि गर्भपतन गराउने क्लिनिकका कर्मचारीहरूद्वारा धम्काइएको वा दुर्व्यवहार गरिएको थियो, जुन कर्मचारीहरूको काम गर्भपतन गराउनको निम्ति मानिसहरू खोजी गर्नु हो ।[३]

गर्भपतन क्लिनिकहरूका पूर्व मालिकहरू तथा कर्मचारीहरू, कतिपय मसित व्यक्तिगत रूपमा कुराकानी गरेकाहरू समेतले यो बताएका छन् कि तिनीहरूको काम गर्भवती महिलासँग "गर्भपतनको बिक्री गर्ने" हो । कतिपय क्लिनिहरूले आफ्ना कर्मचारीहरूलाई गर्भपतनको बिक्री गर्न तालिम दिनको लागि बजार विशेषज्ञहरू राख्ने गर्छन् ।

## जीतसहितको एउटा छनौट

द नेशनल काउन्सिल फर एडप्सन्को प्रतिवेदनमा भनिएको छः

> विगतका वर्षहरूमा घरेलु शिशुहरूको सङ्ख्यामा आएको कमी र अन्तरदेशीय शिशु धर्मपुत्र-पुत्री बनाउने कार्य भइरहे पनि धर्मपुत्र-पुत्री बनाउन चाहने अमेरिकी परिवारहरूको सङ्ख्यामा कमी आएको छैन । वास्तवमा उल्टोचाहिँ सत्य हो, धेरै परिवारहरू वर्षौंदेखि बालबालिकाहरूलाई ग्रहण गर्नको निम्ति पर्खिरहेका छन् ।[५]

सन् २००० मा धर्मपुत्र ग्रहण गर्ने सम्बन्धी परिषद्ले करिब १३ लाख दम्पत्तिहरू बच्चा ग्रहण गर्नको निम्ति पर्खिरहेको अनुमान गरेको थियो ।[६] तथापि हरेक वर्ष यही सङ्ख्यामा गर्भपतनद्वारा बालबालिकाहरू मारिनेगरेका छन् । सन् २००७ मा धर्मपुत्र-पुत्री बनाउन नब्बे हजारभन्दा कम्ती बच्चाहरू उपलब्ध थिए । यो सङ्ख्या हरेक वर्ष घटिरहेको बताइन्छ ।[७]

छनौटलाई महत्त्व दिने समाजमा किन डाक्टरहरू, विद्यालयहरू, परिवार नियोजन क्लिनिकहरू, र गर्भपतन क्लिनिकहरूले गर्भपतन सँगसँगै महिलाहरूको निम्ति रहेका सबै उपलब्ध छनौटहरूको बारेमा बताउँदैनन् ? किन तिनीहरूले यसो भन्न आवश्यक सम्झँदैनन्, "अझ चार महिना पर्खिन चाहनुभयो भने तपाईंको बच्चा जन्मन्छ अनि उसलाई चाहना गर्ने र प्रेम गर्ने घरमा ऊ धर्मपुत्र-पुत्रीको

रूपमा रहन सक्छ" ?

एकजना साथीले हामीलाई भने, "जब म गर्भपतन क्लिनिकमा परामर्शदाताको रूपमा कार्यरत थिएँ, गर्भपतनको विकल्पहरूको बारेमा मलाई जानकारी थिएन । बच्चा राख्न सकिन्छ वा ग्रहण गर्न दिन सकिन्छ भनेर मैले कहिल्यै सुझाव दिइनँ । भ्रूणको विकास लगायत चिकित्सकीय तथ्यहरूको बारेमा समेत म अनभिज्ञ थिएँ । तथ्यगत विषयवस्तुमा मैले कुनै तालिम प्राप्त गरेको थिइनँ- मेरो काम केवल महिलाहरूलाई गर्भपतन गर्ने बनाउनु थियो ।"

यस्तो खाले "परामर्श" मा कति महिलाहरूले गर्भपतन नछानेर अन्य छनौट गर्लान् ?

## पछुतोमुक्त विकल्प

बच्चा गोद लिनदिने विकल्पले जैविक मातापिताको निम्ति बच्चा हुर्काउने चुनौति वहन नगर्न मौका दिन्छ, यसले गर्दा निर्दोषको जीवन बचाउने मात्र नभएर बच्चा गोद लिनदिने परिवारलाई पनि औंधी खुसी प्रदान गर्छ । तथापि गर्भवती महिलाले यो एकपटक मात्रै छनौट गर्ने कुरा हो । अचम्म मान्नुपर्ने कुरा छैन किनकि यो विकल्प उनीहरूको सामु विरलै राखिन्छ । गर्भपतन नै मुख्य छनौटको रूपमा राखिन्छ र प्रायः अन्य विकल्पहरूको बारेमा समेत छलफल गरिदैन ।

यसको अर्थ एउटा महिलाको निम्ति आफ्नो सन्तान अरू कसैलाई ग्रहण गर्न दिन सजिलो हुन्छ भनेको होइन । गर्भवती वास्ता केन्द्रहरूको अनुसन्धानले देखाएको छ कि गर्भपतन गराउन लागेका महिलाहरूमा भावनात्मक रूपमा गर्भपतन गराउन नचाहने कुराचाहिँ धेरैजसोमा पाइन्छ ।[८] गर्भपतन पीडादायी हुनुको कारणचाहिँ गर्भपतनले धेरै क्षति ल्याउने भएकोले गर्दा हो- यसमा एउटा मानवीय जीवन नै समावेश हुन्छ । गर्भपतन क्लिनिकका कर्मचारीहरू गर्भवती महिलाहरूलाई आफ्नो बच्चा अरूलाई ग्रहण गर्न नदिनको लागि दबाब दिन तालिम प्राप्त हुन्छन् ।[९]

छनौट-पक्षधरले निकालेका लेख सामाग्रीहरूमा बच्चा ग्रहण

गर्ने कुरालाई प्रायः नकारात्मक रूपमा चित्रित गरिन्छ । गर्भपतन पक्षधरका पैरवीकर्ताहरू क्यारोल एन्डर्सन र लि क्याम्पबेल बच्चा ग्रहणको सम्बन्धमा यसो भन्छन्, "अनावश्यक रूपमा आमा र बच्चालाई अलग गर्नु क्रुरता हो तर दुःखलाग्दो कुरा यो सामान्य भएको छ, जीवनकालभरि नै दण्ड भोगेको जस्तै हो ।"[१०]

बच्चा गोद लिनदिने कुरालाई क्रुर बताउँदै गर्दा तिनीहरूले यो कुरा भन्न बिर्से कि एउटा महिलाले जब आफूले आफ्नो बच्चा मारेको कुरा महसुस गर्छिन्, तब जीवनकालभरि नै उनलाई पछुतो हुन्छ ।[११] आफ्नो बच्चालाई हुर्काउन नसकेको अनुभूति गर्ने महिलालाई बच्चा ग्रहण गर्न दिनु उनको निम्ति दण्ड होइन, यो बच्चा मार्नुको सट्टामा लिइने विकल्प हो । यो गाह्रो लागे पनि गर्भपतनको पछुतोमा पर्नुभन्दा यो कैयौं गुणा राम्रो विकल्प हो ।

बच्चा गोद लिनेदिनेसम्बन्धी थुप्रै अनलाइनहरूमा राम्रा अध्ययन सामाग्रीहरू पाइन्छ[१२] साथै अझ विस्तृत अध्ययनका लागि इन्साइक्लोपेडिया अफ एडप्सनमा हेर्न सकिन्छ, जहाँ बच्चा गोद लिनेदिनेसम्बन्धी चार सयभन्दा बढी लेख सामाग्रीहरू रहेको छ ।[१३] बच्चा गोद लिनेदिने सम्बन्धमा हामीले महिलाहरू र बालबालिकाहरूलाई जानकारी गराइदिनुपर्छ ।

## बच्चा ग्रहण गर्न दिनु अन्ततः सबैका लागि हितकर हुन्छ

बच्चा नजन्मेसम्म गर्भमा राखेर स्वेच्छाले एउटा महिलाले आफ्नो जिम्मेवारी वहन गर्छिन् । उनको वृद्धि हुन्छ र उनी परिपक्व बन्छिन् । आफ्नो बच्चालाई जीवन र राम्रो परिवार दिएर असल कार्य गरेकोले पछाडि फर्केर हेर्दा उनी गौरवान्वित र सन्तुष्ट हुन्छिन् ।

निश्चय पनि बच्चा ग्रहण गर्न दिनु एउटा विकल्प हो । महिलाले आफ्नो बच्चा आफैं हुर्काउन पनि सक्छिन् । यीमध्ये जुन विकल्प अपनाए पनि राम्रो हुन्छ । हालसालैका दिनहरूमा महिलाले आफ्नै परिवारका सदस्यहरूलाई बच्चा ग्रहण गर्न दिन लागेका छन् र बच्चा आमाको माइती परिवारमा नै रहन्छ ।[१४]

गर्भपतन गराउन लागेका महिलाहरूको एउटा साझा प्रतिक्रिया यो हुनेगर्छ, "कस्तो खाले आमालाई मैले बच्चा ग्रहण गर्न दिने ?" दुःखलाग्दो कुरा एउटी आमाले आफ्नो बच्चालाई यति मूल्यवान ठान्छिन् कि आफूबाट टाढा राख्न चाहदिनन् बरु एउटा डाक्टरलाई पैसा तिरेर उसलाई मार्छिन् । उनीहरूको अनुभूति र परिस्थितिलाई राम्ररी बुझेर हामीले विनम्रतापूर्वक सहायता गर्नुपर्छ कि उनीहरूले सोध्ने प्रश्न "म कसरी आफ्नो बच्चा अरूलाई दिन सक्छु ?" नभएर यस्तो हुनुपर्छ "म कसरी गर्भपतन गराएर आफ्नो बच्चा मार्न सक्छु ?"

आफ्नो बच्चालाई वास्ता गर्न नसक्ने परिस्थितिमा उनी छिन् भने उसलाई प्यार र हेरचाह गर्ने मौका अरूलाई दिन सक्छिन् । यो उनको पक्षबाट गर्ने प्रेमको एउटा कार्य र बाँकी जीवनको निम्ति राहतको एउटा स्रोत बन्छ ।

हाम्रो बुझाइमा एउटी महिलाले आफ्नो समस्या छिट्टै अन्त गर्न चाहन्छिन्, कतिपयको लागि बच्चा ग्रहण गर्न दिँदा परिस्थितिको समाधान भएको हुँदैन भन्ने लाग्छ, "आफू र आफ्नो बच्चाको भविष्यको अनिश्चितता र दोषी भावना उनले देख्छिन् ।"[१५] आफ्नो बच्चा अपरिचितलाई दिने उनी आफू मात्र भएको र त्यति मात्र नभएर खराब आमा पनि भएको उनी विचार गर्छिन् ।

यो तर्क उनको गर्भपतन गराउने चाहनाले आउने गर्छ अनि भित्री विचारचाहिँ आफ्नो गर्भमा रहेको बच्चा नै रहेन भने आफू आमा नै रहिन्न भन्ने हुन्छ ।

वास्तवमा आफू आमा बन्ने कि नबन्ने वा आफ्नो बच्चा वास्तविक हो कि होइन भन्ने कुरा उनले छनौट गर्न सक्दिनन्- यी दुवै अकाट्य तथ्य हुन् । उनको बच्चा वास्तविक हो, तसर्थ उनी एक आमा हुन् । प्रश्नचाहिँ उनले आफ्नो बच्चालाई के गर्छिन् भन्ने हो ?

बच्चा जन्मनुभन्दा अघि आमासित भावनात्मक सम्बन्ध नगाँसिने भएकोले गर्भपतन सजिलो समाधान देख्न सकिन्छ जबकि जन्मपछि बच्चासित आमाको भावनात्मक सम्बन्ध गासिने भएको आफूबाट अलग गर्न उनलाई गाह्रो पर्न सक्ने देखिन्छ । तर भावनात्मक सम्बन्ध

गाँसिनुअघि र पछिको बच्चा त वास्तविक बच्चा नै हो ।

## एउटा साहसी छनौट

एउटा महिलासित तीन वटा छनौटहरू हुने गर्छ: बच्चा जन्माएर आफैं हुर्काउने, बच्चा जन्माएर अर्को परिवारलाई हुर्काउन दिने वा आफ्नो बच्चालाई मार्ने । गर्भपतन एउटा सजिलो समाधानजस्तो लागे पनि यो सबैभन्दा विनाशकारी हुन्छ ।

बच्चा हुर्काउने, ग्रहण गर्न दिने र गर्भपतन गराउनेजस्ता विषयवस्तुहरूको बारेमा बुझ्न हामीले युवतीहरूलाई मद्दत गर्नुपर्छ ।

हाम्रो घरमा ल्याइएकी एउटी गर्भवती किशोरीले यसभन्दा अघि दुईवटा गर्भपतन गराइसकेकी थिइन् तर पछि हामीसित रहँदा आफ्नो बच्चालाई जन्म दिइन् र ग्रहण गर्नको निम्ति कसैलाई दिइन् । यो सहज थिएन तर यी असल महिलाले पछि मलाई भनिन्, “म विगतमा फर्केर मेरो तीन सन्तानहरूलाई हेर्छु, जो मसित छैनन् तर एकदमै फरक अनुभूति छ । मैले गर्भपतन गराएका दुईजनाको लागि म एकदमै शोकित र पछुताएको छु । तर जब म ग्रहण गर्न दिएको बच्चालाई हेर्छु, आनन्दले भरिन्छु किनकि मैले चाहेजस्तै परिवारमा ऊ हुर्किरहेको छ ।”

धर्मपुत्र-पुत्रीको रूपमा ग्रहण गर्न दिने सम्बन्धमा रहेको नकारात्मक अवधारणालाई हटाउन इसाई समुदाय लागिपर्नुपर्छ । यसको सम्बन्धमा हामीले सकारात्मक बोल्नुपर्छ अनि बच्चा ग्रहण गर्न दिने महिलाहरूलाई हामीले उच्च सम्मान गर्नुपर्छ । धर्मपुत्र-पुत्री ग्रहण गर्ने अभिभावकहरूलाई हामीले सार्वजनिक सम्मान गर्नुपर्छ अनि ग्रहण गरिएका बच्चाहरूलाई आशिष् दिनुपर्छ । बच्चा ग्रहण सम्बन्धी स्रोत सामाग्रीहरू हामीसित हुनुपर्छ अनि यसलाई मण्डलीमा हौसला दिनुपर्छ । बच्चा गोद लिनदिने कुरालाई हामीले यसरी चित्रित गर्नुपर्छ: एउटा साहसी छनौटले एउटा बच्चाको जीवन बचाउँछ र एउटा परिवारलाई खुसी प्रदान गर्छ । यसो गरेर मात्र हामीले एउटा महिलालाई बच्चा ग्रहण गर्न दिनु राम्रो हो भन्ने बुझ्न सहायता गर्न सक्छौं, जसले गर्दा आमा र बच्चा दुवैले पछि धन्यवाद भन्न सक्छन् ।

खण्ड ५

# cfTlds cjwf/0ff
# tyf
# cj;/x¿

# अध्याय १९

# के परमेश्वरले गर्भपतन कार्यलाई क्षमा दिनुहुन्छ ?

हाम्रो समाज र मण्डलीहरूमा दशौं लाख महिला तथा पुरुषहरू गर्भपतनको दोषमा गुज्रिरहेका छन् ।

गर्भपतन गराउनेमा मात्र गम्भीर भावनात्मक बोझ सीमित छैन । चालीस वर्षको हाराहारीमा रहेकी एक विद्यालयकी शिक्षिकाले भनिन्, "मेरी छोरीलाई गर्भपतन गराउन सल्लाह दिएकोले ममा लामो समयसम्म आत्महत्या गर्नेसम्मको मनसाय बन्यो । यसबाट अझै पनि बाहिर निस्कन सकेकी छैनँ ।"[१]

तपाईं पहिला गर्भपतन गराउनुभएको महिला हुनुहुन्छ वा गर्भपतन गराउन सल्लाह दिने पुरुष वा महिला हुनुहुन्छ, जसले सायद साथीलाई, पत्नीलाई वा छोरीलाई गर्भपतन गराउन सल्लाह दिनुभएको छ भने यो अध्याय तपाईंहरूको निम्ति हो ।

दोषी भावना ल्याउने कारकतत्वलाई सम्बोधन नगरी दोषी भावना हटाउने प्रयास गर्नु अनुत्पादक वा झन् असर पार्ने हुन्छ । अरूले भन्न सक्छन्, "तपाईंले पछुतो गर्नुपर्दैन ।" तर तपाईंलाई राम्रोसित थाहा छ । वास्तविकता इन्कार गर्दैमा के दोषी भावना हट्छ र ? अनि अनुमान लगाउँदै तपाईं थकित हुनुभएको छ ।

समग्रमा आफ्नो गर्भमा कुनै समय एउटा बच्चा थियो भन्ने कुरा याद आउँदा बिर्सने प्रयास गर्दै इन्कार गर्न लाग्नुभयो भने भावनात्मक संवेदनशीलता हराउँदैजान्छ ।

बाइबलले समाधान उपलब्ध गराएकाले म पछि त्यसबाट उल्लेख गर्नेछु । त्यसपछि थप बुझ्नको लागि तपाईंले आफ्नो मण्डलीको

अगुवा, महिला संगतिकी अगुवा वा इसाई साथी वा परिवारका सदस्यहरूसित सोध्न सक्नुहुन्छ ।

## सुसमाचार र कुसमाचार

सुसमाचारचाहिँ यो हो कि परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंले गरेको गर्भपतनको लागि क्षमा दिन चाहनुहुन्छ- अरू र जुनसुकै पाप पनि क्षमा दिन चाहनुहुन्छ- यद्यपि तपाईंले आफैंलाई के गर्दै थिएँ भन्ने थाहा नभएको हुन सक्छ । तर सुसमाचारको बढाइ गर्नुअघि खराब खबर पनि हामीले थाहा पाएको हुनुपर्छ । कुसमाचार हो: वास्तविक नैतिक दोषीपन कायम रहन्छ, हामी सबैले परमेश्वरको विरुद्धमा पाप गरेका छौं, गर्भपतन मात्रै एउटा गल्ती होइन । "सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नदेखि चुकेका छन्" (रोमी ३:२३) ।

पापले परमेश्वरको पवित्र मापदण्डमा जिउनदेखि रोकिरहेको छ । यसले परमेश्वरसितको सम्बन्धबाट हामीलाई अलग गर्छ (यशैया ५९:२) । पापले हामीलाई धोखा दिन्छ अनि गलतलाई सही हो र सहीलाई गलत हो भनेर विचार गर्ने बनाउँछ (हितोपदेश १४:१२) । "पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।"

परमेश्वरका पुत्र येशू ख्रीष्टले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि हामीलाई पापको समस्याबाट छुटकारा दिन उहाँ आफैं मानव जातिको एक सदस्य बन्नुभयो (यूहन्ना ३:१६) । उहाँले कुनै पाप गर्नुभएन तथापि उहाँ हाम्रा कमजोरीहरूसित परिचित हुनुभयो (हिब्रू २:१७-१८; ४:१५-१६) । परमेश्वरको पवित्रताको माग बमोजिम हाम्रा पापहरूको मोल तिर्न सक्ने एक मात्र योग्य व्यक्तिको रूपमा येशू क्रूसमा मर्नुभयो (२ कोरिन्थी ५:२१) । पापलाई हराएर मृत्युलाई जितेर उहाँ चिहानबाट बौरिउठ्नुभयो (१ कोरिन्थी १५:३-४, ५४-५७) । आफ्नो रगत हाम्रो पापको निम्ति बगाउनुभएर क्रूसमा मर्न लाग्दा उहाँले भन्नुभयो "अब सिद्धियो" (यूहन्ना १९:३०) । "अब सिद्धियो" भन्ने उक्तिको मूल ग्रीक शब्द ऋण चुक्ता भएपछि वा ऋण तिर्नुनपर्ने गरी मिनाहा भएपछि उक्त

ऋणको ऋणपत्रमा लेखिने गरिन्थ्यो । यसको अर्थ "पूर्णरूपमा चुक्ता" भन्ने हुन्थ्यो । हाम्रा सबै ऋण तिर्नको लागि ख्रीष्ट मर्नुभयो ।

## पूर्ण क्षमादान

ख्रीष्टले क्रूसमा हाम्रो साटोमा गर्नुभएको कामले गर्दा परमेश्वरले हामीलाई सित्तैमा मुक्ति राखिदिनुभएको छ । केही प्रतिज्ञाहरू तल उल्लेख गरिएको छः

> उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न ...
>
> पश्चिमबाट पूर्व जति टाढा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्ति नै टाढा हटाइदिनुभएको छ ।
>
> जसरी बुबाले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ ।
>
> (भजनसंग्रह १०३:१०, १२-१३)
>
> हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ (१ यूहन्ना १:९) ।
>
> यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन (रोमी ८:१) ।

## कमाउन नसकिने उपहार

मुक्ति एउटा उपहार हो, जो हाम्रो काम वा प्रयासमा निर्भर हुँदैन तर ख्रीष्टको बलिदानमा निर्भर हुन्छ- "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफिसी २:८-९) । वरदानको निम्ति काम गर्न सकिँदैन । यसलाई कमाउन वा हासिल गर्न सकिँदैन ।

परमेश्वरले हामीलाई क्षमादानको उपहार तथा अनन्त जीवन दिनुहुन्छ तर यो स्वतः हाम्रो होइन । यो उपहार प्राप्त गर्न हामीले यसलाई स्वीकार गर्नुपर्छ । हाम्रा उद्धारकर्ता र हामीलाई हाम्रो दोष र दण्डबाट छुटकारा दिने येशू ख्रीष्टमा मात्र आफ्नो विश्वास राख्नुपर्छ ।

तपाईंले विचार गर्नुहोला, "मैले गरेका गल्तीहरूका क्षमा पाउनको योग्य म छैनँ ।" यो ठीक हो । हामी कोही पनि क्षमादान पाउन योग्यका छैनौं । त्यो त अनुग्रह हो । हामीले पाउनुपर्ने कुरा उहाँले क्रूसमा लिनुभयो ताकि हामीले पाउन नसक्ने कुरा हामीलाई दिनुभएको होस्- एक सफा र नयाँ सुरुवात । हामीमध्ये कोही पनि त्यति असल छैनौं कि आफैंलाई बचाउन सक्छौं अनि क्षमा नै पाउन नसक्ने गरी खराब पनि छैनौं ।

एक पटक क्षमादान पाएपछि खीष्ट र हाम्रो आत्मिक परिवारसित अनन्तसम्म जिउनको लागि हामीले अगाडि हेर्न सक्छौं (यूहन्ना १४:१-३; प्रकाश २०:११-२२:६) । खीष्टको बलिदानद्वारा ढाकिएका तपाईंले प्रेम गरेका व्यक्तिहरूसित समेत तपाईंको स्वर्गमा पुनर्मिलन हुनेछ (१ थेसलोनिकी ४:१३-१८) ।

## विगतका पापहरूमा जिउनुपर्दैन

एउटी अनैतिक स्त्री खीष्टको पाउमा परी र उहाँको पैतालामा चुम्बन गर्न थाली र आफ्नो आँशु कपालले पुछी । त्यहाँ रहेका न्याय गर्न खोज्नेहरूलाई येशूले भन्नुभयो, "यसकारण म तिमीलाई म तिमीलाई भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन् किनकि यस स्त्रीले बढी प्रेम देखाई । तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ" (लूका ७:४७) । येशूले हामी सबैलाई यही क्षमादान दिनुहुन्छ ।

तपाईंले गरेको गर्भपतन र अन्य गलत कामहरूको कारण जीवनभरि आफैंलाई दण्ड दिएको परमेश्वर चाहनुहुन्न । तपाईंको कामचाहिँ खीष्टको बलिदानलाई स्वीकार गर्ने हो, त्यसलाई दोहोर्‍याउने होइन । येशूले ती अनैतिक स्त्रीलाई भन्नुभयो, "तिम्रा पापहरू क्षमा भएका छन्... । तिम्रो विश्वासले तिमीलाई बचाएको छ, शान्तिसाथ जाऊ" (लूका ७:४८, ५०) । समाजबाट तिरस्कार गरिएकी स्त्रीहरू येशूकहाँ आए अनि उहाँले तिनीहरूलाई करुणा र क्षमा दिएर स्वागत गर्नुभयो ।

तपाईंले जेसुकै गर्नुभएको किन नहोस्, कुनै पनि त्यस्तो पाप छैन, जो परमेश्वरको अनुग्रहभन्दा पर छ । हाम्रो सबैभन्दा खराब अवस्था उहाँले देखिसक्नुभएको छ र पनि हामीलाई प्रेम गर्नुहुन्छ ।

उहाँको क्षमाशील अनुग्रहको कुनै सीमा छैन । क्षमा प्राप्तिमा हुनेजस्तो स्वतन्त्रता अरू कुनै कुरामा छैन ।

परमेश्वरसित आफ्नो पाप स्वीकार गर्ने बित्तिकै आफू शुद्ध भएको अनुभव गर्न सक्नुहुन्छ वा यसको लागि केही समय लाग्न सक्छ । तर जे भए पनि तपाईंले क्षमा पाउनुभएको छ । त्यसको पछि रहेको अस्तित्वलाई बिर्सनको निम्ति तपाईंले काम गर्नुपर्छ अनि ख्रीष्टद्वारा सम्भव भएको सकारात्मक भविष्यतिर लम्कनुपर्छ (फिलिप्पी ३:१३-१४)। जब-जब हामीलाई क्षमा नपाएको महसुस हुन्छ, तब बाइबलमा रहेको परमेश्वरको क्षमादानको बारेमा आफैंलाई र अरूलाई याद दिलाउनुपर्छ ।

गर्भपतन-पछिको चङ्गाइ समूहमा भाग लिनाले तपाईंलाई धेरै राहतको महसुस हुन्छ । महिलाहरू तथा पुरुषहरूको लागि गर्भपतन-पछिका बाइबल अध्ययनहरू तयार गरिएको छ । धेरै अनलाइन स्रोतहरूले तपाईंलाई आवश्यक परेको सहायता समूह पत्ता लगाउन मद्दत गर्न सक्छन् ।[२]

## सही छनौटहरू क्षमादानमा पछि लाग्नेछन्

गर्भपतन गराइसकेका धेरै महिलाहरू पुरुषहरूप्रति तितोपन राख्छन्, जसले उनीहरूलाई प्रयोग र दुर्व्यवहार गरे, अभिभावकहरूप्रति तितोपन राख्छन्, जसले तिनीहरूलाई दबाब दिए अनि तिनीहरूप्रति, जसले बच्चाको मृत्यु हुनको लागि छनौट गर्न गलत अगुवाइ गरे । परमेश्वरले हामीलाई उहाँको क्षमादान ग्रहण गरेको चाहनुहुन्छ अनि अरूलाई पनि त्यो क्षमादान दिएको चाहनुहुन्छ (मत्ती ६:१४-१५) ।

तपाईं निको पार्ने समुदाय तथा इसाई परिवार अर्थात् मण्डलीको एक हिस्सा बन्नुपर्छ । (तपाईं मण्डलीमा हुनुहुन्छ भने गर्भपतनको अनुभव, आफूले विशेष सहायता पाउन सक्ने व्यक्तिसित बाँड्नुहोस् ।) आफ्नो विगतको कारणले अरू इसाईहरूको माझमा तपाईं संवेदनशील हुनुहोला । तर तपाईं त्यस्तो संवेदनशील हुनुपर्दैन । एउटा साँचो ख्रीष्ट केन्द्रित मण्डली धर्मीहरूको पसल होइन तर पापीहरूको निम्ति अस्पताल हो । तपाईं सम्मिलित हुनुभएका मानिसहरू तपाईंजस्तै

असिद्ध मानवहरू हुन् । मण्डलीका धेरै मानिसहरूले क्षमादान बुझेका छन् अनि तिनीहरू स्व-धर्मीहरू होइनन् । जो यस कुरामा खेद व्यक्त गर्छन्, तिनीहरूले परमेश्वरको अनुग्रहलाई बुझेका छैनन् ।

असल मण्डलीले बाइबलको सत्यता प्रचार गर्नेछ अनि तपाईंलाई प्रेम, स्वीकार, तथा सहायता उपलब्ध गराउनेछ । तपाईंले आफ्नो क्षेत्रमा यस्तो मण्डली भेट्टाउन सक्नुहुन्न भने हाम्रो संस्थामा सम्पर्क राख्न सक्नुहुन्छ (यो पुस्तकको पछाडि ठेगाना लेखिएको छ) अनि हामी खुसीसाथ तपाईंलाई सहायता गर्नेछौं, जसरी हामीले अरू धेरैलाई सहायता गरेका छौं ।

तपाईंले चाल्न सक्ने स्वस्थ कदम यो हो कि अनिच्छित गर्भधारण गरेका महिलाहरूलाई तपाईंले भेट्न सक्नुहुन्छ । अरूलाई सुसज्जित बनाउन र परमेश्वरको प्रेम बाँड्न परमेश्वरले तपाईंलाई प्रयोग गर्न लाग्नुहुनेछ ।

म र मेरी श्रीमतीका कैयौं यस्ता असल साथीहरू छन्, जसले पहिला गर्भपतन गराइसकेका छन् । जीवनको पक्षमा तिनीहरूले धेरैलाई वास्ता र सहायता पुऱ्याएका छन् अनि आफूलाई पनि त्यस्तो वास्ता गरिदिने कोही भइदिएको भए कति असल हुने थियो भनी ठान्छन् । उनीहरूको कथाले केवल बच्चाहरूको जीवन बचाउने मात्र होइन तर आमाहरूलाई गर्भपतनको पीडाबाट बचाउँछ साथै तिनीहरूलाई निको पार्छ । तपाईंको निम्ति पनि यसले त्यही काम गर्न सक्छ ।

## अध्याय २०

# जीवनको पक्षसम्बन्धी विषयः महान् आज्ञाको एउटा भाग हो वा यसलाई ध्यानभंग गर्ने तत्व ?

धेरै नाम कहलिएका इसाईहरूले मण्डलीमा गर्भपतनको बारेमा चर्चा गर्नुहुँदैन भन्ने मान्यता राख्छन् । गर्भपतनको बारेमा कुराकानी गर्दा हामीले मानिसलाई दोषी भावनामा पुऱ्याउँछौं भन्ने कतिपयको भनाइ रहेको छ । तर यसको बारेमा कुराकानी गर्नुको कारणचाहिँ गर्भपतन र त्यसका दोषी भावनालाई रोक्नको लागि हो साथै दोषको भारी बोकेर जिइरहेकाहरूलाई स्वतन्त्र गराउन सहायता गर्न हो । हाम्रो मण्डलीमा गर्भपतन गराइसकेका व्यक्तिहरू छन् भनेर यसको बारेमा चुप लाग्नुपर्छ भन्ने तर्क कमजोर तर्क हो । वास्तवमा सबै खाले दृष्टिकोणबाट छलफल गरी सक्दो सहायता र सहयोग प्रदान गर्नु राम्रो हुन्छ ।

सेमिनारीमा अध्ययनरत एक विद्यार्थीले मण्डलीमा आएर मैले प्रायः सुन्ने गरेको कुरा मलाई भनेः "गर्भपतनजस्ता विषयवस्तुले मुख्य विषयवस्तुबाट हामीलाई अन्यत्रै लैजान्छ ।"

उनले मत्ती २८:१९-२० मा रहेको खीष्टको वचनलाई उल्लेख गर्दै थिएः "यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ ।"

के उनी सही थिए ? के जीवन-पक्षधर कामले महान् आज्ञाबाट हामीलाई अन्यत्रै मोड्छ ... वा के यो त्यसको एक भाग पनि हो ?

उनको पास्टरीय सल्लाहकारको नाताले मैले उक्त सेमिनारीमा अध्ययनरत विद्यार्थीलाई अरूलाई उनले आफ्नो विश्वास

बाँडिरहेका छन् कि छैनन् भनेर सोधें । उनले भने कि सेमिनारीमा अध्ययन गर्न थालेपछि उनले गैह्रइसाईहरूसित कुनै समय बिताएका छैनन् ।

मैले भनें, "जीवन-पक्षधर कामले तिमीलाई 'मुख्य विषयवस्तु' बाट अन्यत्र लाँदैन किनकि तिमीले मुख्य विषयवस्तुको काम गरिरहेका छैनौं ।" जीवन-पक्षधर कामद्वारा धेरै मानिसहरू ख्रीष्टमा आएका मानिसहरूको धेरै उदाहरण उनलाई मैले दिएँ, जसमा हामीसित बसेका गर्भवती किशोरीहरू पनि थिए ।

## किनमेल गर्ने वा बच्चाहरू बचाउने ?

एउटा शनिवार म एक समूहसित गर्भपतन क्लिनिकमा थिएँ । बाइबल कलजेका दुई विद्यार्थीहरूले मलाई रोके र एकजनाले अलि झर्केर सोधे, "तपाईं यहाँ किन आएको ? घर-घरमा गएर सुसमाचार प्रचार गरे हुँदैन ?

मैले सोधें, "के तिमीले आज त्यही गर्दैछौ ?"

छैनँ । तिनीहरूले स्वीकार गरे । तिनीहरू किनमेलका लागि गएका थिए ।

किनमेल गर्न, अध्ययन गर्न वा घरको बगैँचामा काम गर्न वा फुटबल हेर्न मिल्छ भने के गर्भपतन क्लिनिकको अगाडि बसेर मानिसहरूलाई तिनीहरूको बच्चा मार्ने निर्णयको सम्बन्धमा पुनर्विचार गर्ने मौका उपलब्ध गराउन मिल्दैन ?

मैले तिनीहरूलाई यो भन्न सकें कि एक घण्टाअघि मात्र क्लिनिकमा मैले एक महिलालाई सुसमाचार सुनाएको थिएँ र उनले ख्रीष्टमा विश्वास गरिन् ।

मेरो भनाइ यो हो कि महान् आज्ञामा सुसमाचार प्रचार गर्ने कुरा मात्रै छ भने पनि जीवन-पक्षधर काम यसको निम्ति योग्य छ किनकि सुसमाचार प्रचार गर्ने धेरै अवसर यो काममा उपलब्ध हुन्छ । तर वास्तवमा महान् आज्ञामा सुसमाचार प्रचार मात्रै नभएर अरू धेरै कामहरू समेत समावेश हुन्छ ।

## विलियम नामक एक व्यक्ति

दुई सय वर्षअघि एकजना विलियम नाम भएका अंग्रेज थिए, जो दास प्रथाको घोर विरोधी थिए र उनले वेस्ट इन्डिजबाट आएको चिनी खादैनथे किनकि त्यो दासहरूद्वारा उत्पादन गरिन्थ्यो । परमेश्वरले उनलाई भारतमा लान लाग्नुभएको थियो भनेर विलियमले महसुस गरे, त्यहाँ उनले बालबालिकाहरूलाई मर्नका लागि त्यत्तिकै छोड्ने धेरै हिन्दूहरू देखेर अचम्मित भए । तिनीहरूले कमजोरहरू, तिरस्कृतहरू, बिरामी तथा कुष्ठ रोगीहरूलाई पनि त्यत्तिकै छोडिदिन्थे । भारतमा रहेको बेलायती सरकारले यो स्थितिलाई अर्कै किसिमले हेर्‍यो किनकि उसले त्यहाँको संस्कृति वा धर्ममा हस्तक्षेप गर्न चाहँदैनथ्यो । तर यसमा हस्तक्षेप गर्नुपर्छ भन्ने विलियमलाई लाग्यो किनकि धेरै मानिसहरू मरिरहेका थिए ।

विलियमले एकदिन सती प्रथा देखे, जहाँ विधवालाई तिनको मृत पतिसँगै चितामा जिउँदै जलाइयो । यस्तो एउटा मृत्यु देखिसकेपछि अर्की एउटी महिलालाई जिउँदै चितामा जलाउन लागेको अर्को एक समूहको सामु खडा भएर त्यो गलत हो भनेर रोके । यसको विरोध गर्ने एउटा मिसनेरी समूहको नेतृत्व उनले गरे । परमेश्वरको दृष्टिकोण प्रकाशमा ल्याउन उनले उक्त विषयवस्तुमा सार्वजनिक बहस राखे ।

उक्त आन्दोलनको केही वर्षपछि सन् १८२९ को डिसेम्बर ६ तारिखको दिन विधवा जलाउने प्रथालाई बन्देज गरिएको आधिकारिक नियम पत्र प्राप्त गरे । उक्त दिन बिहान मण्डलीमा उनको प्रचार गर्ने पालो थियो तर उनले प्रचार गरेनन् । उनले पूरै दिन उक्त नियम पत्रलाई बंगालीमा अनुवाद गरे किनकि उनलाई थाहा थियो कि कतिजनाको जीवन धाँदोमा थियो ।

कतिपयले विलियमलाई उनको नैतिक र राजनैतिक कार्यको लागि आलोचना गरे । उनीहरूले भने, “हामी यहाँ त्यसको लागि आएको होइन । मुख्य कुरामा ध्यान दिनुहोस् । प्रचार गर्नुहोस् र प्रार्थना गर्नुहोस् ।”

मानिसहरूको जीवन बचाउन नैतिक र कानुनी कुरामा चासो

राख्ने सामाजिक कार्यकर्ता को थिए ? उनको नाम विलियम केरी हो जो आज "आधुनिक मिसनका पिता" भनेर चिनिन्छन् । जब हामी महान् आज्ञा र आधुनिक मिसन अभियानका बारेमा विचार गर्छौं, उनको जस्तो उपयुक्त नाम हामीले अरू पाउँदैनौं ।

सुसमाचार सुनाएर मात्र होइन तर यसमा जिएर मानिसहरूलाई खीष्टमा जित्न र चेला बनाउनको लागि अर्थात् केरी भारत गएका थिए- जसमा मानिसहरूको जीवन बचाउन सरकारी निकायमा पहल गर्ने तथा दुष्ट कानुन र सामाजिक विचार परिवर्तनका लागि परिश्रम गर्ने काम समेत समावेश थियो ।

## पछ्याउनुपर्ने पाइला

सामाजिक आन्दोलन वा राजनीति सबै प्रश्नको उत्तर हो भन्ने सम्झेर कतिपय इसाईहरू गल्ती गर्छन् । तिनीहरू होइनन् । तर धेरै आधुनिक मण्डलीले तिनीहरूको सुधारवादी पदचिन्हलाई बिर्सेका छन् ।

उदाहरणका लागि सन् १८३५ मा न्यू इङ्गल्याण्ड एन्टी-स्लेभरी सोसाइटीको एउटा बैठक भएको थियो। त्यसमा सहभागीहरूमध्ये दुई तिहाइ इसाई सेवक-सेविकाहरू थिए ।

गृहयुद्ध हुनुअघिका वर्षहरूमा स्वतन्त्रताको लागि भागेका दासहरूको निम्ति भूमिगत रेलमार्गहरूमा गैह्रकानुनी आवासहरू, भोजन तथा यात्राको बन्दोबस्त इसाईहरूले मिलाएका थिए ।

दुई समूह बीचको झडप अनियन्त्रित भयो किनकि धेरै इसाई सेवक-सेविकाहरूले पुलपिटबाट यसको विरोध गरे । सामुहिक झडपमा विश्वास गर्ने कुनै पनि उम्मेदवारलाई भोट नदिन उनीहरूले आफ्ना सदस्यहरूलाई आग्रह गरे ।

बीसौं शताब्दिको सुरुतिर जब न्यूयोर्क सहर ट्याम्नि हलको भ्रष्ट सैन्य राजनीतिद्वारा दबाइएको थियो, त्यतिबेला अरू कोही नभई चार्ल्स पार्खस्ट नामक एक इसाई सेवक खडा भएर यसको विरोध गरे । उनलाई सुसमाचार प्रचार गर्न र राजनीतिबाट अलग रहन भनिएको थियो । तर उनले भ्रष्टाचारको विरुद्धमा २८४ वटा विनियमहरू लेखे र

न्यायिक कार्यलाई बढावा दिन र भ्रष्टाचारलाई कम गर्न उनले आफ्नो पुलपिटबाट पढे ।

## मण्डलीहरू: देशको विवेक

हाम्रो देशमा नैतिक पतन हुनुको एउटा कारण इसाईहरूले परमेश्‍वरद्वारा दिइएको भूमिका निर्वाह नगर्नु पनि हो । साथै विवादबाट पर रहन चाहने र बगिरहेको निर्दोष रगतलाई अर्कै प्रकारले हेर्नु पनि यसमा पर्छ ।

जोन वेस्लीले सक्रियतापूर्वक दास प्रथाको विरोध गरे । भूमिगत रेलमार्गमा चार्ल्स फिनीको मूख्य भूमिका थियो । डि.एल. मूडीले अप्ठ्यारोमा परेका केटीहरूलाई उद्धार गर्दै उनीहरूको निम्ति आवासगृहहरू खोलेका थिए । चार्ल्स स्पर्जनले वृद्धाहरूको निम्ति वृद्धाश्रमहरू बनाएका थिए र लण्डनका गल्लीहरूबाट अनाथहरूको उद्धार गरेका थिए । एमी कारमाइकलले भारतमा केटीहरूमाथि भएको यौन दुर्व्यवहारको विरुद्धमा तिनीहरूलाई मन्दिरको वेश्यापनबाट उद्धार गरी तिनीहरूको पक्षमा पैरवी गरेकी थिइन् । उनले तिनीहरूको निम्ति आश्रमहरू, विद्यालय र अस्पताल खोलेकी थिइन् ।

यी सबै इसाईहरू महान् आज्ञा बोकेर हिँड्ने मिसनेरी तथा प्रचारकको रूपमा परिचित थिए । तथापि कमजोर, खाँचोमा परेका र दुर्व्यवहारमा परेकाहरूको पक्षमा व्यक्तिगत तथा सामाजिक रूपमा रहेको तिनीहरूको समर्पणतालाई हामीले विरलै याद गर्छौं ।

आफूले प्रचार गरेअनुसार जीवन जिएकै कारण तिनीहरूको प्रचारको काम सफल भएको हुन सक्छ । सुसमाचार तथा सामाजिक सरोकार र आवश्यकतामा परेकाहरूको पक्षमा खडा हुनुको बीचमा कुनै द्वन्द्व छैन । वास्तवमा तिनीहरूको बीचमा सीधा सम्बन्ध हुन्छ ।

## "मुख्य कुरा" को भाग

हामीले जीवनहरू बचाउनुपर्छ किनकि हामीले हरेक हप्ता प्रचार गर्ने बाइबल यसो भन्छः

मार्नलाई लगिएकाहरूलाई बचा (हितोपदेश २४:११)

दुर्बल र अनाथहरूको रक्षा गर, गरिब र थिचोमिचोमा परेकाहरूको न्याय गर (भजनसंग्रह ८२:३)

आफ्नो छिमेकीलाई आफैंलाई जस्तो प्रेम गर (मत्ती १९:१९)

परमेश्वरका मानिसहरूले पति नभएका स्त्रीहरू तथा बाबु नभएका सन्तानहरूलाई विशेष हेरचाह गर्नुपर्छ (याकूब १:२७) । यस्तो वर्गमा अविवाहित महिला र तिनको नजन्मिएको बच्चा नपरेर अर्को को पर्छ र ?

आवश्यकता पूरा गर्ने काममा जस्तो अन्त कतै सुसमाचारको निम्ति ढोका खुल्दैन । गर्भपतनको पक्षमा प्रवचन दिने विद्यार्थीहरूलाई उनीहरूले बोलिसकेपछि मानिसहरू कुराकानी गर्न आउँछन् र त्यतिबेला सुसमाचार प्रचार गर्ने मौका हुन्छ । गर्भावस्था केन्द्रहरूमा काम गर्ने व्यक्तिहरूले ख्रीष्टको प्रचार गर्ने समय पाउँछन् साथै गर्भपतन केन्द्रहरूमा तथा क्याम्पसहरूमा गर्भपतनको बारेमा शिक्षित गर्ने सामाग्रीहरू वितरण गर्नेहरूले पनि ख्रीष्टलाई प्रचार गर्ने समय पाउँछन् । गर्भवती महिलाहरूलाई प्रेम प्रदर्शन गर्न आफ्नो घर खुला राख्ने मानिसहरूले पनि सुसमाचार प्रचार गर्ने मौका पाउँछन् । जब हामी मानिसहरूलाई खाँचोमा भेट्टाउँछौं, तब हाम्रो प्रचार स्वभाविक र उपयुक्त हुन्छ ।

## महान् आज्ञाको तीन अवधारणा

जीवन-पक्षमा प्रयास र महान् आज्ञाको बीचमा रहेको सम्बन्धको बारेमा बुझ्नको लागि हामीले तीनवटा कुरा विचार गर्नु जरुरी हुन्छ ।

पहिलो, येशूले परमेश्वरलाई प्रेम गर्नु "पहिलो र ठूलो आज्ञा" भन्नुभयो अनि आफ्नो छिमेकीलाई प्रेम गर्नुचाहिँ पहिलोलाई पछ्याउने दोस्रो ठूलो आज्ञा भन्नुभयो (मत्ती २२:३७-३९) ।

महान् आज्ञालाई पालन गर्ने एउटै मात्र उपाय परमेश्वरलाई प्रेम गर्ने र आफ्नो छिमेकीलाई प्रेम गर्ने ठूलो आज्ञा पूरा गर्नु हो । निर्दोष रगत बग्ने कुराको विरोध गरेर तथा "आफ्नो पक्षमा बोल्न नसक्नेहरूको पक्षमा बोल्ने ... तथा गरिब र दीन-हीनको अधिकारको

रक्षा गर्ने" कार्य गरेर उहाँको आज्ञापालन गर्दै हामी परमेश्वरप्रतिको प्रेम र बालबालिकाहरूप्रतिको प्रेम प्रदर्शन गर्न सक्छौं ।

महान् आज्ञा पूरा गर्नको निम्ति सबैभन्दा ठूलो आज्ञालाई ढाड फर्काउन हामीलाई बोलावट भएको होइन ।

दोस्रो, तर सुसमाचार महान् आज्ञामा मात्रै हो भने पनि खतरामा रहेका जीवनहरूको पक्षमा खडा हुनु पनि त्यसभित्र नै पर्छ किनकि यसले सुसमाचार प्रचारको निम्ति महत्त्वपूर्ण अवसर प्रदान गर्छ । मैले एउटा गर्भावस्थामा सेवा दिने केन्द्रमा बोलेको थिएँ, त्यहाँका परामर्शदाताहरूले गत बाह्र वर्षमा दुई हजारभन्दा बढीलाई प्रभुको विश्वासमा आउन अगुवाइ गरिसकेका छन् र तीमध्ये धेरै उक्त समुदायको स्थानीय मण्डलीका सदस्यहरू छन् ।

तेस्रो, येशूले आफ्नो महान् आज्ञामा चेलाहरूलाई सुसमाचार प्रचार मात्र गर भन्नुभएन । उहाँले तिनीहरूलाई भन्नुभयो (उनीहरू मार्फत हामीलाई), "मैले आज्ञा गरेका सबै कुरा गर्न सिकाओ" (मत्ती २८:२०) । उहाँले तिनीहरूलाई विश्वास गर्नको निम्ति सिकाओ भन्नुभएन तर पालन गर्नको निम्ति सिकाओ भन्नुभयो ।

मत्ती २५:३१-४६ पढ्नुहोस्, जहाँ भेडा र बाख्राको बारेमा ख्रीष्टले बोल्नुभएको छ । हाम्रो प्रभुले अनन्त रूपमा भिन्नता तिनीहरूले के विश्वास वा प्रचार गर्छन् भन्ने आधारमा नभई तिनीहरूले कमजोर खाँचोमा परेकाहरूको निम्ति के गर्छन् भन्ने आधारमा छुट्याउनुहुन्छ ।

यो खण्ड पढिसकेपछि, के तपाईंलाई अझ पनि यो लाग्छ कि नजन्मिएका भ्रूणहरू लगायत अन्य खाँचोमा परेकाहरूको पक्षमा काम गर्नाले मण्डलीको मुख्य सेवकाइमा असर पर्छ ? बरु, येशूले यसलाई सेवकाइको मुख्य भागको रूपमा लिन भन्नुहुन्न र ? यो "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा" को एउटा भाग हो ।

यसर्थ हामी उहाँको नाममा आवश्यकतामा परेकाहरूलाई वास्ता गर्न ख्रीष्टले दिनुभएको आज्ञापालन गर्न असफल भयौं भने र अरूलाई यस्तै गर्न सिकाउन सकेनौं भने हामीले महान् आज्ञा पूरा गरिरहेका हुँदैनौं ।

मण्डलीले सुसमाचारको सन्देश टाढा-टाढासम्म पुऱ्याउँछ तर नजन्मिएका भ्रूण र उसको आमाको पक्षमा बोल्न सक्दैन अनि उनीहरूलाई मद्दत गर्नुपर्छ भनेर हाम्रा मानिसहरूलाई सिकाउन सक्दैन भने हामीले पूरै महान् आज्ञा पालन गरिरहेका हुँदैन तर आंशिक हिस्सा मात्रै पूरा गरिरहेका हुन्छौं ।

खाँचोमा परेकाहरूको निम्ति सहयोग गर्ने परमेश्वरको काममा मण्डलीहरू मेरुदण्ड हुन् । तपाईंको मण्डलीले नजन्मिएका बच्चाहरू र तिनीहरूका आमाहरूको पक्षमा काम गरिरहेको छैन भने सायद मण्डली त्योतर्फ अग्रसर भएर आफ्नो मण्डलीलाई सहायता गर्न र यो महत्त्वपूर्ण सेवकाइ वहन गर्न अगुवाहरूलाई परिचालन गर्न परमेश्वरले तपाईंलाई वोलावट दिँदै हुनुहुन्छ ।

## असल सामरीबाट सिक्न सकिने पाठ

लूका १०:२५-३७ मा कुनै निश्चित खाँचोमा परेका समूहलाई अलग गरेर "छिमेकी" को परिभाषा खोज्ने एकजना मानिसलाई खीष्टले असल सामरीको कथा बताएर भन्नुभयो, "जाऊ र यस्तै गर ।"

एकजना व्यस्त यात्रीले बाटोको छेउमा (नालीमा) लडिरहेको मानिसलाई सहायता गरे । तर एक पूजाहारी, लेवी र सम्मानित अन्य धार्मिक अगुवाहरू त्योभन्दा पनि महत्त्वपूर्ण "आत्मिक" कामहरू गर्नको लागि भनेर अर्कोतिर टाउको फर्काएर गए ।

हामी बाइबलमा विश्वास गर्ने इसाईहरू हालका पूजाहारी तथा लेवीहरू हौं । के हामीले सडकको किनारमा लडिरहेका मानिसहरू, भोकाहरू, चेलीबेटी बेचबिखनका पीडितहरू, दुर्व्यवहार परेकाहरू तथा गर्भपतन गराएका बालबालिकाहरूप्रति ध्यान दिएका छौं ?

बाटोको किनारमा लडिरहेको मानिसको जीवन बचाउन गरिने मद्दत के मुख्य कामबाट अल्मल्याउने कुरा थियो ? अथवा के यो मुख्य कामको एक हिस्सा थियो ? पूजाहारी तथा लेवीको लागि यो एउटा अल्मलाउने कुरा थियो । तिनीहरूले प्रचार गर्नुपर्ने थियो, दशांशहरू संकलन गर्नुपर्ने थियो अनि सभाघरहरू बनाउनुपर्ने थियो । तर

कमजोर, जोखिम तथा खाँचोमा परेकोलाई सहायता नगरेकोले ख्रीष्टले तिनीहरूलाई हप्काउनुभयो अनि उहाँले एउटा सामरीलाई बाटोको किनारमा जान आज्ञा गर्नुभयो, जहाँ समस्या थियो र मर्न लागेको मानिसलाई सहायता प्रदान गरियो ।

त्यो सहायता गरिएको व्यक्ति तपाईं हुनुहुन्थ्यो भने र परमेश्वरको बारेमा तपाईंसित कसैले कुराकानी गऱ्यो भने तपाईंले कसको आवाज सुन्नुहुन्थ्यो, आत्मिक र ईश्वरशास्त्रमा राम्रो ज्ञान भएका पूजाहारीहरू वा तपाईंलाई वेवास्ता गर्ने लेवी कि तपाईंलाई वास्तवमा सहायता गर्ने सामरीको ?

हामी इसाईहरू वास्तवमा अनुग्रह र सत्यताले पूर्ण हुनुभएका ख्रीष्टजस्तै हुनुपर्छ । ठीक सिद्धान्त र न्यानो हृदय भएका मानिसहरूले सबै खाँचोमा परेकाहरूलाई सहायता गरिरहेका छन्- नजन्मिएका शिशुहरू तथा तिनीहरूको आमाहरू लगायत अरू आवश्यकतामा परेकाहरूलाई समेत- येशूको नाउँमा सहायता पुऱ्याइरहेका छन् ।

अध्याय २१

# नजन्मिएका बच्चाहरू तथा तिनीहरूका आमाहरूलाई हामी कसरी सहायता पुऱ्याउन सक्छौं ?

देशभरि तथा संसारभरि थुप्रै जीवन-पक्षधर संस्थाहरू छन् । उनीहरू विभिन्न क्रियाकलापमा विशेषज्ञ छन्, तिनीहरू कसरी अनैतिक गतिविधिबाट जोगिने भन्ने शिक्षा, भ्रूणको विकाससम्बन्धी शिक्षा, गर्भवती महिलाको निम्ति परामर्श, कानुनी सहायता, बच्चा ग्रहण गर्न दिने मौका प्रदान, भ्रूण हत्या भन्ने कुसंस्कारको विरोध, गर्भपतन क्लिनिकमा जान नदिने, मानसिक तथा वैज्ञानिक अध्ययन फैलाउने, प्रार्थना, गर्भपतन क्लिनिकबाहिर अलग्गै परामर्श दिने अनि गर्भपतन गराइसकेका महिला तथा पुरुषहरूलाई सहायता गर्ने क्षेत्रमा विशेषज्ञ हुन्छन् । चौबीसै घण्टा टोल फ्रि फोन तथा इमेलमार्फत् परामर्श दिने तालिमप्राप्त परामर्शदाताहरू पनि छन् ।[1]

## जीवन-पक्षको एकताको निम्ति विनम्र अनुरोध

जीवन-पक्षधर सेवकाइको विविध पक्ष अवलोकन गर्ने र काम गर्ने अवसर प्राप्त गरेको यो मेरो चौथो दशक हो । विभिन्न अवधारणाहरूमा रहेको सबल पक्ष मैले देखेको छु, जसले विभिन्न व्यक्तिहरूलाई सहायता पुऱ्याइरहेको छ साथै विभिन्न स्वयंसेवक तथा समर्थकहरूलाई आकर्षित गरेको छ ।

जीवन-पक्षधरहरू, आफ्नो कामको निम्ति जोशिलो हुन्छन् भनेर चिनिन्छन्, कतिपय अवस्थामा जीवनको पक्षमा रहेको विशेष खाले सेवकाइ उनीहरूको निम्ति महत्त्वपूर्ण उपाय हुन्छ, सही उपाय हुन्छ र एक मात्र उपाय हुन्छ भन्ने मान्यता राखिन्छ । यो भन्नुचाहिँ एउटा जहाज चलाउने मानिसले सेनाको रेन्जरहरूले महत्त्वपूर्ण काम

गरेका छैनन् बरु तिनीहरू सबै नेभी जहाजको सेनाको काम गर्नुपर्ने हो भनेको जस्तै हो । जीवन-पक्षधर काम ठूलो काम हो र धेरै तथ्यहरू यसमा हुन्छन् र यसमा थुप्रै रणनीतिहरू हुन्छन् । हामी सबैले एउटै काम गर्ने प्रयास गर्नुहुँदैन ।

हामीलाई आज्ञा दिइएको छ, "अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भ्रातृ-प्रेम गर, कोमल हृदयका होओ र नम्र मनका होओ" (१ पत्रुस ३:८) । नम्र र कोमल हृदयकाहरूले अरू व्यक्तित्व, वरदान, जोश र रणनीतिबाट छिटो सिक्न सक्छन् । हामी नम्र, धीरजी, प्रेमिलो, शान्त र परमेश्वरको आत्माको एकतामा हुनुपर्छ (एफिसी ४:१-६) ।

केही वर्षसम्म विभिन्न धारका जीवन पक्षधर अगुवाहरूसँग दुई महिनाको एक पटक भेट्ने गर्थे । हामीले एकाअर्कालाई चिन्ने, बुझ्ने तथा एकाअर्काबाट सिक्ने गऱ्यौं । हामीले सँगै मिलेर गरेका गतिविधिहरूको बारेमा यो कुरा पत्ता लगायौं कि पहिलदेखि नै रहेका सामाग्री तथा गतिविधिहरू फेरि हामीले दोहोऱ्याएर उत्पादन गर्न लागेका रहेछौं । धेरैले मसित यो टिप्पणी गरेका छन् कि अन्य समूहलाई बुझेका छैनन् तथा तिनीहरूको अवधारणा अलि शंकास्पद लाग्छ । अन्य समूहहरू कतिपय अवस्था प्रतिस्पर्धी रहेको अनुभूति गरे । तर जब तिनीहरूले अरूलाई बुझ्न लागे, तब तिनीहरूको हृदय तथा लक्ष्यलाई बुझे । त्यसपछि जीवनको पक्षधर विभिन्न सेवकाइको निम्ति बोलावट पाएका अन्य दाजुभाइ दिदीबहिनीहरूलाई पनि तिनीहरूले प्रेम गर्न लागे र प्रोत्साहन दिन लागे ।

तपाईंको पृष्ठभूमि, व्यक्तित्व, वरदान र परमेश्वरको बोलावटसित मेल खाने संस्थाहरू हेर्नुहोस् । विभिन्न राम्रा जीवन पक्षधर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको सम्पर्क जानकारीहरू प्राप्त गर्न सकिन्छ ।[२]

## तपाईं के गर्न सक्नुहुन्छ

तपाईं ख्रीष्ट केन्द्रित, बाइबलको शिक्षा मान्ने मण्डलीको हिस्सा हुनुहुन्छ भने तपाईंको मण्डली तथा समुदायमा जीवन-पक्षधर

सेवकाइको निम्ति अगुवासित कुराकानी गर्नुहोस् । (तपाईं यस्तो मण्डलीमा हुनुहुन्न भने यस्तै खाले एउटा मण्डलीमा जानुहोस् ।) हामीले यस्तो विचारधारालाई तोड्नैपर्छ कि “म एउटा व्यक्ति मात्र हुँ, हामी एउटा सानो मण्डली मात्र हौं, हामीले कुनै भिन्नता ल्याउन सक्दैनौं ।” तपाईंले खाँचोलाई मेट्न सक्नुहुन्न तर उक्त खाँचोलाई सम्बोधन गर्न परमेश्वरले तपाईंलाई अचम्म तरिकाले चलाउन सक्नुहुन्छ । एक पटकमा कसरी तपाईंले लाखौं मानिसहरूलाई सहायता पुऱ्याउन सक्नुहुन्छ ?

तलका कुराहरू सबैले गर्न सक्दैनन् तर तपाईंसित भएको स्रोत तथा वरदानसित मिल्दो कुनै छान्न सक्नुहुन्छः

१. **आफ्नो घर खोल्नुहोस् ।** बस्ने ठाउँको खोजीमा रहेका गर्भवती केटीलाई सहायता गर्नुहोस् र “चाहना नगरी” जन्मिएको बच्चालाई वास्ता वा ग्रहण गर्नुहोस् । वा एकल आमाका बच्चाहरू हेरचाह गर्न हप्ताको एक दिन छुट्याउनुहोस् ।

२. **आफ्नो समय, सीप र सेवाले सहायता गर्नुहोस् ।** गर्भवती महिला, भर्खर जन्मिएका शिशुहरू, लागू औषध सेवन गर्नेबाट जन्मेका शिशुहरू, अनाथहरू, अपाङ्गता भएकाहरू, वृद्धवृद्धाहरू, सडक बालबालिकाहरू वा अरू आवश्यकता परेकाहरूलाई व्यक्तिगत सहायता उपलब्ध गराउनुहोस् । गर्भवती केन्द्र, महिला आश्रम, नैतिक शिक्षासम्बन्धी निकाय, जीवन अधिकारसम्बन्धी शैक्षिक तथा राजनैतिक संस्था र जीवन-पक्षधर समूहहरूलाई आफ्नो समय, फर्निचर, लत्ता कपडाहरू, व्यावसायिक सीपहरू अनि पैसा उपलब्ध गराउनुहोस् । तिनीहरूको घर परिसर सरसफाई तथा मर्मत सम्भार गरिदिनुहोस् । तिनीहरूको वेवसाइट डिजाइन गरिदिनुहोस् र कम्प्युटरहरू मर्मत गरिदिनुहोस् ।

३. **पहलकर्ता वा कार्यकर्ता बन्नुहोस् ।** तपाईंको वरपर कुनै जीवन-पक्षधर सेवकाइ छैन भने एउटा सुरु गर्न पहल गर्नुहोस् । विभिन्न संस्थाको साझा संयन्त्र निर्माण गर्नुहोस् । गर्भपतन केन्द्र वा प्लान्ड प्यारेन्टहुडको अफिस नजिकै भाडामा ठाउँ

लिनुहोस्। गर्भवती परामर्श क्लिनिक वा जीवन-पक्ष सूचना केन्द्र स्थापना गर्नुहोस् । स्वयंसेवकहरू भर्ना गर्नुहोस् ।

४. **हरेक जानकारीहरू राख्नुहोस् ।** छनौट-पक्षधर बहसमा प्रतिउत्तर जनाउन सबै तथ्यहरू पहिले नै थाहा गरिराख्नुहोस् ।[५] हरेक तालिम सेमिनार र आउटरिच गतिविधिमा एउटा न्यायिक व्यक्ति समावेश गर्नुहोस् ।[६] थुप्रै जीवन-पक्षधर वेबसाइटहरू साथै पुस्तकहरू, गीत तथा भिडीयो र (सामान्यतः निःशुल्क) जीवन पक्षधर न्यूजलेटरहरू पाइन्छ ।

शल्यक्रियाद्वारा गरिने गर्भपतनहरू घट्दोस्तरमा र रसायनहरूद्वारा गरिने गर्भपतन बढ्दोस्तरमा रहेको छ । RU-486 लगायत गर्भपतन गराउने चक्कीहरूलाई "आपतकालीन गर्भनिरोधक चक्की" पनि भनिन्छ साथै अन्य रसायनहरूको बारेमा अध्ययन गर्नुहोस् । नुभारिङ्ग, इम्प्लानोन, नरप्लान्ट (अमेरिकामा उपलब्ध छैन), डिपो-प्रोभेरा र अन्य चक्कीहरूको बारेमा छानबिन गर्नुहोस् । गर्भाधारणको प्रक्रियाबारे जानकार हुनुहोस् र यी सामाग्रीहरूले गर्भाधारण भइसकेको भ्रूणलाई कसरी पाठेघरभित्र रहनदेखि रोक्छ सो सम्बन्धमा पनि जानकार हुनुहोस्।[८] नन्मिएका शिशुहरूलाई तिनीहरूको जीवनको हरेक चरण तथा विकासमा हेरचाह गर्ने छनौट गर्नुहोस् । तिनीहरूलाई मार्न प्रयोग गरिने प्रक्रियाहरू चाहे त्यो शल्यक्रियात्मक होस् वा औषधीको प्रयोगद्वारा होस्, यी सबैको बारेमा ज्ञान हासिल गर्नुहोस् । आफ्नो निष्कर्षमा पुग्नको लागि सबै जानकारीहरू हासिल गर्नुहोस् ।

५. **आफ्ना साथी, छिमेकी र सहकर्मीहरूसित कुराकानी गर्नुहोस्।** विनम्रताका साथ अरूको मान्यतामा पुनर्विचार गर्न आग्रह गर्नुहोस् । यो पुस्तकको एकप्रति तिनीहरूलाई दिनुहोस्, जसमा ध्यानाकर्षणको लागि कुनै-कुनै पृष्ठमा चिन्ह लगाउनुहोस् । यो विषयवस्तुमा अझ विस्तृत जानकारी पाउन योभन्दा ठूलो मेरो पुस्तक प्रो-लाइफ एन्सर्स टु प्रोचोवाइस अर्गुमेन्टस् अध्ययन

गर्नुहोस् । जीवन-पक्षधर शीर्षकका उपन्यासहरू उपहार दिनुहोस्, फ्र्यान्सिस रिभरको द एटोन्मेन्ट चाइल्ड, सिल्भिया बाम्बोलाको टियर्स इन बोटल अनि मेरो पुस्तक डेडलाइन आदि प्रयोग गर्न सक्नुहुन्छ। उनीहरूलाई जीवन पक्षधर वेबसाइट हेर्न लगाउनुहोस्: www.Abort73.com

**६. गर्भपतनको सम्बन्धमा बहस चलाउनुहोस् ।** सामाजिक संजालहरूमा जीवन-पक्षधर अवधारणा सेयर गर्नुहोस् । (हामीले नियमित रूपमा फेसबुक र ट्वीटरमा यो कार्य गरिरहेका छौं अनि हामीले पोस्ट गरेका कुराहरू पुनः प्रयोग गर्न चाहनुहुन्छ भने स्वागत छ ।[१]) जीवन-पक्षधर आफ्नै वेबसाइट पनि बनाउन पहल गर्नुहोस् ।

विभिन्न बहस कार्यक्रमहरूको आयोजना गर्नुहोस् र संवादहरूमा भाग लिनुहोस् । छनौट-पक्षधर प्रस्तुत गर्ने टेलिभिजन च्यानल र रेडियो स्टेसनहरूलाई आफ्नो पक्षमा कुरा राख्न बराबर समय उपलब्ध गराउन आग्रह गर्नुहोस्। जीवन पक्षधर शैक्षिक सामाग्रीहरू मगाउनुहोस् र वितरण गर्नुहोस् । बोल्नुहोस् ताकि छनौट-पक्षधर बनावटी कुरा चुनौतिहीन नभएको होस् ।

हामीले ख्रीष्टको दृष्टिकोणले गर्भपतनको विषयवस्तुमा अवधारणा बनाउँछौं भन्ने कुरा एकदमै महत्त्वपूर्ण छ । येशू अनुग्रह र सत्यतामा आउनुभयो (यूहन्ना १:१४) । मानिसहरूले हामीमा येशू देख्नु हो भने हामीले अनुग्रहसहित सत्यता उपलब्ध गराउनुपर्छ ।

**७. पत्रहरू लेख्नुहोस् ।** भद्र, सचेत, सठीक र याद गर्ने हुनुहोस्। यो पुस्तकमा र मेरो ठूलो पुस्तक प्रोलाईफ एन्सर्स टु प्रोच्वाइस अर्गुमेन्टस्मा उल्लेख गरिएका सन्दर्भहरू उल्लेख गर्नुहोस् । तपाईंको पत्र राष्ट्रिय दैनिक वा मुख्य समाचारपत्रहरूमा पठाउनुहोस्, जसलाई लाखौं पाठकहरूले पढ्न सक्छन् ।

**८. गर्भपतन क्लिनिकहरूसित व्यापारिक साझेदार नगर्न प्रोत्साहन गर्नुहोस् ।** जग्गाधनीहरू, व्यापारीहरू, इन्सुरेन्स उपलब्ध गराउनेहरू, स्वास्थ्य प्रदायकहरू अनि अन्य सेवा प्रदायकहरू

लगायतका प्रभावशाली व्यक्तिहरूसित सम्पर्क राख्नुहोस् अनि बच्चा मार्ने काम गरिरहेकाहरूलाई सेवा सुविधाहरू उपलब्ध नगराउन र त्यसो गर्नु उचित होइन भन्ने विवेकमा राखिदिन नम्रतापूर्वक उनीहरूलाई बताउनुहोस् । तपाईंको व्यवसाय छ अनि गर्भपतन क्लिनिकले कुनै बोलकबोल (कोटेसन) निकाल्यो भने जतिसुकै आम्दानी हुने भए पनि त्यसको लागि काम नगर्नुहोस् र किन उक्त संस्थाको निम्ति काम गर्न नसक्ने हो सो नम्रतापूर्वक बताउनुहोस् ।

**९. राजनैतिक प्रक्रियामा सक्रिय हुनुहोस् ।** आफ्ना प्रतिनिधि मण्डलसँग भेट्नुहोस् र गर्भपतनको सम्बन्धमा आफ्नो धारणा राख्नुहोस् । जीवनको पक्षधरमा कार्यपत्र बनाउनुहोस्, त्यसलाई फैलाउनुहोस् र त्यसको पक्षमा मत दिन आग्रह गर्नुहोस् । राजनैतिक कार्यालय संचालन गर्नुहोस्, विद्यालयको संचालन समितिमा बस्नुहोस्, चुनावी ऱ्यालीहरू आयोजना गर्नुहोस् । जीवनको पक्षधर उम्मेदवारलाई आफ्नो समय, पैसा र मत प्रदान गर्नुहोस् ।

**१०. तपाईंको मण्डलीमा जीवन-पक्षधर कार्यसमूह गठन गर्नुहोस् वा त्यसमा संलग्न हुनुहोस् ।** विनम्रतापूर्वक मण्डलीका पास्टर तथा अगुवाहरूसित कुराकानी गर्नुहोस्। नजन्मिएको बच्चाको पक्षमा खडा हुनको लागि परमेश्वरले बोलावट दिनुभएको छ भनी उहाँहरूलाई बताउनुहोस् । उहाँहरूले नै सबै कुरा गरिदिनुहुन्छ भन्ने अपेक्षा नराख्नुहोस् तर तिनीहरूको लागि र मण्डलीको लागि आफूले काम गर्न चाहेको बताउनुहोस् अनि तपाईंले खुसीसाथ पछाडि बसेर काम गर्नुहोस् र तपाईंलाई कुनै जस चाहिँदैन । तिनीहरूलाई लेख सामाग्रीहरू दिनुहोस् अनि भिडियोहरू हेर्न आग्रह गर्नुहोस् ।[१०]

मण्डलीको अन्य सेवकाइमा संलग्न रहेका सकारात्मक मानिसहरूलाई यस कार्यमा सहभागी बनाउनुहोस्, जसले शिक्षा दिनको निम्ति र बाँड्नको निम्ति योजना बनाउन र कार्यान्वयन

गर्न तपाईंलाई मद्दत गर्न सक्छन् । समय-समयमा जीवन-पक्षधर सेवकाइको निम्ति भेटी उठाउन अनुरोध गर्नुहोस् । जीवनको पक्षधर लेख सामाग्रीहरू मण्डलीबाट उत्पादन गर्नुहोस् वा बाहिरबाट मगाएर वितरण गर्नुहोस् ।[११] विभिन्न खाले जीवन-पक्षधर लेख सामाग्री तथा वेबसाइट स्रोतहरूका निम्ति इटर्नल प्रस्पेक्टिभ मिनिस्ट्रिजमा सम्पर्क राख्नुहोस् ।

**११. "किन जीवनको पक्षमा ?" भन्ने किताब लिनुहोस् र मण्डलीका हरेक परिवारलाई वितरण गर्नुहोस् ।** (यो www.emp.org मा उपलब्ध छ, यसको रोयल्टी जीवन-पक्षधरमा जानेछ, कुनै पनि रकम लेखककहाँ जानेछैन ।) तपाईं मण्डलीको अगुवाहरूले पनि यो विषयवस्तुमा प्रवचन तयार गर्न चाहनुहुन्छ भने धेरै राम्रा स्रोतहरू त्यहाँ भएकोले उहाँहरूलाई त्यो उपलब्ध गराउन सक्नुहुन्छ ।[१२]

**१२. थुप्रै राम्रा जीवन-पक्षधर स्रोत सामाग्रीमध्ये केही प्रयोग गर्नुहोस् ।** मण्डलीको सेवामा वा अन्य कक्षाहरूमा जीवन-पक्षधर भिडियोहरू प्रदर्शन गर्नुहोस्, जसमा 180 DVD लगायत (www.180movie.com) अरू गर्भपतनसम्बन्धी र भ्रूणको जीवन सम्बन्धी भिडियोहरू एकदमै प्रभावशाली हुन सक्छ । प्रार्थनासहित गर्भपतन गराएका भिडियोहरू मण्डलीमा वा सानो समूहमा देखाउन पहल गर्नुहोस् ।[१४] (बच्चाहरूले हेर्न मिल्दैन भनेर मानिसहरूलाई पहिले नै चेतावनी दिनुहोस् र तयार गर्नुहोस् ।) तपाईंको समुदायमा रहेका जीवन-पक्षधरका विभिन्न समूहहरूको सम्पर्क ठेगाना वितरण गर्नुहोस् । परामर्शदाताहरूको एउटा सानो समूह बनाउनुहोस् अनि प्रार्थना यात्रा वा र्‍याली गर्नुहोस् । आफ्नो क्षेत्रमा रहेका जीवन-पक्षधर समूहहरूसित सम्पर्क गर्नुहोस् । तपाईंलाई थाहा नभएका अरू धेरै कुरा उहाँहरूलाई थाहा हुन्छ अनि एउटा स्रोतको रूपमा तपाईंलाई सहायता गर्न उहाँहरू खुसी हुनुहुनेछ ।

**१३. बेथलेहम ब्याप्टिस्ट चर्चद्वारा तयार गरिएको एकदमै उत्कृष्ट**

**जीवन-पक्षधर पाठ्यसामाग्री "एवर्सन इज अबाउट गड" प्रयोग गर्नुहोस् ।** हेर्नुहोस् http://www.bcspress.org/abortion.

**१४. जीवन-पक्षधर सेवकाइ, मण्डलीहरू, मण्डलीका अगुवाहरू, आमाहरू तथा बच्चाहरूको निम्ति दिनहुँ प्रार्थना गर्नुहोस् ।** एउटा प्रार्थना समूह सुरु गर्नुहोस् । बच्चा-हत्याको अन्धकारमाथि सत्यता र करुणाको ज्योति चम्कनु हो भने नम्र निवेदन तथा अन्तर्बिन्तीको प्रार्थनाद्वारा गरिने आत्मिक लडाइँ आवश्यक पर्छ (एफिसी ६:१०-२०) ।

**१५. जीवन-पक्षधर संस्थाहरूलाई आर्थिक तथा भौतिक सहायता प्रदान गर्नुहोस् ।** विभिन्न जीवन-पक्षधर सेवकाइलाई मैले नजिकबाट देखेको छु । हरेक घटनामा आएको भिन्नता मैले देखेको छु । म तपाईंहरूलाई उत्साह दिन चाहन्छु कि तपाईंको क्षेत्र, राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा रहेका जीवन-पक्षधर संस्थाहरू खोज्नुहोस् र उदार चित्तले सक्दो आर्थिक सहयोग गर्नुहोस् ।

आफैंलाई यो प्रश्न सोध्नुहोस्, कि आफ्नो मृत्यु भएको पाँच मिनेटपछि असहायहरूलाई सहायता गर्नको लागि मैले मौका पाएको भए समय छँदै मैले के गर्ने थिएँ भनेर विचार गर्नुहुनेछ ?

हामीसित थुप्रै अवसरहरू छन् - पृथ्वीमा जीवन छँदै आफ्नो स्रोतहरूको प्रयोग गरी अनन्तसम्मको निम्ति भिन्नता ल्याउन सक्छौं । स्वर्गको क्षणलाई कल्पना गर्नुहोस् अनि कसैले तपाईंतिर हेरेर मुस्कुराउँदै यसो भन्दा तपाईंलाई हुने अनुभवलाई सम्झनुहोस्, "धन्यवाद ! मेरो जीवन ... र मेरो बच्चाको जीवन (वा मेरो आमाको जीवन) बचाउन तपाईंले दिनुभएको उपहारको निम्ति धन्यवाद ।"

# अनुसूचीहरू

# अनुसूची १

# बाइबल र मण्डली इतिहासमा गर्भपतन

आफ्नो विश्वासको आधार बाइबलमा रहेको भनी दाबी गर्ने सानो तर प्रभावशाली छनौट-पक्षधरको एउटा समूह छ । तिनीहरू भन्छन्, "बाइबलमा कही पनि गर्भपतनलाई निषेध गरेको छैन ।"[१] तथापि बाइबलले निर्दोष मानिसहरूको हत्यालाई प्रष्ट रूपमा निषेध गरेको छ (प्रस्थान २०:१३) । बाइबलमा गर्भपतनलाई निषेध गरेको छ भनी प्रमाणित गर्नको निम्ति नजन्मिएको बच्चा मानव हो भन्ने प्रमाणित गरे पुग्छ ।

## बाइबलमा व्यक्तित्व

केही प्राचीन समाजहरूले गर्भपतनको विरोध गर्थे,[२] तर प्राचीन हिब्रू समाजले यसो गर्नुको पछाडि प्रष्ट कारण थियो किनकि यो धर्मशास्त्रको आधारअनुसार थियो । बाइबलले जैविक प्रमाणको धर्मशास्त्रीय निश्चयता प्रदान गर्छ । यसले सिकाउँछ कि पुरुष र स्त्री परमेश्वरको स्वरूपमा बनाइएका हुन् (उत्पत्ति १:२७) । परमेश्वरको सृष्टिको उत्कटतामा, मानव जाति अरू जनावरहरूभन्दा कैयौं गुणा उत्कृष्ट छ र उहाँको विशेष वास्तामा छ । धर्मशास्त्रभरि व्यक्तिलाई कहिल्यै पनि उमेर, विकासक्रम वा मानसिक, शारीरिक तथा सामाजिक सीपहरूको आधारमा मापन गरिएको छैन । व्यक्तिचाहिँ परमेश्वरले सृष्टि गर्नुहुँदा सुरु भएको हो - अघि नभएको मानिस अब अस्तित्वमा आयो । अनि सृष्टिको त्यो पल अरू केही नभएर गर्भाधारणको समय नै हो । पुरानो करारमा नजन्मिएको भ्रूणलाई प्रयोग भएको हिब्रू शब्द येलद हो (प्रस्थान २१:२२-२५) र यो शब्दले "सामान्यतः साना बालबालिकालाई जनाउँछ तर यसले किशोर-किशोरी र वयस्कहरूलाई पनि जनाउँछ ।"[३] हिब्रू भाषामा नजन्मिएको भ्रूणको निम्ति अलग्गै शब्द छैन वा त्यसको आवश्यकता परेन । तिनीहरू अरू बालबालिकाहरूजस्तै

भर्खरका बालबालिका थिए । बाइबलमा जन्मिएका बच्चा तथा नजन्मिएका बच्चाको बारेमा उल्लेख गरिएको छ तर तिनीहरूको बीचमा त्यस्तै कुनै भिन्नता रहेको छैन अथवा अर्को शब्दमा भन्नुपर्दा तिनीहरू "हरेक दृष्टिमा" बच्चा नै हुन् ।

आफू जन्मनुअघि परमेश्वरले कसरी उनलाई सृष्टि गर्नुभयो भन्ने बारेमा अय्यूबले सदृश्य वर्णन गरेका छन् (अय्यूब १०:८-१२) । गर्भमा रहेको बच्चा, पछि अय्यूबको रूप धारण गर्ने कुनै भौतिक सामाग्री थिएन तर त्यो त कलिलो र सानो अय्यूब नै थिए । परमेश्वरले यशैयाको सामु आफैंलाई यसरी चिनाउनुभयो, "जसले तँलाई बनाएँ, जसले तँलाई गर्भमा रचें" (यशैया ४४:२) । आफ्नो आमाको गर्भमा रहेको व्यक्ति, पछि व्यक्ति बन्ने कुनै भौतिक तत्व होइन तर ऊ वास्तवमै उही व्यक्ति हो ।

भजनसंग्रह १३९:१३-१९ ले नजन्मिएको एक बच्चासित परमेश्वरको नजिकको सम्बन्ध हुने चित्रित गरेको छ । परमेश्वरले दाऊदलाई जन्मको समयमा होइन तर जन्मनुभन्दा अघि "अदृश्य रूपमा" बनाउनुभयो। दाऊदले आफ्ना सृष्टिकर्तालाई भन्छन्, "तपाईंले मेरी आमाको गर्भमा रच्नुभयो ।" हरेक व्यक्ति जस्तोसुकै भए तापनि ऊ त्यत्तिकै बनेको होइन तर परमेश्वरद्वारा बनिएको हो। कुनै व्यक्ति अस्तित्वमा आउनुअघि नै उसका दिनहरू परमेश्वरद्वारा तय गरिएको हुन्छ (भजनसंग्रह १३९:१६) ।

परमेश्वरलाई इन्कार गरेको मानव जातिको हरेक व्यक्तिले "आदममा" पाप गरेको छ यसर्थ ऊ सुरुदेखि नै पापी हो (रोमी ५:१२-१९) । दाउद भन्छन्, "साँच्चै, म जन्मँदा नै पापी थिएँ ।" त्यसपछि उनको जन्म हुनुअघि, जतिबेला उनको वास्तविक जीवन सुरुभएको हो, त्यति बेलाको सम्बन्धमा उनी भन्छन्, "मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ (भजनसंग्रह ५१:५) । गर्भाधारणको समयदेखि नै हरेक व्यक्तिमा पापमय स्वभाव हुन्छ। तर कसले वास्तविक व्यक्तिमा नैतिक स्वभाव हालिदिन्छ ? ढुङ्गामुढा, रूखपात, तथा जनावर र मानव अङ्गहरूमा नैतिक स्वभाव अर्थात् असल वा खराब केही ज्ञान हुँदैन ।

याकूब आफ्नो जुम्ल्याह दाजु एसावभन्दा चर्चित हुने बारेमा "ती जुम्ल्याह दाजुभाइ जन्मनुअघि" बताइएको थियो (रोमी ९:११) । रेबेकाको गर्भमा याकूब र एसाव रहँदा धर्मशास्त्रले भन्छ, "गर्भमा भएका बालकहरूले एक-अर्कासँग लडन्त गर्न लागे" (उत्पत्ति २५:२२) । नजन्मिएका बच्चाहरूलाई "शिशुहरू" भन्ने शब्दावली प्रयोग गरिएको छ । परमेश्वरले यर्मियालाई भन्नुभयो, "मैले तँलाई गर्भमा रच्नभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ" (यर्मिया १:५) । उहाँले यर्मियालाई उनी आमाको गर्भमा त्यति बेला नभएको चिन्नुहुने थिएन । सृष्टिकर्ता जन्मिसकेका मानिसहरूसित मात्र होइन तर नजन्मिएकाहरूसित पनि नजिकको सम्बन्धमा रहनुहुन्छ ।

लूका १:४१ र ४४ मा नजन्मिएको बप्तिस्मा दिने यूहन्नाको बारेमा बताइएको छ, जो आमाको गर्भमा छैटौं महिनामा थिए । यी पदहरूमा "बच्चा" को निम्ति प्रयोग गरिएको शब्द ब्रेफोस हो । यो शब्द जन्मिसकेका बालक येशूको निम्ति पनि प्रयोग गरिएको छ (लूका २:१२, १६) अनि आशिष्को लागि येशूकहाँ ल्याइएका शिशुहरूको निम्ति पनि यही शब्द प्रयोग गरिएको छ (लूका १८:१५-१७) । प्रेरित ७:१९ मा उल्लेख गरिएको फारोद्वारा मारिएका शिशुहरूको निम्ति पनि यही शब्द प्रयोग गरिएको छ । पुरानो करारका लेखकहरूजस्तै नयाँ करारका लेखकहरूको निम्ति पनि बच्चा जन्मिएको होस् वा गर्भमा रहे को होस्, ऊ बच्चा नै हो ।

गब्रिएल स्वर्गदूतले मरियमलाई भने कि उनको "तिमीले गर्भधारण गर्नेछ्यौ र एउटा जन्माउनेछिन्" (लूका १:३१) । पहिलो शताब्दिमा र हरेक शताब्दिमा गर्भवती महिला भन्नेबित्तिकै उनीभित्र बच्चा बन्ने वाला कुनै भौतिक वस्तु नभई बच्चा रहेको मानिन्थ्यो । धर्मशास्त्रले आत्मा, प्राण र शरीरसहितको व्यक्तिको बारेमा सिकाउँछ (१ थेसलोनिकी ५:२३) । जहाँ जीवित आनुवंशिक गुणसहितको मानव प्राणी हुन्छ त्यहाँ जीवित प्राण तथा आत्मा हुन्छ ।

## नजन्मिएको बच्चाको अवस्था

एक विद्वान बताउँछन्, "पुरानो करारको ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भलाई हेर्दा नजन्मिएको बच्चालाई गर्भबाहिर रहेको बच्चासरह मान्यता दिइन्थ्यो भन्ने प्रमाण छ ।"[४] प्रस्थान २१:२२-२५ मा गर्भ तुहिएको सन्दर्भलाई बुझ्दा यो प्रमाण पाउँछौं कि नजन्मिएको बच्चा एक मानवीय प्राणी नै हो । तर यो अध्यायलाई राम्ररी हेर्ने हो भने यहाँ गर्भ तुहिएको होइन तर समय नपुगी जन्मेको भन्ने देखिन्छ, अनि यहाँ उल्लेख गरिएको "चोट" को भरपाई अरूको चोट सरह नै आमा र बच्चाको हकमा लागू हुने व्यवस्था गरिएको छ । यसको अर्थ "अनुमतियोग्य गर्भपतनलाई न्यायोचित ठहऱ्याउने त कताकता तर नजन्मिएको बच्चालाई व्यवस्थाले उसको आमाको सरह कानुनी सुविधा उपलब्ध गराएको छ ।"[५]

मेरेडिट क्लाइनको अवलोकनमा, "गर्भपतनलाई कानुनी मान्यता दिनको निम्ति बाइबलको व्यवस्थालाई हेऱ्यौं भने त्यहाँ त्यस्तो कुनै प्रावधान छैन । इस्राएली स्त्रीहरूले गर्भपतन गराउने चाहना गर्नु असोचनीय विषय थियो अनि त्यो आपराधिक कार्य थियो भनेर सबैलाई विदितै थियो ।"[६] गर्भपतनलाई निषेध गर्नको लागि रहेको आज्ञा थियो, "तैंले हत्या नगर्नू" (प्रस्थान २०:१३) । हरेक इस्राएलीहरूलाई थाहा थियो कि गर्भमा रहेका शिशुहरू वास्तवमा बच्चाहरू नै थिए । यसर्थ गर्भ तुहिएमा बच्चा खेर गएको र गर्भपतन गराएमा बच्चाको हत्या गरेको मानिन्थ्यो ।

धर्मशास्त्रमा रहेको गन्ती ५:११-३१ एउटा अनौठो खण्ड हो, जसलाई एपिस्कोपलिएन्स फर रिलिजियस फ्रिडमद्वारा प्रकासित गरिएको अ प्रो-चोवाइस बाइबल स्टडीमा बहसको केन्द्रको रूपमा प्रयोग गरिएको छ ।[७] न्यू इङलिस ट्रान्सलेसनले उक्त खण्डलाई अलि अमिल्दो अनुवाद गर्दै सन्दर्भ सामाग्री लेखेको छ जसमा यदि कुनै स्त्री आफ्नो पतिप्रति अविश्वासी भएमा उसको गर्भ तुहिन्छ भन्ने उल्लेख गरिएको छ । अरू अनुवादहरूले खुट्टाका साप्राहरू सुक्ने र तल्लो पेट सुन्निने हो तर यसको अर्थ गर्भावस्थासित सम्बन्धित छैन । यसलाई

जस्तो छ, त्यस्तै लिनुपर्छ भनेका छन् ।

व्यभिचार भएको थियो भने नाटकीय शारीरिक प्रतिक्रिया सृजना गर्दै तितो पानीसँग सम्बन्धित केही प्रकारको आश्चर्यकर्म परमेश्वरले गर्नुहुनेथियो भन्ने यसमा अपेक्षा गरिएको देखिन्छ । यो खण्डले गर्भावस्था वा गर्भपतनको बारेमा केही जनाएको छैन । वास्तवमा धेरैजसो व्यभिचारको घटनामा गर्भ नरहन सक्छ यसर्थ त्यहाँ बच्चा जोखिममा हुँदैन ।

न्यू इङलिस बाइबलको अनौठो अनुवादलाई उल्लेख गरेको द प्रो लाइफ बाइबल स्टडी नामक पुस्तकले भन्छ, परमेश्वरले गर्भ तुहाउने काम गर्नुहुन्छ भने मानिसहरूले पनि गर्भपतन गराउन सक्छन् । कुनै पत्नी, पति, पूजाहारी वा अरू कसैलाई पनि गर्भपतन गराउने निर्णय गर्ने अधिकार छैन । यो खण्डले गर्भ तुहाउने कुरालाई उल्लेख गरेको देखिंदैन तर यसले उल्लेख गरेको हुन्थ्यो भने तापनि कसैलाई पनि गर्भपतन गराएर मानव प्राण लिनको निम्ति यसले सुझाव दिदैन ।

## बच्चा बलिदान

बच्चा बलि दिने कुरालाई धर्मशास्त्रभरि नै विरोध गरिएको छ । एकदमै नीच समाजले मात्र यस्तो दुष्टतालाई नजरअन्दाज गर्न सक्छ अनि सबैभन्दा नीचहरूले यस्तो कार्य गर्छन् । प्राचीन फोहोर फाल्ने ठाउँमा अङ्गभङ्ग गरिएका हजारौं मृतक बच्चाहरूको हड्डीहरू भेटिएको थियो । यो हालको गर्भपतन क्लिनिकहरूद्वारा अङ्गभङ्ग गरिएर मारिएका हजारौं शिशुहरूसित तुलना गर्दा मिल्दोजुल्दो छ । मध्यपूर्वको पुरातन इतिहाससम्बन्धी अध्ययन गर्ने एक विद्वानले बच्चाको बलि दिने कुरालाई "कनानीहरूको गर्भपतनको अर्को रूप थियो" भनेका छन् ।[८]

निर्दोष रगत बगाउनेलाई धर्मशास्त्रले दोषी ठहराएको छ (व्यवस्था १९:१०, हितोपदेश ६:१७, यशैया १:१५, यर्मिया २२:१७) । बाइबलमा निर्दोष मानिसहरूको रगत बगाउनेलाई घृणित अपराधीको रूपमा लिइएको छ भने बालबालिकाहरूको हत्या गर्नेलाई मारिनै पर्ने कुख्यात अपराधीको रूपमा लिइएको छ

(लेवी १८:२१, २०:१-५, व्यवस्था १२:३१) । कतिपय यहूदीहरूले बालबालिकाको बलिदान दिइएकोले इस्राएलका अगमवक्ताहरू क्रोधित भएका थिए । समुदायमा नै परमेश्वरको भयङ्कर दण्ड आउनेछ भनी तिनीहरूले चेतावनी दिएका थिए (यर्मिया ७:३०, इजकिएल १६:२०-२१, ३६-३८, २०:३१, तुलना गर्नुहोस् २ राजा २१:२-६ र यर्मिया १५:३-४) ।

## गर्भपतन र मण्डली इतिहास

मण्डली इतिहासभरि नै नजन्मिएका भ्रूणहरूको मानवीयताको बारेमा एक स्वरले इसाईहरूले समर्थन गरेका छन् ।[९] दोस्रो शताब्दितिर लेखिएको बारनाबासको दोस्रो पत्रले भन्छ "गर्भपतन गराएर बच्चा मार्नेले परमेश्वरको सृष्टिलाई मार्छ ।" यसले नजन्मिएको शिशुलाई अरू मानव "छिमेकी" जस्तै ठान्दै भन्छ, "आफ्नो छिमेकीलाई आफैलाई भन्दा बढ्ता प्रेम गर्नू । गर्भपतनद्वारा तैंले आफ्नो बच्चा नमार्नू । सृष्टि भइसकेकोलाई तैंले नमार्नू" (बारनाबासको पत्र १९.५) ।

नयाँ विश्वासीहरूको निम्ति दोस्रो शताब्दीको प्रश्नोत्तरद्वारा दिइने धर्मशास्त्रीय शिक्षा, डिडाकेले भन्छ, "गर्भपतनद्वारा वा भर्खर जन्मिएको शिशुलाई नमार्नू" (डिडाके २.२) । अलेक्जेन्ड्रियाका क्लेमेन्टले उल्लेख गरेका छन्, "जसले आफ्नो दुराचार ढाक्न औषधीहरूको प्रयोग गरेर गर्भपतन गराउँछ उसले भ्रूणको मात्र हत्या गर्दैन तर सम्पूर्ण मानव जातिको समेत हत्या गर्छ" (पाएडागोगस २.१०.९६.१) ।

सन् १७७ मा मार्कस अरेलिअसको सामु इसाईहरूलाई प्रतिरक्षा गर्दै एथेनागोरसले भने, "हामी किन हत्या गर्छौं, जबकि गर्भपतन गराउने स्त्रीहरूलाई समेत हामी हत्याराहरू भन्छौं र उसले परमेश्वरलाई त्यसको हिसाब बुझाउनुपर्छ भन्छौं ? ... गर्भमा रहेको भ्रूण जीवित प्राणी हो त्यसकारण परमेश्वरको हेरचाह भएको प्राणी हो" (अ प्ली फर द क्रिश्चियन्स ३५.१३७-१३८) ।

टर्टुलिएनले भने, "जन्मेको व्यक्तिको प्राण लिने काम होस् कि जन्मिन लागेको कसैको प्राण लिने काम यी दुवैमा कुनै भिन्नता छैन । यी दुवै घटनामा भएको क्षति हत्या नै हो" (अपोलोजी ९.४) । बासील द ग्रेटले पक्का गरे, "जसले गर्भाधारण भएको बच्चाको नासको गर्न

गर्भपतन गराउँछ ऊ विष सेवन गर्ने जस्तै हत्यारा हो" (क्यानोन्स १८८.२) । जेरोमले गर्भपतनलाई "एक बच्चाको हत्या" भनेका छन् (लेटर टु इस्टोकिम २२.१३) ।

अगस्टिनले "नजन्मिएको बच्चा हत्याको" भयानक अपराधको विरुद्धमा चेतावनी दिएका छन् (अन म्यारिज १.१७.१५) । ओरेगन, क्याप्रियन र क्राइसोस्टोम लगायत अरू धेरै ईश्वरशास्त्रीहरू तथा मण्डलीका अगुवाहरूले गर्भपतनलाई बालहत्याको रूपमा भर्त्सना गरे । नयाँ करारका विद्वान ब्रुस मेजगर टिप्पणी गर्छन्, "सुरुका इसाईहरू गर्भपतनको विरोधमा कसरी एकताबद्ध र एकमत थिए भन्ने कुरा मननयोग्य छ ।"[१०]

शताब्दिऔंसम्म रोमन क्याथोलिक अगुवाहरू पनि निरन्तर रूपमा मानव जीवनको रक्षाको सवालमा अडिग रहे । त्यसरी नै प्रोटेस्टेन्ट धर्मसुधारक जोन क्याल्भिन पनि यो विषयमा पक्का हुन धर्मशास्त्र र मण्डलीको ऐतिहासिक अडानलाई पछ्याए:

> आमाको गर्भमा रहेको भ्रूण, एक मानव प्राणी हो र उसले आफ्नो जीवनको आनन्द लिन नपाउँदै उसको जीवन हरण गर्नुचाहिँ भयानक अपराध हो । एउटा मानिसलाई घरबाहिर भन्दा घरभित्र हत्या गर्नु डरलाग्दो हो किनकि घर उसको निम्ति सबैभन्दा सुरक्षित शरणस्थान हो, त्यसरी नै एउटा भ्रूणलाई बाहिरको ज्योतिमा आउनुअघि नै हत्या गर्नु झन् भयानक हो ।[११]

आधुनिक ईश्वरशास्त्रीहरू पनि बलियो बाइबलीय आधारका साथ गर्भपतनलाई बालहत्या मानेका छन् । जर्मनीमा भइरहेको निर्दोषहरूको हत्याको विरोधको क्रममा मारिएका डिट्रिच बोनहुफरले भने कि गर्भपतन "अरू केही नभएर हत्या नै हो ।"[१२]

कार्ल बार्थले भनेका छन्, "नजन्मिएको बच्चा एक बच्चा नै हो ... यो एक मानिस हो कुनै भौतिक थोक होइन, आमाको शरीरको एक हिस्सा पनि होइन ... । जो कृपाद्वारा जिउँछ ऊ सधैँ कृपाको काम गर्छ, विशेषगरी नजन्मिएको बच्चाजस्तै अरूको कृपामा जिउने मानिसले कृपाको काम गर्छ ।"[१३]

केही दशकयता केही नाम चलेका ईश्वरशास्त्रीहरू तथा सेवकाइ

गर्नेहरू गर्भपतनको पक्षधर बनेका छन् । द रिलिजियस कोलेसन फर एवर्सन राइट्सले एउटा तत्कालीन नारा लियो, "प्रार्थनासहित छनौट-पक्षधर" अनि एउटा विवेकी इसाई पनि छनौट-पक्षधर हुन सक्छ भनी छनौट-पक्षधर पैरवी गर्नेहरूले औंल्याउछन् । तथापि यस्तो पैरवी गर्नेहरू सतही, अस्थिर र धर्मशास्त्रको आधारभूत सिद्धान्तलाई अपव्याख्या गर्नेहरू हुन् । तिनीहरूको तर्क बाइबलसित मेल खाँदैन, ती तिनीहरू आफैबाट आएका तर्क हुन् ।[१४]

"इसाई" छनौट-पक्षधर विचारधारा अरू केही नभएर आधुनिक सांसारिक विचार अवलम्बन गरेको हो र यो बाइबल तथा मण्डलीको ऐतिहासिक अडानसित विल्कुलै मिल्दैन । मण्डली वास्तमै मण्डली हुनु हो भने यसले समाजलाई नैतिकतामा डोऱ्याउने चुनौति लिनुपर्छ, समाजको ऐना बोकेर हिँड्ने काम यसले गर्नुहुँदैन ।

## बाइबल र बालबालिकाहरू

यो विषयवस्तुमा मण्डली इतिहास प्रष्ट छैन भने पनि बाइबल एकदमै प्रष्ट छ । गर्भमा रहेको हरेक बच्चा परमेश्वरद्वारा सृष्टि गरिएको हो अनि उक्त बच्चाको निम्ति परमेश्वरले योजना राखिदिनुभएको हुन्छ । त्यो भन्दा बढी, ख्रीष्ट उक्त बच्चालाई प्रेम गर्नुहुन्छ अनि ऊ जस्तै बनेर यो कुरा प्रमाणित गर्नुभयो - उहाँले आफ्नो आमाको गर्भमा नौ महिना बिताउनुभयो । अनि उसलाई मूल्यवान सम्झेर ख्रीष्ट उक्त बच्चाको निम्ति मर्नुभयो ।

ख्रीष्टका चेलाहरूले बालबालिकाहरू कति मूल्यवान छन् भन्ने कुरा बुझ्न सकेनन् र प्रभुको नजिक आउन चाहनेहरूलाई हप्काए (लूका १८:१५-१७) । तर येशूले बालबालिकाहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "बालबालिकाहरूलाई मकहाँ आउन देओ ।" उहाँले बालबालिकाहरूलाई परमेश्वरको राज्यको काममा बाधा पुऱ्याउनेहरूको रूपमा हेर्नुभएन तर तिनीहरूलाई यसको एक भागको रूपमा हेर्नुभयो ।

बाइबलीय दृष्टिकोणमा बालबालिकाहरूलाई प्रभुबाटको उपहार र आशिष्को रूपमा लिइन्छ (भजनसंग्रह १२७:३-५) । समाजले

बालिबालिकाहरूलाई दायित्वको रूपमा हेर्ने गर्छ। हामीले तिनीहरूलाई परमेश्वरले जस्तै हेर्न सिक्नुपर्छ - "उहाँले अनाथ र विधवाहरूलाई समर्थन गर्नुहुन्छ, र प्रवासीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई भोजन र वस्त्र दिनुहुन्छ" (व्यवस्था १०:१८) । त्योभन्दा बढी, परमेश्वरले हामीलाई आज्ञा गर्नुभएबमोजिम हामीले गर्नुपर्छः

> दुर्बल र अनाथहरूको रक्षा गर, गरिब र थिचोमिचोमा परेकाहरूको न्याय गर । दुर्बल र दरिद्रहरूलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ । (भजनसंग्रह ८२:३-४)

हामी उहाँका साना बालबालिकाहरूलाई सहायता गर्छौं भने यो ख्रीष्टकै निम्ति गर्छौं भन्ने थाहा गरौं ।

## अनुसूची २

# जीवनको सम्बन्धमा मेल खाने बाइबलीय खण्डहरू

टिप्पणीः यो लेखकको जोड हो ।

१. **जीवन गर्भमा सुरु हुन्छ ।**

“गर्भमा भएका बालकहरू (याकूब र एसाव) उनको (रिबेकाको) पेटभित्र एक-अर्कासँग लडन्त गर्न लागे” (उत्पत्ति २५:२२) ।

तपाईंकै हातले मेरो आकार बनाए अनि मलाई सृष्टि गरे,
के अब फर्केर तपाईं मलाई नाश गर्नुहुन्छ ?
यो कुरा सम्झनुहोस् कि तपाईंले नै मलाई माटोलाई झैँ आकार दिनुभयो,
के अब मलाई धूलैमा परिणत गर्नुहुन्छ ?
के तपाईंले मलाई दूधझैँ खन्याउनुभएको होइन ?
र दहीझैँ मलाई जमाउन लगाउनुभएको होइन ?
के तपाईंले मलाई मासु र छालाले पहिऱ्याउनुभएको होइन ?
र हड्डी र नसाहरूले मलाई गाँस्नुभएको होइन ?
तपाईंले मलाई जीवन प्रदान गर्नुभयो,
र आफ्नै निगाहमा मलाई राख्नुभयो,
अनि मेरो आत्मालाई तपाईंकै ईश्वरीय अनुग्रहले देखरेख गऱ्यो । (अय्यूब १०:८-१२)
किनकि तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो,
तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो ।
म तपाईंको प्रशंसा गर्छु,
किनकि म भयानक र अद्‌भूत रीतिले बनाइएको छु ।
तपाईंका कार्यहरू अद्‌भूत छन् र त्यो कुरा म पूर्णरूपले जान्दछु ।
जब अदृश्यमा म बनिँदैथिएँ,

मेरो रचना तपाईंबाट लुकेको थिएन ।

अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ,

तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे ।

मेरो निम्ति नियुक्त गरिएको आयु

तपाईंको पुस्तकमा लेखिएको थियो ।

त्यसको एउटै कुरा पनि पूर्ण हुनुअघि सब लेखिएका थिए (भजनसंग्रह १३९:१३-१६)

साँच्चै, म जन्मँदा नै पापी थिएँ,

र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ ।

(भजनसंग्रह ५१:५) टिप्पणीः एउटा व्यक्तिमा मात्र पाप स्वभाव हुन्छ । दाऊदको भनाइले यो कुरा प्रष्ट देखाउँछ कि उनी गर्भाधारण भएको समयदेखि नै एक व्यक्ति थिए ।

मैले तँलाई गर्भमा रच्नभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ,

तँ जन्मनुभन्दा अघि नै मैले तँलाई अलग गरें । मैले तँलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें" (यर्मिया १:५) ।

"उहाँकी आमा मरियम ... पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो ... (स्वर्गदूतले भने) 'जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ'" (मत्ती १:१८-२०) ।

"स्वर्गदूतले तिनलाई (मरियमलाई) भने ... । 'तिमीले गर्भधारण गर्नेछ्यौ र एउटा छोरो जन्माउनेछ्यौ र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ ... । पवित्र आत्मा तिमीमा आउनुहुनेछ र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ'" (लूका १:३०-३१, ३५) । लूका १:३९-४४ को सारांशः स्वर्गदूतले मरियमलाई छोडेर गएपछि मरियम आतुरका साथ एलिशिबालाई भेट्न गइन् (पद ३९) । गर्भमा रहेका (गर्भको छैटौं महिनामा रहेका) बप्तिस्मा दिने यूहन्नाले मरियमको गर्भमा रहेका येशूलाई प्रतिक्रिया जनाए । यात्राको समय छुट्याउने हो भने येशू गर्भमा हुनुभएको आठ वा दस दिनभन्दा बढ्ता भएको थिएन । पाठेघरमा भ्रूण छ दिनभन्दा पहिले बस्दैन अनि

गर्भाधारण बाह्र दिनभन्दा अघि पूरा हुँदैन । बप्तिस्मा दिने यूहन्नाले उहाँको उपस्थितिमा प्रतिक्रिया जनाउँदा सम्भवतः येशू पूर्णतः पाठेघर भित्र स्थानान्तरण भइसक्नुभएको थिएन ।

"अनि वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो" (यूहन्ना १:१४) ।

कति बेला परमेश्वरका पुत्रले स्वर्ग छोडेर यस पृथ्वीमा आउनुभयो ? कहिले र कहाँ वचन देहधारी हुनुभयो ? उनान्सय प्रतिशत इसाईहरूले भन्छन् "बेथलेहेममा" तर यो उत्तर गलत हो । जब पवित्र आत्माद्वारा मरियम गर्भवती भइन्, त्यति नै बेला येशूले देहधारण गर्नुभयो - नासरतमा, बेथलेहेममा उनले यात्रा गर्नुभन्दा नौ महिना पहिला । यो सामान्य इसाई सिद्धान्त हो कि मरियममाथि पवित्र आत्माको छाया पर्ने समयमा नै ख्रीष्ट देहधारी हुनुभयो । उहाँ त्यति नै बेला मानिस बन्नुभयो जुन समयमा अर्थात् गर्भाधारणको समयमा अरू मानिस बन्छन् ।

**२. परमेश्वर नै सबै मानिसहरूका सृष्टिकर्ता तथा मालिक हुनुहुन्छ - तिनीहरू उहाँकै हुन् अरूका होइनन् ।**

"यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो" (उत्पत्ति १:२७) ।

> परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान । उहाँले नै हामीलाई बनाउनुभयो र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँको खर्कका भेडाहरू हौं । (भजनसंग्रह १००:३)

"हरेक जीवित प्राण मेरै हो - बाबु र छोरा दुवै एकैजस्तै मेरा हुन्" (इजकिएल १८:४) ।

"तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन ? तिमीहरू स्वयम् आफ्नै होइनौ । तिमीहरू मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरूका शरीरमा

परमेश्वरको महिमा गर" (१ कोरिन्थी ६:१९-२०) ।

**३. मानव जीवन र मृत्युको अधिकार परमेश्वरमा मात्र नीहित छ ।**

अब हेर म उही हुँ,
मबाहेक अरू कोही ईश्वर छैन ।
म नै मार्दछु र म नै जीवित पार्दछु ।
म नै चोट लाउँछु र म नै निको पार्छु
र कसैले मेरो हातबाट छुटाउन सक्दैन । (व्यवस्था ३२:३९)

"परमप्रभुले मृत्यु ल्याउनुहुन्छ र जीवन दिनुहुन्छ, उहाँले नै चिहानमा पठाउनुहुन्छ र मरेकाहरूलाई जीवित पार्नुहुन्छ" (१ शमूएल २:६) ।

"तैंले हत्या नगर्नू" (प्रस्थान २०:१३) । टिप्पणीः हत्या भनेको अन्यायोचित मार्ने कार्य हो, कतिपय अवस्थामा परमेश्वरले मार्ने अधिकार प्रत्यायोजन गर्नुहुन्छ (उदाहरण स्वरूप, मृत्युदण्डको सजाय, प्रतिरक्षा गर्दा र युद्धको समयमा) ।

"तिमीहरूको प्राण दिने रगतको सट्टा म निश्चय लेखा लिनेछु । हरेक पशुदेखि म प्राणको साटो लिनेछु र हरेक मानिसदेखि पनि आफ्नो दाजुभाइका प्राणको साटो म लिनेछु" (उत्पत्ति ९:५) ।

"मानिसहरू आपसमा लडन्त गर्दा कुनै गर्भवती स्त्रीलाई चोट लाग्यो र महिना नपुगीकनै त्यसले बच्चा जन्माई तर स्त्रीलाई चाहिँ केही नोक्सानी भएन भने स्त्रीको पतिले भनेबमोजिम र अदालतले तोके अनुसारको दण्ड चोट लगाउने मानिसलाई दिइयोस् । तर स्त्रीको केही नोक्सानी भयो भने, प्राणको सट्टा प्राण, आँखाको सट्टा आँखा, दाँतको सट्टा दाँत, हातको सट्टा हात, खुट्टाको सट्टा खुट्टा, डामको सट्टा डाम, चोटको सट्टा चोट, कुटाइको सट्टा कुटाइ त्यस मानिसलाई मिलोस्" (प्रस्थान २१:२२-२५) ।

"परमेश्वरको दृष्टिमा कुनै कुरा लुकेको हुँदैन । उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" (हिब्रू ४:१३) ।

**४. निर्दोषको रगत बगाउनेलाई परमेश्वरले घृणा गर्नुहुन्छ ।**

"आफ्ना छोराछोरी मोलोखको निम्ति आगोमा चढाएर आफ्ना परमेश्वरको नाउँ अपवित्र नपार्" (प्रस्थान १८:२१) ।

"परमप्रभुले भन्नुभयो ... 'इस्राएलीहरू अथवा तिनीहरूसित वास गर्ने परदेशीहरू जसले आफ्नो बालक मोलोखलाई (बलि) चढाउँछ त्यो मारिनैपर्छ । समुदायका मानिसहरूले त्यसलाई ढुङ्गाले हानून्... । त्यसले आफ्नो बालक मोलोखलाई चढाउँदा मेरो पवित्रस्थान र पवित्र नाउँलाई अपवित्र गर्छ... । आफ्नो बालक मोलोखलाई चढाउँदा समुदायका मानिसहरूले... नदेखेका जस्तो गरे भने त्यस मानिस र त्यसको परिवारको विरोध गर्नेछु र त्यसलाई र त्यसको साथमा मो लोखको पछि लागेर आफूलाई वेश्यासमान बनाउने सबैलाई आफ्ना मानिसहरूबाट म बहिष्कार गरिदिनेछु'" (लेवी २०:१-५) ।

"यो गर, नत्रता परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका अधिकारमा दिनुहुने देशमा निर्दोषको रगत बग्नेछ र त्यसको दोष तिमीहरूलाई नै लाग्नेछ" (व्यवस्था १९:१०) ।

"मनश्शेले गरेका पापहरू र तिनले गरेका सबै काम अनि तिनले निर्दोषी रगत बगाएको कारणले तिनीहरूलाई आफ्नो सामुबाट निकालिदिने परमप्रभुको अभिप्राय पूरा हुन निश्चय नै परमप्रभुको आज्ञाअनुसार यी सबै यहूदामाथि हुन आए किनकि मनश्शेले निर्दोषी रगतले यरुशलेमलाई भरिदिएका थिए र परमप्रभुले क्षमा गर्न चाहनुभएन" (२ राजा २४:३) ।

"परमप्रभुले भन्नुभयो, 'यो तैंले के गरिस् ? तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ'" (उत्पत्ति ४:१०) ।

किनकि दरिद्रहरूलाई, जसले पुकार गर्छन्
र सहायता नपाएका गरीबहरूलाई
उनले उद्धार गर्नेछन् ।
कमजोर र दरिद्रलाई उनले टिठ्याउनेछन्
र दरिद्रहरूको प्राण बचाउनेछन् ।
अत्याचार हिंसाबाट

उनले तिनीहरूको प्राण मोल तिरेर छुटाउनेछन्,

किनकि उनको दृष्टिमा तिनीहरूको रगत बहुमूल्य छ । (भजनसंग्रह ७२:१२-१४)

छवटा कुराहरू छन्, जसलाई परमप्रभुले घृणा गर्नुहुन्छ,

सातौँचाहिँ जो उहाँको दृष्टिमा घृणित छन्:

अहङ्कारी आँखा,

झुट बोल्ने जिब्रो,

निर्दोषको रगत बगाउने हात ... (हितोपदेश ६:१६-१७)

"यसैकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ, जस्तो म जीवित छु, म तँलाई रक्तपातले सुम्पिदिनेछु र त्यसले तेरो खेदो गर्नेछ । तैंले रक्तपात घृणा नगरेको कारण, रक्तपातले नै तेरो खेदो गर्नेछ" (इजकिएल ३५:६) ।

**५. परमेश्वरले बालबालिकाहरूलाई विशेष प्रेम गर्नुहुन्छ ।**

"होशियार रहो, तिमीहरूले यी सानाहरूमध्ये एकजनालाई पनि हेला नगर किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्" (मत्ती १८:१०) ।

"येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, 'बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो'" (लूका १८:१६) ।

"यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ कि यी सानाहरूमध्ये एकजना पनि नष्ट नहोस्" (मत्ती १८:१४) ।

छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्,

छोरा-छोरीहरू उहाँका इनाम हुन् (भजनसंग्रह १२७:३) ।

# अनुसूची ३

# जीवन पक्षधर सन्देश संचार गर्न आवश्यक बुँदाहरू

## आफ्ना स्रोताहरूको पहिचान गर्नुहोस् र तयार हुनुहोस्

आफ्नो स्रोताहरूको निम्ति आफ्नो भनाइ तथा प्रस्तुति तयार गर्नुहोस् ताकि तपाईं आफ्नै लागि नभई उनीहरूको निम्ति बोल्नुभएको होस् ।

यो विषयवस्तुमा रहेका स्वार्थहरू, इन्कारहरू तथा तर्कहरू थाहा गर्नुहोस् । तपाईंले सम्बोधन गर्न गइरहेका मानिसहरूमध्ये धेरैजना पहिला गर्भपतन गरेका, यसो गर्न सुझाव पाएका, यस्को निम्ति पैसा तिरिदिएका वा आफ्नी केटी साथी, पत्नी, छोरी वा अरू कसैलाई यसो गर्न लगाएका हुन सक्छन् । गर्भपतनले बालबालिकाहरूलाई मार्छ भन्ने विश्वास नगर्न तिनीहरूका व्यक्तिगत कारणहरू हुन सक्छ ।

औषत व्यक्तिहरू आमसंचारको निराधार हल्ला र सिद्धान्तले सिंचित भएका छन् भनी थाहा गर्नुहोस् । जीवनका पक्षधरहरू महिला विरोधी, छनौट-विरोधी तथा धार्मिक अतिवादी हुन् भन्ने मान्यता लिने खालका सामाग्रीहरू तिनीहरूले प्रस्तुत गरेका हुन्छन् ।

गृहकार्य गर्नुहोस् । छनौट-पक्षधरको सफलता केन्द्रिय विषयवस्तुलाई अन्यत्रै मोड्ने कार्यमा आधारित हुन्छ । तपाईंको चाहिँ ती विषयवस्तुमा मानिसहरूको ध्यान आकृष्ट गर्ने हो । तपाईंले केको बारेमा कुराकानी गर्दैहुनुहुन्छ भन्ने बारेमा तपाईंले जानेको हुनुपर्छ ।

तथ्यहरूलाई तार्किक, प्रष्टसाथ प्रस्तुत गर्नुहोस् साथै छोटकरीमा मान्यताप्राप्त सन्दर्भ सामाग्रीहरू (सम्भव भएमा गैरइसाई

सामाग्री पनि) प्रस्तुत गर्नुहोस् ।

**जीवन पक्षधर विषयवस्तुलाई प्रष्ट, विचारसिल तथा तथ्यपरक बनाउनुहोस्**

उनीहरूलाई जिज्ञासा राख्न आग्रह गर्नुहोस् अनि संकुचित तथा गलत राजनैतिक दृष्टिकोण सुन्नको निम्ति खुला हुनुहोस् । (छनौट-पक्षधर हाल कायम रहेको स्थापित अवधारणा हो । जीवन-पक्षधर अवधारणाचाहिँ हालको प्रचलनको विपरित तथा अतिवादी विचार हो) ।

आफ्ना स्रोताहरूलाई अचम्मित पार्नुहोस् । गर्भपतनलाई हलचल गर्न नसक्ने विषयवस्तु नबनाउनुहोस् । नकारात्मक तथा प्रतिरक्षात्मक नहुनुहोस्, सत्यतालाई आफै बोल्ने अवसर दिनुहोस् । प्रमाण तपाईंको पक्षमा छ, हतार-हतारमा प्रस्तुत गरेर यसलाई अप्रभावकारी नबनाउनुहोस् ।

बौद्धिक र शान्त हुनुहोस् । तथ्य प्रस्तुत गर्नुहोस् अनि स्रोताहरूले आफै भावनात्मक आधार तयार गर्न दिनुहोस् । (आफ्ना भावनाहरूद्वारा अरूलाई भावविभोर नबनाउनुहोस । बहसमा क्रोधित नहुनुहोस्, अर्को पक्षले प्राय त्यस्तै गर्नेगर्छ । सुन्ने मानिसहरूले कुन पक्ष रिसाएको छ र अतार्किक छ अनि कुन पक्ष शान्त र तार्किक छ भन्ने कुरा देख्नेछन् ।)

मानिसको लान्छना र आलोचना सुन्नको लागि तयार हुनुहोस् तर यी कुराहरू आफै प्रयोग नगर्नुहोस् । जब मानिसहरूसित आफ्नो पक्षमा तथ्य हुँदैन तब विषयवस्तुलाई बङ्ग्याउने र व्यक्तिगत आक्षेप लगाउने बाहेक केही रहँदैन । यो अनुपयुक्त र अप्रेमिलो कार्य हो साथै यो एकदमै अप्रभावकारी कार्य हो ।

आफ्नो स्रोताहरूको आत्मिक आवश्यकताको सम्बन्धमा संवेदनशील हुनुहोस् । तिनीहरूको दिमाग मात्रै होइन तर हृदय परिवर्तन होस् भनी प्रार्थना गर्नुहोस् । (यद्यपि यदि उनीहरूको विचार परिवर्तन भयो भने - ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण नगरे

तापनि मानिसहरूले गर्भपतन, दासप्रथा, वा अरु अनैतिक र सामाजिक दुष्टताको सम्बन्धमा आफ्नो मन परिवर्तन गर्न सक्छन् ।)

## तिनीहरूलाई अचम्भित पार्नुहोस् र तिनीहरूको ध्यानाकृष्ट गर्नुहोस्

"छनौट-पक्ष एउटा अर्थहीन शब्दावली हो । प्रमाणः म छनौट-पक्षधर हुँ । अनि तपाईं होइन । म काम, लत्ताकपडा, गाडी, विद्यालय, सीटबेल्ट, धुम्रपान आदिको बारेमा छनौट-पक्षधर हुँ । बलात्कार, अपहरण, दुर्व्यवहार, चोरी अनि बाल यौन दुराचारको सम्बन्धमा तपाईं छनौट-विरोधी हुनुहुन्छ (अनि सम्भवतः सीट बेल्ट र धुम्रपानको सम्बन्धमा पनि) । होइन त ?

"यसर्थ यही नै विषयवस्तु हो जस्तो गरी "छनौट" को बारेमा कुरा नगरौं, तर गर्भपतनको बारेमा कुराकानी गरौं । त्यसपछि गर्भपतनको सम्बन्धमा मानिसहरूमा छनौटको अधिकार हुनुपर्छ कि पर्दैन (जस्तैः खाने पिउने, वा लत्ता कपडा र स्वादको सम्बन्धमा छनौटको अधिकार भएजस्तो) अथवा छनौट गर्न पाउने मानिसको अधिकारको विरुद्धमा हामी हुनुपर्छ (जस्तैः बलात्कार, बाल दुर्व्यवहार) भन्ने सम्बन्धमा हामी पत्ता लगाउन सक्छौं ।"

"म चाहना नगरिएको बच्चाहरूको सम्बन्धमा विश्वास गर्दिनँ । तिनीहरूलाई मार्ने नभई चाहना गर्ने समाधानमा म विश्वास गर्छु ।"

"म महिला अधिकारप्रति प्रतिबद्ध छु । सुसन बी एन्थोनी र अरू महिला अधिकारवादीहरूजस्तै म विश्वास गर्छु कि गर्भपतन हानिकारक हो र यसले महिलालाई अवमूल्यन गर्छ । वास्तवमा चाहना नगरि एका महिलाहरूको नामनिसान यस पृथ्वीबाट हटाउन गर्भपतन एउटा प्राथमिक तरिका भएको छ । गैरजिम्मेवार पुरुषले महिलालाई यौनको लागि प्रयोग गर्ने त्यसपछि तिनीहरूलाई शारीरिक तथा मानसिक विक्षिप्ततामा एक्लै छोडिदिएर दुर्व्यवहार गर्ने एउटा माध्यम गर्भपतन

बनेको छ ।

तिनीहरूले सोच्न बाध्य तुल्याउने प्रश्नहरू सोध्नुहोस् (पहिला नसोधेका प्रश्नहरू)

“तपाईंले आफैलाई गर्भपतनको पक्षधर नभनी छनौटको पक्षधर भन्न रुचाउनुहुन्छ, किन ? गर्भपतनमा के खराबी छ र ?” (गर्भपतनको बारेमा खराब अनुभूति गर्ने एउटै कारण - त्यसले निर्दोष बच्चा मार्छ - यसले गर्दा नै गर्भपतन गराइरहेकाहरूको विरोधमा बोल्न सक्नुहुन्छ । तपाईंले यात यसलाई ठीकै छ भन्नुपर्‍यो या त विरोध गर्नुपर्‍यो, तार्किक रूपमा यी दुवै कुरा एकै पटक गर्न सक्नुहुन्न ।

“आठ हप्ताको भ्रूणको यो प्रत्यक्ष अल्ट्रासाउण्ड भिडियो हेर्नुहोस् (त्यो समयमा सुरुवाती चरणको गर्भपतन हुने गर्छ) । यो केजस्तो देखिन्छ ? (आँखा) । त्यो ? (मुख) । त्यो ? (नाक) ।” उनीहरूलाई उत्तर नभन्नुहोस् । तिनीहरू आफैलाई उत्तर भन्न लगाउनुहोस् । अनि तिनीहरूले भनेको उत्तरलाई औंल्याउनुहोस् ।

“एक्काईस दिनमा यो बच्चाको मुटुको धड्कन मापन गर्न सकिने थियो, चालीस दिनमा मस्तिस्कको तरङ्ग, जुन सुरुवाती चरणको गर्भपतनभन्दा पहिलेको कुरा हो । मुटुको धड्कन र मस्तिस्कको तरङ्ग नभएमा त्यसलाई के भन्नुहुन्छ ? (मृत्यु) । त्यहाँ मुटुको धड्कन र मस्तिस्कको तरङ्ग भएमा त्यसलाई के भन्नुहुन्छ ? (जीवन) । गर्भपतनले के गर्छ ? (एउटा जीवित बच्चालाई मार्छ ।)”

“यो नजन्मिएको बच्चा जन्मेको शिशु बन्नेछ र जन्मेको शिशु भर्खर हिँड्ने बच्चा बन्नेछ (भर्खरको र सानो) । तपाईंको विचारमा, भर्खर हिँड्न लागेको बच्चाको तुलनामा भर्खर जन्मेको बच्चा सानो र कलिलो छ भन्दैमा मार्नु उचित हुन्छ ?”

“गर्भपतन आधारभूत रूपमा अन्य शल्यक्रिया जस्तै मासु पलाएको, टन्सिलको शल्यक्रिया गरेको जस्तै हो भने किन धेरै गर्भपतन पछिका

सहायता समूहहरू छन् अनि लाखौं महिलाहरूले गर्भपतनपछिको परामर्श तथा थेरापीमा भाग लिइरहेका छन् ?"

"मासु पलाएको काटेर फालेको वा मुटुको शल्यक्रिया गरेको तस्वीर हेर्दा कुनै आपत्ती नहुने तर गर्भपतनको तस्वीर हेर्दा किन तपाईंलाई अप्ठ्यारो लाग्छ होला ? यिनीहरूको बीचमा भिन्नता के छ ?"

"के तपाईं नजन्मिएको बच्चा आमाको शरीरको एक हिस्सा हो भन्नुहुन्छ ? त्यो सत्य हो भने हरेक गर्भवती आमाको दुइवटा मुटु, दुइवटा मस्तिस्क, दुइवटा आनुवंशिक संकेत, फरक-फरक औंलाको छापसहितको दुइ सेट औंलाहरू, दुइवटा टाउकोहरू, दुइवटा नाकहरू, चारवटा आँखाहरू, दुइथरी रगत समूहहरू, अनि दुइवटा हड्डी प्रणालीहरू हुन्छन् । अनि आधाजसो समयमा उनमा योनी पनि हुन्छ र पुरुषको लिङ्ग पनि हुन्छ ।"

"'भ्रूण' एउटा बालक हो भन्ने के तपाईंलाई थाहा छ, ठीक हो ? तपाईंको साथीले 'मैले बच्चालाई पेटमा बोकिरहेकी छु' भन्दा के तपाईं उनीसँग असहमत हुनुहुनेछ ?"

"तपाईं भन्नुहोला, गर्भपतन कानुनसम्मत हो । तसर्थ हामीले यसको विरोध गर्नुहुँदैन । के तपाईंलाई थाहा छ, जर्मनीमा नाजीहरूले यहूदीहरूलाई गरेको दुर्व्यवहार र दासत्वको बारेमा पनि मानिसहरूले त्यही भन्छन् ?"

"सुस्त मनस्थिति भएको अवस्थामा गर्भपतन ? तिनीहरू जन्मेपछि हामी तिनीहरूलाई परिवारको निम्ति मूल्यवान र तिनीहरूबाट धेरै कुरा सिक्न सक्ने भन्छौं । विशेष ओलम्पिकमा हामी उनीहरूलाई हौसला र बढावा दिन्छौं । तिनीहरू जन्मनुभन्दा पहिले किन हामी यसो भन्छौं, 'हामी तिनीहरूलाई चाहन्नौं; हामी मौका पाउने बित्तिकै तिनीहरूलाई मारौं' ? के यो पाखण्डीपन, पूर्वाग्रह र अस्वीकार्य कुरा होइन र ?"

“बलात्कारद्वारा रहन गएको गर्भको गर्भपतन ? बलात्कारको घटनामा बच्चाको कुनै दोष हुँदैन - किन बच्चालाई दण्ड दिने ? उसको बाबुले कसैलाई नराम्रो गऱ्यो भन्दैमा के बच्चालाई एउटा बच्चा नै हो भनेर तपाईंले विश्वास गर्नुहुन्न र ? साथै बलात्कारको चोटबाट गुज्रिएको एक स्त्रीको लागि गर्भपतन एउटा उपचार होइन तर यो अर्को चोट हो । तपाईंको मिल्ने साथी बलात्कारद्वारा जन्मिएको हो भन्ने थाहा भयो भने के उनी मारिने योग्यकी छिन् ?”

“के तपाईं भन्नुहुन्छ, जीवन-पक्षधरहरूले महिलाहरूको र जन्मिसकेपछि बच्चाहरूको वास्ता गर्दैनन् ? वास्तवमा, आफ्नो इतिहासमा थुप्रै स्वयंसेवकको साथमा अभियान चलाएको जीवन-पक्षधर गर्भावस्था केन्द्रले निःशुल्क जाँच, वास्ता, कक्षाहरू, परामर्श, सामाग्री तथा आवास सेवा उपलब्ध गराउँदैआएको छ । अनगिन्ती जीवन-पक्षधरहरूले बच्चाहरू ग्रहण गरेका छन्, आफ्ना घरहरू खोलेका छन् अनि तिनीहरूको बच्चा जन्मिसकेपछि सहायता गरेका छन् । अर्कोतर्फ गर्भपतनको व्यवसाय गरेर धनाढ्य भइराखेका छन् । कसको नियत शंकास्पद छ ?”

“के तपाईं राम्ररी अनुसन्धान गरेको यो पुस्तक ध्यानपूर्वक पढ्नुहुनेछ वा यो प्रस्तुति सुन्नुहुनेछ ? के तपाईं नजन्मिएका जीवित बच्चाहरूको वास्तविक अल्ट्रासाउण्ड तस्वीरहरू हेर्नुहुन्छ वा गर्भपतनका फोटो तथा भिडियोहरू हेर्नुहुन्छ ? हेर्नुहुन्न भने किन हेर्नुहुन्न ? के तपाईं आफ्नै पहलमा यो बहसलाई सेन्सर गर्नुहुनेछ ? अर्को पक्षमा भएका कुनै पनि सामाग्री पढ्नुभएमा म खुसी नै हुन्छु । एकअर्काको सामाग्रीहरू पढौं र इमान्दारीपूर्वक बोलौं । जुन सुकै निष्कर्षमा पुगे तापनि के हामी प्रमाणलाई पछ्याउन सहमत हुन सक्छौं ?

# लेखकको बारेमा

रयाण्डी एल्कोर्न इटर्नल प्रस्पेक्टिभ मिनिस्ट्रिज (EPM) का संस्थापक हुनुहुन्छ, यो एउटा गैर नाफामुखि सेवकाइ हो, जो संसारभरि रहेका पिछडिएका, भोका, नजन्मिएका, अशिक्षित, मिलाप नपाएका तथा सहायता नपाएका मानिसहरूलाई सेवकाइ पुऱ्याउने काममा मण्डलीहरूलाई सहायता गर्न तथा परमेश्वरको वचनको सिद्धान्त सिकाउन समर्पित छ । उहाँको सेवकाइको जोडचाहिँ हाम्रो यस पृथ्वीमा रहेको समय, पैसा, सम्पत्ति तथा अवसरहरू अनन्तसम्मको लागि लेखा राखिने खाँचो पूरा गर्ने सेवकाइहरूमा लगानी गर्न कति महत्त्वपूर्ण छ भन्ने संचार गराउनु हो । बाइबलीय सत्यता विश्लेषण गरेर, शिक्षा दिएर र यसलाई कार्यान्वयनमा ल्याएर उहाँले यो कार्य हासिल गर्नुहुन्छ ।

सन् १९९० मा EPM सुरु गर्नुअघि, एक पास्टरको रूपमा रयाण्डीले चौध वर्ष सेवा गर्नुभयो । उहाँले ईश्वरशास्त्र र बाइबलीय अध्ययनमा स्नातकोत्तर गर्नुभएको छ अनि मल्टनोमा युनिभर्सिटी र वेस्टर्न सेमिनारी पोर्टल्याण्ड ओरेगनमा शिक्षकको रूपमा पढाउनुभएको छ ।

रयाण्डीले चालीसभन्दा बढी पुस्तकहरू लेख्नुभयो, जसमा धेरै विक्री भएका करेजस, हेवन, द ट्रेजर प्रिन्सिपल जस्ता पुस्तकहरू तथा स्वर्ण पदक विजेता पुस्तक सेफ्ली होम पर्छन् । उहाँका पुस्तकहरू ७० लाखभन्दा बढीप्रति छापिइसकेका छन् अनि तीसभन्दा बढी भाषाहरूमा अनुवाद भइसकेका छन् । रयाण्डीले EPM को त्रैमासिक रूपमा प्रकासित हुने इटर्नल प्रस्पेक्टिभ लगायत धेरै पत्रिकाहरूमा लेख लेखिसक्नुभएको छ । उहाँ दैनिकरूपमा फेसबुक, ट्वीटरमा सक्रिय हुनुहुन्छ अनि फोकस अन फेमिली, फेमिली लाइफ टुडे, रिभाइभ आवर हार्टस्, द बाइबल एन्सर म्यान र द रिसर्जेन्स लगायत सात हजारभन्दा बढी रेडियो, टेलिभिजन र अनलाइन कार्यक्रमहरूमा अतिथि वक्ता

भइसक्नुभएको छ ।

रयाण्डी आफ्नी पत्नीका साथ ग्रेसाम, ओरगनमा बस्नुहुन्छ। उहाँहरूको दुई विवाहित छोरीहरू केरिना र एन्जेला छन्, उहाँहरू पाँचजना नातिहरू - जेक, म्याथ्यू, टाइ, ज्याक र डेविडका बाजेबज्यै हुनुहुन्छ । पारिवारसित बस्न, साइकल चलाउन, टेनिस खेल्न, अध्ययन अनुसन्धान गर्न अनि यात्रा गर्न रयाण्डी मन पराउनुहुन्छ ।

## रयाण्डीसँग अनलाइन सम्पर्क गर्न

Facebook: www.facebook.com/randyalcorn

Twitter: www.twitter.com/randyalcorn

Blog: www.epm.org/blog

**Eternal Perspective Ministries**

39085 Pioneer Blvd., Suite 206

Sandy, OR 97055

503-668-5200

Toll Free Order Line: 1-877-376-4567


Email: info@epm.org

Website: www.epm.org


Facebook: www.facebook.com/EPMinistries

Twitter: www.twitter.com/epministries


[redacted]




[redacted]





[redacted]



[redacted]








[redacted]

[redacted]



[redacted]

[redacted]

[redacted]

[redacted]

# किन जीवनको पक्षमा ?

यो विवादभन्दा धेरै कुरा हो ...

मेडिकल विज्ञान र मनोवैज्ञानिक अध्ययनमा आधारित *किन जीवनको पक्षमा ? नजन्मेका शिशुहरू तथा तिनीहरूका आमाहरूको वास्तामा* भन्ने यो पुस्तकको संसोधित संस्करणले संक्षीप्त, जानकारीमूलक तरिकाले गर्भपतनको छलफलको केन्द्रीय विषयमा जवाफ उपलब्ध गराएको छ । तपाई किनारमा वा जीवनकै पक्षमा भए पनि यो पुस्तक यो जीवन र मृत्युको विषयमा तथ्यपरक भएर लाग्न र ब'द्धिमानी किसिमले लाग्नको लागि एउटा उत्साह हो ।

***"किन जीवको पक्षमा ? भन्ने यस पुस्तक आफ्ना साथी तथा परिवारलाई जीवनको पक्षको धारणा बुझ्न मद्दत गर्न चाहने जोसुकैको लागि बहुमूल्य स्रोत हो । प्रस्ट र बुझ्न सकिने भाषामा ऱ्याण्डी अल्कोर्नले कारण तथा भावना दुवैको शक्ति प्रयोग गरेर जीवनको मुद्दालाई उठाएका छन् ।"***
*– चार्ल्स डब्लु. कोल्सन (१९३१–२०१२)*

अंग्रेजीमा ३००००० प्रतिभन्दा बढी छापिएको

**ऱ्याण्डी एल्कोर्न** इटर्नल प्रस्पेक्टिभ मिनिस्ट्रिजका (EPM) का संस्थापक तथा निर्देशक अनि धेरै बिक्री भएका Couragous, Heaven, If God is Good- Faith in the Midst of Suffering and Evil र The Chasm: A Journey to the Edge of Life जस्ता पुस्तकका लेखक हुनुहुन्छ ।